युवा जगतको विकास र गतिविधिको प्रकाशन

# युवा

# YUWA



नेपाल सरकार

**युवा तथा खेलकुद मन्त्रालय**

सिंहदरवार, काठमाडौं

२०७९

अङ्क - २१

# युवा - २०७९

युवा जगतको विकास र गतिविधिको प्रकाशन


**संरक्षक**

डा. दामोदर रेग्मी

**सम्पादक मण्डल**

विदुर खनाल – संयोजक

यमेन्द्र उपाध्याय – सदस्य

डा.कृष्णबहादुर घिमिरे – सदस्य

लक्ष्मण खनाल – सदस्य

नरेश पुडासैनी – सदस्य सचिव



**प्रकाशक**

नेपाल सरकार

**युवा तथा खेलकुद मन्त्रालय**

सिंहदरवार, काठमाडौं

| | | |
|---|---|---|
| शीर्षक | : | युवा-२०७९<br>युवा जगतको विकास र गतिविधिको प्रकाशन |
| अंक | : | २१ |
| प्रकाशन | : | नेपाल सरकार<br>**युवा तथा खेलकुद मन्त्रालय**<br>सिंहदरबार, काठमाडौं |
| प्रकाशन मिति | : | २०७९ |
| प्रति | : | १००० |
| मुद्रण | : | गेटवे प्रिन्टर्स एण्ड डिजाइनर्स प्रा.लि. |
| सर्वाधिकार | : | युवा तथा खेलकुद मन्त्रालय<br>सिंहदरवार, काठमाडौं |

# हाम्रो भनाई

युवा तथा खेलकुद मन्त्रालय वि. सं २०६५ सालमा युवा र खेलकुद क्षेत्रको विकास तथा उन्नयनकालागि स्थापना भएको एक महत्वपूर्ण मन्त्रालय हो । संघीय शासन व्यवस्था लागू भएको सन्दर्भमा पनि युवा तथा खेलकुदको विकासकालागि हाल यस मन्त्रालयको भूमिका उत्तिकै महत्वपूर्ण रहेको छ । मन्त्रालयले आफ्नो स्थापना कालदेखिनै युवालाई जागृत एवं सशक्तीकरण गर्ने कार्य गर्दै आइरहेको छ । यसैको कडीको स्वरुप वार्षिक रुपमा ‘‘युवा ‘‘ बुलेटिन नामक लेखहरुको सँगालो प्रकाशन गर्दै रहेको सन्दर्भमा यस वर्ष पनि २१ औं अंक प्रकाशन गरिएको छ । यस २१ औं अंकमा विभिन्न लेखक तथा सर्जक वर्गहरुज्यूबाट विभिन्न विचार तथा लेखहरु प्राप्त गरी यो रुपमा ढालिएको छ । यसमा भएका विचारहरु लेखक तथा सर्जकज्यूहरुको आफ्ना विचारहरु हुन् । यसमा सम्पादक मण्डल जवाफदेही नहुने व्यवहोरा समेत अवगत गराइन्छ ।

नेपालमा जनसंख्याको वितरण हेर्दा युवाको संख्या ४० प्रतिशतभन्दा बढी रहेको छ । यो संख्या प्रतिशतकोरुपमा हेर्दा सानो आकार होइन । फलत राष्ट्र निर्माणमा युवा जगतको विकासगरी उपयुक्त ठाउँमा उपयुक्त समयमा परिचालन गर्नुपर्ने गहन दायित्व राष्ट्रको काँधमा रहेको छ । बढ्दो जनसंख्यालाई उचित वन्दोवस्त गरी देश निर्माण गर्दा देशको आमूल परिवर्तन हुने र देशमा शान्ति तथा अमन चयन कायम हुन जाने हुन्छ ।

युवाका बढ्दो जोश र हिम्मत तथा साहस एवं आँटबाट मुलुक समृद्धिको बाटो तर्फ बढ्न सक्ने संभावनालाई युवाहरुकै सहभागितामा अगाडि बढाउने कार्य संघीय सरकारको एकल प्रयासले मात्र भन्दा पनि तीनै तहका सरकार तथा विभिन्न क्षेत्र, वर्ग, समुदायको प्रयाश र प्रयत्नले हुन्छ । यसमा निजी क्षेत्र एवं राष्ट्रिय अन्तर्राष्ट्रिय जगतको पनि उत्तिकै खाँचो र सहयोगको आवश्यकता पर्दछ ।

अन्यमा, ‘‘युवा’’ को यस २१ औँ अंक प्रकाशनमा आफ्ना अमूल्य योगदान पुर्‍याइ लेखहरु उपलव्ध गराइदिनु भएका सम्पूर्ण लेखक तथा रचनाकार एवं सर्जकज्यूहरुप्रति सम्पादक मण्डल हार्दिक कृतज्ञता ज्ञापन गर्दछ । प्रकाशनका क्रममा सधैंजसोरुपमा मार्गदर्शन गर्नुहुने मन्त्रालयका सचिव डा. दामोदर रेग्मीज्यू तथा सहसचिवज्यू प्रति हामी आभार व्यक्त गर्दछौं । साथै आगामी अंकहरुलाई अझ उम्दा बनाउँदै लैजाने हाम्रो प्रयत्नमा यहाँहरु सबैको सल्लाह एवं गहन सुझावको अपेक्षा गर्दछौं । धन्यवाद ।

२०७९ असार

**सम्पादक मण्डल**

नेपाल सरकार

# युवा तथा खेलकुद मन्त्रालय

सिंहदरबार, काठमाडौं

**महेश्वरजंग गहतराज (अथक)**
**मन्त्री**



## शुभकामना

युवा तथा खेलकुद मन्त्रालयले वार्षिक रुपमा प्रकाशन गर्दै आएको "युवा" नामक बुलेटिनको २१औं अंक यस आ.व. मा पनि प्रकाशन गर्न लागेकोमा मलाई खुशी लागेको छ।

यस प्रकाशनले युवा जगतका बारेमा भईरहेका विभिन्न गतिविधिको जानकारी दिई आगामी दिनमा रचनात्मक र सशक्त रुपमा अगाडि बढ्न दिशा-निर्देश गर्दछ भन्ने कुरामा आशावादी छु। युवा अवस्था मानव जीवनकै महत्वपूर्ण क्षण हो। यस क्षणमा भएको जोस, जाँगर र सकृयताको समयमै पहिचान गरी सदुपयोग गर्नु पर्दछ। देशको विकास भनेकै युवाको विकास हो र युवाको विकास भनेकै देशको विकास हो भन्ने मूल मन्त्रलाई समेटेर राज्य पक्षबाट नीति तथा कार्यक्रम बन्नुपर्दछ। कार्यान्वयन पक्ष सबल, पारदर्शी, उत्तरदायी र नतिजामुखी वनाउँदै युवाको सहभागितालाई नीति तर्जुमा, कार्यान्वयन र प्रतिफल वितरणका प्रत्येक चरणमा समावेश गरिनु पर्दछ। यसमा सबै पक्षको सहयोग र समर्थन रहने कुरामा म आशावादी छु।

युवाको संख्याको यथार्थ पहिचान गरी मुलुकले जनसांख्यिक लाभ लिने वर्तमान अवसरमा सबै तह र तप्काबाट ऐक्यवद्धता रहने नै छ। एक्काइसौ शताब्दीको यस युगमा विज्ञान प्रविधि तथा संचार जगतले विश्व हल्लाएको छ भने विश्वव्यापीकरणको कारण युवाहरु पलायन हुने खतरा पनि निम्तिएको छ। जलवायु परिवर्तनको असर संसारभरी पर्न थालिसकेको छ। विश्व विभिन्न ध्रुवमा विभाजित हुने संभावना पनि देखा पर्न थालिसकेको छ। यस अवस्थामा हाम्रा युवाका समस्या पहिचान गरी देशमै अड्याउने तर्फ लाग्नु पनि हाम्रो दायित्व र जिम्मेवारी छ। यिनै परिस्थितिको बोध गरी दिगो युवा शक्ति व्यवस्थापन मार्फत समृद्ध नेपाल सुखी नेपालीको राष्ट्रिय आकांक्षालाई पूरा गर्न युवा वर्गलाई विकास र समृद्धिको संवाहकको रुपमा परिचालन गर्न युवा स्वयं तथा सरोकारवालापक्ष थप सृजनशील र क्रियाशील रहनुपर्ने आवश्यक्ता छ। आउने पिँढीको सुख शान्तिका लागि युवा जगत अगाडि आउनु पर्दछ। उनीहरुलाई अगाडि ल्याउनु पर्दछ।

अन्त्यमा, युवा पुस्ताहरु प्रति समर्पण गरी यस मन्त्रालयद्वारा प्रकाशन हुन लागेको युवा बुलेटिन पत्रिकाको सफलताको कामना गर्दछु। यस पत्रिकाको लागि लेख उपलब्ध गराउनुहुने लेखकहरु प्रति धन्यवाद दिदैं पत्रिकालाई यो अवस्थासम्म पुर्याउनु हुने सम्पादक मण्डल तथा मन्त्रालय परिवारलाई पनि धन्यवाद दिन चाहन्छु र यस प्रकाशनको सफलता एंव निरन्तरताको हार्दिक शुभकामना व्यक्त गर्दछु।

२०७९ असार

**महेश्वरजंग गहतराज (अथक)**
मन्त्री
युवा तथा खेलकुद मन्त्रालय

नेपाल सरकार

# युवा तथा खेलकुद मन्त्रालय

सिंहदरबार, काठमाडौं



## शुभकामना

युवा तथा खेलकुद मन्त्रालयले विगत वर्षहरुदेखि आफ्नो वार्षिक कार्यक्रम अन्तर्गत रही 'युवा' नामक लेखहरुको संगालो प्रकाशन गर्दै आईरहेकोमा यस आर्थिक वर्षमा पनि निरन्तरता दिंदै 'युवा' अङ्क-२१ प्रकाशन गर्न लागेकोमा म ज्यादै हर्षित भएको छु । यस पुस्तकमा युवा लक्षित लेख रचनाहरु प्रकाशन गरिएका छन् । युवाको समग्र विकासकालागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अनुभव तथा अभ्यासहरुको उजागर गर्दै युवाको आगामी विकास तथा परिचालनको क्षेत्रमा सहयोग पुर्‍याउन यो अङ्क सहायक हुनेछ भन्ने आशा लिएको छु ।

कूल जनसंख्याको ४० प्रतिशत भन्दा बढी संख्या युवाको रहेको छ । यो संख्याको सही सदुपयोग गरी जनसांख्यिक लाभ हासिल गर्नु अहिलेको आवश्यकता हो । युवा तथा खेलकुद मन्त्रालयले राष्ट्रिय युवा नीति २०७२ र युथ भिजन २०२५ जारी गरी राष्ट्रिय युवा परिषद् मार्फत युवाका क्षेत्रमा विभिन्न गतिविधिहरु संचालन गर्दै आईरहेको छ । त्यस्तै युवा तथा साना व्यवसायी स्वरोजगार कोष मार्फत विना धितो विना ब्याज ऋण उपलब्ध गराई स्वरोजगार बन्न प्रेरित गर्दै आएको छ । मन्त्रालयले युवा तथा खेलकुदका क्षेत्रहरुमा बहस तथा पैरवीमा समेत सहभागी हुँदै आईरहेको अवस्था छ । राष्ट्रिय खेलकुद परिषदबाट खेल पूर्वाधार र खेल प्रतियोगिता आयोजना र व्यवस्थापन लगायतका कार्यहरु हुँदै आएका छन् । विभिन्न प्रयासका बाबजुद पनि युवाहरुलाई पूर्ण रोजगारी बनाई स्वदेशमै टिकाई राख्न चुनौतिको सामना गर्नु अहिलेको अहम् सवाल रहेकोछ । यिनै सन्दर्भमा यो पुस्तकले नीति निर्माण तथा कार्यान्वयनका क्षेत्रमा केही सहयोग पुर्‍याउन सक्ला भन्ने कुरामा म विश्वस्थ छु ।

अन्त्यमा, 'युवा' अङ्क-२१ को यो लेखहरुको संगालो प्रकाशनमा सहयोग पुर्‍याउनु हुने लेखकहरुलाई धन्यवाद दिन चाहन्छु । साथै सम्पादक मण्डलका सदस्य र भाषाको शुद्धिकरण गरिदिनु हुने विद्वत वर्गप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दै यस प्रकाशनको सफलताको शुभकामना व्यक्त गर्दछु ।

मिति : २०७९ असार

**डा दामोदर रेग्मी**
सचिव
युवा तथा खेलकुद मन्त्रालय

# विषय - सूची


| क्र.सं. | विषय | लेखक | पेज नं. |
|---|---|---|---|
| १. | दिगो विकासमा युवाको दायित्व | डा. उमा शंकर प्रसाद | १ |
| २. | वित्तीय संघीयता, स्थानीय तह र युवाको भूमिका | डा. दामोदर रेग्मी | ९ |
| ३. | आवधिक योजना र युवा विकासको मुद्दा | डा. किरण रुपाखेती / विनोद प्रसाद गैरे | १९ |
| ४. | वैदेशिक रोजगारीमा युवा : समस्या र समाधानका उपाय | रमेश अर्याल | २७ |
| ५. | स्वरोजगार सिर्जनामा युवा तथा साना व्यवसायी स्वरोजगार कोषको भूमिका | विश्व मोहन अधिकारी | ३४ |
| ६. | नमुना युवा संसद अभ्यासको आवश्यकता र महत्व | डा. बाबुराम ढुङ्गाना | ३८ |
| ७. | युवा – नवरक्त संचार | यमेन्द्र उपाध्याय | ४४ |
| ८. | युवा र मानवसेवा | होमनाथ तिमल्सिना | ५३ |
| ९. | नेपाल रेडक्रस र युवा लक्षित कार्यक्रमहरू | धर्मदत्त बिडारी | ६० |
| १०. | समृद्ध नेपाल निर्माणमा युवाको भूमिका | सम्झना वाग्ले भट्टराई | ६६ |
| ११. | सडक दुर्घटना न्यूनीकरणमा युवाको भूमिका | भगबती सेढाई | ७२ |
| १२. | राष्ट्रिय युवा परिषद् र युवा उद्यमशीलता विकास | कमला ज्ञवाली | ७८ |
| १३. | युवा नीति कार्यान्वयनको सवाल | कमल सुवेदी | ८६ |
| १४. | राष्ट्रिय युवा परिषद्: युवाको आसा र भरोसाको केन्द्र बन्दै | रवि सेन्चुरी | ९२ |
| १५. | खेलकुदः घरको आँगनदेखि अन्तर्राष्ट्रिय जगतसम्म | सुलोचना सिजख्वा | ९८ |
| १६. | नेपालमा युवा जनशक्तिको अवस्था तथा परिचालनको आवश्यक्ता, समस्या र सुझावहरु | गम्भीर बहादुर हाडा | १०२ |
| १७. | नेपाली युवाका समस्या | रमाकान्त शर्मा | १२१ |
| १८. | Whereabouts: ethical considerations of an anti-doping policy | Suman D C | १३१ |
| १९. | Health status of youth in Nepal | Kalpana Gyawali | १३९ |
| २०. | युवा तथा खेलकुद मन्त्रालयका माननीय मन्त्री तथा राज्यमन्त्रीहरुको नामावली | | १४७ |
| २१. | युवा तथा खेलकुद मन्त्रालयका सचिवहरुको नामावली | | १४८ |
| २२. | मन्त्रालयद्वारा विभिन्न विधामा पुरस्कार तथा सम्मान गरिएका तस्बिरहरु | | १४९ |

# दिगो विकासमा युवाको दायित्व

**डा. उमा शंकर प्रसाद***



## परिचय

मानवीय पूँजी निर्माण भनेको त्यस्ता व्यक्तिहरुको प्राप्ति तथा सङ्ख्यामा वृद्धि गर्नु हो जुन व्यक्तिहरु श्रमशील, नैतिकवान, सहनशील, क्षमतावान्, दक्ष, शिक्षित, स्वस्थ, तथा अनुभवी हुन्छन् र जसले देशको आर्थिक तथा राजनैतिक विकासमा महत्वपूर्ण योगदान गर्न सक्दछन् । कुनै पनि राज्यले व्यवस्थित शिक्षा तथा स्वास्थ्य सेवा, नोकरी, तालिम, प्रशिक्षण आदिमा विभेदरहित तवरले यथोचित लगानी तथा समान अवसर प्रदान गरी मानवीय पूँजी निर्माण गर्नु पर्दछ । सवल मानवीय पूँजी राष्ट्रिय पूँजी निर्माणको मेरुदण्डको रुपमा मानिन्छ । युवा शक्ति कुनै पनि राष्ट्र निर्माणको मेरुदण्डको रुपमा रहने गरेको यथार्थलाई मनन् गर्दै ती शक्ति मानवीय पूँजी निर्माणको अग्रस्थानमा रहनु पर्दछ । साथै कुनै पनि राष्ट्रको विकास र समृद्धिमा युवा शक्तिको महत्वपूर्ण दायित्व रहेको हुन्छ ।

संयुक्त राष्ट्रसंघले सन् २०१६ देखि २०३० सम्मका लागि दिगो विकासका १७ ओटा लक्ष्य र १६९ ओटा परिमाणात्मक लक्ष्यहरु निर्धारण गरेको छ, जसलाई नेपाल सहित संयुक्त राष्ट्रसंघसँग आवद्ध सबै मुलुकहरुले अनुमोदन तथा आत्मसात गरेका छन् । उक्त लक्ष्यहरुका उपलब्धि मापन र अनुगमन गर्न आर्थिक, सामाजिक र वातावरणीय क्षेत्रसँग सम्वन्धित २३० वटा भन्दा बढी सूचकहरु समावेश गरिएका छन् ।

दिगो विकास अन्तर्गतको परिमाणात्मक लक्ष्य ८.६ मा सन् २०२० सम्ममा रोजगारी नपाएका, शिक्षा वा तालिम नलिएका युवाहरुको अनुपात उल्लेख्य रुपमा घटाउने विषय समावेश गरिएको छ । सन् २०१५ मा ३५.८ प्रतिशत रहेको युवा अर्धबेरोजगारी दरलाई नेपालले २०२२ मा २३.८ प्रतिशत, २०२५ मा १८. ६ प्रतिशत र २०३० सम्ममा १० प्रतिशतमा झार्ने लक्ष्य निर्धारण गरेको छ । साथै शिक्षा, रोजगारी वा तालिममा संलग्न नभएका १५ देखि २४ वर्ष उमेर समूहका युवाको अनुपात पनि उल्लेख्य रुपमा घटाउने अठोट गरेको छ । उक्त लक्ष्यहरु पूरा गर्नका लागि नेपाल सरकारले विभिन्न ऐन तथा नियमावलीहरुको तर्जुमा गरी राष्ट्रिय युवा नीति २०७२, युवा सोच २०२५ लगायतका नीति, रणनीति तथा कार्यनीतिहरुको अवलम्वन गरेको छ ।

यस लेखलाई चार भागमा विभाजन गरिएको छ । पहिलो भाग विषय प्रवेशको रुपमा रहेको छ । दोश्रो भागमा नेपालमा युवाको वर्तमान अवस्थाको विश्लेषण गरिएको छ । युवा जनशक्तिको उल्लेखनीय जनसङ्ख्या वैदेशिक रोजगारमा संलग्न भएको कारणले नेपालको अर्थव्यवस्थामा परेको प्रभावको चित्रण समेत यस भागमा गरिएको छ । भाग तीनमा नेपालमा दिगो विकास लक्ष्यहरु हासिल गर्नका लागि युवाको दायित्व सम्बन्धमा विश्लेषण गरिएको छ । अन्त्यमा, लेखको निष्कर्षात्मक टिप्पणीका साथसाथै केही सुझावहरु भाग चारमा समावेश गरिएका छन् ।

** सदस्य, राष्ट्रिय योजना आयोग*

## नेपालमा युवाको वर्तमान अवस्था

शारीरिक र मानसिक विकासका दृष्टिले युवा भन्नाले किशोर अवस्था र वयस्क अवस्थाबिचको उमेर समूह भएका व्यक्तिलाई जनाउँछ । यो जनसङ्ख्याको सर्वाधिक सक्रिय, उर्जावान् र गतिशील समूह हो । युवा अवस्थालाई परिभाषित गर्ने विषयमा एकरुपता देखिदैन । विभिन्न देशहरुले आ-आफ्नै तरिकाले परिभाषित गरेको पाइन्छ । बङ्गलादेश र फिलिपिन्सले १५ देखि ३० वर्ष, भारतले १६ देखि २९ वर्ष, चीनले १८ देखि ३५ वर्ष, जर्मनीले १४ देखि २६ वर्ष तथा दक्षिण अफ्रिकाले १५ देखि २९ वर्ष उमेर समूहका नागरीकलाई युवा भनी परिभाषित गरेको छ ।

यसरी अधिकांश देशमा युवाको उमेर १५ देखि ३५ वर्षका बिचमा कायम गरिएको देखिन्छ । संयुक्त राष्ट्रसंघ र विश्व वैंक जस्ता अन्तर्राष्ट्रिय संस्थाले १५ देखि २४ वर्षको उमेर समूहलाई युवा मानेको देखिन्छ ।

नेपालको सन्दर्भमा समेत युवा उमेर समूहबारे एकरुपता कायम हुन सकिरहेको देखिदैन । नेपाल सरकारका विभिन्न निकाय, गैर सरकारी संघसंस्था, राजनीतिक संघ संगठनहरुले फरक फरक तरिकाले युवाको उमेर समूहलाई परिभाषित गरेको पाइन्छ । राष्ट्रिय युवा परिषद् ऐन, २०७२ तथा राष्ट्रिय युवा नीति, २०७२ ले १६ देखि ४० वर्षलाई युवा उमेर समूह निर्धारण गरेको छ । युथ भिजन-२०२५ ले युवाको उमेर समूहलाई १६ देखि २४ वर्ष र २५ देखि ४० वर्ष गरी दुई उमेर समूहमा विभाजन गरी समूहगत प्राथमिकता निर्धारण गरेको छ ।

राष्ट्रिय जनगणना २०६८ बमोजिम नेपालको कुल जनसंख्याको ४०.३५ प्रतिशत युवा जनशक्ति अर्थात १६ देखि ४० वर्ष उमेर समूहको जनसंख्या रहेको छ । यसै अनुसार युवासँग सम्बन्धित शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन, श्रम तथा रोजगार, खेलकुद लगायतका क्षेत्रमा नेपाल सरकारका विभिन्न मन्त्रालयहरुले क्षेत्रगत नीति तर्जुमा गरी कार्यक्रमहरु कार्यान्वयन गर्दै आएका छन ।

तालिका १ मा प्रस्तुत गरिएको आँकडा बमोजिम नेपाल विश्व युवा विकास सूचकाङ्कमा निकै पछाडि अर्थात १४५ औं स्थानमा रहेको छ । दक्षिण एसियाका मुलुकसँग तुलना गर्दा पनि नेपालको युवा विकास सूचकाङ्क सबै भन्दा कमजोर देखिन्छ । नेपाली युवाको वर्तमान समस्या तथा चुनौतीहरुको विश्लेषण गर्दा बेरोजगारी तथा अर्धबेरोजगारीको समस्या भयावह रहेको छ । अन्तर्राष्ट्रिय श्रम संगठनका अनुसार पूर्ण बेरोजगारी दर १९.२ प्रतिशत र अर्धबेरोजगारी दर २८.३ प्रतिशत रहेको छ (तालिका १)। सीमान्तकृत, अल्पसंख्यक, आदिवासी, अपाङ्गता भएका युवामा बेरोजगारी तथा अर्ध बेरोजगारी दर उच्च रहेको छ । अर्धबेरोजगारीमा रहेको नेपालको करीब ३६ प्रतिशत युवा शक्ति आर्थिक उत्पादन र सिपसँग जोडिन सकेको छैन । युवा श्रमशक्तिको झण्डै आधा भाग अझै गुजारामुखी कृषिमा आश्रित छन् । अत्याधिक युवाहरु गुणस्तरीय, समय सापेक्ष र रोजगारमूलक शिक्षा लगायत व्यवसायिक सिप र प्रविधिको पहुँचबाट बञ्चित हुनु परेको छ । उल्लेख्य संख्यामा लैङ्गिक, क्षेत्रीय, जातीय विभेद र बहिष्करणमा समेत परेका छन् ।

**तालिका १ : नेपाली युवाको वर्तमान अवस्था**

| सूचकहरु | संख्या/प्रतिशत | सूचकहरु | संख्या/प्रतिशत |
|---|---|---|---|
| युवा साक्षरता | ७१% | विवाहको औषत उमेर | २०.६ वर्ष (महिला)<br>२३.८ वर्ष (पुरुष) |
| युवा साक्षरता : पुरुष/महिला | ८२% र ६३% | वार्षिक विदेश पढ्न जाने युवा संख्या (२०७०/०७१) | २८.१२६ |
| विश्व युवा विकास सूचकाङ्कमा नेपाल | १४५ औं स्थान | कृषिमा संलग्न युवा | ५०.५% |
| पूर्ण बेरोजगार युवा रोजगारी खोज्ने | १९.२% | स्वरोजगार युवा प्रतिशत (१५ देखि २९ वर्ष समूह) | ५८.८% |

| सूचकहरु | संख्या/प्रतिशत | सूचकहरु | संख्या/प्रतिशत |
|---|---|---|---|
| अर्ध बेरोजगार युवा | २८.३% | सीमान्तकृत, अल्पसंख्यक, अपाङ्गता भएका युवाको बेरोजगारी दर | २३% |
| प्रतिवर्ष श्रम बजारमा प्रवेश गर्ने युवा संख्या (अनुमानित) | ४ लाख ५० हजार भन्दा बढी | रोजगारीमा महिला असमानता अनुपात | ०.५० |
| कुल वार्षिक रोजगारी बृद्धि दर | २.९ प्रति हजार | उच्च शिक्षामा लैङ्गिक विभेद | ०.७० |
| घरायसी कामकाजमा युवा महिला | ३६% | बैदेशिक रोजगारी क्रमश: दक्ष, अर्धदक्ष र अदक्ष | २%, २४% र ७४% |
| प्रतिवर्ष रोजगारीका लागि विदेशिने नेपाली युवा | ५ लाख ३८ हजार | स्नातक युवा बेरोजगारी प्रतिशत | २६.१% |
| अपाङ्गता भएका युवा | १.५२% | | |

***श्रोत:*** युथ भिजन २०२५ तथा दशवर्षे रणनीतिक योजना, युवा तथा खेलकुद मन्त्रालय, नेपाल सरकार

मुलुकभित्र युवामैत्री लगानी तथा उद्यमको वातावरणको अभावको कारण ठूलो सङ्ख्यामा नेपाली युवा जनशक्ति वैदेशिक रोजगारमा जान वाध्य भएका छन् । नेपाल सरकारले ११० देशलाई संस्थागत रुपमा वैदेशिक रोजगारमा जान खुला गरेको छ । व्यक्तिगत श्रम स्वीकृतिमा १७२ मुलुकमा नेपालीहरु कामका लागि वैदेशिक रोजगारीमा गएका छन् । तालिका २ मा प्रस्तुत गरिएको आँकडा अनुसार आर्थिक वर्ष २०७७/७८ सम्ममा ४४ लाख ३३ हजार ८ सय १२ कामदारहरु वैदेशिक रोजगारमा गएका छन् । वैदेशिक रोजगारमा गएकामध्ये दक्ष कामदार १.५ प्रतिशत, अर्धदक्ष २४.० प्रतिशत र अदक्ष ७४.५ प्रतिशत रहेका छन् । आर्थिक वर्ष २०७७/७८ सम्ममा वैदेशिक रोजगारीमा गएका कामदारहरु मध्ये मलेसियामा २८.४ प्रतिशत, कतारमा २७.० प्रतिशत, साउदी अरबमा २०.९ प्रतिशत लगायत रहेका छन् । साथै भारतमा जाने गरेको कामदारको संख्या पनि उल्लेखनीय रहेको छ ।

**तालिका २ : श्रम स्वीकृति लिई वैदेशिक रोजगारीमा गएका कामदारहरुको विवरण (२०७७ असारसम्म)**

| सि. नं. | देश | पुरुष | | महिला | | जम्मा | |
|---|---|---|---|---|---|---|---|
| | | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| १. | कतार | १,१७९,९२६ | ९८.५ | १७,९२५ | १.५ | १,१९७,८५१ | २७.० |
| २. | मलेसिया | १,२३१,१७० | ९७.८ | २७,४५० | २.२ | १,२५८,६२० | २८.४ |
| ३. | साउदी अरब | ९१७,७१६ | ९९.२ | ७,६३४ | ०.८ | ९२५,३५० | २०.९ |
| ४. | युएइ | ५६६,४३९ | ९०.३ | ६०,६५१ | ९.७ | ६२७,०९० | १४.१ |
| ५. | कुवेत | १०६,७७६ | ७१.६ | ४२,४०३ | २८.४ | १४९,१७९ | ३.४ |
| ६. | बहराइन | ५०,४०० | ९१.७ | ४,५७३ | ८.३ | ५४,९७३ | १.२ |
| ७. | ओमन | ३१,१६४ | ८४.६ | ५,६६६ | १५.४ | ३६,८३० | ०.८ |
| ८. | द. कोरिया | ३६,७२९ | ९४.८ | २,०३१ | ५.२ | ३८,७६० | ०.९ |
| ९. | लेबनान | १,२१६ | ९.५ | ११,५४१ | ९०.५ | १२,७५७ | ०.३ |
| १०. | इजरायल | २,२९२ | ३४.१ | ४,४२१ | ६५.९ | ६,७१३ | ०.२ |
| ११. | अफगानिस्तान | १३,२८३ | ९९.६ | ५३ | ०.४ | १३,३३६ | ०.३ |
| १२. | जापान | १८,४४२ | ९४.४ | १०९६ | ५.६ | १९,५३८ | ०.४ |
| १३. | अन्य | ६३,९३४ | ६८.९ | २८,८८१ | ३१.१ | ९२,८१५ | २.१ |
| | **जम्मा** | **४,२१९,४८७** | **९५.२** | **२१४,३२५** | **४.८** | **४,४३३,८१२** | **१००.०** |

***श्रोत:*** आर्थिक सर्वेक्षण २०७७/७८, अर्थ मन्त्रालय, नेपाल सरकार, २०७८

कूल गार्हस्थ उत्पादनमा विप्रेषणको हिस्सा बढेर गएको छ । आ.व. २०५७/५८ मा २.४ प्रतिशत रहेको विप्रेषणको हिस्सा २०६७/६८ मा २१.६ प्रतिशत पुगी हाल २०७७/७८ मा २२.५ प्रतिशत पुगको छ । तर विप्रेषणको निकै सानो अंश मात्र उत्पादनको क्षेत्रमा प्रवाह भएको छ ।

विश्वका अधिकांश राष्ट्रहरुले आत्मसात गरिसकेको नयाँ आर्थिक नीति अन्तर्गत विश्वव्यापीकरणको सिद्धान्तलाई २०४६ सालको जनआन्दोलन पश्चात नेपालमा पनि लागु गरियो । विश्वव्यपीकरणले विश्व बजारलाई खुल्ला गर्यो । उल्लेख्य सङ्ख्यामा नेपाली युवाहरु अध्ययन र रोजगारीका लागि विदेश जान थाले । तर अध्ययन पश्चात स्वदेश फर्किने क्रम घट्दै गएको छ । युवा प्रतिभा पलायनलाई रोक्नु नेपालको लागि ठूलो चुनौती हुन पुगेको छ । न्यून पारिश्रमिक, श्रमको सम्मान गर्ने संस्कृतिको विकास हुन नसक्नु र युवामा राष्ट्रप्रतिको सकारात्मक सोचको क्षयीकरण जस्ता कारणहरुले युवा प्रतिभा पलायन हुने क्रम बढ्दो छ ।

## दिगो विकासमा युवाको दायित्व

रोजगारी नपाएका युवाहरुको अनुपात उल्लेख्य रुपमा घटाउने दिगो विकासको एउटा प्रमुख लक्ष्यको रुपमा रहेको छ । आन्तरिक उत्पादन अपेक्षाकृत बढ्न नसक्नु र दैनिक उपभोग्य वस्तुहरुको आयात बढ्दै जानु अर्थतन्त्रका लागि चुनौतीको रुपमा रहेको छ । मुलुकभित्र रोजगारी सृजना गर्न, आन्तरिक उत्पादन बृद्धि गर्न तथा आत्मनिर्भर अर्थतन्त्र निर्माणको लागि कृषि र उद्योग क्षेत्रको प्रवर्द्धनबाट आधारभूत उपभोग्य वस्तुहरुको उत्पादन बृद्धि गरी निर्यात प्रवर्द्धन र आयात प्रतिस्थापन गर्नुपर्ने आवश्यकता रहेको छ ।

नेपाल सरकार लगायत प्रादेशिक र स्थानीय सरकारहरुले युवा विकासका लागि विभिन्न प्रकारका कार्यक्रमहरु सञ्चालन गर्दै आएका छन् । युवा रोजगारीको लागि रुपान्तरण पहल आयोजना; प्रधानमन्त्री रोजगार कार्यक्रम; युवा तथा साना व्यवसायी स्वरोजगार कोष मार्फत सञ्चालित कार्यक्रमहरु; युवाद्वारा सञ्चालित उद्यम, व्यवसाय तथा उद्योगको प्रवर्द्धन गर्न युवा स्वरोजगार कर्जा तथा कार्यक्रम; सिप विकासका लागि प्रविधिक तथा व्यवसायिक तालिम, परामर्श तथा पैरवी सेवा लगायतका कार्यक्रमहरु सञ्चालन गरिएका छन् । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा आयोजना गरिने खेलकुदका लागि सरकारले विभिन्न कार्यक्रमहरु गर्दै आएको छ । तथापि युवासँग सम्बन्धित कार्यक्रमहरुलाई एकीकृत गर्नुपर्ने आवश्यकता देखिन्छ ।

नेपालको कुल गार्हस्थ्य उत्पादनमा उत्पादनमूलक उद्योगको हिस्सा निरन्तर घट्दो छ । चार्ट १ मा प्रस्तुत गरिएको आँकडा बमोजिम सन् १९९५ मा ८.९ प्रतिशत रहेकोमा सन् २०१५ मा ५.४ प्रतिशत र सन् २०२० मा ४.४ प्रतिशत पुगिसकेको छ ।

**चार्ट १ : कूल गार्हस्थ्य उत्पादनमा उत्पादनमूलक उद्योगको अंश (प्रतिशतमा)**




***श्रोत:*** *विश्व बैंक, https://data.worldbank.org/indicator/NV.IND.MANF.ZS?locations=NP*

तालिका ३ मा प्रस्तुत गरिएको आँकडा बमोजिम कृषि क्षेत्रसँग सम्वन्धित औद्योगिक एकाइहरुमा युवाहरुको संलग्नता न्यून रहेको छ । समग्र औद्योगिक एकाइहरुमा समेत युवाहरुको संलग्नता खासै उल्लेखनीय तथा उत्साहजनक रहेको देखिंदैन । उल्लेख्य संख्यामा युवाहरु थोक तथा खुद्रा व्यापार र सेवा क्षेत्रमा संलग्न रहेको देखिन्छ ।

**तालिका ३ : औद्योगिक एकाइहरु (Establishments) मा ४० वर्ष मुनिका युवाहरुको संलग्नता, २०७४**

| सि. नं. | NSIC खण्ड | संलग्न व्यक्तिहरूको सङ्ख्या | प्रतिशत | ४० वर्ष मुनिका युवाहरुको संलग्नता | |
|---|---|---|---|---|---|
| | | | | सङ्ख्या | प्रतिशत |
| | **कुल** | **३,२२८,४५७** | **१००** | **१,९०७,१०९** | **५९.१** |
| १. | कृषि, वन र मत्स्यपालन | १०६,४१० | ३.३० | ३९,६५५ | ३७.३ |
| २. | खानी तथा उत्खनन् | ७,७२६ | ०.२४ | ३,७६० | ४८.७ |
| ३. | उत्पादनमूलक उद्योग | ५१०,५२३ | १५.८१ | २६९,७७० | ५२.८ |
| ४. | विद्युत, ग्याँस, वाष्प र वातानुकलित आपूर्ति सेवा | २०,१७० | ०.६२ | ६,३१८ | ३१.३ |
| ५. | पानी आपूर्ति, ढल निकास, फोहोर व्यवस्थापन तथा पुनःउत्पादनका क्रियाकलापहरु | १५,३१२ | ०.४७ | ५,९७४ | ३९.० |
| ६. | निर्माण | १४,७५० | ०.४६ | ५,८९३ | ४०.० |
| ७. | थोक र खुद्रा व्यापार, गाडी तथा मोटरसाइकल मर्मत सेवा | ९८८,३४६ | ३०.६१ | ७९१,५३० | ८०.१ |
| ८. | यातायात तथा भण्डारण | २०,०२७ | ०.६२ | ६,७८६ | ३३.९ |
| ९. | आवास तथा भोजन सेवा | ३४६,२७३ | १०.७३ | २५१,३७० | ७२.६ |
| १०. | सूचना तथा सञ्चार | ३९,७८९ | १.२३ | १७,०९२ | ४३.० |
| ११. | वित्तीय तथा वीमा क्रियाकलापहरु | २०६,९७९ | ६.४१ | १०४,८७८ | ५०.७ |
| १२. | घरजग्गा कारोवार सेवा | १,९७७ | ०.०६ | ६४२ | ३२.५ |
| १३. | पेशागत वैज्ञानिक तथा प्राविधिक क्रियाकलापहरु | ३३,२५४ | १.०३ | १५,१९१ | ४५.७ |
| १४. | प्रशासनिक तथा सहयोगी सेवाका क्रियाकलापहरु | ४५,९९९ | १.४२ | २५,६८० | ५५.८ |
| १५. | शिक्षा | ५१३,३३६ | १५.९० | १६७,८९७ | ३२.७ |
| १६. | मानव स्वास्थ्य तथा सामाजिक कार्य | १६४,४९८ | ५.१० | ६५,७७९ | ४०.० |
| १७. | कला, मनोरञ्जन तथा विहार | १६,०६२ | ०.५० | ८,१६१ | ५०.८ |
| १८. | अन्य सेवाका क्रियाकलापहरु | १७७,०२६ | ५.४८ | १२०,७३३ | ६८.२ |

***श्रोतः*** राष्ट्रिय आर्थिक सर्वेक्षण २०७४, राष्ट्रिय प्रतिवेदन, केन्द्रीय तथ्याङ्क विभाग, नेपाल सरकार ।

नेपालमा व्यापार घाटा निरन्तर बढ्दै गएको छ । चार्ट २ मा प्रस्तुत गरिएको आँकडा बमोजिम सन् १९७४/७५ मा कूल गार्हस्थ्य उत्पादनमा ५.६ प्रतिशत रहेको व्यापार घाटाको हिस्सा सन् २०१९/२० मा २९.४ प्रतिशत पुगिसकेको छ । बढ्दो आयात तथा सेवा भुक्तानि वापत विदेशमा प्रवाह हुने विदेशी विनिमयमा बृद्धिका कारण विदेशी विनिमय सञ्चितिमा ह्रास आएको छ । अतः

नीतिगत तथा प्रक्रियागत सुधार मार्फत विदेशी लगानी आकर्षित गरी विदेशी विनिमय सञ्चितिमा आएको ह्रास नियन्त्रण गर्नुपर्ने आवश्यकता रहेको छ । त्यस्तै नेपाल सन् २०२६ मा अतिकम विकसित मुलुकबाट विकासशील राष्ट्रमा स्तरोन्नति हुँदैछ । अतिकम विकसित मुलुकबाट स्तरोन्नति भएपछि वैदेशिक व्यापारमा नकारात्मक असर पर्न सक्ने सम्भावना पनि उतिकै रहन्छ ।

**चार्ट २ : कुल गार्हस्थ्य उत्पादनमा व्यापार घाटाको अंश (प्रतिशतमा)**




***श्रोतः विभिन्न वर्षका आर्थिक सर्वेक्षण, अर्थ मन्त्रालय, नेपाल सरकार***

सन् २०१८ मा गरिएको श्रमशक्ति सर्वेक्षणअनुसार कृषि पेशाका आश्रित जनसङ्ख्याको हिस्सा ६०.४ प्रतिशत रहेको छ । कूल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान आर्थिक वर्ष २०७७/७८ मा २५.८ प्रतिशत रहेको अनुमान छ । कृषिमा आश्रित जनसङ्ख्यालाई क्रमशः घटाउदै उत्पादनमूलक उद्योगतर्फ आकर्षित गर्नुपर्ने अवस्थालाई मध्यनजर गरी युवा जनशक्तिलाई परिचालन गर्नुपर्ने अवस्था हुन्छ । उद्यमशीलता तथा स्वदेशमा रोजगार अभिवृद्धि गर्न युवा जनशक्ति सकारात्मक सोचका साथ अगाडि आउनु पर्दछ । युवामा सिर्जनशीलता एवं उद्यमशीलताको विकास गर्न नेपाल सरकारले सञ्चालनमा ल्याएको नवप्रवर्तनीय (Innovative) आयोजनाहरुमा युवा जनशक्ति परिचालित हुन अग्रसर हुनु पर्दछ । त्यस्तै सरकारले उपलब्ध गराउँदै आएको युवा लक्षित सहुलियतपूर्ण कर्जाको सदुपयोग गरी स्वदेशमा नै रोजगार अभिबृद्धि गर्ने तथा उत्पादन कार्यमा संलग्न हुन युवाहरु सक्रिय हुनुपर्दछ ।

आन्तरिक बजारमा बढेको मागको तुलनामा उत्पादन बृद्धि हुन नसक्दा खाद्यान्न, तरकारी, फलफूल जस्ता अत्यावश्यक वस्तुहरुको आपूर्तिका लागि समेत आयातमा भर पर्नुपर्ने अवस्था रहेको छ । तालिका ४ मा प्रस्तुत गरिएको आँकडा बमोजिम आर्थिक वर्ष २०७६/७७ मा कृषिजन्य वस्तुहरुको व्यापार घाटा लगभग १ खर्ब ९८ अर्ब रहेको थियो ।

**तालिका ४ : कृषिजन्य वस्तुहरुको निर्यात र आयातको अवस्था, २०७६/७७**

***रु. करोडमा***

| क्र.सं. | वस्तुको नाम | आयात | निर्यात | व्यापार घाटा |
|---|---|---|---|---|
| १. | जीवित जन्तु | ९५.६ | ०.९ | ९४.७ |
| २. | मासु | ६.० | ४.२ | १.८ |
| ३. | माछा तथा अन्य जलचर | १७६.५ | ०.० | १७६.५ |
| ४. | तयारी माछा मासु | १०.८ | ०.० | १०.८ |
| ५. | दुग्ध पदार्थ तथा पशुजन्य खाद्य उत्पादनहरु | २२६.० | ३.८ | २२२.२ |

| क्र.सं. | वस्तुको नाम | आयात | निर्यात | व्यापार घाटा |
|---|---|---|---|---|
| ६. | जीवित बोट बिरुवाहरु तथा फुलहरु | २६.९ | ०.५ | २६.४ |
| ७. | तरकारी तथा दलहन | ३,३०५.७ | १०७.३ | ३,१९८.४ |
| ८. | नट्स तथा फलफुल | २,०७४.६ | ०.९ | २,०७३.७ |
| ९. | चिया | ७.७ | २७८.३ | -२७०.६ |
| १०. | कफी | ११.९ | ५.८ | ६.१ |
| ११. | मसला | १,१३७.८ | ४६८.२ | ६६९.६ |
| १२. | धान चामल | ३,३६५.१ | ०.९ | ३,३६४.२ |
| १३. | मकै | १,४७५.३ | ०.० | १,४७५.३ |
| १४. | गहुँ | ७९०.८ | ०.० | ७९०.८ |
| १५. | अन्य खाद्यान्न | ५७.२ | ०.८ | ५६.४ |
| १६. | पिठो, मैदा, सुजी, च्याँख्ला आदि | १३७.५ | ६.४ | १३१.१ |
| १७. | पशुपंछीको आहारा | १,५१२.६ | ३१९.५ | १,१९३.१ |
| १८. | सुर्ति तथा सुर्तिजन्य उत्पादन | ३२८.४ | ११.६ | ३१६.८ |
| १९. | छाला | ६.३ | १७.८ | -११.५ |
| २०. | बोसो तथा तेल | ५,०२४.८ | ३,११९.७ | १,९०५.१ |
| २१. | चिनी | २४५.७ | ०.० | २४५.७ |
| २२. | चिनीजन्य उत्पादन | १८१.८ | ९.२ | १७२.६ |
| २३. | रेशम | ४१.३ | ०.१ | ४१.२ |
| २४. | उन | ३१४.१ | ०.७ | ३१३.४ |
| २५. | कपास | ६८३.४ | ०.१ | ६८३.३ |
| २६. | जुट तथा अन्य वनस्पति रेशा | २९०.४ | ३५१.२ | -६०.८ |
| २७. | अन्य कृषिजन्य वस्तु | ३,७५४.३ | ८११.६ | २,९४२.७ |
| | **कूल जम्मा** | **२५,२८८.५** | **५,५१९.५** | १९,७६९.० |

***श्रोत:*** आर्थिक सर्वेक्षण २०७७/७८, अर्थ मन्त्रालय, नेपाल सरकार, २०७८

खेतीयोग्य जमिन बाँझो रहने र युवाहरु रोजगारीका लागि विदेशिने अवस्था हाम्रो लागि चुनौतीको रुपमा रहेको छ। यसले उत्पादन र वितरण लगायत समग्र प्रणालीमा संरचनागत समस्या रहेको देखाउँछ। अत: राष्ट्रिय उत्पादनमा बृद्धि गरी आयात घटाउने, निर्यात बढाउने तथा व्यापार घाटा कम गर्न युवाहरुको महत्वपूर्ण भूमिका रहन्छ। आयातलाई क्रमश: घटाउँदै आत्मनिर्भर अर्थतन्त्र निर्माण तथा निर्यात प्रवर्द्धन गर्नु अपरिहार्य रहेको छ।

## निष्कर्ष तथा सुझाव

संयुक्त राष्ट्रसंघले अघि सारेका तथा नेपाल सहित संयुक्त राष्ट्रसंघसँग आवद्ध सबै मुलुकहरुले अनुमोदन तथा आत्मसात गरेका दिगो विकासका लक्ष्यहरु हासिल गर्न मुलुकभित्रै यथेष्ट रोजगारी सृजना, आन्तरिक उत्पादन बृद्धि, निर्यात प्रवर्द्धन र आयात

प्रतिस्थापन गरी आत्मनिर्भर अर्थतन्त्र निर्माण गर्नुपर्ने आवश्यकता रहेको छ। यी राष्ट्र निर्माणका जिम्मेवारीहरु पूरा गर्न युवाहरुले महत्वपूर्ण भूमिका निर्वाह गर्नुपर्ने देखिन्छ।

नेपाल हाल पूर्व-औद्योगिक अवस्थामा रहेको छ। न्यून उत्पादकत्व भएको कृषिमा आश्रित जनसङ्ख्याको अनुपात उच्च रहेको छ। नेपाल निर्मित वस्तु आयात गर्ने तथा प्राथमिक वस्तु निर्यात गर्ने परनिर्भर अर्थ व्यवस्थाको रुपमा रहेको छ। त्यसकारण औद्योगिक क्रान्ति गर्ने, राष्ट्रिय पूँजीको विकास गर्ने लगायतका कार्यहरुमा युवाको महत्वपूर्ण योगदान रहन्छ। आर्थिक व्यवस्था र संरचनामा परिवर्तन गर्न युवाहरुले सकारात्मक भूमिका निर्वाह गर्नुपर्दछ।

युवाहरुको शिक्षा र स्वास्थ्यमा राज्यले उल्लेखनीय लगानी गरेको छ। तर उत्पादन कार्यमा लाग्ने र राष्ट्रलाई योगदान गर्ने समयमा उल्लेख्य संख्यामा युवाहरु देशबाट पलायन हुने गरेका छन्। सार्वजनिक सेवामा अब्बल दर्जाका युवा जनशक्तिको आकर्षण घट्दो छ। देशभित्रै श्रम गर्ने संस्कारमा व्यापक ह्रास आएको छ। श्रमलाई आदर गर्ने संस्कारमा वृद्धि गर्नुपर्दछ। नेपालमा उत्पादन प्रक्रियाका युवाहरुको सहभागिता उत्साहजनक रहेको देखिदैन। शिक्षा आर्जन पश्चात जिम्मेवार नागरिकको रुपमा उत्पादन कार्यमा संलग्न हुन युवाहरु अगाडि आउनु पर्दछ। वैदेशिक रोजगारबाट आर्जन गरेका सिपलाई नेपालभित्रै सदुपयोग गरी उत्पादन कार्यमा सहयोगी भूमिका निर्वाह गर्न युवाहरु अग्रसर हुनु पर्दछ।

वैदेशिक रोजगार, शिक्षा आर्जन लगायतका कार्यका लागि ठूलो सङ्ख्यमा युवाहरु देशबाहिर गइरहेका छन्। जीवनका सक्रिय तथा उत्पादनशील वर्षहरु विदेशमा बिताउने युवाहरुको संख्या उल्लेख्य रुपमा बढिरहेको छ। देशभित्र रोजगारीका अवसरहरु उपलब्ध हुन नसकिरहेको अवस्थाका युवाहरुमा राष्ट्रप्रति नैराश्यता देखिएको छ। देशभित्र टिक्न सक्ने कुरामा युवाहरु विश्वस्त हुन सकिरहेको छैन। विदेशी विनिमय सञ्चिति निरन्तर घटी रहेको सन्दर्भमा शिक्षा आर्जनका लागि विदेशिने युवाहरु देशभित्रै शिक्षा आर्जन गर्न अगाडि आउनुपर्दछ। यसबाट उल्लेख्य मात्रामा विदेशी मुद्राको बचत गर्न सकिन्छ।

**सन्दर्भ सामग्रीहरु**


- नेपाल सरकार, राष्ट्रिय योजना आयोग (२०७६). पन्ध्रौं योजना (आर्थिक वर्ष २०७६/७७-२०८०/८१). काठमाडौं: नेपाल सरकार, राष्ट्रिय योजना आयोग।
- नेपाल सरकार, अर्थ मन्त्रालय (विभिन्न बर्षका प्रकाशनहरु). बजेट वक्तव्य. काठमाडौं: नेपाल सरकार, अर्थ मन्त्रालय।
- नेपाल सरकार, अर्थ मन्त्रालय (२०७७). आर्थिक सर्वेक्षण २०७७/७८. काठमाडौं: नेपाल सरकार, अर्थ मन्त्रालय।
- नेपाल सरकार, कानुन, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय (२०७८). नेपालको संविधान. काठमाडौं: नेपाल सरकार, कानुन, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय, कानुन किताब व्यवस्था समिति।

# वित्तीय संघीयता, स्थानीय तह र युवाको भूमिका

डा. दामोदर रेग्मी*



## वित्तीय संघीयता

संघीयता उच्चतम प्रजातान्त्रिक आचरणले युक्त शासन प्रणाली हो। राज्यसत्ता को अधिकारको प्रयोग राज्यका बहु सरकारहरुवीच विनियोजन गरी शासकीय क्रियाकलापमा बढी भन्दा बढी जनतालाई संलग्न गराउने राजनीतिक प्रक्रिया संघीयताको मूल मर्म हो। यसैले पनि संघीय शासन प्रणाली वढी प्रजातान्त्रिक र सहभागितामूलक हुन्छ। यसै पृष्ठभूमीमा संघीयताले लोकतन्त्र र शासकीय अभ्यासमा सर्वसाधारण को सहभागिता र अवसरको सुनिश्चितता गर्ने संयन्त्र मात्र होइन समाजमा विद्यमान सामाजिक, आर्थिक, सांस्कृतिक विविधता लाई पनि सम्बोधन गरी शासन प्रणाली प्रति जन अपनत्व जुटाउने उद्देश्य राखेको हुन्छ।

संघीयताको सफल कार्यान्वयन गर्न वित्तीय संघीयता आवश्यकीय शर्त हो। संघीयता भन्नु नै राज्य सञ्चालन र निर्णय प्रक्रियालाई समाजको तल्लो तह वा जनताको आधारभूत तहसम्म पुर्याउनु हो। यसैले तल्लो तह खासगरि स्थानीय तहको प्रभावकारी स्रोत परिचालनले वित्तीय संघीयताको प्रभावकारितामा सहयोग पुग्न जान्छ। यसको अतिरिक्त संघीयताको सफल कार्यान्वयन गर्न सबै तहका सरकारहरु बीच स्वस्थ, पारदर्शी तथा सन्तुलित वित्तीय व्यवस्था आवश्यक छ। अन्तरसरकारी वित्त व्यवस्थापन अन्तर्गत संघीय इकाइहरूबीच वित्त हस्तान्तरण, खर्च, ऋण, अनुदान, बजेट, राजस्व व्यवस्थापन, वित्तीय सुशासन लगायतका आर्थिक विषयहरू पर्दछन्। अन्तरसरकारी वित्त व्यवस्थापन लाई अन्तरसरकारी वित्त हस्तान्तरण पनि भनिन्छ। यस्तो हस्तान्तरण संघीय सरकारबाट प्रदेश तथा स्थानीय सरकारमा, प्रदेश सरकारबाट प्रदेश तथा स्थानीय सरकारमा र स्थानीय सरकारबाट स्थानीय सरकारमा हुन सक्छ।संविधानको परिधीभित्र रही राजस्व सम्बन्धी कानूनको निर्माण, करको दर तथा दायरा निर्धारण, राजस्व परिचालन, राजस्व परिचालन सम्बन्धी क्षमता विकास तथा राजस्वको उचित व्यवस्थापन लगायतका विषयहरू र सम्बन्धित सरकारले आफूलाई प्राप्त भएको कार्यहरू सम्पन्न गरी जनताको माझ सुशासनको अनुभूति दिलाउनको लागि आफूलाई वित्त हस्तान्तरणको माध्यमबाट प्राप्त हुने स्रोतसाधन, आफ्नै राजस्व परिचालनबाट प्राप्त हुने रकम मात्र नभएर आन्तरिक तथा वैदेशिक ऋण लिन सक्ने वा परिचालन गर्न सक्ने विषयहरू मुख्य रूपमा अन्तर सरकारी वित्त व्यवस्थापनको क्षेत्र अन्तर्गत पर्ने विषयहरू हुन्। तीनै तहका सरकारको व्यवस्थाले तत् तत् सरकारले आफ्नो योजना बजेट तर्जुमा गर्ने, पारित गर्ने र कार्यान्वयन गर्ने दायित्व पनि तत् तत् तहको कार्यक्षेत्र भित्र पर्न गएको छ।

*सचिव, युवा तथा खेलकुद मन्त्रालय, नेपाल सरकार

## वित्त हस्तान्तरण

वित्तीय संघीयतामा वित्तहरुको हस्तान्तरण हुने गर्दछ। यसमा विभिन्न अनुदानहरुको हस्तान्तरण र राजस्व बाँडफाँट हुने गर्दछ। वित्त हस्तान्तरणले सबै तहका सरकारहरुमा वित्तीय न्यूनताको पूर्ति गर्नुको अतिरिक्त वित्तीय सक्षमतमा बृध्दि ल्याइदिने काम गर्दछ।

## अनुदानहरु

- वित्तीय समानीकरण अनुदान
- सशर्त अनुदान
- समपूरक अनुदान
- विशेष अनुदान

## वित्तीय समानीकरण अनुदान

नेपाल सरकारले प्रदेश तथा स्थानीय तहको खर्चको आवश्यकता र राजश्वको क्षमताको आधारमा राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोगको सिफारिसमा प्रदेश र स्थानीय तहलाई वित्तीय समानीकरण अनुदान दिने गर्दछ। यसै गरी प्रदेशले नेपाल सरकार बाट प्राप्त अनुदान र उठेको राजश्वलाई प्रदेश भित्रका स्थानीय तहको खर्चको आवश्यकता र राजश्वको क्षमताको आधारमा वित्तीय समानीकरण अनुदान दिने गर्दछ।

## सशर्त अनुदान

नेपाल सरकारले प्रदेश वा स्थानीय तहलाई कुनै योजना कार्यान्वयन गर्नका लागि आवश्यक शर्त तोकि अनुदान दिने गर्दछ। यसै अनुरुप प्रदेशले पनि प्रदेश कानुन बमोजिम स्थानीय तहलाई सशर्त अनुदान दिने गर्दछ।

## समपूरक अनुदान

नेपाल सरकारले प्रदेश वा स्थानीय तहलाई पुर्वाधार विकास सम्वन्धी कुनै योजना कार्यान्वयन गर्न देहायका आधारमा समपुरक अनुदान दिने गर्दछ।

- योजनाको सम्भाव्यता,
- योजनाको लागत,
- योजनाबाट प्राप्त हुने प्रतिफल वा लाभ,
- योजना कार्यान्वयन गर्न सक्ने वित्तीय तथा भौतिक क्षमता वा जनशक्ति,
- योजनाको आवश्यकता र प्राथमिकता,
- प्रदेशले आफ्नो कानुन वमोजिम स्थानीय तहलाई समपुरक अनुदान दिन सक्दछ।

## विशेष अनुदान

नेपाल सरकारले देहायको उद्देश्य प्राप्तिको लागि प्रदेश वा स्थानीय तहबाट संचालन हुने कुनै खास योजनाको लागि विशेष अनुदान प्रदान गर्न सक्दछ।

- शिक्षा, स्वास्थ्य, खानेपानी जस्ता आधारभुत सेवाको विकास र आपुर्ति गर्ने
- अन्तर प्रदेश वा अन्तर स्थानीय तहको सन्तुलित विकास गर्ने
- आर्थिक सामाजिक वा अन्य कुनै प्रकारले विभेदमा परेको वर्ग वा समुदायको उत्थान वा विकास गर्ने
- प्रदेशले स्थानीय तहलाई प्रदेश कानुन वमोजिम विशेष अनुदान प्रदान गर्न सक्दछ।

## स्थानीय तहको वार्षिक बजेट निर्माण सम्बन्धी प्रावधान

संघ, प्रदेश र स्थानीय तहले आफ्नो अधिकारभित्रको आर्थिक अधिकार सम्बन्धी विषयमा कानून बनाउने, वार्षिक बजेट बनाउने, निर्णय गर्ने, नीति तथा योजना तयार गर्ने र त्यसको कार्यान्वयन गर्न सक्ने व्यवस्था संविधानको धारा ५९ ले गरेको छ। स्थानीय तह अन्तर्गतका प्रत्येक गाउँपालिका र नगरपालिकामा एक स्थानीय सञ्चित कोष रहने र त्यस्तो कोषमा गाउँपालिका वा नगरपालिकालाई प्राप्त हुने सबै प्रकारको राजस्व, नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त हुने अनुदान तथा गाउँपालिका वा नगरपालिकाले लिएको ऋण रकम र अन्य स्रोतबाट प्राप्त हुने रकम जम्मा हुने गर्दछ। गाउँ कार्यपालिका र नगर कार्यपालिकाले प्रत्येक आर्थिक वर्षको राजस्व र व्ययको अनुमान स्थानीय कानून बमोजिम गाउँ सभा वा नगर सभामा पेश गरी पारित गराउनु पर्ने संवैधानिक व्यवस्था रहेको छ। गाउँ कार्यपालिका वा नगर कार्यपालिकाले राजस्व र व्ययको अनुमान पेश गर्दा घाटा बजेट निर्माण गर्नु पर्ने भएमा संघीय कानून र प्रदेश कानून बमोजिम घाटा पूर्ति गर्ने स्रोत समेतको प्रस्ताव गर्नु पर्दछ।

## स्थानीय तहको बजेट तर्जुमाका वैधानिक आधारहरु

- नेपालको संविधानको धारा ५९ को आर्थिक अधिकार, भाग १९ को आर्थिक कार्य प्रणाली,
- नेपालको संविधानको अनुसूची ८ बमोजिमका कर लगाउन पाउने क्षेत्र,
- करः सम्पत्ती कर, घर वहाल कर, घर जग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, भूमीकर (मालपोत), मनोरञ्जन कर, विज्ञापन कर, व्यवसाय कर,
- गैर करः सेवा शुल्क, दस्तुर, पर्यटन शुल्क, दण्ड, जरिवाना,
- श्रोत तथा बजेट सीमा निर्धारण समितिको श्रोत र बजेट अनुमान,
- राजस्व परामर्श समितिको प्रतिवेदन,
- बजेटको सिद्धान्त, उद्देश्य र प्राथमिकता,
- संघीय, प्रादेशिक र स्थानीय नीतिहरुबीच सामन्जस्यता।

## स्थानीय तहको बजेट तथा कार्यक्रम तर्जुमाका चरणहरु

स्थानीय तहको वजेट निर्माणका लागि तय गरिएका विभिन्न चरणहरुले एकातर्फ स्थानीय तहको बजेट निर्माणमा जनप्रतिनिधिहरुको प्रत्यक्ष र सक्रिय सहभागितालाई सुनिश्चित गरेको छ भने अर्को तर्फ जनताको विभिन्न तह र वर्गका आवश्यकतालाई सम्बोधन गर्ने लक्ष्य लिएको छ। यसको चरणहरु निम्नानुसार रहेका छन्।

## पहिलो चरणः संघ तथा प्रदेशबाट वित्तीय हस्तान्तरणको खाका र मार्गदर्शन प्राप्त गर्ने

- संघीय बजेट प्रत्येक वर्षको जेठ १५ मा प्रस्तुत भई संघबाट हस्तान्तरण भई आउने रकम एकिन हुने र मार्गदर्शन प्राप्त हुने।
- प्रादेशिक बजेट असार १ गते मा प्रस्तुत भई प्रदेशबाट हस्तान्तरण भई आउने रकम एकिन हुने र मार्गदर्शन प्राप्त हुने।

**दोश्रो चरणः** श्रोत अनुमान र कुल बजेट सीमा निर्धारण

**(क) राजस्व परामर्श समितिवाट आन्तरिक आयको अनुमान गर्ने**

राजस्व परामर्श समितिको संरचना

- गाउँ/नगर कार्यपालिकाको उपाध्यक्ष/उपप्रमुख - संयोजक
- गाउँ/नगर कार्यपालिकाको प्रमुख प्रशासकीय अधिकृत - सदस्य
- गाउँ/नगर कार्यपालिकाले तोकेको एक जना महिला सहित २ जना - सदस्य
- स्थानीय उद्योग वाणिज्य संघका प्रमुख वा प्रतिनिधि - सदस्य
- स्थानीय नेपाल चेम्बर अफ कमर्सका प्रमुख वा प्रतिनिधि - सदस्य
- गाउँ/नगर कार्यपालिकाको राजस्व विभाग र शाखा प्रमुख- सदस्य सचिव

**काम, कर्तव्य र अधिकार**

- राजस्व सम्बन्धी नीति तथा कानुन तर्जूमा, संशोधन, परिमार्जन र सोको परिपालनाका सम्बन्धमा आवश्यक परामर्श प्रदान गर्ने।
- राजस्वका श्रोत, दायरा र दर समेतको विश्लेषण गरि आगामी आर्थिक वर्षमा प्राप्त हुन सक्ने राजस्वको अनुमान गर्ने।
- राजस्वका दर र क्षेत्र लगायतका आधारमा आन्तरिक आयको विश्लेषण र अनुमान गर्ने।
- स्थानीय उद्योग तथा व्यवसाय प्रवर्द्धन र रोजगारी सिर्जनामा योगदान दिने किसिमको कर नीति अवलम्वन गर्न परामर्श दिने।
- कर राजस्व, गैरकर राजस्व, सेवा शुल्क, दस्तुर आदिको दर निर्धारण गरी सिफारिस गर्ने।
- राजस्व प्रशासन सुधारका लागि अन्य आवश्यक सुझावहरु पेश गर्ने।

**(ख) श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिवाट कुल श्रोत अनुमान तथा बजेट सीमा निर्धारण**

- गाउँ/नगर कार्यपालिकाको अध्यक्ष/प्रमुख - संयोजक
- गाउँ/नगर कार्यपालिकाको उपाध्यक्ष/उपप्रमुख - सदस्य
- गाउँ/नगर कार्यपालिकाको प्रमुख प्रशासकीय अधिकृत - सदस्य
- गाउँ/नगर कार्यपालिकाका सदस्यहरु मध्येबाट तोकेको महिला, दलित वा अल्प संख्यकवाट प्रतितिधित्व हुने गरी वढीमा ३ जना - सदस्य
- गाउँपालिका वा नगरपालिकामा योजना हेर्ने महाशाखा वा शाखा प्रमुख - सदस्य सचिव **काम, कर्तव्य र अधिकार**
- आन्तरिक आय, राजस्व बाँडफाडबाट प्राप्त हुने आय, संघीय तथा प्रदेश सरकारबाट प्राप्त हुने वित्तीय हस्तान्तरण, आन्तरिक ऋण तथा अन्य आयको प्रक्षेपण गर्ने।
- राष्ट्रिय तथा प्रादेशिक प्राथमिकता र स्थानीय आवश्यकतालाई मध्यनजर गरि प्रक्षेपित स्रोत र साधनको सन्तुलित वितरणको खाका तय गर्ने।
- आगामी आर्थिक वर्षको लागि श्रोत अनुमानको आधारमा बजेटको कुल सीमा निर्धारण गर्ने।
- विषय क्षेत्रगत बजेटको सीमा निर्धारण गर्ने।

- संघीय र प्रदेश सरकारबाट प्राप्त मार्गदर्शन, स्थानीय आर्थिक अवस्था, आन्तरिक आयको अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तय गर्ने।
- विषय क्षेत्रगत बजेट तर्जुमा सम्बन्धित मार्गदर्शन तय गर्ने।
- श्रोत अनुमान तथा वजेट सीमा निर्धारण सम्बन्धी स्थानीय तहको आवश्यकता र निर्णय बमोजिमका अन्य कार्यहरु गर्ने।

### (ग) क्षेत्रगत बजेट सीमा निर्धारणका क्षेत्रहरु

**आर्थिक विकास क्षेत्रः** कृषि, उद्योग तथा वाणिज्य, पर्यटन, सहकारी, वित्तीय क्षेत्र

**सामाजिक विकास क्षेत्रः** शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई, संस्कृति प्रवर्द्धन, लैंगिक समानता तथा सामाजिक समावेशीकरण

**पूर्वाधार विकास क्षेत्रः** सडक, पुल तथा झोलुंगे पुल, सिंचाई, भवन तथा सहरी विकास, उर्जा, लघु तथा साना जलविद्युत, वैकल्पिक उर्जा, संचार

**वातावरण तथा विपद व्यवस्थापन क्षेत्रः** वन तथा भु-संरक्षण, जलाधार संरक्षण, वातावरण संरक्षण, जलवायु परिवर्तन, फोहरमैला व्यवस्थापन, जल उत्पन्न प्रकोप नियन्त्रण, विपद व्यवस्थापन

**संस्थागत विकास तथा सेवा प्रवाह क्षेत्रः** सामान्य सेवा, सुरक्षा व्यवस्थापन, सूचना प्रविधि, पञ्जिकरण व्यवस्थापन, स्थानीय तथ्यांक संकलन र अभिलेख व्यवस्थापन, सुशासन प्रवर्द्धन

### (घ) आयोजना प्राथमिकिकरणका आधारहरु

- आर्थिक विकास र गरिवी निवारणमा प्रत्यक्ष योगदान पुऱ्याउने
- उत्पादनमूलक र छिटो प्रतिफल दिने (ठुला आयोजनाहरुको हकमा बढिमा ३ वर्ष भित्र सम्पन्न हुने),
- राजस्व परिचालनमा योगदान पुऱ्याउने,
- सेवा प्रवाह, संस्थागत विकास र सुशासनमा योगदान पुऱ्याउने,
- स्थानीय श्रोत साधनमा आधारित भई जनसहभागिता अभिवृद्धि गर्ने,
- लैङ्गिक समानता, सामाजिक समावेशीकरणको अभिवृद्धि हुने,
- दिगो विकास, वातावरण संरक्षण र विपद व्यवस्थापनमा योगदान पुऱ्याउने,
- समुदायलाई विपद तथा जलवायु परिवर्तन उत्थानशील बनाउने,
- स्थान विशेषको संस्कृति र पहिचान प्रवर्द्धन गर्ने,
- स्थानीय तहले आवश्यक देखेका अन्य विषयहरु।

### तेश्रो चरणः बस्ती र टोल स्तरबाट आयोजना र कार्यक्रम छनौट

- सम्बन्धित वडाका सदस्यको संयोजनमा वडालाई क्लस्टरमा विभाजन गरि पठाईने।
- बालबालिका, महिला, आदिवासी/जनजाती, मधेसी, दलित, अपांग, सीमान्तकृत, पिछडा वर्ग लगायत सबै समुदायको अर्थपुर्ण उपस्थिती हुने व्यवस्था मिलाउनु पर्ने।
- नागरिक समाजका संस्थाहरु, महिला/आमा समुहहरु, बालक्लवहरु, स्थानीय गैर सरकारी संस्थाहरु, सहकारी

संस्थाहरु, निजी क्षेत्रका संस्थाहरु जस्ता स्थानीय संघ संस्थाहरुको सक्रिय सहभागिता गराउनु पर्ने ।

- वस्तीस्तरमा छनौट भएका आयोजना/कार्यक्रमहरुको सूची तयार गरि वडा समितिमा पेश गर्नु पर्ने ।

## चौथो चरणः वडा स्तरीय योजना प्राथमिकिकरण

- आयोजना/कार्यक्रमहरुको प्राथमिकिकरण मापदण्डको आधारमा टोल/बस्ती स्तरबाट प्राप्त आयोजनार कार्यक्रमहरुलाई विषयक्षेत्र समेत छुट्याई प्राथमिकिकरण गरी बजेट तथा कार्यक्रम तर्जुमा समितिमा सिफारिश गरि पठाउने ।
- गाउँ/नगरस्तरमा महत्वपुर्ण देखिएका आयोजना/कार्यक्रमहरुलाई समेत औचित्य खुलाई प्राथमिकिकरणको सूचीमा राखी पठाउन सकिने ।

## पाचौं चरणः बजेट तथा कार्यक्रम तर्जूमा समितिद्वारा एकिकृत बजेट तथा कार्यक्रम तर्जुमा

- गाउँ/नगर कार्यपालिकाको उपाध्यक्ष/उपप्रमुख- संयोजक
- विषयगत क्षेत्र हेर्ने गाँउ/नगर कार्यपालिकाका सदस्यहरु ६ जना- सदस्य
- गाउँ/नगर कार्यपालिकाको प्रमुख प्रशासकीय अधिकृत -सदस्य सचिव

## काम, कर्तव्य र अधिकार

- आगामी आ.व.को नीति तथा कार्यक्रमको प्रस्ताव तयार गर्ने ।
- श्रोत अनुमान समितिले दिएको बजेट सीमा भित्र रहि बजेट तथा कार्यक्रमको प्राथमिकिकरण गर्ने ।
- बजेट तथा कार्यक्रमको प्रस्तावलाई विषयक्षेत्रगत रुपमा छलफल गर्ने व्यवस्था मिलाई अन्तिम प्रस्ताव तयार गरी गाउँ र नगर कार्यपालिकमा पेश गर्ने ।
- योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिने व्यवस्था मिलाउने तथा योजना कार्यक्रमबीच आपसी तादम्यता तथा परिपूरकता कायम गर्ने ।
- बजेट तथा कार्यक्रम तर्जुमा सम्वन्धी स्थानीय तहको आवश्यकता र निर्णय बमोजिमका अन्य कार्यहरु गर्ने .
- विषयक्षेत्रगत सूची तयार गर्ने ।
- वडावाट नआएका तर महत्वपुर्ण योजनाहरु थप गर्न सकिने ।
- एकिकृत बजेट तथा कार्यक्रम तर्जुमा गर्ने क्रममा बिषय क्षेत्रगत कार्य समूह गठन गरि छलफलको व्यवस्था मिलाउने ।

## बिषयगत योजना तर्जुमा कार्यसमूहः

- विषयगत क्षेत्र हेर्ने सदस्य- संयोजक
- गाउँ/नगर सभाका कम्तिमा १/१ जना- सदस्य
- महिला तथा दलित सदस्य सहित ३ जना- सदस्य
- बजेट तथा कार्यक्रम समितिले तोकेको सम्बन्धित विषय हेर्ने विभाग/महाशाखा/शाखाका प्रमुख - सदस्य सचिव

## एकीकृत बजेट तथा कार्यक्रम तर्जुमा

बजेट तथा कार्यक्रम तर्जुमा समितिले बजेट तथा कार्यक्रम पेश गर्दा प्रस्तुत गर्नु पर्ने विवरणहरुः

क) आगामी वर्षको लागि प्रस्तावित राजस्व र करका दरहरु

ख) स्थानीय तहको वार्षिक नीति तथा कार्यक्रम

ग) स्थानीय तहको गत आ.व.को यथार्थ, चालु आ.व.को संसोधित अनुमान र आगामी आ.व.को अनुमानित आय व्ययको विवरण

घ) स्थानीय तहको वार्षिक विकास कार्यक्रम (आयोजना र कार्यक्रमको विवरण)

ङ) विनियोजन विधेयक

च) आर्थिक विधेयक

### छैठौं चरण: गाउँ/नगर कार्यपालिकाको बैठकबाट बजेट तथा कार्यक्रम स्वीकृत गर्ने

बजेट तथा कार्यक्रम तर्जुमा समितिको संयोजकले स्विकृत नीति तथा कार्यक्रम, बजेट र वार्षिक विकास कार्यक्रम गाउँ/नगर सभामा असार १० गते भित्र बजेट भाषण मार्फत पेश गर्ने।

### सातौं चरण: गाउँ/नगर सभाको बैठकमा बजेट तथा कार्यक्रम स्वीकृति र कार्यान्वयन

- बजेट तथा कार्यक्रम तर्जुमा समितिको संयोजकले गाउँ/नगर सभामा पेश गरेको वार्षिक बजेट तथा कार्यक्रमका सम्बन्धमा सभामा सदस्यहरुले छलफल गर्ने।
- गाउँ/नगर सभाको बहुमतले वार्षिक बजेट तथा कार्यक्रम लाई प्रस्तावित स्वरुपमै वा संशोधन सहित पारित गर्ने।
- कार्यान्वयनको लागि गाँउ/नगर कार्यपालिकाको कार्यालयमा पठाउने।
- प्राप्त अख्तियारी र चौमासिक विभाजन अनुसार सम्बन्धित निकायले व्यवसायिक योजना अनुरुप खर्च गर्ने

### बजेट तर्जुमाको समय तालिका

स्थानीय सरकार संचालन ऐन २०७४ र अन्तर सरकारी वित्त व्यवस्थापन सम्बन्धी ऐन २०७४ को प्राबधान अनुरुप स्थानीय तहले वजेट तर्जुमा गर्दा अपनाउनु पर्ने समय तालिका

- आगामी आर्थिक वर्ष र त्यसपछिको थप दुई आर्थिक वर्षको लागि राजस्वको पूर्वानुमान प्राप्त गर्ने - फागुन महिनाको दोस्रो हप्ताभित्र
- बजेटको कुल सीमा निर्धारण - फागुन मसान्तभित्र
- बजेट सीमा तथा मार्गदर्शन सबै विषयगत महाशाखा, शाखा तथा वडा समितिहरूलाई उपलब्ध गराउने - चैत्र १५ गतेभित्र
- विषयगत महाशाखा, शाखा तथा वडा समितिहरूले आफ्ना कार्यक्रमको प्राथमिकीकरण र बजेट प्रस्ताव - बैशाख महिनाभित्र
- बजेट तथा कार्यक्रम तर्जुमा समितिले छलफल गरी प्राथमिकीकरण सहित अन्तिम प्रस्ताव तयार गरी कार्यपालिकामा पेश- जेठ मसान्तभित्र
- अन्तिम प्रस्ताव उपर छलफल परिमार्जन र आगामी वर्षको नीति तथा कार्यक्रम र राजस्व तथा व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत – कार्यपालिकामा पेश भएपछि छलफल गरेर
- कार्यपालिकाबाट स्वीकृत बजेट सभामा पेश - असार १० गतेभित्र
- सभाले आवश्यक छलफल गरी पारित गर्ने वा परिमार्जनका लागि सुझाव सहित कार्यपालिकामा फिर्ता गर्ने - असार

२५ गतेभित्र

- सभाबाट परिमार्जनका लागि प्राप्त भएमा पुनः सभामा पेश – पाँच दिनभित्र
- पुनः पेश भएको बजेट तथा कार्यक्रम परिमार्जन सहित वा प्रस्तुत रूपमा पारित गर्ने - असार मसान्त भित्र

## स्थानीय तहको आम्दानीका क्षेत्रहरु

- संघ र प्रदेश वाट प्राप्त हुने विभिन्न अनुदानहरु
- संघ र प्रदेश वाट हुने राजस्व हस्तान्तरण
- स्थानीय तहको अधिकार क्षेत्र भित्रको कर र गैर कर
- नेपाल सरकारको सहमति बमोजिम प्राप्त हुने वैदेशिक सहायता
- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले तोकेको सीमा भित्रको आन्तरिक ऋण
- नेपाल सरकारवाट लिने ऋण

## सार्वजनिक वित्त व्यवस्थापनमा पारदर्शिता र प्रभावकारिता

सार्वजनिक वित्त व्यवस्थापनमा पारदर्शिता र प्रभावकारिता राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रुपमा सर्वाधिक चासो र सार्वजनिक सरोकार को विषय हो । सार्वजनिक वित्त व्यवस्थापनको प्रभावकारिता अभिवृद्धिका लागि सुधार एउटा निरन्तर चलिरहने प्रक्रिया पनि हो । प्रभावकारी वित्त व्यवस्थापनले आम्दानीका श्रोतहरुको भरपूर उपयोग गर्ने, वितरणमा प्रभावकारिता ल्याउने र प्रभावकारी खर्च गर्न सक्ने क्षमतामा वृद्धि ल्याउनुको अतिरिक्त वित्तीय जोखिमहरुको पूर्वानुमान गरी जोखिमहरुबाट निम्तिन सक्ने नकारात्मक प्रभावहरुको न्यूनीकरण गर्नमा सहयोग पुर्याउदछ । सार्वजनिक वित्तीय व्यवस्थापनमा करारोपण तथा राजस्व व्यवस्थापन, आम्दानीका अन्य श्रोतहरुको व्यवस्थापन, न्यून वित्त परिचालन, सार्वजनिक ऋण व्यवस्थापन, राजस्व, ऋण तथा वैदेशिक सहायता लगायतका श्रोतहरुको प्राप्ति र प्रयोगमा प्रभावकारिता वृद्धि, प्राप्त श्रोतको मितव्ययी, दक्षतापूर्वक, प्रभावकारी एवम् पारदर्शी रुपमा खर्च गर्ने क्षमता अभिवृद्धि, आन्तरिक र वाह्य निगरानीलाई सशक्त वनाउदै पारदर्शिता र उत्तरदायित्वमा अभिवृद्धि जस्ता विषयहरु पर्दछन् ।

## सार्वजनिक वित्तीय व्यवस्थापनको समग्र व्यवस्थापन

सवै प्रकारका वित्तीय गतिविधिहरुको समग्र व्यवस्थापन नै सार्वजनिक वित्तीय व्यवस्थापन हो। यसमा सरकारका आर्थिक गतिविधिहरुमा श्रोतको प्राप्ति, श्रोतको वितरण, उपयोग र त्यसको परीक्षण आदि पक्षहरु रहेका हुन्छन् । यी सबै पक्षको समुचित व्यवस्थापनले एकातर्फ साधन श्रोतको विवेकपूर्ण उपयोगको सुनिश्चितता गर्दछ भने अर्को तर्फ उत्तरदायित्व, पारदर्शिता, समग्र वित्तिय अनुशासन जस्ता पक्षहरुको उपस्थितिले सुशासन अभिवृद्धिमा थप उर्जा प्रदान गर्दछ । प्रजातान्त्रिक शासन प्रणालीमा सार्वजनिक वित्त व्यवस्थापनका सबै पक्षहरुको व्यवस्थापन पारदर्शी हुनु आवश्यक छ। यसर्थ सार्वजनिक श्रोतको प्राप्ति देखि लिएर परिचालनका समग्र पक्षको प्रतिफल प्राप्त गर्ने किसिमबाट व्यवस्थापन गरिनु पर्दछ । व्यवस्थित तथा प्रभावकारी सार्वजनिक वित्त प्रणालीले सरकारको श्रोत प्राप्ति, परिचालन र विवेकपुर्ण उपयोगमा सहयोग पुर्याउदछ, सरकारका प्राथमिकता प्राप्त तथा रणनीतिक महत्वका क्षेत्रहरुमा साधनको परिचालनमा सहयोग पुर्याउदछ, उपलव्ध श्रोत साधनको विवेकपुर्ण वितरण र प्रयोगमा सहयोग पुर्याउदछ, समग्र वित्तीय अनुशासन कायम गर्नमा सहयोग पुर्याउदछ र साधन श्रोतको वितरण क्षमता र खर्च गर्ने क्षमतामा प्रभावकारिता ल्याउछ । श्रोतको प्राप्ति, श्रोतको वितरण, उपयोग, परीक्षण, पारदर्शिता, उत्तरदायित्व, समग्र वित्तिय अनुशासन जस्ता पक्षहरुको उपस्थितिले सुशासन अभिवृद्धिमा थप उर्जा प्रदान गर्दछ । वित्तीय संघीयताले पनि यसै मूल आदर्शलाई बोकेको हुन्छ । प्रभावकारी वित्तीय व्यवस्थापनले साधन श्रोतको विवेकपूर्ण उपयोगको सुनिश्चितताको साथसाथै उत्तरदायित्व र पारदर्शिता

मार्फत संघीय शासन प्रणालीलाई मजवुत बनाउनमा सहयोग गर्दछ।

## वित्तीय अनुशासनः स्थानीय सुशासनको महत्वपूर्ण आयाम

- नेपाल सरकारको आर्थिक र वित्तीय नीति अनुशरण गर्नु पर्ने।
- आफ्नो सवै आय सम्बन्धित संचित कोषमा दाखिला गर्नुपर्ने।
- खर्च गर्नुपर्ने रकम बजेटमा व्यवस्था हुनुपर्ने सम्बन्धित व्यवस्थापिका बाट बजेट स्वीकृत भएपछि मात्र खर्च गर्नुपर्ने
- जुन प्रयोजनको लागि अनुदान प्राप्त भएको हो सोही प्रयोजनको लागि प्रयोग गर्नु पर्ने।
- पूजीगत खर्चमा विनियोजन भएको रकम चालु खर्चमा रकमान्तर गर्न नपाईने।
- वित्तीय व्यवस्थापन सम्बन्धी काम कारवाही प्रचलित कानुन बमोजिम पारदर्शी रुपमा गर्नु पर्ने।
- आय विवरणको लेखा परीक्षण गरी पन्ध्र दिन भित्र विवरण सार्वजनिक गरिनु पर्ने।
- बजेट कार्यन्वयनको वार्षिक समीक्षा गरी तत्सम्बन्धी विवरण प्रत्येक वर्षको कार्तिक मसान्त भित्र सार्वजनिक गरिनु पर्ने।
- उपलब्ध साधन श्रोतको वितरण र खर्च गर्ने सामर्थ्यता सन्तुलन कायम गर्नु पर्ने।
- प्रभावकारी आन्तरिक नियन्त्रण र पारदर्शितामा वृध्दि।
- संचित कोषको यथार्थ अवस्थाको सामयिक पारदर्शिता।

## स्व अनुशासनद्धारा वित्तीय अनुशासन

स्व अनुशासनद्धरा वित्तीय अनुशासन कायम गर्ने मान्यता सार्वजनिक वित्तीय व्यवस्थापनको मूल आदर्श हो।यसका लागि आवश्यक आन्तरिक र वाह्य नियन्त्रण प्रणालीको व्यवस्था गरिनु पर्दछ। यसमा सवै तहका सरकारहरुले नेपाल सरकारको आर्थिक र वित्तीय नीति अनुशरण गर्नु पर्ने, आफ्नो सबै आय सम्बन्धित संचित कोषमा दाखिला गर्नुपर्ने, खर्च गर्नुपर्ने रकम वजेटमा व्यवस्था हुनु पर्ने सम्बन्धित व्यवस्थापिका बाट बजेट स्वीकृत भएपछि मात्र खर्च गर्नुपर्ने, जुन प्रयोजनको लागि अनुदान प्राप्त भएको हो सोही प्रयोजनको लागि प्रयोग गर्नु पर्ने, पूजीगत खर्चमा विनियोजन भएको रकम चालु खर्चमा रकमान्तर गर्न नपाईने, वित्तीय व्यवस्थापन सम्बन्धी काम कारवाही प्रचलित कानुन वमोजिम पारदर्शी रुपमा गर्नु पर्ने, आय विवरणको लेखा परीक्षण गरी पन्ध्र दिन भित्र विवरण सार्वजनिक गरिनु पर्ने, बजेट कार्यन्वयनको वार्षिक समीक्षा गरी तत्सम्बन्धी विवरण प्रत्येक वर्षको कार्तिक मसान्त भित्र सार्वजनिक गरिनु पर्ने, उपलब्ध साधन श्रोतको वितरण र खर्च गर्ने सामर्थ्यतामा सन्तुलन कायम गर्नु पर्ने, प्रभावकारी आन्तरिक नियन्त्रण र पारदर्शितामा वृद्धि गर्ने प्रणालीको विकास गरिनु पर्ने, संचित कोषको यथार्थ अवस्थाको सामयिक पारदर्शिता वृद्धि गर्नु पर्ने, मध्यकालीन खर्च संरचना तयार गर्नु पर्ने विषयहरु पर्दछन्। त्यस्तै गरी आम्दानी र खर्चको व्यवस्थित अभिलेख प्रणाली तयार गर्ने र प्रयोग गर्ने, वजेट स्वीकृति पश्चात मात्र खर्च गर्ने प्रणालीको विकास गर्ने, खर्च गर्दा सम्बन्धित आर्थिक प्रशासन सम्बन्धी कानून, सार्वजनिक खरिद सम्बन्धी कानून वमोजिमको प्रक्रिया पूरा गरेर मात्र खर्च वा खरिद गर्ने, खर्चको व्यवसायिक योजना, खरिद योजना वनाउने अनावश्यक खर्च नियन्त्रणका लागि आवश्यक निर्देशिकाहरु वनाउने, प्रत्येक चार चार महिनामा आन्तरिक लेखा परीक्षण गर्ने र आन्तरिक लेखा परीक्षणले देखाएका त्रुटीहरुमा सुधार गर्ने, वार्षिक रुपमा प्रत्येक तहले आ-आफ्नो आर्थिक विवरणहरुको प्रतिवेदन तयार गर्ने र पेश गर्ने, अन्तिम लेखा परीक्षण गर्ने, बेरुजु फछर्यौट गर्ने जस्ता विषयहरु वित्तीय अनुशासन कायम गर्ने संयन्त्रहरु हुन्। वित्तीय व्यवस्थापनको यो अनुशासनले वित्तिय साधन श्रोतको परिचालन, उपभोग र परिणाम प्राप्तिमा सहयोग गर्नुको साथसाथै स्थानीय सरकारको प्रभावकारिता र विश्वसनीयतामा बृद्धि गराउँदछ।

## युवाको सहभागिता

स्थानीय तहको बजेट तर्जुमा प्रक्रिया तलबाट माथि अर्थात बटम अप अवधारणामा आधारित छ। स्थानीय तहको बजेट निर्माणको महत्वपूर्ण पक्ष भनेको जनताको वस्ती सम्म पुगेर बस्ती/टोल स्तरबाट आयोजना तथा कार्यक्रमहरुको छनौट गर्ने व्यवस्था रहनु हो। स्थानीय तहको बजेट तर्जुमाको सातवटा चरणहरु मध्ये तेश्रो चरणमा यस्तो व्यवस्था रहेको छ। यस व्यवस्था अनुसार प्रत्येक वडामा सम्बन्धित वडाका सदस्यको संयोजनमा वडालाई क्लस्टरमा विभाजन गरि प्रत्येक क्लस्टरमा एक एक जना वडाका सदस्य आयोजना तथा कार्यक्रमहरुको छनौट गर्न जानु पर्दछ। यस क्रममा आ-आफ्नो क्लस्टरमा नागरिक समाजका संस्थाहरु, महिला/आमा समुहहरु, बालक्लवहरु, स्थानीय गैर सरकारी संस्थाहरु, सहकारी संस्थाहरु, निजी क्षेत्रका संस्थाहरु जस्ता स्थानीय संघ संस्थाहरुको सक्रिय सहभागिता गराउनु पर्दछ। साथै बालबालिका, महिला, आदिवासी, जनजाती, मधेसी, दलित, अपांग, सीमान्तकृत, पिछडा वर्ग लगायत सबै समुदायको अर्थपुर्ण उपस्थिती हुने व्यवस्था मिलाउनु पर्दछ। वडाको क्लस्टरमा अर्थात वस्तीस्तरमा भएको छलफल बाट छनौट भएका आयोजना वा कार्यक्रमहरुको सूची तयार गरी वडा समितिमा पेश गर्नु पर्दछ। टोल बस्तीस्तरबाट प्राप्त आयोजना वा कार्यक्रमहरुलाई विषयक्षेत्र समेत छुट्याई प्राथमिकिकरण गरी सम्बन्धित स्थानीय तहको बजेट तथा कार्यक्रम तर्जुमा समितिमा सिफारिस गरि पठाउनु पर्दछ। यसरी सिफारिस भएका आयोजना वा कार्यक्रमहरु बिषयगत योजना तर्जुमा कार्यसमूह हुदै एकीकृत बजेट तथा कार्यक्रम तर्जुमा समितिले स्रोतको उपलब्धता, आयोजना वा कार्यक्रमहरुले औचित्यताको आधारमा अन्तिम रुप पाउने गर्दछ। यसलाई सम्बन्धित स्थानीय तहको कार्यपालिकाले स्वीकृति पश्चात गाउँ वा नगर सभामा असार १० गते बजेट भाषण मार्फत पेश गरी सभामा व्यापक छलफल भै सभाको स्वीकृति पश्चात कार्यान्वयनमा जाने गर्दछ।स्थानीय तहको बजेट तर्जुमामा भएको यस व्यवस्थाले स्थानीय तहको बजेट तर्जुमा प्रक्रिया मागमा आधारित अर्थात बटम अप अवधारणामा आधारित भएको देखिन्छ।

युवाहरु स्वभावैले उर्जाशील, सकारात्मक परिवर्तनका संवाहक र परिवर्तनका उत्प्रेरक हुन्। संघीय शासन प्रणालीको यो वित्तीय अन्तरसम्बन्धको प्रभावकारिता वृद्धि गर्न, स्थानीय तहको बजेट र योजना निर्माणमा सहभागिता वृद्धिद्वारा जनमुखी बजेट र योजनाको निर्माण गर्न, सार्वजनिक वित्त व्यवस्थापनमा पारदर्शिता र प्रभावकारिता अभिवृध्दि गर्न, संघीय सुशासनका आयामहरुलाई पारदर्शी बनाउन तथा आर्थिक सुशासन अभिवृध्दि गर्न युवाहरुको भुमिका सदा सर्वदा अपरिहार्य रहने गर्दछ।

## सन्दर्भ सामग्री


- रेग्मी, दामोदर (२०७५), संघीय शासन प्रणाली सुशासन र विकास, ऐश्वर्य प्रकाशन, काठमाण्डौ
- रेग्मी, दामोदर (२०७५), नेपालमा संघीयताका अवसर र चुनौतीहरु, ऐश्वर्य प्रकाशन, काठमाण्डौ
- रेग्मी, दामोदर (२०७५), स्थानीय तहको बजेट तर्जुमा प्रक्रियामा संघीयताको वास्तविक बिम्व, https://ekarmachari.com/
- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४
- अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग नियमावली, २०७६
- स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, राष्ट्रिय योजना आयोग

# आवधिक योजना र युवा विकासको मुद्धा



**डा. किरण रुपाखेती / विनोद प्रसाद गैरे***



## सारांश

युवा भन्नाले शारीरिक एवम् मानसिक शक्ति र सामर्थ्यले युक्त मानवश्रोत भन्ने बुझिन्छ । किशोरावस्था जस्तो उच्च संवेगात्मक अवस्था पार गरिसकेको र असामर्थ्ययुक्त बुढ्यौलीले छोई नसकेको जोस, जाँगर र उत्साहले भरिएको १६ वर्ष देखी ४० वर्ष उमेर सम्मका आर्थिक, सामाजिक, भौतिक एवम् मानसिक रुपले सक्रिय व्यक्ति नै युवा हुन । देशले मलाई के दियो होइन कि मैले देशलाई के दिन सकेँ भन्ने भावना सहित राष्ट्र निर्माण कार्यमा युवाको श्रम, शक्ति र सिर्जनालाई सही ढङ्गले उपयोग गर्न सकियो भने राष्ट्रले केही समयमै विकासको काँचुली फेर्न सक्छ भन्ने थुप्रै मुलुकका दृष्टान्तहरू छरपस्ट रहेका छन्। यस्ता उर्जा र जाङ्गरले भरिएका युवाहरुको शक्तिलाई सही ढङ्गमा उपयोग गर्न राष्ट्रले पनि युवालक्षित कार्यक्रमहरु, गुणस्तरीय शिक्षा, जीवनपयोगी सिप तथा गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्ने तर्फ केन्द्रित हुनुपर्दछ । युवा जोस र जाँगरलाई पूँजीमा बदल्न युवालाई केन्द्रमा राखी नीति निर्माण तथा कार्यक्रमहरु सञ्चालन गर्नु अपरिहार्य हुन्छ । १५औँ योजनामा युवाको क्षमता विकास गर्दै उद्यमशील र आत्मनिर्भर, चरित्रवान स्वरोजगार युवाको परिकल्पना गरिएको छ । यस प्रकारको युवा निर्माण गर्न सक्यौँ भने युवाले पनि दिगो, फराकिलो र समावेशी आर्थिक विकासमा योगदान अवश्य दिनेछन् ।

## १ पृष्ठभूमि

निश्चित उद्देश्य, लक्ष्य, नीति, रणनीति तय गरी उपलब्ध स्रोत साधन अनुरुप निश्चित समय किटान गरी बनाईएको अग्रिम खाका नै योजना हो । उद्देश्य पूर्ती गर्नका लागि उत्तम कार्यविधि छनौट र विकास गर्ने विवेकशील प्रक्रिया हो योजना। सरल भाषामा भन्दा तोकिएको उद्देश्य हासिल गर्नको लागि भविष्यमा के गर्ने ? कसरी गर्ने ? भनी पहिले नै रुपरेखा तयार गर्ने कार्यलाई योजना भनिन्छ ।

आधुनिक कालमा योजनालाई विकास प्रयासको एउटा औजारको रुपमा लिईदै आएकोछ।विश्वको योजनावद्ध आर्थिक विकासको क्रम त्यति पुरानो भने छैन । सर्वप्रथम सोभियत रुसले सन १९२८ मा "पापतिलेका" नामको पञ्चवर्षीय योजनाको कार्यान्वयन गर्यो जसले गर्दा सन १९३०-३१ को भीषण आर्थिक मन्दिको प्रभाव अन्य पश्चिमी मुलुकहरुमा जस्तो परेन । जसको फलस्वरुप योजनावद्ध विकासतर्फ विश्वको ध्यानाकृष्ट भएको हो। नेपालमा वि.स. २०१३ सालदेखि शुरु भएको योजनाबद्ध विकासको यो अवधिमा नौ वटा पञ्चवर्षीय र पाँच वटा त्रिवर्षीय योजना कार्यान्वयनमा आईसकेका छन् भने हाल हामी पन्ध्रौं योजनाको

*सहसचिव, राष्ट्रिय योजना आयोग / योजना अधिकृत, राष्ट्रिय योजना आयोग*

मध्ययतिर हिंडिरहेका छौं।

नेपालको राष्ट्रिय युवा नीति, २०७२ अनुसार १६ देखि ४० वर्ष उमेर समुहका व्यक्तिलाई युवा भनिन्छ। युवा भनेका देशका उर्जाका श्रोत हुन् ।Wikipediaका अनुसार “Youth is the time of life when one is young, and often means the time between childhood and adulthood (maturity). It is alsodefined as "the appearance, freshness, vigor, spirit, etc., characteristic of one who is young"। जोस, जाङ्गर र उत्साहले भरिएको जिवनको यस कालखण्डलाई जसले प्रगतिशील कार्यमा लगाउन सक्छ उसको जिवनस्तरनै कायापलट हुन्छ र उ बसेको समाज र राष्ट्र समेत सकारात्मक परिवर्तनको बाटोमा लम्कन थाल्छ। अर्को तिर यही समयमा जीवनको लय बिर्सेर कुलत, दुर्व्यसनी तथा खराब कार्यहरुमा संलग्न हुन पुग्यो भने युवा बर्वाद हुन्छ, युवा ध्वस्त हुन्छ अनि उ परिवार, समाज तथा सिङ्गो राष्ट्रको लागि टाउको दुखाइको विषय बन्छ। यसर्थ, युवाको ज्ञान, सिप, शक्ति र श्रमलाई उचित ढंगले राष्ट्रका विभिन्न तह र तप्कामा प्रयोगमा ल्याई प्रोत्साहन दिँदै अंघि बढाउन सके उनीहरु राष्ट्र निर्माणको पर्याय बन्न सक्दछन्।

देश विकासको अभियानलाई अघि बढाउन पुँजी, प्राकृतिक स्रोत र साधनका अतिरिक्त सर्वोत्तम मानव स्रोत मानिएको युवाशक्तिको समुचित उपयोग गर्ने तर्फ राज्यको ध्यान केन्द्रित हुनु पर्छ। मुलुकमा हुने साना ठूला जुनसुकै परिवर्तनमा प्रत्यक्ष रुपमा युवाशक्तिको योगदान रहेको हुन्छ। परिवर्तनका संवाहक समेत मानिने युवाले मुलुकमा देखिने राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक एवं वातावरणीय विकृति तथा विसङ्गति निमट्यान्न पार्न महत्वपूर्ण भूमिका खेलेका हुन्छन्।

संयुक्त राष्ट्रसंघले सन १९८५ लाई युवा वर्ष घोषणा गरेको र सन १९९९ देखि युवाका सवाललाई सम्बोधन गर्ने हेतुले हरेक वर्ष अगस्ट १२ का दिन अन्तराष्ट्रिय युवा दिवसको रुपमा मनाउने निर्णय गरेको हो। यो संगै हरेक वर्ष अगस्ट १२ का दिन विश्वभरी युवा दिवसको अवसरमा विविध कार्यक्रमहरू हुन थालेका हुन्। युवाका मुद्दालाई सम्बोधन गर्न नेपालमा विस २०६५ सालमा युवा तथा खेलकुद मन्त्रालयको स्थापन गरियो। युवा विकास तथा परिचालन गर्ने हेतुले राष्ट्रिय युवा नीति, २०७२ ल्याईयो र विस २०७२ मै राष्ट्रिय युवा परिषद्को गठन भई उक्त परिषद्ले युवाको नेतृत्व विकासमा काम गर्दै आईरहेको छ।

युवाको आशा र अपेक्षा भनेको नीति जारी हुनु मात्र होइन, बरु उनीहरुका समस्या र आवश्यकताहरुको न्यून मात्रामा भएपनि समाधान र ब्यवहारिक सम्बोधन हुनु पनि हो। मानव सभ्यताको विकास सँगै हरेक मानवमा जे जस्ता भिन्नताहरु भएपनि एक मूलभूत विषयमा उनीहरु समान हुन्छन्, त्यो के हो भने हरेकमा आज भन्दा समृद्ध र सम्पन्न भोलीको अभिलाषा हुन्छ। त्यसमा पनि युवाहरुमा त झन जोस, जाङ्गर सँगसँगै महत्वकांक्षा पनि उत्तिकै बढी हुन्छ। यसर्थ राज्यले युवाहरुको भविष्यप्रति संवेदनशील हुनु र विश्वास जित्नु आवश्यक छ ।यसका लागि राज्यले विभिन्न योजना तथा कार्यक्रमहरु नगरेको पनि होइन्, तर युवाका लागि राज्यले सञ्चालन गरेका त्यस्ता कार्यक्रमहरुको बेलाबेलामा समीक्षा र परिमार्जन गरी समय सापेक्ष बनाउनु आजको आवश्यकता हो।

हाम्रा देशका युवाहरू गएका दशकदेखि रोजगारी, अध्ययन तथा सम्भावना खोजीको सिलसिलामा विदेश जाने क्रम झन्–झन् बढेको छ। नेपालले आफ्ना युवाशक्तिलाई देशभित्रैका विभिन्न सम्भावनायुक्त क्षेत्रहरूमा अझै अटाउन नसकेको अवस्थामा युवाहरू मुख्यतः खाडी, कोरिया, मलेसिया, जापान जस्ता देशमा पसिना बगाइरहँदा यता गाउँमा मलामीसम्मको जनशक्ति हम्मे हम्मे परेको तीतो यथार्थको अघि हामीहरु उभिईरहेका छौँ।

वैदेशिक रोजगारबाट आएका विप्रेषण (रेमिट्यान्स)को पैसाले सिमेन्टका सग्ला घर, राम्रा लुगाफाटा, मिठा खाना अनि महँगा टिभी, मोबाइलहरू हात - हातमा देखिन थालेका छन्। तर विप्रेषणको उपयोग उत्पादनमुलक क्षेत्रमा निक्कै कम देखिनु हाम्रो लागि चुनौतिको विषय हो। युवाहरू गहना हुन् भने देशको सम्पत्तिलाई विदेशिनु नै नपर्ने वातावरण सृजना गरिनु जरुरी छ। देशमा बढ्दो राजनीतिक सङ्कट, समाजका हरेक अन्तर्वस्तुमा हावी भईरहने पारम्परिक चिन्तनलाई चिर्न भएपनि हाम्रो देशमा युवाशक्तिको सबैभन्दा बढी आवश्यक्ता छ। पुल–पुलेसा, बाटो–घाटो अनि विभिन्न पुनर्निर्माण तथा विकासका अग्रगामी सोच

र त्यो सोचमा भरपर्दो ताकत भरेर देशलाई समृद्ध बनाउन युवाहरूको भूमिका अपरिहार्य छ।

यस लेखमा खासगरी युवाहरुको उत्साह र शक्तिलाई सही ढङ्गले उपयोग गर्नसके राष्ट्रको लागि वरदान सावित हुने र युवाका मुद्धालाई विशेष ध्यानमा राख्दै युवा केन्द्रित विकास तथा नीतिहरुलाई प्राथमिकतामा राखिनुपर्ने विषयलाई उठान गरिएको छ। साथै हाम्रा तेह्रौँ र चौधौं योजनाहरुमा युवाका विषयमा के-के उल्लेख गरिएको थियो र सोको प्रगति कस्तो भयो त्यसको बारेमा सानो चर्चा सहित १५औँ योजनामा युवाका सम्बन्धमा लिईएका लक्ष्य, उद्देश्य, रणनीतिहरुको बारेमा समेत चर्चा गरिएको छ।

## २ युवा नै हुन् देश विकासका सम्वाहक

माथिका पङ्कतिहरुमा उल्लेख भएझैं हरेक राष्ट्रको परिवर्तनको मूल सम्वाहक युवा नै हुन्। हरेक समाजमा एउटा युग आउँछ, जुनबेला त्यहाँका युवाहरुले मेरो र आफ्नो लागि भन्दा पनि समग्र समाज र राष्ट्रको खातिर मन, बचन र कर्मले लागि पर्छन् र त्यही कालखण्डमा सो समाजले काँचुली फेर्न सक्छ। जसको लागि युवाहरुले देशले मलाई के दियो होईन की मैले देशलाई के दिन सकें भन्ने चिन्तनका साथ विभिन्न क्षेत्रमा रहेर कर्ममा खटिनु पर्ने हुन्छ।

संसारका धेरैजसो राष्ट्रहरु हाम्रो जस्तै गरिबीबाट उठेका हुन्। दोस्रो विश्वयुद्ध पछि लगभग शुन्य नै बनेको जापानमा एक युगका युवाहरु दिनरात नभनी डटेर लागिपरे र आज जापान पुन विश्व शक्ति बन्न सफल भयो। आधा दशक पहिला गरिबीको चपेटामा रहेको सिङ्गापुर आज विश्वको चम्किलो हिरा बनेको छ। कारण त्यहाँका युवाहरुले एक युग देशको लागि समर्पित गरे। केही दशक पहिला भोकमरीले थला परेको राष्ट्र कोरिया आज विश्व अर्थतन्त्रमा चम्चमाउँदो तारा बनेर उदाइसकेको छ। यसरी विकासको फड्को मारेका हरेक राष्ट्रहरु युवाको परिश्रम, सिर्जना र समर्पणले सिँचित हुन पाए र राष्ट्रको मुहार हँसिलो बनाउन सफल भए।

हामीलाई युगले यस्तो जिम्मेवारी दिएको छ, हाम्रा पुस्ता पुर्खाहरुले दिएको वीर गोर्खालीको उपमाको सम्मान गर्दै यहाँका प्रचुर प्राकृतिक स्रोतहरुको सहि सदुपयोग गर्दै उच्च, दिगो र फराकिलो आर्थिक वृद्धि हासिल गर्दै नेपाललाई विश्वसामु कर्मसिल युवाको देश भनेर चिनाउनुपर्ने मुख्य अभिभारा अहिले हाम्रो काँधमा आएको छ। हाम्रा युवाहरुले खाडी बनाईसकेका छन्, हाम्रा युवाहरुले मलेसिया बनाइसकेका छन्, अब हाम्रा युवाहरुले आफ्नो घर बनाउने बेला आएको छ। आफ्नो समाज बनाउने बेला आएको छ। आफ्नो राष्ट्र बनाउने वेला आएको छ। अबको सचेत युवाले हरेक कुरामा सरकारलाई दोष दिई जता ततै चुनौती मात्र देख्ने होईन, हरेक पाईला पाईलामा भएको अबसरहरु पनि देख्न सक्नु पर्छ।

युवा अव उद्यममा लाग्नु पर्छ। युवा अव स्वविवेकमा लाग्नु पर्दछ। अर्काको भूमिमा गएर गर्ने परिश्रम आफ्नो मुलुकमा गर्न संकोच मान्नु हुंदैन।केही कुरा त हाम्रो मनस्थितिले पनि बिगारेको देखिन्छ। विदेशी भुमिमा गएर जस्तो सुकै Danger, Dirty and Difficult काम गर्न पनि सकिरहेका हाम्रा युवाहरु आफ्नै देशमा भने किन सामान्य श्रम गर्न पनि हिच्किचाउँछन्? किन आफ्नो बारिमा फलेका काँक्रा, टमाटर बजारमा लगेर बेच्न हिच्किचाउँछन्? किन सानो चिया पसल खोलेर सानो कारोबार गर्न हिच्किचाउँछन्? हाम्रो श्रमलाई हेर्ने दृष्टिकोण परिवर्तन नगरेसम्म यी प्रश्नहरुको जवाफ प्राप्त गर्न सकिन्न।यसको लागि उनीहरुले पुरातन चिन्तनबाट माथि उठनु जरुरी छ। श्रमप्रतिको सम्मानको भावना उजागर गर्नु आवश्यक छ।

## ३ देशको लगानी हुनुपर्छ युवामा

सामाजका कुरीति, अन्धविश्वास, विभेद र असमानताहरु चिर्ने प्रमुख योद्धाका रुपमा युवा रहेका हुन्छन्। युवामा परिवर्तन हुने क्षमता हुन्छ र परिवर्तन गर्ने सामर्थ्य पनि हुन्छ। यस्तो श्रोत र साधनाका धनी मानिएका युवा स्वयमको विकास र सम्वर्द्धनमा राज्यको ध्यान केन्द्रित हुनु जरुरी छ। परिवर्तनकारी र रुपान्तरणकारी बिस्फोटक शक्ति हो युवा, यो शक्तिलाई उत्पादनमा रुपान्तरण गर्नु राज्यको पहिलो प्राथमिकता हुनु पर्छ। यसरी श्रोतलाई पूँजीमा रुपान्तरण गर्नका लागि राज्यका नीति तथा कार्यक्रमहरू

आवश्यक पर्दछन्। साथै वैदेशिक अध्ययन तथा रोजगारीबाट आर्जन भएका ज्ञान, सिप, प्रविधि, पूँजी र अनुभवलाई स्वदेशमा उत्पादनमूलक क्षेत्रमा लगाउन राज्यले युवालाई प्रोत्साहन गर्नुपर्दछ।

गुणस्तरीय शिक्षा, जीवनउपयोगी सिप र पूर्ण स्वास्थ्य युवालाई प्राप्त हुन सकेको खण्डमा युवाको शक्तिले देशमा विद्यमान रहेका प्राकृतिक श्रोतहरुलाई पूँजीमा रुपान्तरण गर्न सक्छन्। यसर्थ युवालाई युवा भएर काम गर्ने वातावरण बनाउनु पनि राज्यको दायित्व हो। नेपालले पनि विगत लामो समयदेखि राज्यका नीति त कार्यक्रमहरुमा युवालाई समेटेको देखिन्छ। हाम्रा केही आवधिक योजनामा युवा विकासका लागि भएका प्रावधान र प्रयासहरु यस पङ्तिको पृष्ठहरुमा प्रकास पार्न कोसिस गरिएको छ।

## ४ हाम्रो हालको अवस्था

नेपालको जनगणना २०६८ अनुसार वर्तमान जनसख्याको ठूलो हिस्सा (कुल जनसङ्ख्याको ४०.५४%) युवाको जनसङ्ख्याले ओगटेको छ। केन्द्रीय तथ्याङ्क विभागका अनुसार मुलुकमा यतिवेला उच्चतम श्रममा योगदान गर्न सक्ने उमेर (१५-५९ वर्ष) समुहको जनसंख्या करिव ५७% रहेको छ। नेपालमा यो उमेरका मानिसको यति ठूलो सङ्ख्या पहिला कहिले थिएन। अझै केही समय सम्म यो अवस्था रहने पनि देखिएको छ। युवा उमेरका यति ठूलो जनसङ्ख्या रहनु परिवार, समाज र देशकै लागि सुखद् कुरा हो। United Nation Population Fund UNFPAले Working Population १५ देखि ६४ वर्षको जनसङ्ख्यालाई मानेको छ, र यो समुहको जनसङ्ख्या धैरै भएको अवस्थालाई जनसाङ्खिक लाभांश (Population Dividend) भनिन्छ। यो बाहेक १५ वर्षसम्मको बालबालिकाको जनसङ्ख्या र ६५ वर्ष पारिका वृद्ध वृद्धाको जनसङ्ख्याको जोड नै त्यो भूगोलको आश्रित जनसङ्ख्या (Dependent Population) हो। यसर्थ नेपाल मा आश्रित जनसङ्ख्याको तुलनामा काम गर्न सक्ने जनसङ्ख्या धैरै देखियो, जुन निक्कै राम्रो पक्ष हो। युवा जनसङ्ख्या नै श्रम र सिर्जनाका माध्यमबाट मुलुकको रुपान्तरण गर्ने मुल सम्बाहकको रुपमा रहेको परिप्रेक्ष्यमा नेपाल लाभान्वित हुन सक्छ।

मुलुकमा रोजगारीका अवसरहरुको अभाव तथा उद्यमशील कार्य संस्कृतिको अभावका कारण अधिकांश युवा रोजगार तथा अध्ययनको लागि विदेशमा रहेका छन्। श्रम तथा रोजगार मन्त्रालयका अनुसार औपचारिक रुपमा ५० लाखको हाराहारीमा युवाहरु विदेशमा रहेका छन भने अनौपचारिक रुपमा भारत लगायत अन्य देशमा रहेको जनसङ्ख्यालाई समेत जोडदा करिव ८० लाख नेपाली विभिन्न १७२ देशमहरुमा अवसरको लागि विदेशिएका छन्। यसरी हेर्दा कुल जनसंख्याको झण्डै ५०% रहेका युवा मध्येका ५०% (कुल जनसङ्ख्याको २५%) त विदेशिएको आँकडाले देखाउँछ।

वर्तमान समयमा मुलुकमा उपलब्ध जनसांख्यिक लाभांश को उपयोग गर्न सरकारले प्रत्येक दिन हजार भन्दा बढी का दरले विदेसिने युवाशक्तिलाई स्वदेशमै राख्ने खालका नीति र कार्ययोजना ल्याउन ढिला गर्नु हुँदैन्। विदेशी भूमिमा खासगरी खाडी राष्ट्रहरुमा ३D (Danger, Dirty, Difficult) कामका लागि नेपाली दाजुभाइहरुले श्रम बेचिरहेका छन्। यसरी आएको विप्रेषणले नै देशको अर्थतन्त्रमा सहयोग त पुगिरहेको छ। तर हाम्रो दीर्घकालिन लक्ष्य भनेको युवाहरुको पलायनलाई रोक्ने र देशभित्रै रोजगारीका अवसर सृजना गर्नु हो। देशमै युवालई श्रम गर्ने वातावरण सृजना गर्ने र काममा प्रोत्साहन हुने कार्यक्रमहरू नल्याई समग्र देशको भविष्य सुखमय नहुने देखिन्छ।

हरेक वर्ष करिव ५ लाखको हाराहारीमा युवाहरु हाम्रो श्रम बजारमा प्रवेश गर्दछन्। तर त्यो मध्ये निक्कै कम जनसङ्ख्याले मात्र यहाँका जागिर तथा श्रम व्यवसायमा प्रवेश पाउँछन्। खासगरी देशमा कलकारखाना तथा ठूला उद्यमहरुको विकास नभईसकेको कारण यस्तो अवस्था सृजना भएको हो। विकसित तथा विकासशील मुलुकहरुमा पनि राज्यले सबै नागरिकलाई रोजगार दिन भने सकेको हुँदैन, तर त्यहाँको राज्य संयन्त्रले निजी लगानीकर्ताहरुलाई प्रोत्साहन गरी ठूला ठूला उद्योग कलकारखानहरु सञ्चालन गर्न प्रेरित गरिरहेको हुन्छ।जसको फलस्वरुप एकातिर लगानीकर्ता ठूला ठूला कम्पनीहरुका मालिक हुन पाउँदा दंग हुन्छन् भने अर्को तर्फ हजारौं जनाको रोजगारी सिर्जना भई राज्यलाई सहजता प्राप्त हुन्छ। यसरी रोजगारी सृजना र हाम्रा युवाको पलायन रोक्ने एक मात्र अचुक उपाय भनेको निजी लगानीकर्ताहरुको प्रोत्साहन र युवालाई स्वयम् उद्यमशीलताप्रति आकर्षित गर्नु नै हो।

## ५ हाम्रा योजनाहरुमा युवा विकास

यो खण्डमा तेह्रौं, चौधौं र पन्ध्रौं योजनाले लिएका दीर्घकालीन सोंच, लक्ष, उद्देश्य र रणनीतिलाई उल्लेख गर्दै तेह्रौँ र चौधौं योजना यस सम्बन्धमा भएका उपलब्धिहरुलाई छोटकरीमा प्रस्तुत गरिएको छ ।

### क. तेह्रो योजनामा युवा

**दीर्घकालीन सोंच**

युवाको आधारभुत अधिकारको प्रत्याभूति गर्दै उनीहरुमा उद्यमशीलता, सिर्जनाशीलता एवं सकारात्मक सोंचका साथै सीप र क्षमता अभिवृद्धि गर्ने ।

**उद्देश्य**

युवाहरुलाई सिर्जनात्मक तथा उत्पादनमूलक क्रियाकलापहरुमा संलग्न गराई मुलुकको सर्वाङ्गिण विकासमा योगदान पुर्याउने ।

### रणनीति

- सामाजिक, आर्थिक उद्यमशीलताको विकासका लागि युवाहरूको क्षमता अभिवृद्धि गर्ने ।
- स्वरोजगार, स्वदेशी श्रम बजारमा सिर्जित आय आर्जनका अवसर एवं राष्ट्रिय विकासका कार्यक्रमहरूमा सक्रिय रूपमा सहभागी गराउने ।
- राष्ट्रिय विकासको नेतृत्व लिनसक्ने गरी युवाहरूलाई सशक्तीकरण गर्ने ।

**तेह्रौं योजनामा भएका उपलब्धिहरू**

- तेह्रौं योजनाको समिक्षा हेर्दा आर्थिक क्षेत्र त्यति सन्तोषप्रद नभएतापनि सामजिक तथा पूर्वाधार क्षेत्रमा केही सन्तोषजनक उपलब्धी भए।
- राजनीतिक अस्थिरता, सकारात्मक र सुमधुर श्रम सम्बन्धको अभाव, भूकम्प, सीमा क्षेत्रमा भएको अवरोध आदिका कारण औद्योगिक उत्पादनमा ह्रास आयो भने यसको असर पर्यटन क्षेत्रमा पनि रह्यो ।
- योजना अवधिमा सीपमूलक तथा रोजगारमूलक तालिम, क्षमता अभिवृद्धि, स्वरोजगारको लागि कर्जा र समावेशिताका आधारमा सहभागिता जस्ता कार्यक्रमहरु सञ्चालन भए ।
- गरिबीको रेखामुनि रहेको जनसंख्या २३.८% बाट २१.६% मा झारियो, यद्यपि लक्ष्य भने १८% मा झार्ने रहेको थियो ।
- युवाको समग्र विकास र रोजगारीमा केही उपलब्धि हासिल भएपनि उद्देश्य र रणनीति अनुरुप लक्ष हासिल हुन सकेको देखिन्न ।

### ख. चौधौं योजनामा युवा

**सोंच**

विकासमा युवा सहभागिताबाट समृद्ध राष्ट्र निर्माण ।

**लक्ष्य**

युवाहरुलाई राष्ट्रको सर्वाङ्गीण विकासमा मूलप्रवाहीकरण गर्ने ।

**उद्देश्य**

१) युवाको दक्षता, उद्यमशीलता र अन्वेषणात्मक क्षमताको विकास गर्दै आर्थिक, सामाजिक विकासमा युवा सहभागिता अभिबृद्धि गर्नु ।

२) युवालाई सर्वाङ्गीण राष्ट्र निर्माणको सम्वाहक बनाउनु ।

**रणनीतिहरू**

१) युवालाई प्राविधिक शिक्षा तथा सीपमूलक तालिम मार्फत दक्ष, उद्यमशील र आत्मनिर्भर बनाउने ।

२) राज्यका सबै तहको नीति तथा निर्णय प्रकृयामा युवा सहभागिता बढाउने ।

३) युवालाई विपद ब्यबस्थापन, सामाजिक विकास, वातावरण संरक्षण, खेलकुद लगायतका क्षेत्रमा स्वयंसेवकको रुपमा परिचालन गर्ने ।

४) खेलकुद, योगाभ्यास तथा सामाजिक कृयाकलापहरुमा युवाको संलग्नता बढाउने ।

**चौधौं योजनामा भएका उपलब्धीहरू**

- योजना अवधिमा लगानीमैत्री आर्थिक नीति, विद्यूत आपूर्ति प्रणालीमा भएको निरन्तर सुधार, श्रम सम्बन्धमा सुधार र राजनैतिक स्थायित्वले गर्दा लागानीको वातावरणमा आएको अनुकुलताको कारण अर्थतन्त्रमा सकारात्मक प्रभाव पर्न गयो ।
- गरिवीको रेखामूनि रहेको जनसंख्या २१.६% बाट १८.७% मा झार्न सफल भईयो यद्यपि लक्ष्य भने १७% मा झार्ने रहेको थियो ।
- राष्ट्रिय युवा परिषद् मार्फत १५०० युवालाई सीप तथा नेतृत्व विकास तालिम दिने लक्ष्य रहेकोमा १४१५ युवाले सो तालिम प्राप्त गरे ।
- आव २०७५।७६ मा युवा स्वरोजगार कोषको सहयोगमा करिव १७ हजार युवा स्वरोजगार भए ।
- योजना अवधीमा ११ वटा क्रिकेट मैदान निर्माण, ३२ वटा कवर्डहल निर्माण भए ।
- समग्र चौधौँ योजनाको उद्देश्य र रणनीति अनुसार पूर्ण रुपमा उपलब्धि नभएतापनि यो योजना अवधिमा युवाको क्षेत्रमा केही उपलब्धि भएको मान्न सकिन्छ ।

**पन्ध्रौं योजनामा युवा**

समृद्ध नेपाल सुखी नेपाली को परिकल्पना पूरा गर्न दीर्घकालीन सोंच २१०० को आधार योजनाको रुपमा रहेको पन्धौँ योजनाले समग्र दीर्घकालीन सोंचको यात्राका लागि पूर्वाधार तयार गर्ने लक्ष्य लिएको छ । आयमा वृद्धि, गुणस्तरीय मानवपुँजी निर्माण र आर्थिक जोखिमहरुको न्यूनीकरण गर्दै वि. सं. २०७९ सम्म अतिकम विकसित मुलुकबाट विकासशील देशमा स्तरोन्नति गर्ने र वि.सं. २०८७ सम्म उच्च मध्यम आयस्तर भएको मुलुकमा पुग्ने गरी पन्धौँ योजना तर्जुमा गरिएको छ ।

राष्ट्रिय विकासमा युवा सहभागिता अभिवृद्धि गर्दै राजनीतिक, सामाजिक, सांस्कृतिक र आर्थिक अधिकारहरुको पूर्ण उपयोग गर्ने वातावरण तयार गरी युवाको सर्वाङ्गीण विकास, सशक्तीकरण र युवा उद्यमशीलताका लागि शिक्षा, स्वास्थ्य, रोजगारी लगायतका क्षेत्रमा विशेष अवसर प्रदान गर्दै युवा लक्षित कार्यक्रम संचालन गर्ने बाटोमा १५औं योजना मार्गदर्शित रहेको छ ।

**लक्ष्य**

स्वस्थ, सकारात्मक सोचयुक्त, उद्यमशील, सिर्जनशील, अधिकारप्रति सचेत र कर्तब्य प्रति प्रतिवद्ध युवाशक्तिको विकास र परिचालन गर्ने ।

**उद्देश्य**

१) युवामा दक्षता र क्षमताको विकास गर्नु'

२) युवालाई उद्यमशील, रोजगारमुलक र स्वरोजगार बनाउनु ।

३) शासकीय प्रकृया एवम् सामाजिक, सांस्कृतिक र आर्थिक रुपान्तरणमा युवाको सार्थक सहभागिता अभिवृद्धि गर्नु ।

४) युवालाई आत्मनिर्भर, स्वावलम्बी र चरित्रवान बनाउनु ।

**रणनीतिहरू**

१) प्राविधिक तथा व्यवसायिक शिक्षा र सीप विकासका अवसर विस्तार गर्ने ।

२) युवालाई उद्यम र व्यवसाय संचालनमा प्रोत्साहन गर्ने ।

३) युवाद्वारा संचालित उद्यम, व्यवसाय तथा उद्योगको प्रवर्द्धन गर्ने ।

४) वित्तीय स्रोत साधनमा युवाको पहुंच विस्तार गर्ने ।

५) तीन तहको नीति निर्माणदेखि कार्यान्वयन सम्म युवाको समावेशी र सार्थक सहभागिता सिनिश्चित गर्ने ।

६) युवा स्ययंसेवी संस्कृतिको विकास गर्ने ।

७) स्काउटको संरचनालाई विकास र विस्तार गर्ने ।

## ६ कसरी सकिन्छ त पन्ध्रौं योजनालाई उपलब्धिपूर्ण बनाउन ?

युवा क्षमताको विकास गर्नु, युवा प्रतिभा पलायनलाई रोक्नु, युवा लक्षित जीवनोपयोगी, प्राविधिक र व्यवसायिक शिक्षा सर्बसुलभ रुपमा उपलब्ध गराउनु, स्वदेशमै रोजगारीका अवसर वृद्धि गर्नु, वित्तीय स्रोतमा युवाको सहज पहुंच सुनिश्चित गर्नु जस्ता चुनौतीहरुलाई आत्मसाथ गर्दै अघी बढ्नु हाम्रो हालको आवश्यकता हो । पन्ध्रौं योजनालाई सार्थक बनाउन हामीले गर्नु पर्ने केही कार्यहरू तपशिलमा चर्चा गरौं ।

- युवाको सर्वाङ्गीण विकास राष्ट्र निर्माणको प्रमुख आधार भन्ने सोंचका साथ शुरु भएको पन्ध्रौं योजनामा युवाका विविध पक्षहरु जस्तै शिक्षा, स्वास्थ्य, खेलकुद, सामाजिक व्यवहार, असल संस्कार आदिको विकास तर्फ सम्बन्धित निकायहरुले ध्यान पुर्याउने।
- सकारात्मक सोचयुक्त युवाको निर्माणको लागि सकारात्मक युवा सचेतना कार्यक्रमहरु, सामुहिक गोष्ठि, योगाभ्यास, साहित्यिक कार्यक्रमहरु, सांस्कृतिक तथा कलात्मक कार्यक्रमहरु संचालन गर्ने ।
- उद्यमशील, सिर्जनशील युवा निर्माणको लागि राज्यले उद्यमीलाई प्रोत्सान गर्नुपर्छ । विभिन्न सृजनात्मक कार्यक्रमहरु, Start up business को विस्तार, Innovative ideas sharing platform आदि तर्जुमा गरी कार्यान्वयन गर्ने ।
- अधिकारप्रति सचेत र कर्तब्य प्रति प्रतिवद्ध युवाशक्तिको उत्पादनको लागि कलेजको पाठ्यक्रम हरु मै युवाका अधिकार र कर्तव्यहरु समाबेश गर्ने, युवा जमघट तथा सचेतना अभिवृद्धिका कार्यक्रमहरु संचालन गर्ने ।
- वैदेशिक अध्ययन तथा रोजगारीबाट आर्जन भएका ज्ञान,सीप, प्रविधि, पुँजी र अनुभवलाई स्वदेशमा उत्पादनमूलक क्षेत्रमा लगाउन एउटा छुट्टै प्लेटफर्मको विकास गर्ने । यो प्लेटफर्मलाई एउटा संजालको रुपमा विस्तार गर्ने ।

- युवा द्वारा संचालित उद्यम तथा व्यवसायको लागि छुट्टै कर्जा प्रणाली र बिमा प्रणालीको विकस गरी युवालाई उद्यमशीलतासँग जोड्ने ।
- युवामा सृजनशिलता र उद्यमशीलताको विकास गर्न युवाद्वारा संचालित नवप्रवर्तनीय (innovative) आयोजनामा प्रतिस्पर्धाको माध्यमबाट लगानी गर्ने संयन्त्रको विकास गर्ने ।
- हरेक स्थानीय तहमा युवा क्लवलाई शसक्तीकरण गर्दै लैजाने ।
- शासकीय प्रकृया, नीति निर्माण तथा कार्यान्वयनमा युवाको सहभागिताको अभिबृद्धि गर्ने ।
- जसरी महिला सहभागिता सुनिश्चितता गर्न ३३% वाध्यकारी नियमपछि मात्र संघीय संसदमा ३३% महिला संसद बने त्यसरी नै युवाको पनि कुनै निश्चित संख्या तोक्न सकियो भने संसद तथा पार्टीहरु युवामैत्री हुने परिपेक्षमा त्यस तर्फ पहल गर्ने ।

## ७ निष्कर्ष

युवा भनेका देशका उर्जाका श्रोत हुन्, जोस र जाँगरका खानी हुन अनि परिवर्तन र क्रान्तिका पर्याय हुन् । हरेक समाजमा एउटा यस्तो युग आउँछ, जुनबेला त्यहाँका युवाहरुले मेरो र आफ्नो लागि भन्दा पनि समग्र समाज र राष्ट्रको खातिर मन, वचन र कर्मले लागि पर्छन् र त्यही कालखण्डमा सो समाजले काँचुली फेर्न सक्छ । जसको लागि युवाहरुले देशले मलाई के दियो होईन कि मैले देशलाई के दिन सकेँ भन्ने चिन्तनका साथ विभिन्न क्षेत्रमा रहेर कर्ममा खटिनु पर्ने हुन्छ । अनि राज्यले पनि युवाको श्रम र सृजनालाई पूँजीमा बदल्न हर सम्भव कार्यक्रमहरुको माध्यमबाट लागि परिरहनु पर्दछ । यति हुन सक्यो भने युवाले युग बदल्न सक्छन भन्ने उद्गार वास्तविक रुपमा सत्य हुनेछ र यो नै आजको नेपाली समाज र समयको माग पनि हो ।

## सन्दर्भ सामाग्रीहरू


- पन्ध्रौं योजना आ.व. २०७६।७७-२०८०।८१, नेपाल सरकार, राष्ट्रिय योजना आयोग
- युवा तथा खेलकुद मन्त्रालयको वेवसाईट https://www.moys.gov.np/
- श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको वेवसाइट https://moless.gov.np/
- https://www.wikipedia.org/
- https://www.google.com.np/

- **वैदेशिक**
- **रोजगारीमा युवा : समस्या र समाधानका उपाय**

# वैदेशिक रोजगारीमा युवा : समस्या र समाधानका उपाय

**रमेश अर्याल***




## लेखसार

नेपालमा रोजगारीको पर्याप्त अवसर सिर्जना हुन नसक्दा प्रत्येक वर्ष लाखौ युवा कामका लागि विदेशिन बाध्य छन् । केहीका लागि वैदेशिक रोजगार रहरको विषय भए तापनि वर्तमान अवस्थामा अधिकांश नेपालीका लागि यो बाध्यता बन्न पुगेको छ । वैदेशिक रोजगारीमा गएका नेपालीले पठाएको रेमिट्यान्सबाट मुलुकको अर्थतन्त्र धानिएको छ । शिक्षा, स्वास्थ्य, पोषण, आवास तथा स्थानीय आय आर्जनमा योगदान पुगी गरिबी घटाउने प्रमुख कारण वैदेशिक रोजगारी बनेको छ । वैदेशिक रोजगारीमा जाने नेपालीहरु ठगिएको, विदेशमा अलपत्र परेको, एक ठाँउ भनेको अर्को ठाँउ परेको, भने जस्तो तलब नपाएको जस्ता गुनासाहरु धेरै सुनिन्छ । वैदेशिक रोजगारीमा जाने र जान चाहने युवाहरुले वैदेशिक रोजगारको बारेमा धेरै कुराहरु थाहा नपाउँदा समस्यामा परेको पाईन्छ । यस लेखमा वैदेशिक रोजगारीमा युवाहरु जाने कारण, वैदेशिक रोजगारीको अवस्था, वैदेशिक रोजगारीको प्रभाव, युवाले भोगेका समस्याहरु, युवाहरुले वैदेशिक रोजगारीमा जाँदा थाहा पाउनुपर्ने कुराहरु तथा वैदेशिक रोजगारीलाइ सुरक्षित र व्यवस्थित बनाउने उपाय बारे चर्चा गरिएको छ ।


## १. परिचय

विश्वको कुनै देशमा भएको श्रमशक्ति रोजगारका लागि अन्य देशमा जाने क्रमलाई बैदेशिक रोजगार भनिन्छ । वैदेशिक रोजगार ऐन, २०६४ का अनुसार कामदारले विदेशमा पाउने रोजगारलाई वैदेशिक रोजगार भनी परिभाषित गरिएको छ । बैदेशिक रोजगार ऐनले भारतमा काम गर्न जानुलाई बैदेशिक रोजगारको कानूनी दायरामा समावेश गरेको छैन ।

विदेशमा गई नेपालीहरूले काम गर्ने प्रचलन अगाडि देखि नै आएको हो । नेपालीहरू बैदेशिक रोजगारमा जान लागेको लगभग २०० बर्ष पुग्न लागेको छ । सन् १८१६ को सुगौली सन्धि पछि सैनिक सेवामा भर्ना हुनका लागि नेपालीहरू विदेश जान शुरु गरेको पाईन्छ । शुरुका दिनहरूमा नेपालीहरूका गन्तव्य वर्मा, भूटान, भारत, थाईल्याण्ड, तिव्वत र मलेशिया थिए । तत्कालिन भारतको लाहोरमा नेपाली धेरै जाने हुँदा लाहुरे भनिन्थ्यो । अहिले पनि गाउँघरतिर विदेशबाट आउनेलाई लाहुरे आयो भनी सम्बोधन गरेको पाईन्छ । त्यस्तै वैदेशिक रोजगारीको लागि विदेश जानेलाई मुग्लान पस्ने विशेषण दिएको पाईन्छ ।

बैदेशिक रोजगारको इतिहास २०० बर्ष पुरानो भए तापनि वि.स. २०४२ सालमा वैदेशिक रोजगार ऐन बने पश्चात कानूनी संयन्त्र निर्माण भएको हो । हालसम्म विश्वका ११० देशमा नेपाली कामदारका लागि संस्थागत रूपमा खुला गरिएकोमा अफगानिस्तान, इराक र लिवियामा रोक लगाइएको छ । व्यक्तिगत रुपमा वैदेशिक रोजगारीमा जाने प्रयोजनका लागि १७० भन्दा बढी देश खुला गरिएको छ ।

** सहसचिव, नेपाल सरकार, वैदेशिक रोजगार विभाग*

## २. युवाहरू वैदेशिक रोजगारीमा जाने कारणहरू

नेपाली युवा वैदेशिक रोजगारीमा जानका लागि आकर्षक गर्ने र बाध्य पार्ने तत्वहरुले भूमिका खेलेको पाईन्छ। जसलाई देहाय अनुसार उल्लेख गर्न सकिन्छ :

### (क) बाध्य पार्ने तत्व

- देशमा रोजगारीको अवसर कम हुनु
- राजनैतिक अस्थिरता र द्वन्द्वले गर्दा स्वदेशमा काम गर्ने वातावरण नहुनु
- परम्परागत पेसाको सम्मान नहुनु
- स्वदेशमा श्रमको सम्मानमा कमी हुनु
- कृषि पेशाप्रति आकर्षण नहुनु
- गरिबीबाट मुक्त हुन छिटो धन कमाउने लालसा बढ्नु
- देशमा औद्योगिक विकासले तीव्रता नपाउनु
- आफ्ना बालबालिकाको उज्जवल भविष्यको चाहना हुनु
- ऋणको बोझ हुनु र खर्च बढ्नु।

### (ख) आकर्षक गर्ने तत्व

- विदेशमा बढ्दो रोजगारीको अवसर
- सामान्यतया नेपालमा भन्दा विदेशमा धेरै कमाई हुनु
- विदेशको देखासिकी संस्कृति
- वैदेशिक रोजगारमा रहेका आफन्तहरुको सहयोग र सुझाव
- वैदेशिक रोजगारीबाट फर्किएकाहरुको उन्नति र प्रगति
- अन्तर्राष्ट्रिय श्रम बजारमा नेपाली कामदारको माग बढ्नु

## ३. वैदेशिक रोजगारीको वर्तमान अवस्था

- दैनिक करिव १ हजार ६ सय भन्दा बढी व्यक्ति रोजगारीका लागि विदेशिने गरेका छन्।
- औपचारिक तथा अनौपचारिक दुवै माध्यमबाट भारत बाहेक अन्य देशमा करिव ४४ लाख ६७ हजार जनशक्ति वैदेशिक रोजगारीमा गएका छन्।
- वैदेशिक रोजगारीमा गएका मध्ये अधिकांश अदक्ष छन्।
- वैदेशिक रोजगारीको लागि जाने प्रमुख देशहरूमा साउदी अरव, कतार, युएई, कुवेत, बहराइन, ओमन, मलेसिया, दक्षिण कोरिया, लेवनान, इजरायल, जापान लगायतका देश छन्।
- कोभिड १९ महामारीका कारण आ.व. २०७७/७८ मा वैदेशिक रोजगारीका लागि अन्तिम श्रम स्वीकृति लिने नेपालीको संख्या ६३ प्रतिशतले घटी १ लाख ६७ हजार भएकोमा आर्थिक वर्ष २०७८/७९ को पहिलो आठ महिनामा ४ लाख ३ हजार पुगेको छ।
- आर्थिक वर्ष २०७७/७८ मा रु. ९ खर्ब ६१ अर्ब ५ करोड विप्रेषण भित्रिएको छ। कुल गार्हस्थ्य उत्पादनमा विप्रेषणको अनुपात २२.५ प्रतिशत छ।

## ४. वैदेशिक रोजगारको प्रभाव

वैदेशिक रोजगारबाट सकारात्मक र नकारात्मक दुवै किसिमका प्रभाव देखा परेका छन्। सकारात्मक प्रभावमा वैदेशिक रोजगारीमा गएका युवाले पठाएको विप्रेषणबाट मुलुकको अर्थतन्त्रमा योगदान पुगेको छ। देशमा आर्थिक गतिशीलता बढाएको छ। वैदेशिक

मुद्रा आर्जन तथा शोधनान्तर स्थितिमा सहयोग पुगेको छ। शिक्षा, स्वास्थ्य, पोषण, आवास तथा स्थानीय आय आर्जनमा योगदान पुगी गरिबी घटाउने प्रमुख कारण वैदेशिक रोजगारी बनेको छ। विदेशमा सिकेको ज्ञान, सीप, प्रविधि र उद्यमशीलता स्वदेशमा प्रयोग भएको छ। युवाहरूलाई रोजगारीको अवसर प्रदान गरेको छ। वैदशिक रोजगार व्यवसायबाट सरकारलाई बर्षेनी राजस्व प्राप्त हुने गरेको छ भने विदेशमा आर्जित रकम र सीपले स्वदेशमा उद्यम र स्वरोजगारी सिर्जनामा महत्वपूर्ण भूमिका निर्वाह गरेको छ।

नकारात्मक प्रभावतर्फ हेर्ने हो भने युवा जनशक्ति विदेशिनाले देशमा युवाशक्तिको अभाव भएको छ। गाँउका कृषियोग्य जग्गा जमीन बांझो रहेको छ। गाउँमा बृद्ध र वालवालिका मात्र भएका र मलामी जानेहरूको समेत अभाव भएको अवस्था छ। केही परिवारमा विखण्डन र विचलन बढ्दै गएको पनि छ। हवाई टिकट, र भीषा वापतको ठुलो रकम विदेशिएको छ। वैदेशिक रोजगारीका नाममा गाउँका सीधा युवाहरू ठगिने क्रम बढेको छ। गर्मीको प्रवाह नगरी कडा परिश्रममा काम गर्दा वर्षेनी ठूलो संख्यामा युवाहरूले ज्यान गुमाएका छन्।

## ५. वैदेशिक रोजगारीमा युवाले व्यहोर्नु परेका समस्याहरु

वैदेशिक रोजगारीमा युवाले व्यहोर्नु परेका समस्याहरु देहाय अनुसार छन् :

- वैदेशिक रोजगारीमा जान चाहने वा जाने तयारीमा रहेका युवायुवतीको लागि आवश्यक सूचनाको कमी हुनु,
- सीप तालिम नलिई विदेश जाने र पठाउने प्रवृत्ति हुनु,
- सरकारले तोकेको शुल्क भन्दा चर्को रकम तिर्नुपर्ने बाध्यता हुनु,
- म्यानपावर कम्पनी तथा विचौलियाले पासपोर्ट तथा रकम लिएर समयमा नपठाउने, कतिपयले पासपोर्ट र कागजात थन्क्याएर राख्ने तथा पैसा र कागजात समयमा नै फिर्ता नगर्नु,
- विदेश पठाउन अघि नै धेरै रकम लिने, लामो समय झुलाउने, ठगी गर्ने लगायतका प्रवृत्ति हुनु,
- कन्सलटेन्सीबाट समेत वैदेशिक रोजगारीमा पठाउने प्रवृत्ति हुनु,
- विदेश जानुपूर्व लिनुपर्ने पूर्वप्रस्थान अभिमुखीकरण तालिम नलिने र सर्टिफिकेट बिक्री गर्ने जस्ता कार्य देखिनु,
- स्वास्थ्य परीक्षणमा फेल भएपनि रकम लिएर पास भएको प्रमाणपत्र दिनु,
- म्याननपावर कम्पनीले नै भिजिट भिसा र व्यक्तिगत श्रम स्वीकृतिमा समेत महङ्गो शुल्क लिएर पठाउनु,
- सरकारले स्वीकृत नदिएको देशमा समेत जानको लागि पहल गर्नु,
- विदेश जाने क्रममा हवाइजहाजमा लैजान पाउने सामानहरुको जानकारी नहुँदा दुख झेल्नु,
- विदेशमा गएपश्चात सीपको कमीका कारण कठिन काम गर्न बाध्य हुनु,
- भने अनुसारको तलब र कम्पनीमा काम गर्न नपाउनु,
- विदेशमा समस्या पर्दा समाधानका लागि कहाँ कसरी सम्पर्क गर्ने जानकारी नहुनु,
- विदेशबाट गैरकानूनी रुपमा हुण्डीबाट पैसा पठाउँदा ठगिनु,
- विचौलिया दलालहरुले झुटा आश्वासन दिनु,
- विप्रेषणबाट प्राप्त रकमको उत्पादनमूलक कार्यमा लगानी हुन नसक्नु,
- फर्किएर आएका कामदारको पुनस्थापना गर्ने नीतिगत व्यवस्था र कार्ययोजनाको कमी हुनु,
- वित्तीय साक्षरताको बारेमा कामदार तथा परिवारलाई पर्याप्त जानकारी नहुनु,
- विदेशमा जान श्रम स्वीकृति लिने प्रकृया लामो भएकोले विदेशी भूमि भएर तथा भिजिट भिसामा विदेश जाने प्रवृत्ति हुनु।

## ६. वैदेशिक रोजगारीमा जाने वा जान चाहने युवाले थाहा पाउनुपर्ने विषय

वैदेशिक रोजगारमा जानका लागि कानुनी प्रकृया पुर्‍याई व्यक्तिगत र संस्थागत गरि २ किसिमले वैदेशिक रोजगार कार्यालयबाट श्रम स्वीकृति प्राप्त गर्न सकिन्छ। वैदेशिक रोजगार व्यवसाय संचालन गर्न वैदेशिक रोजगार विभागबाट इजाजत लिएका म्याननपावर कम्पनीले संस्थागत रुपमा विदेश पठाउने काम गर्दछन्। व्यक्तिगत प्रयासबाट भिसा प्राप्त गरी वैदेशिक रोजगारमा

जाने व्यक्तिले आवश्यक कागजातहरु अनलाइनमा भरी श्रम स्वीकृति लिनपर्छ । युवाहरु सुरक्षित रुपमा वैदेशिक रोजगारमा जानको लागि विदेश जानुपूर्व, विदेश गईसकेपछि र विदेशबाट फर्केपछि थाहा पाउनुपर्ने कुराहरु निम्नानुसार छन् :

## ६.१ विदेश जानुपूर्व थाहा पाउनुपर्ने कुरा

- १८ वर्ष पूरा भएको अवस्थामा मात्र वैदेशिक रोजगारीको प्रक्रिया अवलम्बन गर्नुपर्छ । वैदेशिक रोजगारीमा जानेक्रममा झुटा विवरण वा कागजात पेश गर्नुहुँदैन । आफू जान चाहेको मुलुक, कम्पनी, काम गर्ने पद, जान लाग्ने लागत खर्च, पाउने तलब, बस्ने व्यवस्था, काम गर्नु पर्ने घण्टा, ओभरटाइम भत्ता, करार अवधि आदि लगायतका सेवासुविधाका साथै पहिले गएका व्यक्तिहरुको अनुभव र घर परिवारसँग सल्लाह, परामर्श गरी सहमतिमा मात्र विदेश जाने योजना बनाउनुपर्छ ।
- बैदेशिक रोजगार कार्यालयवाट श्रम स्वीकृति लिएर मात्र बैदेशिक रोजगारमा जानु पर्दछ । श्रम स्वीकृति लिएर गएमा मात्र विदेशमा कुनै समस्या परेमा उद्धार गर्न तथा क्षतिपूर्ति दिलाउन सहयोग पुग्छ । बैदेशिक रोजगारमा जाँदा नवीकरण भएको विश्वासिलो र भरपर्दो म्यानपावर कम्पनी मार्फत जानुपर्छ । वैदेशिक रोजगार विभागबाट इजाजत लिएको म्यानपावर कम्पनी हो कि होइन ? उक्त म्यानपावरको काम कारवाही रोक्का भएको छ छैन ? खारेजीमा परेको छ छैन ? इजाजत प्राप्त म्यानपावर कम्पनीको सूचना आधिकारिक हो होइन ? बुझ्नुपर्छ । विचौलियाहरुको भर पर्नु हुदैन ।
- सरकारले निषेध गरेको देशमा र काममा जानु हुँदैन ।
- व्यवसायिक वा भिजिट भिसामा जानु हुँदैन । भिजिट भिसामा जाने व्यक्तिको सेवा, सुविधा र शर्त सम्बन्धमा वैदेशिक रोजगार ऐन र नियमावली आकर्षित नहुने हुँदा अलपत्र परेमा र दुख पाएमा स्वयम् व्यक्ति नै जिम्मेवार हुनुपर्छ । त्यसैले भिजिट भिसामा काम गर्न विदेश जानु हुँदैन ।
- आफ्नो नाममा भिसा प्राप्त भई वैदेशिक रोजगारमा जाने निश्चित भएपछि र जाने लागत खर्च यकिन भएपछि म्यानपावरमा पैसा बुझाएर भरपाई लिनु पर्दछ । बैक मार्फत कारोवार भए म्यानपावर कम्पनीको बैंक खातामा रकम बुझाई भौचर लिनुपर्छ । पूर्व स्वीकृति अनुसारको विज्ञापनमा उल्लेख भएको भन्दा बढी रकम दिनुहुँदैन । इजाजत प्राप्त म्यानपावर कम्पनीले विदेश पठाउन पासपोर्ट माग गरेमा कुन देशमा कुन कामका लागि कति अवधि भित्र पठाउने र कति लागतमा पठाउने हो ? यकिन गरी भर्पाई लिएर मात्र सक्कल पासपोर्ट बुझाउनुपर्छ ।
- सीप सिकेर विदेश जाँदा तलब र सुविधा धैरै हुने भएकोले सीप सिकेर मात्र जानुपर्छ । सीप तालिम लिँदा खर्च र समय लाग्ने भनेर टार्ने, नक्कली प्रमाणपत्र बनाएर जाने, आफूले नजानेको काम जान्दछु भनेर जानु हुँदैन । सूचीकृत स्वास्थ्य संस्थाबाट मात्र स्वास्थ्य परीक्षण गराई तोकिएको होलोग्राम भएको स्वास्थ्य परीक्षण प्रमाणपत्र लिनुपर्छ ।
- विदेश जानु अघि स्वीकृत अभिमुखिकरण संस्थामा गई अनिवार्य रुपमा २ दिनको अभिमुखिकरण तालिम तथा जाने मुलुकको श्रम कानून सम्बन्धी जानकारी लिनुपर्छ । अभिमुखिकरण तालिमबाट आफू जाने देशको भौगोलिक अवस्था, हावापानी, रहनसहन, धर्म, कानून, काम गर्ने वातावरण, ट्राफिक नियम, श्रम सम्वन्धी सामान्य कानुनी प्रावधान लगायतका विषयमा पर्याप्त जानकारी प्राप्त हुन्छ ।
- विदामा स्वदेश आएर पुन फर्कनु परेमा श्रम स्वीकृतिको म्याद ९० दिन भन्दा बढी भए नभएको यकिन गर्नुपर्छ ।
- म्याद कम भएको वा सकिएको भए उडानको मिति निश्चित गर्नु अगावै पुन: श्रम स्वीकृति गर्नुपर्छ । पुन:श्रम स्वीकृति गर्दा म्यादी जीवन वीमाको शुल्क उमेर अनुसार हुने र वैदेशिक रोजगार कल्याणकारी कोषको लागि १ हजार ५ सय रुँपैया शुल्क लाग्छ । म्यादी जीवन विमा र वैदेशिक रोजगार कल्याण कोषको रकम अनलाइन भुक्तानी प्रदायक मार्फत भुक्तानी गर्नुपर्छ । यदि घरमा नभरेर अन्यत्र अनलाईन फाराम भर्नुपरेमा आफूलाई लाग्ने शुल्कको बारेमा पूर्ण जानकारी राखी ठगिन हुदैन ।
- वैदेशिक रोजगार सूचना व्यवस्थापन प्रणालीमा विवरण प्रविष्टि गर्दा सही विवरण राखी सक्कलसँग राम्ररी रुजु गरी एकिन भैसकेपछि मात्र पेश गर्नुपर्छ ।
- विचौलियाहरुले सजिलै हुने र हुदै नहुने काम मिलाईदिन्छु भन्दै रकम मागेमा ठाडै इन्कार गर्नुपर्छ र सम्बन्धित नियामक निकाय वा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयमा भएको कल सेन्टर वा वैदेशिक रोजगार विभाग

र कार्यालयमा सो को जानकारी गराउनुपर्छ ।

- स्वदेशी विमानस्थलवाट मात्र विदेश जानु पर्दछ । अन्य छिमेकी देशको बाटो गरेर जाँदा बेचिन वा ठगीमा पर्न सकिन्छ ।
- लुकीछिपी जाँदा कानूनी कार्वाही हुने, अलपत्र पर्ने, दुर्घटना हुने, सम्झौता बमोजिम काम नपाउने, उद्धार गर्न कठिन हुने र कल्याणकारी कोष, बीमा कम्पनीबाट प्राप्त हुने सेवा सुविधा प्राप्त नहुने हुँदा विशेष होस पुर्‍याउनुपर्छ ।
- राहदानी, भिसा, श्रम स्वीकृति, करारपत्र, तालिमहरुको प्रमाणपत्र, रकम बुझाएको रसिदहरु, बीमा, स्वास्थ्य परीक्षण आदिको कागजात आफूसँग सुरक्षित राखी त्यसको फोटोकपी घर परिवारका व्यक्तिहरु वा भरपर्दो अभिभावकलाई छोड्नुपर्छ । आफ्नो साथमा लिएर जानुपर्ने कागजातहरु रुजु गरेर लिएर जानुपर्छ जसले गर्दा अध्यागमनको प्रस्थान कक्षमा वा विदेशमा पुगेर समस्या झेल्नु पर्दैन ।
- श्रम स्वीकृतिको निस्सा प्राप्त नहुदै हवाई टिकट खरिद गर्नु हुँदैन ।
- बैदेशिक रोजगारको क्रममा ठगीमा परे बैदेशिक रोजगार बिभागमा उजुरी गर्नुपर्दछ ।

## ६.२ विदेशमा पुगेपछि थाहा पाउनुपर्ने कुरा

- नियम अनुसार श्रम स्वीकृति लिएर वैदेशिक रोजगारीमा गएपछि उक्त मुलुकमा रहेको नेपाली राजदूतावास वा नियोगमा सम्पर्क गरी आफू आएको जानकारी गराउनु पर्छ । वैदेशिक रोजगारको क्रममा समस्या आएमा उक्त निकायमा जानकारी गराउनु पर्छ । राजदूतावास, गैर आवासीय नेपाली संघ एवं नेपाली संघ संस्था आदिको सर्म्पक ठेगाना, फोन आफ्नो साथमा राखेमा अप्ठ्यारो र कठिनाई पर्दा सम्पर्क गर्न सजिलो हुन्छ ।
- बिदेशमा रहदा आफ्नो घर परिवारको नियमित सम्पर्कमा रहनु पर्दछ ।
- काम गरिरहेको वा काम गर्न गएको कम्पनी छोडी अन्यत्र काम गर्न जानु हुँदैन । कतिपय देशमा यस्तो गरेमा गैर कानूनी हुन्छ, जेल सजाय पनि हुन सक्दछ ।
- करार अवधि सकिएपछि जीवन बीमा र वैदेशिक रोजगार कल्याण कोषमा रकम भुक्तानी गरी श्रम स्वीकृति नवीकरण गर्नुपर्छ, अन्यथा दुर्घटना पर्दा बीमा र अन्य आर्थिक सहायताको सुविधा पाइँदैन ।
- सम्झौता गरेको भन्दा फरक कम्पनीमा, फरक काममा, कम पारिश्रमिकमा काम लगाएको छ भने तुरुन्त नेपाली राजदूतावास, बैदेशिक रोजगार बिभागमा उजुरी गर्नु पर्छ । आफू खुसी अन्यत्र काम गर्न जानु हुँदैन ।
- आफ्नो स्वास्थ्य र क्षमताको ख्याल गरेर काम गर्नुपर्छ । स्वास्थ्यमा असर पर्ने गरी क्षमता भन्दा बढी ओभरटाइम काम गर्नु हुँदैन । कमाएको पैसाको फजुल खर्च गर्नु हुँदैन ।
- बचाएको पैसा बैंकिङ्ग च्यानलवाट पठाउनु पर्छ । हुण्डीवाट पठाउनु गैरकानूनी हुन्छ ।
- खास गरी खाडि मुलुकमा जाँदा पान, पराग तथा अन्य सुर्तिजन्य पदार्थ, मदिरा लैजान र सार्वजनिक स्थानमा प्रयोग गर्न प्रतिवन्ध छ । यस्ता सामान लुकाई लगेमा, विक्री गरेमा वा प्रयोग गरेमा कडा सजाय हुन्छ । जाँड रक्सी र लागू पदार्थ जस्ता कुलतमा लाग्नु हुँदैन ।
- सम्वन्धित मुलुकको र कम्पनीको नियमको पालना गर्नुपर्छ । अरुको धर्म संस्कृतिको सम्मान गर्नु पर्दछ । अनावश्यक झै झगडा र अरुको उक्साहटमा हडतालमा उत्रनु हुँदैन । सम्वन्धित देशको ट्राफिक नियम पालना गर्नु पर्दछ ।
- अनुमतिको अवधि पश्चात नियमानुसार म्याद थप नगरी अवैधानिक रुपमा विदेशमा बस्न वा काम गर्न हुँदैन ।
- वैदेशिक रोजगारीको क्रममा भएको सम्झौता अनुसारको अवधिभित्र करार भंग नभएसम्म उक्त कार्य छाडी अन्यत्र काम गर्न वा बिना स्वीकृति काम छाडी अन्यत्र जान हुँदैन ।

## ६.३ विदेशबाट फर्किदा र फर्केपछि थाहा पाउनुपर्ने कुरा

- कुनै कारणले विदेशबाट समय अगावै वा अवधि सकेर नेपाल आउँदा प्रचलित कानूनले दिएको सुविधा भन्दा बढी परिमाण र स्वरुपमा आफ्नो साथमा सुन तथा सुनका गहना, मोवाइल फोन, ल्यापटप तथा मदिराजन्य पदार्थहरु ल्याउनु

हुँदैन। कसैले ललाईफकाई गरेर प्रलोभनमा पारी त्यस्ता सामान लैजान वा कुनै वस्तु भित्र गोप्य रुपमा सुन, चाँदी राखेर लैजान भन्यो भने ठाडै इन्कार गर्नुपर्छ। हालको व्यवस्था (प्रत्येक वर्ष आर्थिक ऐनले परिवर्तन गर्ने) अनुसार व्यक्तिगत प्रयोगको सुनको गहना ५० ग्रामसम्म भन्सार महसुल छुट हुन्छ। पचास ग्रामभन्दा थप २ सय ग्रामसम्मको सुनका गहनालाई भन्सार महसुल लिई जाँचपास हुन सक्छ भने सो भन्दा बढी परिमाणका सुनका गहना ल्याएमा त्यस्तो बढी परिमाण जफत हुन्छ। व्यक्तिगत प्रयोगको ट्र्यावलेट वा ल्यापटप १ वटा र मोवाइल फोन १ वटामा भन्सार महसुल छुट हुन्छ। सो भन्दा बढी भएमा भन्सार महसुल लाग्छ। त्यस्तै मदिरा १ लिटरसम्मको १ वोतलमा भन्सार महसुल छुट हुन्छ भने सो भन्दा बढी भएमा जफत हुन्छ।

- कुनै समस्या परेर फर्कनु परेमा वैदेशिक रोजगार विभाग र पठाउने म्यानपावर कम्पनीमा फिर्ता यथाशीघ्र जानकारी गराउनु पर्छ र ठगिएको भए उजुरी गर्नुपर्छ।
- स्वदेशमा वस्ने भएमा वैदेशिक रोजगारका क्रममा हासिल गरेका ज्ञान, सीप र अनुभवको प्रयोग गर्नुपर्छ। वैदेशिक रोजगारीका क्रममा आर्जित आम्दानीलाई उद्यम र व्यवसायमा लगानी गर्नुपर्छ। सरकारले वैदेशिक रोजगारीबाट फर्केर व्यवसाय गर्नेलाई सहुलियत व्याजदरमा ऋण प्रदान गर्ने गरेको छ। वैदेशिक रोजगारीबाट फर्किएर स्वदेशमा उद्यम गरी राष्ट्रिय उत्पादन र रोजगारीमा योगदान गरिरहेका उद्यमीहरुलाई सम्मान तथा पुरस्कार पनि दिने गरेको छ। यसकारण स्वदेश फर्किएपछि आफ्नै गाँउठाउमा उद्यम व्यवसाय गरी बस्नुपर्छ।
- वैदेशिक रोजगारीको क्षेत्रमा भएका विकृति, विसंगति र बेथिति नियन्त्रणका लागि सरकारले गरेका पहलमा सहयोग गर्नुपर्छ। वैदेशिक रोजगारीमा जान चाहनेलाई सही सूचना दिई सहजीकरण गर्नुपर्छ।

## ७. वैदेशिक रोजगारमा देखिएका समस्या समाधानको लागि सुझाव

वैदेशिक रोजगारीमा देखिएका समस्या समाधान गर्न देहायका सुझावहरू कार्यान्वयन गर्नुपर्दछ :

- संस्थागत रुपमा वैदेशिक रोजगारमा जाने प्रकृया लामो भएकोले विद्यमान ऐन, नियम र कार्यविधिमा परिमार्जन गरी छरितो बनाउनुपर्ने।
- वैदेशिक रोजगारीमा जाने र जान चाहनेका लागि आवश्यक पर्ने सही र यथार्थ सूचना एवं जानकारी स्थानीय तहसम्म प्रवाह गर्नुपर्ने।
- वैदेशिक रोजगारी रहेको ठगी, दलाली र विचौलियाको नियन्त्रण गर्ने तथा ठग्नेलाई कानून बमोजिम कारवाही गर्नुपर्ने।
- वैदेशिक रोजगार सूचना व्यवस्थापन प्रणालीलाई क्रमश: स्तरोन्नति र सरलीकरण गर्दै वैदेशिक रोजगार सम्बन्धी सेवा पूर्ण रुपमा अनलाईन प्रणाली मार्फत उपलब्ध गराउनुपर्ने।
- वैदेशिक रोजगारीको लागि नयाँ नयाँ श्रम गन्तव्यको खोजी गर्ने र प्रमुख श्रम गन्तव्य मुलुकहरूसँग श्रम सम्झौता गर्नुपर्ने।
- श्रम स्वीकृति नलिई विदेश जाने र अनुमति नभएको देशमा गैरकानूनी बाटो प्रयोग गरी जाने प्रवृत्तिलाई रोक्न जनचेतनामूलक कार्यक्रम गर्नुपर्ने।
- वैदेशिक रोजगारीमा संलग्न निकायहरू श्रम तथा रोजगार मन्त्रालय, परराष्ट्र मन्त्रालय र गृह मन्त्रालय बीच समन्वय हुनुपर्ने।
- गन्तव्य मुलुकका नेपाली कुटनीतिक नियोगहरूलाई रोजगारी हितमा क्रियाशील गराउनुपर्ने तथा आवश्यकता अनुसार श्रम सहचारीको संख्या बढाउनुपर्ने।
- वैदेशिक रोजगारको आकार र कार्यबोझ अनुसार सरकारी निकायको संगठनात्मक संरचनालाई विस्तार गर्नुपर्ने।
- वैदेशिक रोजगारीमा पठाए पछि कामदारको अवस्था तथा समस्याको वारेमा समयसमयमा अनुगमन गर्नुपर्ने।

- वैदेशिक रोजगारीको क्रममा मृत्यु, अंगभंग र गम्भीर विरामी भएका कामदार तथा निजहरुको परिवारलाई प्रदान गरिने राहत तथा आर्थिक सहायतामा प्रभावकारिता र शीघ्रता ल्याउनुपर्ने ।
- वैदेशिक रोजगार व्यवसायीहरूमा व्यवसायिक कुशलता र नैतिकताको विकास र प्रवर्द्धन गर्नुपर्ने ।
- महिला कामदारको पहुँचलाई सुरक्षित र सहज बनाउनुपर्ने ।
- विभिन्न कारणले समस्यामा परेका कामदारलाई उद्धार तथा सेल्टर होमको अभाव हुन नदिन स्रोत साधनको व्यवस्था गर्नुपर्ने ।
- विप्रेषणलाई उत्पादनशील क्षेत्रमा परिचालन गर्न वित्तीय साक्षरता तालिमको प्रभावकारीता अभिबृद्धि गर्नुपर्ने ।
- वैदेशिक रोजगारबाट फर्किएकाहरूको सीप तथा दक्षताको उपयोग हुने गरी कार्यक्रम तर्जुमा गर्नुपर्ने ।
- वैदेशिक रोजगारीबाट फर्किएका व्यक्ति तथा निजको परिवारलाई लक्षित गरी रोजगारी र उद्यमशीलतामा आधारित पुन:एकीकरणका कार्यक्रम सञ्चालन गर्नुपर्ने ।

## ८. निष्कर्ष

नेपालमा प्रत्येक बर्ष करिव ५ लाख थप जनशक्ति श्रम बजारमा प्रवेश गर्छन । सरकारी र निजी क्षेत्रले सबैलाई स्वदेशमा रोजगारी दिन सक्ने अवस्था नभएकोले अधिकांश व्यक्ति वैदेशिक रोजगारीमा जानुपर्ने बाध्यता छ । फलस्वरुप प्रत्येक वर्ष लाखौंको संख्यामा नेपली युवा खाडी र मलेसिया लगायतका देशमा कामका लागि विदेशिएका छन् । विदेश गए पश्चात पछुताउने र समस्या परेपछि उद्धार र सहयोगका लागि हारगुहार गर्नुपर्ने अवस्था आउनुपूर्व नै वैदिशक रोजगारका सम्बन्धमा सही सूचना र जानकारी व्यवस्थित र मर्यादित बनाउन सरकारले गरिरहेको ,प्राप्त गरेमा युवाहरुले समस्या झेल्नुपर्दैन । साथै, वैदेशिक रोजगारलाई सुरक्षित पहलमा सर्वसाधारण, वैदेशिक रोजगार व्यवसायी, सञ्चार माध्यम एवम् सरोकारवाला सबैले साथ दिनुपर्ने देखिन्छ ।

## सन्दर्भ सामग्री


- नेपालको संविधान, २०७२, कानून किताव व्यवस्था समिति, काठमाडौं ।
- पन्ध्रौं योजना (२०७६/७७ ÷२०८०/८१), राष्ट्रिय योजना आयोग, काठमाडौं ।
- आर्थिक सर्वेक्षण २०७७/७८, अर्थ मन्त्रालय, काठमाडौं ।
- वैदेशिक रोजगार ऐन, २०६४ तथा नियमवाली, २०६४, कानून किताव व्यवस्था समिति, काठमाडौं ।
- व्यक्तिगत श्रम स्वीकृतिमा वैदेशिक रोजगारमा जाने कामदारको श्रम स्वीकृति लिने प्रक्रिया सम्बन्धी निर्देशिका, २०६९, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, काठमाडौं ।
- वैदेशिक रोजगारमा घरेलु कामदार पठाउने सम्बन्धी निर्देशिका, २०७२, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, काठमाडौं ।
- रमेश अर्याल, वैदेशिक रोजगारको पीडामा मलम, अन्नपूर्ण दैनिक २०७८ फागुन २३ ।

# स्वरोजगार सिर्जनामा युवा तथा साना व्यवसायी स्वरोजगार कोषको भूमिका

**विश्व मोहन अधिकारी***



## युवा तथा साना व्यवसायी स्वरोजगार कोष

नेपालको संविधान २०७२ को धारा २३ अनुसार प्रत्येक नागरिकलाई रोजगारीको हक हुनेछ र धारा ५१ (४) (झ) मा श्रम र रोजगार सम्बन्धी नीति तय गरी "सबैले काम गर्न पाउने अबस्था सुनिश्चित गर्दै देशको मुख्य सामाजिक आर्थिक शक्तिको रुपमा श्रम शक्तिलाई दक्ष र व्यवसयिक बनाउने र स्वदेशमा नै रोजगारी अभिबृद्धि गर्ने" व्यवस्था रहेको छ।

देशमा बढ्दै गएको बेरोजगार, वैदेशिक रोजगारको खोजिमा विदेशिएका युवा, आयातमुखी अर्थतन्त्र आदिलाई सम्बोधन गर्न नेपाल सरकारले स्थानीय श्रोत साधनको समुचित प्रयोग हुने गरी देशमा उपलब्ध जनशक्तिद्वारा स्वरोजगारमूलक व्यवसायिक परियोजना सञ्चालन गर्नका लागि स्थानीयस्तरमा सुलभ र सुरक्षित व्यवसायिक कर्जा उपलब्ध गराई उद्दमशीलताको विकास मार्फत देशभित्र स्वरोजगारका अवसरहरु सिर्जना गर्न **"युवा तथा साना व्यवसायी स्वरोजगार कोष सञ्चालन नियमावली, २०६५" (हाल २०७७)** अन्तर्गत वि. सं २०६५ सालमा यस कोषको स्थापना गरेको हो। कोभिड-१९ पछि हाल देशमा करिब २३ प्रतिशत जनसङ्ख्या बेरोजगार रहेको, प्रत्येक दिन १५०० को हाराहारीमा युवाहरु रोजगारीको सिलसिलामा विदेशतर्फ भौंतारिएको, विद्यमान बोनस पपुलेसनलाई उत्पादनसँग जोड्न नसकिएको, आयातमुखी अर्थतन्त्र आदिका कारण यस कोषको आवश्यकता दिनानुदिन बढ्दै गएको छ।

देशमा उपलब्ध जनशक्तिलाई आर्थिक रुपमा सक्षम, सामाजिक रुपमा जिम्मेवार, जागरुक एवं सिर्जनशील बनाई स्वरोजगार कार्यक्रमहरुमा उनीहरुको सहज पहुँच, प्रयोग र श्रोत परिचालन गर्न सक्ने अवस्था सिर्जना गरी अफनत्व र स्वामित्वको अनुभूति गराई कार्यक्रमहरुलाई प्रभावकारी बनाउन युवा स्वरोजगार कार्यक्रमहरु सञ्चालन गर्नुपर्ने देखिन्छ।

नेपालमा बर्सेनि करिब ५ लाख मानिसहरु श्रम बजारमा आउँछन भने देशमा रहेका कलेज तथा विश्व विद्यालय बेरोजगार उत्पादन गर्ने कारखानाको रुपमा परिभाषित हुँदै गएका छन्। आजको आवश्यकता त कक्षा १२ सम्मको अध्ययन अनिवार्य गराई त्यस पछिको अध्ययन देशको आवश्यकतासँग मेल खाने गरी मात्र संचालन गर्नुपर्छ जसका कारण अदक्ष जनशक्तिको उत्पादन कम हुन्छ र बेरोजगारको समस्या समेत केही हदसम्म समाधान हुन्छ।

देशको भौगोलिक अवस्था, उत्पादनका साधनहरुको उपलब्धता, बजारको सुबिधा तथा स्वरोजगार/रोजगार हुन चाहनेहरुको समन्वयमा कृषि व्यवसायमा आबद्ध हुनुपर्ने अवस्था देशमा सिर्जना भएको छ। नेपालमा स्वरोजगार/रोजगार सृजना गर्ने, धेरै

*कायकरीरी निर्देशक, युवा तथा साना व्यवसायी स्वरोजगार कोष*

मानव संसाधन उपयोग गर्ने, छोटो जीवन चक्र, छिटै नगद प्रवाह र आयात प्रतिस्थापन गर्नका लागि कृषि क्षेत्र जस्तो प्रभावकारी अन्य क्षेत्र हुनै सक्दैन। कोरोना भाइरसका कारण कृषि जन्य पदार्थको निर्यात गर्ने देशहरुले निर्यातमा प्रतिबन्ध लगाउन सक्ने संभावना समेत देखिन्छ। नेपाल कुखुराको मासु, अण्डा, दुधमा आत्मनिर्भर भइसकेको अवस्थामा यस रणनीतिको कार्यान्वयन गर्न सकेमा अन्य खाद्य पदार्थमा समेत आत्मनिर्भर हुन सकिन्छ भने बर्सेनि करिव रु. २ खर्वको कृषि जन्य पदार्थको आयात समेत घटाउन सकिन्छ। यस्तै गरी निर्माण र निर्माणसँग सम्बन्धित क्षेत्र, व्यापार व्यवसाय, इकमर्श, टेलिकम, मर्मत-सम्भार, प्रविधि, कालिगढ सेवा, कन्सल्टेन्सी सेवा आदि क्षेत्रमा सिपयुक्त मानव संसाधनको आवश्यकता छ। उदाहरणको रुपमा नेपालमा सुन, चाँदी तथा आभुषण व्यवसायमा मात्र करिव १ लाख जनशक्ति पश्चिम बंगालबाट ल्याइएको अवस्था छ। यस्तै नेपालमा अन्य साना तथा मझौला उद्योग र ठुला उद्योग समेतमा सिपयुक्त जनशक्तिको ठूलो खाँचो छ जसको आपूर्ति भारतीय जनशक्ति (करिव ६ लाख) बाट गरिएको छ।

बिडम्बना के छ भने देशको यस्तो अवस्थामा सरकारले कृषि व्यवसायका लागि प्रदान गरेको अनुदान सीमित व्यक्तिहरुले मात्र कागजी परियोजना खडा गरी दुरुपयोग गरिरहेको अवस्था छ भने झन् डरलाग्दो अवस्था त देशका केही राष्ट्रिय उद्योगपति र व्यवसायीहरुले कृषि उद्यमका नाममा असीमित जग्गा खरिद गरी नव-जमिन्दारको उदय भइरहेको छ। विप्रषण आयको भूमिका देश विकासको लागि अल्पकालीन हुन्छ भने स्वदेशी स्रोत र साधनको उपयोग गरी कृषि लगायतका क्षेत्रको भूमिका दीर्घकालीन हुन्छ। बिदेशबाट फर्कन सक्ने जनशक्तिलाई उत्पादनसँग त्यसमा पनि विशेष गरी कृषि उत्पादनसँग जोडन सकेमा ग्रामीण अर्थतन्त्रलाई चलायमान बनाउने अवसरको रुपमा समेत लिन सकिन्छ।

रेमिटान्स र आयातमा आधारित अर्थतन्त्रका कारण देशको अर्थव्यवस्थामा देखिएका चुनौतीहरुलाई सम्बोधन गर्न स्वरोजगार सिर्जनामा सरकारले विशेष ध्यान दिई युवा तथा साना व्यवसायी स्वरोजगार कोषको स्थापना गरेको पाइन्छ। कूल ग्राहस्थ उत्पादनको करिव २५ प्रतिशत रेमिटान्स माथिको निर्भरता र आयातमा आधारित अर्थतन्त्रलाई उत्पादनमा आधारित अर्थतन्त्रमा रुपान्तरणका लागि स्वरोजगार मुलक कार्यक्रमरुको आवश्यकता देखिन्छ।

हाल देशमा नेपाल सरकारका विभिन्न मन्त्रालयमा रहेका समान प्रकृतिका संस्थाहरु युवा तथा साना व्यवसायी स्वरोजगार कोष, गरिवी निवारण कोष, प्रधानमन्त्री स्वरोजगार कार्यक्रम, मुख्यमन्त्री स्वरोजगार कार्यक्रम, मेयर स्वरोजगार कार्यक्रम, राष्ट्रिय युवा परिषद् अन्तर्गत रहेका कार्यक्रमहरु, विभिन्न मन्त्रालय अन्तर्गत रहेका स्वरोजगार कार्यक्रमहरुलाई एकिकृत रुपमा एउटै छाता संगठनभित्र राखी सञ्चालन गर्नुपर्ने देखिन्छ।

**युवा तथा साना व्यवसायी स्वरोजगार कोषले स्थापनाकाल देखि २०७८ पौष मसान्तसम्म गरेका मुख्य उपलब्धिहरु यस प्रकार छन्:**

१. **स्वरोजगार सिर्जना**: कोषले १९६८ सहकारी तथा २६ बैंक तथा वित्तीय संस्था मार्फत् व्यवसायिक खेती तथा पशुपंक्षी पालन, दुधजन्य व्यवसाय, माछापालन, कृषि तथा वनजन्य उद्योग, घरेलु तथा साना उद्योग, रिक्सा व्यवसाय, ठेलागाडा सेवा सञ्चालन लगायतका सेवामूलक स्वरोजगार व्यवसाय, परम्परागत सिपसँग सम्बन्धित व्यवसाय, होम स्टे व्यवसाय, स्थानीय कच्चा पदार्थ प्रयोग गरी सञ्चालन गरिने अन्य उद्योग व्यवसाय आदिमा जम्मा रु ११ अरब ९ करोड कर्जा लगानी गरी ८३,४०९ जनालाई स्वरोजगार सिर्जना गरिएको छ।

२. **तालिम**: कोषले २०७८ पुस मसान्तसम्ममा ४२,५६३ जना व्यवसायीलाई अभिमुखिकरण तालिम, ८४४० जना व्यवसायीलाई सिपमूलक तालिम, ५०८० जना वित्तीय संस्था तथा सहकारीका पदाधिकारीलाई अनुशिक्षण तालिम प्रदान गरिएको छ।

३. **बिमा**: कोषबाट कर्जा उपयोग गर्ने सवै व्यवसायीको बिमा कोषले नि:शुल्क गर्ने व्यवस्था बमोजिम हालसम्म स्वरोजगार भएका ६१,१३२ जना व्यवसायीको बिमा गरिएको छ। यस अन्तर्गत १०६१ जना व्यवसायीलाई रु ६

करोड २४ लाख बराबरको बिमा क्षतिपूर्ति उपलब्ध गराइएको छ।

४. **ब्याज अनुदानः** नियमित रुपमा सावा ब्यामज भुक्तानी गर्ने व्यवसायीलाई ६० प्रतिशत ब्याज अनुदान प्रदान गर्न ब्यवस्था बमोजिम कोषले १३,७६५ जना व्यवसायीलाई रु १५ करोड ३३ लाख बराबर ब्याज अनुदान वितरण गरेको छ। जुन व्यवस्थाले गर्दा कर्जा नियमित भुक्तानी गर्न व्यवसायीलाई प्रोत्साहित गरेको छ।

५. **कर्जा व्यवस्थापन शुल्कः** विभिन्न बैंक तथा वित्तिय संस्था तथा सहकारी मार्फत् कर्जा प्रवाह गर्ने क्रममा व्यवसायीलाई सहुलियतपूर्ण तवरले कर्जा उपयोग गरुन भनी व्यवस्थापन शुल्क नलाग्ने व्यवस्था अन्तर्गत सो शुल्क कोषले नै व्यहोर्ने हुँदा सो वापतको रकम रु १ करोड ९० लाख ६९ हजार भुक्तानी गरेको छ।

**अवसरहरुः**

- कोषको कार्यक्षेत्र देशभर हुनु।
- कोषको लगानीको दायरा धेरै हुनु।
- हाल देशमा बोनस पपुलेसनको अवस्थामा रहनु।
- कोषले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रबाट रकम प्राप्त गरी लगानी गर्ने व्यवस्था हुनु।
- कर्जा लगानी गर्ने साझेदारी संस्थाको सञ्जाल विकट गाउँगाउँसम्म रहनु।
- स्थानीय स्तरमा उत्पादन गरी स्थानीय स्तरमा नै खपत हुने वातावरण सिर्जना हुनु।
- हालै मात्र नेपाल राष्ट्र बैंकबाट पुन:परिभाषित गरे अनुसार बाणिज्य बैंकहरुको विपन्न वर्ग कर्जा ४ प्रतिशत मात्र रहेकाले स्रोतको अभाव नहुनु।
- वैदेशिक रोजगारीमा सिप सिकेर आएका युवाहरुलाई कर्जा लगानी गरी व्यवसायिक रुपमा व्यवसाय सञ्चालन गर्न सक्नु।
- कोभिड–१९ को कारणबाट विदेशबाट फर्केका लाखौं युवाहरुलाई लगानी गर्ने अवसर प्राप्त हुनु।
- अन्तर्राष्ट्रिय संघ संस्थासंग समन्वय गरी तालिम, अध्ययन, अनुसन्धान गर्ने व्यबस्था हुनु।

**चुनौतिहरुः**

- कोषको हाल सम्म केन्द्रमा मात्र कार्यालय रहेको।
- लक्षित समूहमा उद्यमशीलताको अभाव देखिएको।
- स्थानीय तहमा कार्य गर्ने भनिएका रोजगार संयोजक, अन्य मन्त्रालय तथा कार्यक्रम अन्तर्गत रहेका प्रतिनिधिहरुमा कोषको लक्ष्य र उद्देश्य बारेमा जानकारी नभएको।
- कोषको लगानीको आधारमा अनुगमन, बिमा प्रिमियम, ब्याज अनुदान लगायत प्रशासनिक खर्च बढी हुने गरेको।
- युवाहरु व्यवसायिकता, लगनशीलता तथा उद्यमशीलता विकास भै नसकेको।
- व्यवसायीहरुबाट उत्पादित वस्तुहरुको बजार व्यवस्थापनमा उचित व्यवस्थापन हुन नसकेको।
- स्थापनाकालदेखि हालसम्म विपन्न वर्ग कर्जा प्रवाहमा उचित व्यवस्थापन हुन नसकेको।
- राज्यको आवश्यकता तथा सम्भावनाको आधारमा लगानी नभएको।
- कोषले आँकलन गरे अनुसारको लक्षित वर्गसम्म कर्जा पुग्न कठिनाई देखिएको।

- कोषसँग साझेदारी गरेका सहकारी संस्थाहरु सहकारिताका आधारमाभन्दा नाफामूखी तवरले अगाडि बढेका।
- युवाहरुमा वैदेशिक रोजगारप्रति मोह बृद्धि बढेको।
- कोभिड-१९ का कारण बेरोजगारीको संख्यामा बृद्धि भएको।
- बैंक तथा वित्तीय संस्थाहरुको प्राथमिकतामा कोष नपरेको।
- स्टेकहोल्डरसँग समन्वयको अभाव देखिएको।
- स्थानीय तहमा कार्यरत रोजगार संयोजकको भूमिका प्रभावकारी नदेखिएको।
- व्यवसायीहरुका लागि लगानी रकम कम भएकाले व्यवसायमा दिगोपना नदेखिएको।

**संक्षेपमाः**

देशमा विद्यमान वेरोजगार युवाहरुलाई बिना धितो सुलभ कर्जा प्रदान गरी स्वरोजगार बनाउने र बेरोजगारी समस्या समाधान गरी देशलाई आर्थिक समृद्धिको दिशातर्फ लग्ने उद्देश्य बमोजिम वि.सं. २०६५ सालदेखि नै बेरोजगार युवाहरुलाई स्वरोजगार बनाउन एक महत्त्वाकांक्षाका साथ स्थापना भएको कोषले हालसम्म ८३,४०९ जनालाई स्वरोजगार बनाएको छ। यस बीचमा राज्यमा रहेको राजनीतिक संक्रमणकाल तथा अस्थिरतको वातावरणलाई मध्यजनर गर्दा कोषले गरेको कार्यलाई नजरअन्दाज गर्न मिल्दैन्। तर राज्यमा वार्षिक रुपमा उपस्थित हुने ४ लाख भन्दा बढी श्रमशक्तिको व्यवस्थापनका लागि तथा विद्यमान कोभिड–१९ को कारणबाट विदेशबाट फर्केका लाखौं युवाहरुलाई व्यवस्थापन गर्न यस कोषले खेलेको भूमिका कोसेढुङ्गाको रुपमा कार्य गरेको सम्बन्धमा दुईमत छैन। कोषलाई परिणाममूखी बनाउन तथा लक्षित समूहसम्म पुग्नका लागि प्रदेश र स्थानीय स्तरमा कार्यालय बिस्तार गरी आवश्यकता अनुसार ऐन, नियमावली लगायत विभिन्न कानुनको निर्माण तथा संशोधन समेत गरी सफल कार्यान्वयनको आवश्यकता अझैँ पनि यथावत रहेको छ।

**सन्दर्भ सामाग्री :**


- नेपालको संविधान,२०७२, कानून किताब व्यवस्थापन समिति,काठमाण्डौं, नेपाल
- युवा तथा साना व्यवसायी स्वरोजगार कोष नियमावली,२०७७, कानून किताब व्यवस्थापन समिति,काठमाण्डौ, नेपाल
- युवा नीति,२०७२, युवा तथा खेलकूद मन्त्रालय, काठमाण्डौं नेपाल

# नमुना युवा संसद अभ्यासको आवश्यकता र महत्व

**डा. बाबुराम ढुङ्गाना***




## सारांश

**युवा परिचालन, सहभागिता र नेतृत्व विकास** युथ भिजन २०२५ तथा दश वर्षे रणनीतिक योजनाले तोकेका युवा विकासका प्रमुख क्षेत्र मध्येको एक हो । युवालाई समसामयिक विषयवस्तुको अध्ययन गराई राज्य सञ्चालनको अभ्यास सिकाउँदै दैनिक जीवनका हरेक क्षेत्रमा लोकतान्त्रिक आचरणको पालना हुने अपेक्षाका साथ गराइने नमुना क्रियाकलाप नै युवा संसद अभ्यास कार्यक्रम हो । युवालाई सामाजिक रुपमा जवाफदेही र जिम्मेवार बनाउन उत्प्रेरित गर्ने एउटा माध्यम हो । यस प्रकारको नमुना क्रियाकलापमा व्यवस्थापिका संसदभित्र गरिने र गर्नुपर्ने कामका बारेमा अभ्यासका माध्यमबाट जानकारी गराइन्छ । हरेक युवामा नेतृत्व क्षमताको विकास गराउनु पर्दछ । विद्यालय र समुदायमा उपलव्ध गराइने अवसरबाट उनीहरुमा रहेको नेतृत्व सिपको विकास गराउन सकिन्छ । युवा संसद अभ्यास विभिन्न देशहरुका बिचमा फरक फरक उमेर समूहका बिच अभ्यास गराइने भएता पनि नेपालमा १६ देखि २४ वर्ष उमेर समूहका बिचमा गराइन्छ । संसारमा पुरानो अभ्यास भएता पनि नेपालमा आर्थिक वर्ष २०७४/०७५ देखि राष्ट्रिय युवा परिषद्को आयोजनामा विभिन्न तहमा यो कार्यक्रम हुँदै आएको छ । यस प्रकारको अभ्यासलाई विभिन्न तहबाट स्थापित गराउँदै समाजमा यसप्रति भएको अनजान अवस्था र भ्रमलाई चिर्न निरन्तर कार्यक्रमको आवश्यकता छ ।


## अर्थ

संसदीय प्रजातन्त्र भएका मुलुकमा नवयुवालाई समसामयिक विषयवस्तुको अध्ययन गराई राजकीय शासन पद्धति सञ्चालनको अभ्यास सिकाउँदै दैनिक जीवनका हरेक क्षेत्रमा लोकतान्त्रिक आचरणको पालना हुने अपेक्षाका साथ गराइने नमुना क्रियाकलाप नै युवासंसद अभ्यास कार्यक्रम हो । यो सिर्जनात्मक ढङ्गले राजनैतिक ज्ञान दिनका लागि गरिने गैह्र राजनैतिक, सामाजिक र बौद्धिक गतिविधि हो । संसदीय प्रजातन्त्रको अभ्यास गरिने मुलुकमा विभिन्न तहका सरकारका संसद र संसदले बनाउने सरकारको सहसम्बन्धका बारेमा प्रयोगात्मक अभ्यास गराइने हुनाले संसारभरका युवाका माझ अत्यन्तै लोकप्रिय कार्यक्रम हो । नेपालमा युवा संसद अभ्यासको मुख्य ध्येय युवा जगतलाई सामाजिक रुपमा उत्तरदायी, जवाफदेही र सम्मानित बनाउँदै लोकतान्त्रिक सामाजिक समूहमा परिणत गर्नु हो ।

## नमुना युवासंसद अभ्यास के हो ?

युवा संसदीय अभ्यासलाई विभिन्न ढङ्गले बुझ्न सकिन्छ । युवा संसद युवा विकासको जीवन्त साधन हो । समसामयिक विषयमा

** पूर्व प्रशासकीय प्रमुख, राष्ट्रिय युवा परिषद्*

गहन अध्ययनसाथ गरिने बौद्धिक अभ्यास हो। युवालाई आधुनिक लोकतन्त्रका विषयमा अभ्यास गराउने तालिम हो। युवा प्रतिभा प्रस्फुटन गराउने माध्यम हो। युवामा अन्तर्निहित प्रतिभा पहिचान गर्ने साधन हो। सामाजिक मूल्य, मान्यता र सिद्धान्तसँग व्यवहारलाई जोड्ने प्रयोग हो। समूह कार्य मार्फत युवा वर्गको नेतृत्व विकास गराउने प्रक्रियाबद्ध उपाय हो। नयाँ पुस्तालाई मुलुक सञ्चालन अर्थात् राजनीतिसँग परिचित गराउँदै सक्रिय बनाउने एउटा प्रयास हो। युवालाई सामाजिकरुपमा जवाफदेही र जिम्मेवार बनाउन उत्प्रेरित गर्ने माध्यम हो। यसलाई कतिपय ठाउँमा युवाको समालोचनात्मक सोंच क्षमताको विकास गरी अभिव्यक्ति क्षमता विकास गराउने माध्यमकारुपमा पनि चिनिन्छ।

युवाको विकास गर्ने उमेरमा यो क्रियाकलाप गराइने भएकोले धैरै जसो ठाउँमा शिक्षण संस्थाहरुले यसको आयोजना गर्दछन्। शिक्षण संस्थाले राज्य सञ्चालनका विषयमा कुनै पाठ पढाउनु पर्दा युवा संसदको प्रयोग मार्फत शिक्षण गराउन समेत सक्ने भएकोले यसलाई शिक्षणको एउटा विधिकारुपमा पनि लिन सकिन्छ। नेपालमा माध्यमिक तहको सामाजिक अध्ययन विषयमा संसदीय गतिविधिका बारेमा जानकारी गराउन यस विधिको प्रयोग गरी शिक्षण गराइने हो भने अत्यन्तै लाभदायक हुन सक्छ। यो क्रियाकलाप प्राविधिक दृष्टिकोणले अलि जटिल र धेरै शिक्षणसंस्थालाई अनुभव नभएकोले आजकाल युवा संसद अभ्यास सञ्चालन गर्न सरकारी वा गैहृसरकारी निकायले दक्ष प्रशिक्षकको सहायता लिएर व्यवस्थितढंगले सञ्चालन गर्ने प्रचलन छ। नमुना युवा संसदलाई युवा मन्त्रालयका सचिव, युवा मन्त्री, संसदका सभाध्यक्ष र राष्ट्राध्यक्ष वा सरकार प्रमुखले सम्बोधन गरी युवामा हौसला बढाउने प्रचलन छ।

## युवा नेतृत्व विकास

हरेक युवामा नेतृत्व क्षमताको विकास गराउनु पर्दछ। विद्यालय र समुदायमा उपलव्ध गराइने अवसरबाट उनीहरुमा रहेको नेतृत्व सिपको विकास गराउन सकिन्छ। सामाजिक संघ संस्था सञ्चालन गर्न, सामुदायिक तथा सरकारी निकायलाई सफल बनाउन, राजनैतिक संस्थालाई सही तरिकाले अघी बढाउन र व्यक्ति स्वयम् सफल हुन नेतृत्व सिपको आवश्यक पर्दछ। नेतृत्व सिप चमत्कारिक ढङ्गबाट एकाएक विकास हुने होइन। यो एउटा लामो प्रक्रिया हो जसका लागि व्यक्ति, परिवार, शिक्षण संस्था र समुदायले विभिन्न ढङ्गले योगदान पुर्‍याउनु पर्दछ। नेतृत्व क्षमतामा दीर्घकालीन सोंच राख्ने खुबी, त्यसलाई प्राप्त गर्ने रणनैतिक कौशलता र व्यवस्थापकीय क्षमता जस्ता अति आवश्यकीय सिपहरु पर्दछन्। अवस्थाको गहन अध्ययन गरी समस्याको सही पहिचानका साथ समाधानको उपायहरुको खोजका लागि सामूहिक क्रियाकलापले व्यक्तिको नेतृत्व क्षमतामा निखारता ल्याउँछ। युवा संसद अभ्यास त्यस्तै एक सामूहिक कार्य हो जसले यस अभ्यासमा सहभागी सबै युवाको नेतृत्व विकासमा योगदान पुर्‍याउँछ। यस्ता गतिविधिले युवालाई अध्ययनशील बनाउँदै कुनै परिघटनालाई वस्तुपरक ढङ्गले व्याख्या विश्लेषण गर्न सहयोग पुर्‍याउँछ। व्यक्तिमा जवाफदेहिता र जिम्मेवारीको महसुस गराउँछ। सामाजिक सञ्जाललाई मात्र हेर्ने हो भने पनि संसारका विभिन्न मुलुकमा भएका युवा संसदमा कुनै वर्षमा कुनै युवाले खास विषयवस्तुमा बोलेका कुरा अरुलाई प्रेरणादायी भएको छ। यस गतिविधिमा उत्कृष्टता देखाएकै आधारमा युवाहरु संस्थागत नेतृत्वका लागि छनोटमा परेका छन्।

## अभ्यासमा सहभागी हुने युवाको उमेर समूहः

साधारणतया मुलुकको संविधानले संसदीय हैसियत प्राप्त गर्न तोकेको उमेर भन्दा कम उमेरका युवालाई लक्षित गरी यो अभ्यास गराइन्छ। उमेर समूहका सवालमा विभिन्न देशहरुका बीचमा फरक फरक अभ्यास पाइन्छ। नेपालमा युथ भिजन २०२५ ले तोकेको पहिलो उमेर समूह अर्थात् १६-२४ वर्षका युवालाई यस अभ्यासमा सहभागी गराइन्छ। बेलायतमा युवा संसद अभ्यास ११ देखी १८ वर्ष उमेर समूहका किशोर किशोरीबीच गराइन्छ भने भारतमा १८ वर्ष देखि २५ वर्ष उमेर समूहका युवाका माझ गराइन्छ। पाकिस्तानमा १८ देखि २९ वर्ष भित्रका युवाका बीच यो कार्यक्रम चलाइन्छ भने श्रीलंकामा युवा उमेर समूह १५ देखि २९ वर्ष उमेर समूहका सबै युवाका बीचमा प्रयोगमा छ।

## युवासंसद अभ्यासको उद्देश्यः

युथ भिजन २०२५ तथा दश वर्षे रणनीतिक योजनाले युवा विकासका प्रमुख क्षेत्रलाई पाँच मूल खम्बा मानी पाँच वर्षका लागि विभिन्न लक्ष्य सूचक प्रस्तुत गरेको छ । यसमा उल्लेखित चौथो आधारस्तम्भ परिचालन, सहभागिता र नेतृत्व विकास हो । सन् २०२५ सम्ममा एक हजार जना युवालाई नेतृत्व विकास तालिम दिने लक्ष्य राखिएको छ । युवा वर्गमा नेतृत्व विकास गराउने अनगिन्ति तरिकाहरु छन् त्यस मध्ये एउटा सशक्त विधि युवा संसद अभ्यास हो । विभिन्न देशमा युवा संसद अभ्यास कार्यक्रमका माध्यमबाट खारिएका व्यक्तिहरु मुलुककै प्रधानमन्त्री समेत भएको उदाहरण स्थापित भैसकेको छ । नेपालमा युवा संसद अभ्यासबाट दीक्षित भएका युवाहरु विभिन्न संघ संस्थाको नेतृत्व गर्दै समाजका विभिन्न क्षेत्रमा सफलता कमाइ रहेका छन् ।

युवा संसद अभ्यासका उद्देश्य नेपाली युवा समुदायलाई नेतृत्व सिपको विकास गर्नु, प्रतिभा र दक्षताको पहिचान गर्ने अनुकूल वातावरण सिर्जना गर्नु, नेपाली राजनैतिक परिदृष्यको मुद्दा र चुनौतिहरुका बारेमा युवा समुदायमा व्यवहारिक ज्ञानको विकास गर्नु र अरुको विचार सुन्ने, तार्किक चिन्तन गर्ने र परिस्थितिको यथार्थ पहिचान गर्ने सिपको विकास गर्नु हो ।

सारमा युवा संसद अभ्यासका मुख्य उद्देश्यलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छः

१. युवालाई भविष्यको सफल नेतृत्व विकास गर्नका लागि संसदीय पद्धतिको बारेमा जानकारी गराउने ।

२. सामाजिक, राजनैतिक र आर्थिक विषयमा नागरिक र राष्ट्रका मुद्दामा सक्रियता पूर्वक सहभागी हुने साझा थलोको विकास गर्ने ।

३. सुशासन, जवाफदेहिता, पारदर्शिता र विधिको शासन स्थापित गर्नका लागि पैरवी गर्ने ।

४. सामाजिक मुद्दामा अरुले बुझ्न सक्ने गरी अभिव्यक्ति दिने र धैर्यताकासाथ अरुको भावनाको कदर गर्ने बानीको विकास गर्ने ।

५. नागरिकका हक अधिकारको संबोधन गर्न सरकारका बिभिन्न तहका निर्णय प्रक्रियामा नागरिकको रचनात्मक सहभागिताका लागि पक्षपोषण गर्ने ।

६. व्यवस्थापिका संसद भित्र गरिने र गर्नु पर्ने कामका बारेमा सुसूचित गराउने ।

७. आम युवा र सरोकारवालालाई मुलुक सञ्चालनको पद्धतिप्रति सकारात्मक बनाउने ।

८. सहभागी युवामा समूह छलफल गरी निष्कर्षमा पुग्ने विधि सिकाउने ।

९. हाम्रो समाज र देशले व्यहोर्दै आएका विविध समस्याहरुको वास्तविक पहिचान गरी सामाजिक समाधान खोज्ने बानीको विकास गराउने ।

## विश्वव्यापी अभ्यास

युवा संसद अभ्यास विश्वका धैरै देशहरुमा प्रचलनमा छ । हाम्रो छिमेकी सार्क राष्ट्र भित्र भारत, पाकिस्तान, अफगानिस्तान, बङ्गलादेश र श्रीलङ्कामा यसको प्रशस्त अभ्यास गरिन्छ। भारतका शैक्षिक संस्थामा यसको नियमित अभ्यास हुन्छ । बेलायतका सबै राज्यहरुमा यो अभ्यास पुरानो परम्पराको रुपमा विकास भै सकेको छ । क्यानडा, अस्ट्रेलिया, न्यूजल्याण्ड, मलेसीयामा लोकप्रिय छ भने दक्षिण अमेरिकी राष्ट्रहरुमा यस प्रकारका अभ्यासहरु प्रशस्त भेटिन्छन् । संगठित रुपमा संयुक्त राष्ट्र संघीय युवा संसदका अतिरिक्त कमनवेल्थ, नेटो, युरोपियन युनियन, अरब लिग जस्ता समूहका सदस्य राष्ट्रहरुमा यो अभ्यास पुरानो भैसकेको छ । धैरै जसो राष्ट्रहरुमा सरकारी प्रयासबाट, कतिपयमा शैक्षिक संस्थाबाट र कतिपयमा गैहसरकारी संस्थाको सहयोगबाट यो अभ्यास भई आएको पाइन्छ ।

## नेपालमा गरिएका सरकारी प्रयास

नेपालमा राष्ट्रिय युवा परिषद्को स्थापना पूर्व अन्तर्राष्ट्रिय अभ्यासबाट प्रभावित भई केही गैह्र सरकारी संस्थाहरुले नमुना युवा संसद अभ्यासको प्रयोग गरेका थिए । चियर्स नेपाल नामक संस्थाले सन् २०१६ मा नेपालमा युवा संसद कार्यक्रम सञ्चालन गरेको थियो भने आयोन नामक गैह्रसरकारी संस्थाले देशका विभिन्न जिल्लामा नमुना युवा संसदीय अभ्यास र नमूना महिला युवा संसदीय अभ्यास जस्ता गतिविधिहरु गरेको थियो । पछिल्ला दिनमा राष्ट्रिय गैह्र सरकारी संस्थालाई यस कार्यमा संयुक्त राष्ट्र संघीय विकास कार्यक्रमले सघाएको पाइन्छ । पछिल्ला दिनमा राष्ट्रिय युवा परिषद्को अगुवाईमा यस अभ्यासलाई राज्यले ग्रहण गर्दै नियमितता दिन थालिएको छ । राष्ट्रिय युवा परिषद्को वार्षिक कार्यक्रमका रुपमा आर्थिक वर्ष २०७४/०७५ बाट युवा क्लब गठन तथा नमुना युवा संसद अभ्यास कार्यक्रमका नामबाट शुरु गरिएको यो कार्यक्रम स्थानीय, प्रदेश र संघीय तहमा हरेक वर्ष सञ्चालन गरिँदै आइएको छ । राष्ट्रिय युवा परिषद्ले हरेक वर्ष यो कार्यक्रम सञ्चालन गर्नका लागि स्थानीय र प्रदेश तहमा सशर्त अनुदानका रुपमा वजेट पठाउँदै आएको छ । संघीय तहमा आर्थिक वर्ष २०७४/०७५ र २०७५/०७६ मा भौतिक उपस्थितिमा र आर्थिक वर्ष २०७६/०७७ र २०७७/०७८ मा कोरोना महामारीका कारण भर्चुअल तथा अर्ध भौतिक रुपमा यो कार्यक्रम सञ्चालन भएको छ । युवा संसद अभ्यास कार्यक्रम सञ्चालन कार्यक्रममा देशभरका सय भन्दा बढी गैह्रसरकारी संस्थाले राष्ट्रिय युवा परिषद्सँग साझेदारी गरेका छन् । राष्ट्रिय युवा परिषद्ले मुलुकभरमा युवा संसद अभ्यास सञ्चालनका लागि हाल सम्म १०० जना प्रशिक्षक तयार गरेको छ । कतिपय प्रशिक्षक सरकारी सेवाभित्रका छन् भने कतिपय स्वतन्त्र सेवा दिइरहेका व्यक्तिबाट तयार गरिएका छन् । हरेक वर्ष नयाँ प्रशिक्षक उत्पादन तथा पुरानालाई पुनर्ताजगी तालिमको व्यवस्था गरिएको छ । युवा संसद अभ्यासमा सहभागी भएका युवा समेत प्रशिक्षक बनेका छन् । स्थानीय तह, प्रदेश तह र संघमा युवा संसद सञ्चालन गर्न सहज होस् भन्ने अभिप्रायले नमूना युवा संसद अभ्यास सञ्चालन निर्देशिका तयार गरिएको छ । युवा संसद सञ्चालन सम्बन्धी कार्यविधि तथा निर्देशिका बनाउने देखी प्रशिक्षण दिने सम्मका कामहरु संविधान सभाका सभामुख र सभासद्, संघीय संसदका सभामुख र साँसद, प्रदेश सभाका सभामुख र सांसद, संघीय संसद सचिवालयका उच्च तहका पूर्व पदाधिकारीहरु, कानुनविदहरु तथा संसदीय मामला विज्ञबाट गरिएको छ । सरकारी स्तरबाट संघप्रदेश र स्थानीय तहमा पटक पटक यो अभ्यास गराइ सकेपछी यस कार्यक्रमलाई युवाका सरोकारवालाहरुले कसरी लिएका रहेछन् र आगामी दिनमा के गर्नु पर्ला भनेर राष्ट्रिय युवा परिषद्ले अनुसन्धान समेत गराएको छ । अनुसन्धानले युवा संसद अभ्यासको निरन्तरता हुनु पर्ने ठहर गरेको छ ।

## प्रक्रियाः

राष्ट्रिय युवा परिषद्ले बनाएको वडा युवा क्लब गठन तथा नमुना युवा संसद अभ्यास सञ्चालन कार्यविधिमा यस सम्बन्धी प्रक्रिया उल्लेख छ । जस अनुसार गाउँ वा नगरपालिकाका वडाले तोकिएको उमेर समूहका युवाहरुको भेला गराइ वडा युवा क्लब बनाउँदछ । सबै वडामा वडा युवा क्लब बनेपछि अनिवार्य रुपमा महिला प्रतिनिधित्व हुने गरी प्रत्येक वडाबाट सहभागी छनोट गराएर थप प्रतिनिधिका साथ स्थानीय तहका प्रमुख, उपप्रमुख र परिषद्का सदस्यको उपस्थितिमा नमुना नगर वा गाउँ परिषद्को बैठक सञ्चालन गरिन्छ । यसरी सञ्चालन हुने बैठकमा प्रतिनिधि युवाका अभिभावक र सम्बन्धित स्थानीय तहका विद्यालयका प्रधानाध्यापक र युवाका क्षेत्रमा काम गर्ने संघसंस्थाका प्रतिनिधि समेतको उपस्थिति हुन्छ । यसरी छनोट भएका युवा प्रतिनिधिहरुको गाउँ वा नगर युवा सञ्जाल २ वर्षका लागि क्रियाशील रहने व्यवस्था गरिएको छ । त्यस्तै गरी गाउँ वा नगरस्तर बाट छानिएका युवा प्रतिनिधि र प्रदेश स्तरमा छानिएका प्रतिनिधिबिच प्रदेश सभाको अभ्यास गराइन्छ । प्रदेश युवा संसदमा सहभागी युवाहरुबाट पनि २ वर्षका लागि प्रदेश युवा सञ्जाल रहन्छ । प्रदेश युवा संसदमा प्रदेश तहका संसदीय पद बमोजिमका प्रतिनिधिले तोकिएको भूमिका प्रदर्शन गर्दछन् । त्यस्तै गरी प्रदेशबाट छानिएका र संघबाट प्रतिस्पर्धाका आधारमा छनोट गरिएका युवा प्रतिनिधिका माझमा संघीय युवा संसद सञ्चालन गरिन्छ । स्थानीय, प्रदेश र संघीय युवा संसद अभ्यासमा सम्बन्धीत तहका संसद सञ्चालन सम्बन्धी नियमावलीमा जे ब्यवस्था गरिएको छ ति सबै हुबहु प्रयोग गरिन्छन् । प्रतिपक्ष र प्रतिपक्षी दलका नेताको भूमिका जसरी संविधानले परिकल्पना गरेको छ सोही बमोजिम युवा संसदका प्रतिनिधिले रचनात्मक

ढंगले निर्वाह गर्नु पर्दछ । संसदीय अभ्यासका अतिरिक्त यस कार्यक्रममा लोकतन्त्रमा कानुन निर्माणका अतिरिक्त विधिको शासनका सवालमा राष्ट्रियस्तरका विज्ञबाट सैद्धन्तिक कक्षा समेत सञ्चालन गरिने अभ्यास छ । प्रदेश तहमा सञ्चालन हुने युवा संसद अभ्यासमा प्रदेश सरकार र प्रदेश सभाका प्रतिनिधिको र संघीय तहमा युवा संसद अभ्यास हुँदा संघीय संसदका साँसद र मन्त्री तथा प्रधानमन्त्रीबाट सम्बोधन गर्ने चलन छ । एक पटक एक तहमा सहभागी भएको युवा पुःन अर्को पटक सोही वा तल्लो तहमा अभ्यास गर्नका लागि मान्य हुने छैन ।

## युवा संसद् सम्बन्धमा उठाइएका भ्रमहरु

अन्तर्राष्ट्रिय जगतमा युवा संसद अभ्यास पुरानो चलन भएता पनि नेपालमा यसको प्रयोग धेरै लामो नभएका कारण युवा संसदका विषयमा समाजका प्रतिष्ठित व्यक्तिहरुबाट पनि नकारात्मक धारणा व्यक्त गरिएको पाइन्छ । हरेक देशमा आ-आफ्नै प्रकारको शासन व्यवस्था हुने र युवा संसद अभ्यास संसदीय व्यवस्था भएका देशमा मात्र गर्न सकिन्छ भन्ने होइन । बहालवाला राजनेताका व्यवहारबाट वाक्क दिक्क भएको बेलामा फेरि राजनैतिक अभ्यास गराएको भन्ने गलत आरोप पनि यदाकदा सुन्न पाइन्छ । मुलुकको सञ्चालन राजनीतिले नै गर्ने हो । अयोग्य रानीतिज्ञलाई विस्थापन गर्न योग्य राजनीतिज्ञको पदस्थापन हुनै पर्दछ । आजको दुनियामा एउटा परिवार समेत लोकतान्त्रिक ढाँचाबाट सञ्चालन हुन्छ । युवालाई एक्लो बन्नबाट जोगाइ उसको क्षमता समाजको हितका लागि प्रयोगमा ल्याउन नेतृत्व विकासका अभ्यासहरु गरिरहनु पर्दछ । युवा संसद अभ्यासबाट खारिएका सबै युवा भोलिको वास्तविक संसदमा प्रवेश गर्छन् भन्ने कुनै जरुरी छैन । कोही युवा वास्तविक संसदमा प्रवेश गर्न सफल भए भने त्यो अत्यन्तै हर्षको विषय हुनेछ । हाल संसदमा प्रवेश गरेका कतिपय व्यक्तिहरु भन्दा नमुना युवा संसदका सहभागीको संसदीय अभ्यास प्रक्रियामा राम्रो दखल भएको समेत पाइएको छ । युवा संसदबाट अब्वल ठहरिएका युवाले गैह्र राजनीतिक क्षेत्रमा काम गरेको अवस्थामा पनि आफ्नो संस्था सक्षमतापूर्वक सञ्चालन गरेको पाइएको छ । विधि तथा पद्धतिको निर्माण र प्रयोगका साथै फरक मतको सम्मान र फरक मत राख्ने तरिकाका बारेमा यो अभ्यासमा धेरै महत्व दिइन्छ । युवा संसद अभ्यासका क्रममा युवालाई आफ्ना विचार प्रस्तुत गर्नु पूर्व गहन अध्ययन गर्न सिकाइन्छ । यो अभ्यासले युवालाई कानुन निर्माण कसरी हुन्छ भन्ने मात्र नसिकाइ जनताका जीविकाका सवाललाई कसरी सम्बोधन गर्ने भन्ने समेत सिकाउँदै लोकतान्त्रिक आचरणकासाथ समाज प्रति जवाफदेही बन्न सिकाउँछ । समग्रमा समाजका हरेक एकाइको प्रभावकारी नेतृत्व गर्न सिकाएको छ । त्यसैले होला, युवा संसदको रहर लाग्दो झलक वास्तविक संसदका पदाधिकारीहरुले अवलोकन गरे लाभदायक हुने टिप्पणी बेलावखत सुनिने गरिन्छ ।

## आगामी दिनमा गर्नु पर्ने कामहरु:

युवा संसद अभ्यासका बारेमा समुदायलाई जानकारी गराउनु, समुदायमा संसदीय प्रक्रिया र युवा संसद अभ्यासलाई हेर्ने छिटपुट रुपमा रहेको भ्रमलाई चिर्नु, क्रियाकलापलाई समयसापेक्ष बनाउनु र सरकारी, गैह्रसरकारी तथा सामुदायिक क्षेत्रमा यसको प्रयोगलाई व्यापक बनाउनु आजको प्रमुख आवश्यकता हो । युवा संसद अभ्यास एउटा नमुना तर प्रभावकारी कार्यक्रम हो जहाँ व्यक्ति स्वयंले संसदीय भूमिकाको अनुभूति गर्न पाउँछ । शिक्षण सिकाइमा यो एउटा सिकारु केन्द्रित प्रयोगात्मक विधि हो । यसलाई एउटा परियोजना कार्यका रुपमा पनि लिन सकिन्छ । त्यसैले हरेक कलेज तथा माध्यमिक विद्यालयहरुमा यस प्रकारका गतिविधिहरु सञ्चालन गराइनु आवश्यक छ । सबै स्थानीय तहले वर्षमा एक पटक आफ्नो क्षेत्रभित्रका युवालाई समेट्ने गरी यस प्रकारको अभ्यास गर्दा युवा नेतृत्व विकासको थालनी स्थानीय तहबाटै हुन पाउँछ । सरकारी क्षेत्रबाट गरिने संसदिय अभ्यासले सरकारका तीनैवटा तह समेटिने गरी अभ्यास गरिनु पर्छ भने समुदाय स्तरबाट गरिने क्रियाकलापले ठूलो संख्यामा युवालाई तयार गरी सरकारी स्तरबाट सञ्चालन गरिने कार्यक्रममा सहभागी हुनका लागि प्रतिस्पर्धा गर्न पठाउनु पर्दछ ।

## निश्कर्ष

हरेक क्षेत्रको सफलताका लागि कुशल नेतृत्वको जरुरत पर्दछ । युवा संसद अभ्यासले युवा वर्गमा संसदीय प्रजातन्त्रको बारेमा जानकारी दिँदै भविष्यका लागि उपयोगी नेतृत्व क्षमताको विकास गर्दछ । युवालाई अध्ययनशिल, सामाजिक, सिर्जनात्मक, समालोचनात्मक र जवाफदेही बनाउने कार्यमा यस क्रियाकलापको ठूलो भूमिका छ । संसारका धेरै मुलुकहरुमा लोकप्रिय युवा संसद अभ्यास कार्यक्रम नेपालमा पनि राज्यस्तरबाट प्रचलनमा आएको छ । यस प्रकारको अभ्यासलाई विभिन्न तहबाट स्थापित गराउँदै समाजमा यसप्रति भएको अनजान अवस्था र भ्रमलाई चिर्न निरन्तर कार्यक्रमको आवश्यकता छ ।

## सन्दर्भ सामग्रीहरुः


१. AYON (२०१७). *Report of Youth Mock Parliament in ७ Districts: Baglung, Jajarkot, Dhanusha, Terhathum, Bardiya, Chitwan and Dadeldhura* (Unpublished project report). Kathmandu: Association of Youths Organizations Nepal.

२. AYON (२०१७). *Report on Women Youth Mock Parliament: Celebrating २१ International Women's Day* २०१७ (Unpublished project report). Kathmandu: Association of Youths Organizations Nepal.

३. राष्ट्रिय युवा परिषद् २०७२ । युथ भिजन २०२५ तथा युवा विकासका लागि दश वर्षे रणनीतिक योजना । नेपाल सरकार, युवा तथा खेलकुद मन्त्रालय, राष्ट्रिय युवा परिषद् सानोठिमी भक्तपुर ।

४. राष्ट्रिय युवा परिषद् ऐन (२०७६) । युवा क्लब गठन तथा नमूना युवा संसद सञ्चालन कार्यविधि, २०७५। नेपाल सरकार, युवा तथा खेलकुद मन्त्रालय, राष्ट्रिय युवा परिषद् सानोठिमी भक्तपुर ।

५. राष्ट्रिय युवा परिषद\ (२०७७) । नमूना युवा संसद अभ्यासका लागि प्रशिक्षण सहजीकरण पुस्तिका २०७७ । नेपाल सरकार, युवा तथा खेलकुद मन्त्रालय, राष्ट्रिय युवा परिषद् सानोठिमी भक्तपुर ।

६. राष्ट्रिय युवा परिषद् (२०७८) । युवा क्लब गठन तथा नमुना युवा संसद अभ्यास कार्यक्रमको प्रभावकारीता अध्ययन प्रतिवेदन २०७८ । नेपाल सरकार, युवा तथा खेलकुद मन्त्रालय, राष्ट्रिय युवा परिषद् सानोठिमी भक्तपुर ।

# युवा – नवरक्त संचार

**यमेन्द्र उपाध्याय***




## सारांश

युवाहरु भविष्यका कर्णधार हुन् । यिनिहरु विकास निर्माणका आधार हुन् । युवाहरु प्राणी जगतको मुटु र रक्त जस्तै देश विकासका नव रक्तसंचार हुन् । यिनिहरु मानव स्रोतका साधन र साध्य दुवै हुन् । यिनिहरुलाई बडो होसियारीका साथ परिचालन गरियो भने बरदान हुन पुग्दछ र कतै कहिँ चुकियो भने यो अभिसाप समेत हुन पुग्दछ । अमेरिका, जापान, सिँगापुर तथा केहि युरोपियन देशहरुले युवालाई सही समयमा सही ठाउँमा प्रयोग गर्दा देश विकास गरेका हुन् भने केही अफ्रिकन देश र मध्यपूर्व एशियाली देशहरुमा सही परिचालन गर्न नजान्दा तथा गर्न नसक्दा देश गृहयुद्धमा फसेको देखिन्छ । नेपालमा समेत बढ्दो युवा संख्यालाई रोजगारी दिन नसक्दा वैदेशिक रोजगारीमा जानेको संख्या बढ्दो छ । युवा प्रतिभाहरु युरोप, अमेरिका तथा अष्ट्रेलिया हानिएका छन् भने बलिया पाखुरीहरु मलेशिया लगायतका खाडी मुलुक तर्फ लागेका छन् । वैदेशिक रोजगारीबाट प्राप्त विप्रेषण आयले मात्र देश बन्दैन । नत ऋणले देशको अवस्था उकासिन्छ । तसर्थ, देशमा उपलब्ध भएका स्रोत साधनलाई सही सदुपयोग गरेर बढ्दो युवा जनसंख्याबाट जनसाङ्खिक लाभ हासिल गर्नु नै अहिलेको असिम आवश्यकता हो ।


## युवा

मानव जीवनको चक्रलाई केलाउँदा बालक पछि र बृद्ध अघि बीचको उमेर समूहलाई युवा भनेर बुझ्न सकिन्छ । यो परनिर्भरबाट स्वनिर्भर तर्फ लम्किएको उमेर समूह हो । यो बालककालमा सिकेका कुराहरुलाई व्यवहारमा उतार्ने तथा आफ्नो र देशकै भविष्य अन्धकारबाट उज्यालो तर्फ रुपान्तरण गर्ने उमेर समूह हो । यो देश विकासको शक्ति हो । यो जनसंख्याकै अधिक सक्रिय, उर्जावान र गतिशिल समूह हो ।

युवा शब्दलाई उल्टाउँदा वायु शब्द बन्दछ । वायु पंच तत्व मध्येको एक सास्वत शक्ति हो । जसरी वायु जीवन र जगत संचालनका लागि नभै नहुने अक्सिजन हो त्यसैगरी हेर्दा युवालाई देश विकासको लागि नभै नहुने वायुशक्ति सँग तुलना गर्न सकिन्छ ।

उमेर समूहको आधारमा हेर्दा युवाको पहिचान तथा वर्गीकरणमा एक रुपता भएको पाइँदैन । विभिन्न देश तथा संगठनले विभिन्न उमेर समूहलाई युवाको रुपमा परिभाषित गरेका छन् । नेपालमा राष्ट्रिय युवा नीति, २०७२ र राष्ट्रिय युवा परिषद् ऐन, २०७२ ले १६ बर्षदेखि ४० बर्ष समूहलाई युवा मानेको छ भने बंगलादेश र फिलिपिन्सले १५ देखि ३० वर्ष समूहलाई युवा मानेका छन् । भारतमा १६ देखि २९ बर्ष समूहलाई युवा मानिएको छ । भुटानले १३ देखि २४ वर्षलाई युवा मानेको छ । माल्दिभ्सले १८

** उपसचिव, युवा तथा खेलकुद मन्त्रालय*

देखि ३५ बर्ष तथा श्रीलंका र पाकिस्तानले १५ देखि २९ वर्ष समूहलाई युवा मानेका छन् भने अफगानिस्तानले १८ देखि ३५ बर्षलाई युवा मानेको छ। त्यस्तै संयुक्त राष्ट्र संघले १५ वर्षदेखि २४ वर्षको उमेर समूह, राष्ट्र मण्डलले १५ देखि २९ वर्ष तथा अफ्रिकन युथ चार्टरले १५ देखि ३५ बर्ष समूहलाई युवाको रुपमा मानेका छन्।

## युवा जगत – नवरक्त संचार

युवाका रगत अरु उमेर समूहको तुलनामा अलि तातो हुन्छ। उनीहरुमा "केही सिकूँ, केहि गरुँ" भन्ने भावना बढी हुन्छ। बढी जिज्ञासु र संवेदनशिलता पनि रहेको हुन्छ। उनीहरु नयाँ नयाँ कुराहरु नयाँ नयाँ किसिमले जान्न उत्सुक हुन्छन्। देशको विकास र समाज परिवर्तनको हुटहुटि जागेको हुन्छ। संसारको उदाहरण हेर्दा पनि देश विकासमा युवाहरुले नयाँ र महत्वपूर्ण योगदान दिएका थुप्रै उदाहरणहरु भेटिन्छन्।

राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक लगायतका विविध क्षेत्रमा युवाको देन अहम रहेको हुन्छ। नयाँ अविष्कार होस् वा नयाँ खोज नै किन नहोस् युवाहरु खटेको तथा उनीहरुलाई वैज्ञानिक अनुसन्धान गर्न खटाइएको हुन्छ। युवाहरुमा नयाँ जोस, नयाँ उमंग तथा अधिक आँट हुने हुनाले उनिहरुबाट परिवार, समाज र राष्ट्रकै विकासमा अतुलनीय योगदानको अपेक्षा गरिएको हुन्छ। संसार भर युवा जगतलाई नवरक्त संचारको बाहकको रुपमा लिइन्छ। उनिहरुमा memory power बढी हुने गर्दछ। शारिरीक रुपमा सुसंगठित र बलिया हुने गर्दछन्। फुर्तिला र जाँगरिला पनि हुने गर्दछन्। फलत राजनीतिक परिवर्तन देखि बाह्य युद्ध सम्ममा युवा समूहको परिचालन गरिएको हुन्छ।

युवाहरुको विद्यमान भूमिकालाई केलाउँदा उनिहरुलाई Critical thinker (आलोचनात्मक विचारक ), Change maker (परिवर्तनका वाहक ), Innovator (नव प्रर्वतक ), Communicator (सूचनाका वाहक ) तथा Transformative Leadership (रुपान्तरणकारी नेतृत्व ) को रुपमा पनि लिन सकिन्छ।

## नेपालमा युवा

नेपालमा प्रत्येक १० वर्षमा राष्ट्रिय जनगणना गरिन्छ। वि.सं २०६८ सालको जनगणना अनुसार नेपालमा कूल जनसंख्यामा युवाको संख्या ४०.३५ प्रतिशत रहेको देखिन्छ। यो प्रतिशत संख्याले अन्य उमेर समूह भन्दा युवाको संख्या अधिक रहेको देखाउँछ। यद्यपि वि सं २०७८ को नयाँ जनगणना हाल जारी रहेको र परिष्कृत नतिजा आउने तरखरमा रहेको छ।

कुनै पनि देशमा युवाको संख्या अधिक हुने अबस्था एक जुगमा धेरै कम समय सम्ममा मात्र एक पल्ट आउने गर्दछ। समयक्रममा यो अवस्थामा परिवर्तन आई छाड्छ। यसलाई रोकेर राख्न कठिन हुन्छ। यो समयसँग आउँछ र समयक्रमसँगै जान्छ किनकि, आजका यी युवाहरु कालान्तरमा बूढा तथा कमजोर हुन पुग्दछन्। पारिवारिक समस्या तथा रोगले सताउन थल्दछ। तसर्थ, समयमै यिनीहरुलाई देश विकासको महत्वपूर्ण स्रोतको रुपमा विभिन्न क्षेत्रमा परिचालन गरेर बढी लाभ लिई देशको मुहार फेर्न सक्नुपर्दछ। अन्तर्राष्ट्रिय भाषामा यसलाई Population Dividend भनिन्छ। अर्को शब्दमा Population Benefit पनि भन्न सकिन्छ। विकासका विभिन्न स्रोतहरु मध्ये मानव जगतलाई महत्वपूर्ण स्रोतको रुपमा लिइन्छ। त्यस मध्ये पनि युवा स्रोतलाई अझ महत्वपूर्ण र ओजनदार स्रोतको रुपमा लिइन्छ। वास्तवमा मानव जगत विकासका साधन र साध्य दुवै हुन्। यसमा गरिएको लगानीले दीर्घकालमा देश विकासका लागि फाइदा पुग्दछ। मानव स्रोतको महत्व बुझेर धनी तथा विकसित देशहरुले आफ्नो आम्दानीको ठूलो हिस्सा मानव स्रोतको विकास, नविन खोज तथा अनुसन्धान एवं नवप्रवर्तनमा लगानी बढाएका छन्। यिनै विकसित देशबाट गतिलो पाठ सिकेर नेपालले पाएको यो अवसरको बढी भन्दा बढी सदुपयोग गरेर युवा परिचालन गर्दै जनसंख्यिक लाभको रुपमा बढी भन्दा बढी फाइदा हासिल गर्नु पर्दछ।

## संविधानमा युवा

वर्तमान नेपालको संविधान २०७२ को भाग ३ मा मौलिक हकको विभिन्न व्यवस्था र भाग ४ मा राज्यका निर्देशन सिद्धान्त, दायित्व तथा नीतिहरुमा समेत युवा विकास एवं युवा परिचालनका बारेमा विशेष व्यवस्था गरिएको छ। धारा ४८ मा नागरिक कर्तव्यको बारेमा उल्लेख गरिएको छ भने धारा ५१ ञ ७ मा देहायको कुरा उल्लेख गरिएको छ : "राष्ट्रिय विकासमा युवा सहभागिता अभिवृद्धि गर्दै राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारहरुको पूर्ण उपयोगको वातावरण सिर्जना गर्ने, युवाको सशक्तीकरण र विकासका लागि शिक्षा, स्वास्थ्य, रोजगारी लगायतका क्षेत्रमा विशेष अवसर प्रदान गर्दै व्यक्तित्व विकास गर्ने तथा राज्यको सर्वाङ्गीण विकासमा योगदानका लागि उपयुक्त अवसर प्रदान गर्ने। ''

## पन्ध्रौं योजनामा युवा

नेपालले योजनाबद्ध विकासको पहिलो अभियान थालेको वि सं २०१३ सालदेखि हो। यसैक्रमको निरन्तरता स्वरुप हाल पन्ध्रौं योजना (आ.ब.२०७६/२०७७- २०८१/२०८२) संचालनमा रहेको छ। यस पञ्च वर्षीय योजनामा युवा विकास तथा परिचालन सम्बन्धि विशेष व्यवस्था गरिएको छ। यस योजनामा युवा सम्बन्धी देहाय बमोजिमका रणनीतिहरु रहेका छन् :-

- प्राविधिक तथा व्यावसायिक शिक्षा र सिप विकासका अवसर विस्तार गर्ने
- युवालाई उद्यम र व्यवसाय तथा उद्योगको प्रर्वद्धन गर्ने
- युवाद्धारा संचालित उद्यम, व्यवसाय तथा उद्योगको प्रवर्द्धन गर्ने
- वित्तीय स्रोत साधनमा युवाको पहुँच विस्तार गर्ने
- तीन तहको नीति निर्माण देखि कार्यान्वयनसम्म युवाको समावेशी र सार्थक सहभागिता सुनिश्चित गरिने
- युवामा स्वयंसेवी संस्कृतिको विकास गर्ने।

## युवा तथा खेलकूद मन्त्रालय र युवा

युवा तथा खेलकूद मन्त्रालयको स्थापना वि.सं २०६५ सालमा भएको हो। युवा विकास, युवा सशक्तिकरण, युवा जागरण, उद्यमशीलता, स्वरोजगार, सीप विकास, स्काउटिङ, आत्म अनुशासन, स्वालम्बन, स्वयंसेवा, मानवता एवं मानव सेवा, खेलकूद तथा मनोरंजन लगायतका विविध क्षेत्रमा नीति निर्माण,कार्यान्वयन, अनुगमन, निरीक्षण गर्ने तथा निर्देशन दिने उदेश्यले यो मन्त्रालयको गठन भएको देखिन्छ। नेपाल सरकार कार्यविभाजन नियमावली, २०७४ मा यस मन्त्रालयको विस्तृत कार्य जिम्मेवारी तथा कार्य विवरण उल्लेख गरिएको छः

युवा तथा खेलकूद मन्त्रालय अन्तर्गत युवा तथा खेलकूदका क्षेत्रमा काम गर्न हाल देहायका चार निकायहरु खडा गरिएका छन् :-

१ राष्ट्रिय युवा परिषद्

२ राष्ट्रिय खेलकूद परिषद्

३ नेपाल स्काउट र

४ युवा तथा साना व्यावसायी स्वरोजगार कोष।

## युवा सम्बन्धि नीति नियम, ऐन कानुन तथा दीर्घकालीन रणनीति

युवा तथा खेलकूद मन्त्रालयको काम कारवाहीलाई चुस्त दुरुस्त तथा एकरुपता पार्न र सहजीकरण गरी सुशासन कायम राख्न देहाय बमोजिमका नीति नियम,ऐन कानुन तथा दीर्घकालीन रणनीति तयार पारिएको छः

क) राष्ट्रिय युवा नीति, २०७२ तथा राष्ट्रिय युवा परिषद् ऐन,२०७२

ख) राष्ट्रिय खेलकुद नीति, २०६६ तथा राष्ट्रिय खेलकुद परिषद् ऐन,२०७७

ग) नेपाल स्काउट ऐन,२०५०

घ) राष्ट्रिय युवा परिषद् नियमावली,२०७३

ङ) नेपाल स्काउट नियमावली,२०७७

च) युवा तथा साना व्यवसायी स्वरोजगार कोष नियमावली,२०७७

यिनै नीति नियम तथा ऐन कानुनको मार्गनिर्देशनको आधारमा रही युवा तथा खेलकुद मन्त्रालयले आफ्नो काम कारबाही अगाडि बढाएको छ भने समयानुसार विभिन्न कार्यविधि बनाई कार्यान्वयनलाई गतिशिलता प्रदान गरेको छ । यसैगरी दीर्घकालीन रणनीतिको रुपमा "युथ भिजन, २०२५" तयार पारी विविध कार्यक्रम तथा गतिविधिहरु संचालन गरिएको छ । "युथ भिजन, २०२५" ले मुख्य गरी ५ क्षेत्रहरु लाई आधारभूत स्तम्भको रुपमा औंल्याएको छ । ती ५ आधारभूत स्तम्भलाई Five Pillars of youth development पनि भन्ने गरिएको छ । जुन यस प्रकारको रहेको छ :-

**युथ भिजन,२०२५**




**युवा विकासका ५ आधार स्तम्भ**

## दिगो विकास लक्ष्य ( Sustainable Development Goals ) र युवा

नेपाल संयुक्त राष्ट्र संघको सदस्य राष्ट्र हो । संयुक्त राष्ट्र संघले सन् २०३० सम्ममा दिगो विकास लक्ष्य हासिल गर्ने उदेश्य लिएको छ । दिगो विकास लक्ष्यले Living no one behind अर्थात कसैलाई पनि पछाडि नछाड्ने बाचा गरेको छ । मानवता र पृथ्वीको सुन्दर भविष्यकोलागि युवाहरुको भूमिका बारे दिगो विकास लक्ष्यको अनुच्छेद ५३ मा भनिएको छ "The future of humanity and of our planet lies in our hands. It lies also in the hands of today's younger generation who will pass the torch to future generations." यसै गरी एक तिहाईकै हाराहारीका Targets हरुमा पनि युवाहरुको महत्वपूर्ण भूमिका र युवा सशक्तिकरण, सहभागिता र सम्बृद्धिको महत्वका बारेमा दिगो विकास लक्ष्यले उल्लेख गरेको देखिन्छ । नेपालले पनि दिगो विकास लक्ष्य अन्तर्गतका विभिन्न १७ वटा विश्व विकास लक्ष्य र १६९ वटा निर्दिष्ट लक्ष्यहरुलाई केन्द्र विन्दुमा राखेर विभिन्न संघीय मन्त्रालय, प्रदेश सरकार र स्थानीय निकायहरु तथा गैर सरकारी संघ संस्था एवं निजी क्षेत्र मार्फत युवा विकास एवं सशक्तिकरण, युवा जागरण तथा युवा परिचालन लगायतका अन्य क्षेत्रका आफ्ना विकास कार्यक्रमहरुलाई अगाडि बढाएको छ ।

## मन्त्रालयबाट संचालित युवामुखी मुख्य मुख्य कार्यक्रमहरुः

- **राष्ट्रिय युवा प्रतिभा सम्मान कार्यक्रमः** युवा तथा खेलकुद मन्त्रालयले बर्षेनी देशभरि छरिएर रहेका युवा

प्रतिभाहरुको खोजी गरी विशेष कार्यक्रमका साथ नगद पुरस्कार सहित सम्मान पत्र प्रदान गरेर युवाहरुको प्रतिभाको कदर गर्ने गरेको छ। समाजका विभिन्न क्षेत्रमा योगदान दिएका तथा नवप्रवर्तनमा लागेका युवाहरुको यस कदरले अरु युवाहरु पनि सकारात्मक सोंचका साथ उत्प्रेरित होउन् अनि देश र समाजकै विकासमा लागुन् भनेर सार्वजनिक सूचना मार्फत यस्ता युवाहरुको खोजी गर्ने गरिएको हो।

- **युवा संचार कार्यक्रम**ः मन्त्रालय र नेपाल टेलिभिजनको पहलमा प्रत्येक सोमबार विहान ८ बजेर २५ मिनेटमा युवासँग सरोकार राख्ने विभिन्न युवामुखी क्रियाकलाप समेटेर नेपाल टेलिभिजन मार्फत प्रसारण गर्ने गरिएको छ। युवाहरुले स्वरोजगार, उद्यमशीलता,उद्योगी व्यापारी तथा स्वयंसेवी बनेर दिएको योगदानलाई समेत छायांकन गरेर अरु युवाहरुलाई प्रेरित गर्न यस्तो कार्यक्रम संचालन गरिएको हो।
- **युवा प्रकाशन**ः युवा तथा खेलकूदका विविध विषय समेटेर विभिन्न लेखक तथा विद्वानहरुका विचार, लेख, रचना, खोज तथा अनुसन्धानमूलक क्रियाकलापहरु सहित "युवा" नामक लेखहरुको संगालो पत्रिका वार्षिक रुपमा प्रकाशन गर्ने गरिएको छ।
- **अन्तर मन्त्रालय समन्वय तथा सहजीकरण गोष्ठी**ः विभिन्न मन्त्रालयका युवा सम्पर्क व्यक्ति ( Focal Person ) हरुको सहभागितामा युवा सम्बन्धि हरेक मन्त्रालयका कार्यक्रम तथा क्रियाकलापका बारेमा खुला छलफल गर्ने गरिएको छ। यस समन्वय तथा सहजीकरण गोष्ठीले युवाका कार्यक्रममा एकरुपता ल्याउन र स्रोतको सदुपयोग हुनमा मद्दत पुर्‍याउन सक्दछ। एकीकृत रुपमा कार्यक्रम संचालन गर्नमा सहज हुन पुग्दछ। आपसी सहयोग बढाउन मद्दत हुन पुग्दछ।
- **सूचनाको हक कार्यान्वयन गोष्ठि**ः मन्त्रालय र मातहतका निकायमा हुने युवा तथा खेलकूद सम्बन्धी क्रियाकलापहरुलाई पारदर्शी बनाउन, सूचनाहरुलाई एकरुपता पार्न तथा कर्मचारीहरुलाई सूचनाको हकको महत्वबारेमा जानकारी दिने उद्देश्यले राष्ट्रिय सूचना आयोगका पदाधिकारीज्यूलाई आमन्त्रण गरी यो गोष्ठीको आयोजना गर्ने गरिएको छ। यस गोष्ठीले सूचनाको हकका बारेमा भई रहेका अन्य गतिविधिका बारेमा जानकारी लिन र दिन मद्दत पुग्ने गरेको छ।
- **मानवता प्रवर्धनकालागि युवा विद्यार्थी सचेतना कार्यक्रम**ः मन्त्रालयले विभिन्न विद्यालय तथा क्याम्पसमा अध्ययनरत युवा विद्यार्थीहरुलाई मानवता, अनुशासन, नैतिकता, स्वालम्बन, उद्यमशिलता, स्वरोजगार लगायत मन्त्रालय र मातहतका निकायका युवा तथा खेलकूद सम्बन्धित विभिन्न कार्यक्रम तथा भैरहेका क्रियाकलापहरुका बारेमा जानकारी दिनुका साथै युवाको दायित्व, जिम्मेवारी र कर्तव्यका बारेमा प्रशिक्षण दिई सचेतना गर्ने गरेको छ। यस सचेतना कार्यक्रमबाट युवाहरुमाझ सकारात्मक भावना जगाउन, कुलत र कुसंस्कारबाट बचाउन र भविष्यमा असल नागरिक तयार पार्न मद्दत पुग्नुका साथै समाजमा छिपेर रहेका नव प्रतिभा खोज्नु का अलावा युवाका थप क्रियाकलाप स्थानीय तहदेखि नै बढाउन मद्दत पुग्ने आशा गरिएको छ।
- **युवा तथा खेलकूद क्षेत्रका पत्रकार प्रोत्साहन कार्यक्रम**ः मन्त्रालयले प्रत्येक वर्ष युवा तथा खेलकूदका विभिन्न क्षेत्रमा कलम चलाउने पत्रकार तथा संचारकर्मीहरु मध्ये केहीको छनौट गरी उहाँहरुको योग्य कामको सम्मान स्वरुप नगद पुरस्कार सहित सम्मान पत्र प्रदान गर्ने गरेको छ। विशेष प्राथमिकताका साथ हुने यस कार्यक्रमले युवाहरु माझ पत्रकारिताका क्षेत्रमा केही गरौं र युवा विकास तथा युवा परिचालनका क्षेत्रमा उल्लेखनीय गतिविधि होस् भन्ने सन्देश पुग्ने आशा गर्न सकिन्छ।
- **विभिन्न नीति नियम तथा कानुन निर्माण**ः मन्त्रालयले युवा तथा खेलकूदका क्षेत्रमा आवश्यकता अनुसार नीति नियम एवं कानुनको मस्यौदा तयार पार्नुका साथै कार्यविधि निर्माण गरी मातहतका निकायका क्रियाकलापको अनुगमन तथा निरीक्षण गरी निर्देशन दिने गरेको छ।
- **खेलाडी सम्मान तथा पुरस्कार प्रदान कार्यक्रम**ः खेलकूदका माध्यमले देश र जनताको पहिचान बढाउने र राष्ट्रिय

अन्तर्राष्ट्रिय जगतमा जित हासिल गरी भाईचारा बढाउने नेपाली खेलाडीहरु लाई मन्त्रालयले नगद सहित सम्मान गर्ने गरेको छ। यसबाट आउने युवा पुस्तालाई खेलप्रतिको आस्था जगाईराख्न मद्दत पुग्न जाने आशा गर्न सकिन्छ।

- **खेलाडी सचेतना, खेल संघसंस्था प्रशिक्षण तथा Anti-Doping सम्बन्धि कार्यक्रमः** मन्त्रालयले विभिन्न खेलका क्षेत्रमा आबद्ध विभिन्न खेलाडी तथा खेल संघ संस्थाहरुलाई समय समयमा युवा खेलाडीहरुमा हुन सक्ने लैङ्गिक हिँसाका बारेमा सचेतना कार्यक्रम गर्ने गरेको छ। संघसंस्थाहरुलाई कार्यालय संचालन तथा सूचनाको हकका बारेमा पनि प्रशिक्षण दिने गरेको छ। खेलमा प्रतिबन्धित लागू औषधि सेवन विरुद्ध ( Anti-Doping) सचेतना दिई स्वच्छ खेलको महत्वको बारेमा सचेतना दिने गरेको छ। यस्ता गतिविधिबाट नव युवाहरुमा सकारात्मक संदेश जाने आशा गरिएको छ।
- **विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दिवसहरुः** १२ अगस्टलाई अन्तर्राष्ट्रिय युवा दिवसको रुपमा र ५ डिसेम्बरलाई अन्तर्राष्ट्रिय स्वयमं सेवा दिवसको रुपमा संसार भरि युवा सम्बन्धि विविध कार्यक्रम संचालन गरेर मनाइन्छ। मन्त्रालयले राष्ट्रिय युवा परिषद् र विभिन्न अन्तर्राष्ट्रिय संस्था सहित यी युवा लक्ष्क्षित दिवसहरु विभिन्न कार्यक्रमका साथ मनाउने गरेको छ। यस कार्यक्रमहरुबाट युवाहरु प्रतिको सम्मानका साथ साथै स्वयंसेवी भावना जागृत हुने र संसारभरिका युवाका संजालसँग आबद्ध हुन मद्दत पुग्दछ।
- **अन्य कार्यक्रमहरुः** नमूना युवा संसद अभ्यास कार्यक्रम, सीप विकास तथा उद्यमशिल विकास अभिमुखीकरण कार्यक्रम, एक शिक्षण संस्था एक उद्यम कार्यक्रम, युवा अनुभव आदान प्रदानको भ्रमण कार्यक्रम, उद्यम परामर्श कार्यक्रम, युवाका लागि विज्ञान तथा प्रविधि प्रवर्द्धन कार्यक्रम, विज्ञान तथा प्रविधिमा युवा सम्मेलन कार्यक्रम, उद्यमशिलता तथा वित्तिय साक्षरता तालिम कार्यक्रम, विना धितो विना व्याज ऋण वितरण कार्यक्रम, स्वरोजगार कार्यक्रम, आत्म अनुशासन तथा स्काउटिङ्ग सम्बन्धि तालिम कार्यक्रम, खेल प्रशिक्षण तथा तालिम कार्यक्रम, खेल मैदान तथा पूर्वाधार विकास निर्माण कार्यक्रम लगायतका विभिन्न खेलकूद प्रतियोगिताहरु मन्त्रालय र अन्तर्गतका निकायहरुबाट संचालन हुँदै आइरहेको छ। यी सबै कार्यक्रमहरु युवासँग सम्बन्धित कार्यक्रमहरु हुन।

## युवाका समस्या

युवा तथा खेलकुदको विकास तथा परिचालनका क्षेत्रमा संघीय सरकार अन्तर्गत युवा तथा खेलकूद मन्त्रालय, प्रदेश सरकार अन्तर्गत सामाजिक विकास मन्त्रालय (कुनै प्रदेशमा छुट्टै युवा तथा खेलकूद मन्त्रालय रहेको छ ) तथा स्थानीय सरकार अन्तर्गत सम्बन्धित पालिकाका शिक्षा इकाई शाखाले कामकाज गर्दै आइरहेको छन् भने यसका अलावा थुप्रै राष्ट्रिय अन्तर्राष्ट्रिय गैर सरकारी संघसंस्था, निजी क्षेत्र तथा सहकारी संस्थाहरुले पनि युवाका क्षेत्रमा कार्य गर्दै आईरहेका छन्। हाल कुनै खास एक क्षेत्रमा मात्र युवाका समस्याहरु नभई विविध क्षेत्रमा रहेका छन्। जुन पूर्णरुपमा समाधान हुन सकेको देखिंदैन। युवाका विद्यमान Multi sectorial समस्याहरुलाई यसरी औँल्याउन सकिन्छ :-

- रोजगारीको कमीः- युवाहरु स्वदेशमा उपलब्ध पर्याप्त रोजगारीको अभावमा वैदेशिक रोजगारीमा गएका छन्। दैनिक जसो १५०० को हाराहारीमा रोजगार खोज्दै विदेश जाने गरेका छन्। बैदेशिक रोजगारीमा पनि ठगिएका छन्। उचित पारिश्रमिकको अभावमा एक ठाउँबाट अर्को ठाउँमा ओहोर दोहोर गर्ने गरेका छन्। मानसिक तथा शारीरिक पीडा लिएर Danger, Dirty र Difficult कामहरु गर्ने गरेका छन्। विप्रेषण आयको आगमनका साथसाथै अंग भंग भएका शरीर वा लासका बाकस समेत आउने गरेको दृष्टान्त रहेकोछ। अर्को तर्फ स्वदेशमा भएका युवाहरु कि त बेरोजगार छन् कि त मौसमी रोजगारमा छन्। कृषि, पर्टन र जलविद्युत क्षेत्रहरुले तुलनात्मक लाभ दिने भए पनि पूर्ण रोजगारी सृजना गर्न सकेका छैनन्। Covid - १९ को महामारीले त झन् युवाहरु लाई मानसिक तनाव र देशको अर्थतन्त्रलाई धक्का पुर्याएको अवस्थाछ।

- लैङ्गिक हिँसा तथा विभेदको शिकारः- समाजमा रहेको अन्धविश्वास तथा सामाजिक कुरीतिका कारणले युवाहरु लैङ्गिक हिंसाको शिकार भएका छन् । बोक्सी, छाउपडी, तिलक, दाइजो, दहेज, पेवा तथा छुवाछुत जस्ता सामाजिक अन्धविश्वास तथा जातिगत भेदभावका कारण युवाहरु विभेदको शिकार भएका छन् । महिला हिंसा तथा घरेलु हिंसाका घटनाहरुमा पूर्ण विराम लाग्न सकेका छैनन् ।
- कूलतमा फसेको तथा फसाइएकोः- युवा उमेर चन्चले उमेर हो । कौतुहलता जाग्ने र जे गर्न हुन्न त्यही गर्न खोज्ने, जे खान हुन्न त्यही खान खोज्ने, जे हेर्न हुन्न त्यही हेर्ने र जहाँ जान हुन्न त्यहीँ जान मन लाग्ने उमेर हो । साथी भाईको देखासिकी गर्ने र आफ्नो तुलना गर्न मन लाग्ने उमेर पनि हो । यो अध्ययन तथा सीप सिकेर आफ्नो र परिवारको भविष्य उज्ज्वल बनाउने प्रति जिम्मेवारी हुने उमेर पनि हो । तसर्थ, यस उमेर अवस्थामा सही गलत छुट्ट्याउन कठिन हुन्छ र भईरहेको वातावरणले प्रभाव पार्न सक्दछ । अत, यस्तो उमेर समूहका युवाहरु कुलतमा फँसेको देखिन्छ । चोरी चकारी गर्ने, झूठ बोल्ने, अपराधिक गतिविधि गर्ने, मादक तथा लागु पदार्थ सेवन गर्ने, विपरीत लिङ्गका साथीसँगाति जिस्क्याउने जस्ता गतिविधि यही उमेर समूहमा बढी हुने गर्दछ । अन्तर्राष्ट्रिय तथा राष्ट्रिय गिरोहहरुले पनि यही समूहलाई आफ्नो उपभोक्ता बनाई फँसाएका हुन्छन् ।
- सामाजिक पन पातलिएकोः- बढ्दो भौतिक बादप्रतिको मोह, विज्ञानप्रविधि तथा संचार जगतको आश्रयजनक प्रगतिका कारणले आजका युवाहरुमा एक्लै घुम्ने डूल्ने, एक्लै खेल्ने, हाँस्ने र रमाउने जस्ता क्रियाकलापहरु बढ्दै गएको छ । सेल्फी खिच्ने, टिकटक बनाउने, भिडियो गेम खेल्ने तथा च्याटिङ्ग गर्ने र एकाघरमा को आयो को गयो, कस्लाई कसरी कहिले के सम्बोधन गर्नु पर्छ भन्ने जस्ता मानव जीवनका साधारण व्यवहारिक पक्ष समेतको वास्ता नगर्ने गतिविधि बढ्दै गएको देखिन्छ । यस बाट युवा जगतमा एकोहोरो पन हुने, चिड् चिडाहटपन बढ्ने र समाजप्रति वेवास्ता गर्दै डिप्रेसनको शिकार हुने खतरा हुन्छ । अहिले प्रायः परिवारहरुमा एउटै घरमा रहँदासमेत मेसेन्जर वा ह्वाटसपबाट बोलाउनु पर्ने अवस्था आएको हुनाले समाजिक पन पातलिंदै गएको देख्न सकिन्छ ।
- मानवता हराउँदै गएकोः- पृथ्वीका प्राणीहरु मध्ये मानिस सर्वश्रेष्ठ प्राणी हो । मानिससँग ज्ञान, बुद्धि र विवेक हुन्छ । भविष्यप्रतिको सोंच एवं विचार गर्न सक्ने खुबी हुन्छ । अध्ययन अनुसंधान गरी नयाँ निष्कर्ष निकाल्ने अद्भूत क्षमता हुन्छ । शारीरिक बलभन्दा पनि मानसिक बुद्धिको प्रयोगले मानिसले पृथ्वीमा भएका अरु प्राणीहरुलाई बसमा पारेको हुन्छ । दया, माया, करुणा सहानुभूति, सहयोग एवं उपकार जस्ता मानवता सम्बन्धी गुणहरु मानिसमा नै हुन्छ । तर बढ्दो भौतिकबाद र विश्वीकरकरणको प्रभाव स्वरुप मानिसहरु स्वार्थी र व्यापारिक हुँदै गएका छन् । आध्यात्मिक चिन्तन र मानवतावाद लाई मानववादले पछि पारेको छ । मानवको हितलाईमात्र ध्यान दिन खोज्दा अरु प्राणिप्रति अन्याय हुन पुगेको छ । प्राकृतिक स्रोतको अत्यधिक दोहनले वातावरण प्रदुषण बढ्दै गएको तथा जलवायु परिवर्तनका कारण पृथ्वीको प्राकृतिक चक्र गडबडी भई मानवीय जीवन थप कष्टकर हुँदै गएको छ । आज एकले अर्कोलाई सहयोग गर्नु पर्दा नाफा घाटाको तुलोबाट हेरिन थालिएको छ इमान्दारिता र नैतिकता एक आपसबाटै हराउँदै गएका छन् । जसको प्रभाव वर्तमान युवाहरुमा पनि नपर्ला भन्न सकिन्न ।

## अबको बाटो

युवाका वर्तमान समस्या समाधान नभएसम्म देशले कर्मठ नागरिक तयार पारी देश विकासमा परिचालन गर्न सक्दैन । एक जुगमा आएको युवाको बढ्दो संख्यालाई अवसरका रुपमा ग्रहण गरी स्थानीय तहदेखिनै महत्तम प्रयोग गर्नु पर्छ । यसकालागि देहायको उपाय अपनाउनु पर्ने देखिन्छः

- प्रत्येक बालबालिकालाई अनिवार्यरुपमा निःशुल्क शिक्षा दिने । आत्म अनुशासन, नैतिकता, उच्च आचरणयुक्त व्यवहार, मानवता, दया, माया, करुणा, उपकार, परोपकार, सहयोग तथा स्वयंसेवा जस्ता मानवताका गुणहरुका

बारेमा निरन्तररुपमा ज्ञान दिँदै जाने,

- बढ्दो विज्ञान प्रविधि तथा संचारको विकासको प्रभाव स्वरुप बालबालिका तथा युवाहरुमा प्रविधिको प्रयोगप्रतिको लतले स्वास्थ तथा सामाजिकपनामा पारेको असरलाई न्युनीकरण गर्न मनोसामाजिक तथा कानूनी परामर्शका क्रियाकलापहरु बढाउने। परिवार समाज र राष्ट्रप्रतिको आफ्नो कर्तव्य र जिम्मेवारीका बारेमा बोध गराउने, नेतृत्व विकास र क्षमता विकासका थप गतिविधिहरु निरन्तररुपमा संचालन गर्दैजाने,
- रोजगारी गर्न ईच्छुक प्रत्येक युवालाई जीवन उपयोगी सीप सिकाउने। प्राविधिक दक्ष जनशक्ति स्वदेशमै तयार पारी रोजगारीको प्रत्याभूति सहित स्वदेशमै अडिन सक्ने वातावरण तयार पार्ने,
- स्वच्छ र स्वस्थ्य खेलकूदको माध्यमबाट राष्ट्रको पहिचान अन्तर्राष्ट्रिय जगतसम्म पुर्‍याउन सकिने हुँदा खेल पूर्वाधारहरुमा लगानी बढाई बालबालिका तथा युवाहरुको सहभागिता व्यापकरुपमा बढाउने,
- अनिवार्यरुपमा निःशुल्क स्वास्थ सेवामा सबै नागरिकको पहुँच पुऱ्याउने,
- हिजो आज स्वास्थ र शिक्षा जस्तो मानवीय जीवनमा नभई नहुने कुराहरुमा बढ्दो व्यापारीकरण बढ्दै गएको छ। सर्व साधारणको पहुँच भन्दा पर यी सेवाहरु पुग्न थालेका छन् तसर्थ, यस्ता गतिविधिहरुको तीव्र अनुगमन गर्दै बढ्दो नाफामुखी प्रवृतिमा अंकुस लगाउने,
- उद्यमशील बन्न ईच्छुक युवाको लगत तयार पारी उनीहरुको सीप विकास गर्दै सहुलियतपूर्ण कर्जा वितरण कार्यलाई घर घरसम्म पुऱ्याउने,
- युवाले उत्पादन गरेका सामाग्रीको बजारसम्म पुऱ्याउने र खरिद हुन सक्ने वातावरण तयार पार्ने,
- वैदेशिक रोजगारीबाट फर्केका युवाले विप्रेषण मात्रै ल्याउँदैन, विशेष सीप सिकेर पनि आएका हुन्छन्। ती युवाहरुको सीपको कदर गर्दै उनीहरुलाई उद्यमी बन्न विशेष प्याकेज सहित आकर्षित गर्ने,
- वैदिशिक रोजगारमा जान चाहने युवालाई वैदेशिक माग तथा रोजगारीको प्रकृति अनुरुपको अभिमुखीकरण तालिम तथा सीप सिकाई दक्ष पारेर मात्र जाने वातावरण तयार पार्ने। उनीहरुको अभिलेख देशगत, कम्पनीगत र काम अनुरुप तयार पारी राख्ने व्यवस्था मिलाउने। वैदेशिक रोजगारीमा हुने ठगीका घटनालाई न्युनीकरण गर्ने,
- समाजमा हुने लैंगिक तथा घरेलु हिंसा, छुवाछुत तथा भेदभावका विरुद्ध शून्य सहनशीलता सम्बन्धि सशक्त अभियान चलाउने,
- युवाहरुमा हुन सक्ने लागू तथा मादक पदार्थको सेवन तथा दुर्व्यसनी विरुद्धको सचेतना अभियान प्रत्येक घर, परिवार, टोल, छिमेक, समाज, विद्यालय तथा विश्वविद्यालयसम्म पुऱ्याउने, लागू पदार्थको ओसार पसार तथा कारोबार गर्ने गिरोहहरुलाई कडाभन्दा कडा कारबाही गर्ने,
- प्रकृतिको संरक्षण गर्दै दिगो विकासका लक्ष्य हासिल गरी विश्व शान्ति कायम गर्ने र युद्ध तथा द्वन्द्वबाट टाढै रहने गरी युवाहरु माझ व्यापकरुपमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय युवा संजाल गठन गरी परिचालन गर्ने र
- अन्तमा, युवामुखी नीति तथा कार्यक्रमहरु सरकारका तीनै तहहरुबीच समन्वयात्मक ढंगले निर्माण गरी निरन्तररुपमा संचालन गर्ने,

**निष्कर्ष**

युवाहरु भनेको नव रक्त संचार हुन्। यिनीहरुको विकास भनेकै राष्ट्रको विकास हो। आजका युवा भोलिका कर्णधार हुने हुँदा युवामा गरिएको लगानीले दीर्घकालमा फाइदा पुगी देश विकास हुन जान्छ। गरिवी, बेरोजगारी, असमानता, विभेद, कुपोषण, रोग, भोक र अभाव हट्न गई अमनचयन कायम हुन जान्छ। सुशासन मौलाउँछ। जतातत‍ै शान्ति छाई देशमा सम्बृद्धि हासिल हुन

पुग्दछ । नागरिक सुखी र खुशी हुन पुग्दछन् । वास्तवमा संसारका मान्छेले चाहेको पनि यही हो ।

**सन्दर्भ सामाग्रीः**


- नेपालको संविधान,२०७२, नेपाल कानुन किताब व्यवस्था समिति, नेपाल सरकार काठमाण्डौं ।
- नेपाल सरकार कार्यविभाजन नियमावली,२०७४, प्रधान मन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, नेपाल सरकार, काठमाण्डौं, नेपाल ।
- नेपालको पन्ध्रौं योजना (२०७६/२०७७-२०८०/८१ ), राष्ट्रिय योजना आयोग, सिंहदरबार, नेपाल ।
- राष्ट्रिय युवा नीति, २०७२, युथ भिजन २०२५ तथा दश बर्षे रणनीतक योजना,नेपाल सरकार, युवा तथा खेलकुद मन्त्रालय, सिंहदरवार, काठमाण्डौं, नेपाल ।
- युवा अंकका विभिन्न प्रकाशन,नेपाल सरकार युवा तथा खेलकुद मन्त्रालय ।
- स्थानीय सरकार संचालन ऐन,२०७४,नेपाल कानुन किताब व्यवस्था समिति,नेपाल सरकार, काठमाण्डौं ।
- दिगो विकास लक्ष्य,राष्ट्रिय योजना आयोग,सिंहदरवार नेपाल ।
- https://www.un.org./sustainabledevelopment/youth/
- गोरखापत्र लगायतका अन्य दैनिक पत्रिका हरु ।

# युवा र मानवसेवा

**होमनाथ तिमल्सिना***

**साराशः**

तपाईँ प्रजातन्त्रवादी भए पनि, गणतन्त्रवादी भए पनि, राजतन्त्रवादी भए पनि पहिला तपाईँ मानवतावादी हुनुपर्दछ । तपाई साम्यवादी भए पनि पूँजीवादी भए पनि मानवतावादी बन्नु पर्छ । तपाई मन्दिरमा पूजा गर्नुस् या चर्चमा प्रार्थना गर्नुस् या मस्जिदमा हज गर्नुस् पहिला तपाईले मानवतालाई आत्मासात गर्नु पर्दछ ।

मानवता सिद्धान्त होईन, यो चेतना र सभ्यताको अभ्यास हो । मानवता चेतनशील, सिर्जनशील समाजको उच्चतम उपलब्धि हो । ठुला घर, चिल्ला सडक आधुनिक भौतिक विकासको दृष्टिमा पनि जबसम्म मानिसमा मानवताको विकास र प्रयोगमा आउदैन यो सबै फिक्का हुन्छ । औँसीको रात जस्तै, बाटो नभेटेको मिहिनेती कमीला जस्तै यता र उता भौतारी रहन्छ ।

हामी युवाले अब मानवतालाई प्रथम स्थान दिनु जरुरी छ यसले हामीलाई थप ऊर्जावान बनाउँछ । धेरै नवीन कामको सुरुवात युवाहरुलेनै गरेका छन् । हामीले विश्वलाई नयाँ उचाइमा लानको मानवतालाई केन्द्रमा राखेर कार्य गरे विश्व अझ सुन्दर, शान्त, समृद्धि र प्रेमले भरिनेछ ।

आज संसारमा युवाहरूकै माग छ । युवालाई पल्टाएर पढौँ त वायु बन्दछ । हामी मानव जीवनमा प्राण वायुको जति जरुरी छ यो समाज र संसारमा युवाको जरुरत त्यति नै छ । किनकि युवा सिर्जनाका खानी हुन् । युवा जोश हो । युवा जाँगर हो । युवा उत्साह हो । युवा ऊर्जा हो । युवा वर्तमान हो । युवा भविष्य हो । त्यसैले युवा मानवताको आधार हो । समृद्धिको संवाहक हो । युवा श्रमिक हो । युवा मजदुर हो । युवा अन्वेषक हो । युवा सिद्धान्तकार, अनुसन्धानकर्ता हो । युवा सर्जक हो । युवा आविष्कारक हो । युवा साधक हो । त्यसैले विश्वको नवीन परिवर्तनमा युवाको महत्व पूर्ण भूमिका रहन्छ ।

परिवर्तनका संवाहक शक्ति हुन् युवा,

विकास र उत्थानका प्रतिनिधि पात्र हुन् युवा,

रूपान्तरणका निर्णायक शक्ति हुन् युवा,

विश्वका प्रतिष्ठा र गौरव हुन युवा ।

तपाईँ हामीले विश्व जगतको कुरा गर्ने हो भने फिनल्याण्डमा विश्वकै कान्छी प्रधानमन्त्री सना मरिनले देश सञ्चालन गरिरहेकी

** केन्द्रिय कोषाध्यक्ष, मानवसेवा आश्रम*

छिन्।

फेसबुकका मालिक मार्क ३७ वर्षका भए उनी विश्व प्रविधिका नायकको रूपमा आफूलाई उदयमान बनाउन सफल भएका छन्। उनी विश्वकै १४ धनी व्यक्तिको रूपमा रहेका छन्।

विश्वकै सानो उमेरमा नोवल शान्ति पुरष्कार जित्ने मलाला युसुफजई पाकिस्तानी महिला हुन्। उनले सन् २०१४ मा शन्ति नोवल पुरस्कार प्राप्त गरिन्।

विश्वको सबै क्षेत्रमा युवाले परिवर्तनको शिखर चढेका छन्। तीमध्ये केही क्षेत्रको उदाहरण हामीले यहाँ चर्चा गरौँ।

## १) संसारका धनी व्यक्ति

इलोन मस्कः इलोन मस्क संसारको सबैभन्दा धनी व्यक्ति जो स्पेस एक्स, टेस्ला जस्ता कम्पनीको संस्थापक तथा प्रमुख कार्यकारी रहेका छन्। जीवनको सुरुवाती समयमा धेरै संघर्ष गरेका उनी बिना प्रयत्न यो स्थानमा पुग्नको लागि गाह्रो मात्र हैन धेरै गाह्रो थियो। उनले आफ्नो यात्रा पनि युवा अवस्थामानै सुरुवात गरेका थिए।

जेफ बेजोसः जेफ बेजोस एक अमेरिकी प्रविधि उद्यमी, लगानीकर्ता र समाजसेवी हुन्। उनी अमेजनको अध्यक्ष तथा प्रमुख कार्यकारी अधिकृत हुन्। उनले सन् १९९४/९५ मा अमेजन नामको सार्वजनिक कम्पनी स्थापना गरे आज उनी संसारको दोस्रो धनी व्यक्ति हुन् भनेर फोब्स म्यागजिनको २०२२ रिपोर्टमा भनिएको छ।

बिल गेट्सः २८ सेप्टेम्बर १९५५ मा सियेटल, वाशिंगटनमा जन्मिएका बिल गेट्स एक अमेरिकी व्यापारी, आविष्कारक तथा माइक्रोसफ्ट कम्पनीका संस्थापक अध्यक्ष हुन्। उनी विश्वकै चौथो धनी व्यक्ति हुन्। उनले १९७५ मा नै आफ्नो कम्पनीको सुरुवात गरेका थिए जतिबेला उनी मात्र २० वर्षका थिए। उनले ३० वर्षको उमेरमा लखपति बन्ने सपना देखेका थिए तर ३१ वर्षको उमेरमा नै उनी करोडपति बन्न सफल बिल गेट्स एन्ड मेलिन्डा गेट्स फाउन्डेसन मार्फत सामाजिक सेवामा पनि उतिकै योगदान गर्ने गर्छन्।

ल्यारी पेजः गुगलका सह-संस्थापक ल्यारी पेजको जन्म मार्च २६, १९७३ मा भएको हो। उनी अमेरिकाका कम्प्युटर वैज्ञानिक हुन्। ल्यारी पेज सन् २०१८ मा विश्वकै दोस्रो शक्तिशाली प्रमुख कार्यकारी अधिकृत हुन्। उनी हाल संसारको पाचौँ धनी व्यक्ति हुन्।

माथिका व्यक्ति अहिले पनि युवा अवस्थामा छन् भने केहीले आफ्नो युवा समयमा आफ्नो करियर सुरुवात गरेर सफलता प्राप्त गरिसकेका छन्।

## २) सामाजिक सञ्जालमा युवा

सामाजिक संजालका रूपमा नेपाल तथा विश्वमा नै परिचित फेसबुक, टिकटक, इन्स्टाग्राम, ट्वीटर हामी धेरै जनाले पनि प्रयोग गरिरहेको छौँ। तर हामीलाई थाहा नहुन सक्छ यसको बारेमा कसले सोच्यो र कहिले सुरुवात भयो भनेर।

**फेसबुक:**

सन् २००४ मा मार्क जुकरबर्गले हार्वर्ड विश्वविद्यालयमा हुँदा उनका कलेज कोठामा सँगै बस्ने सहपाठी साथीहरू, जो कम्प्युटर विज्ञानका विद्यार्थीहरू थिए: एडवार्डो साभरिन, डस्टिन मोसकविट्ज, क्रिस ह्यूजेस र एन्ड्रयु म्याककोलमसँग मिलेर फेसबुकको स्थापना गरेका हुन्। मार्कलाई सन् २००८ मा यही फेसबुकले विश्वकै कान्छो उमेरको अर्बपति बनाएको थियो हाल(२०२२) मा उनी विश्वकै १४ धनी व्यक्तिको स्थानमा रहेका छन्।

**टिकटकः**

स्थापना सन् २०१२ मा झाङ यिमिङले गरेका थिए। एक प्रख्यात चिनियाँ श्रव्य दृश्य साझेदारी गर्ने सामाजिक सञ्जाल सेवा हो जुन जुजि थाओदोङ (बाइटडान्स : अनुवादित शीर्षक) नामक चिनियाँ प्रविधि कम्पनीको स्वामित्वमा रहेको छ। चीनको राजधानी बेइजिङमा मुख्यालय रहेको यसको सेवाको स्थापना सन् २०१२ मा झाङ यिमिङले गरेका थिए।

**इन्स्टाग्रामः**

एक अमेरिकी तस्वीर तथा श्रव्य दृश्य साझेदारी गर्ने एक सामाजिक सञ्जाल सेवा हो जुन फेसबुक निगमको स्वामित्वमा रहेको छ। यसलाई केभिन सिस्ट्रोम र माइक क्रेइगरद्वारा संयुक्त रूपमा निर्माण गरिएको थियो। यसलाई सन् २०१० मा आइओएस मार्फत सुरु गरिएको थियो।

**ट्वीटरः**

एक अमेरिकी माइक्रोब्लगिंग र सामाजिक नेटवर्किङ सेवा हो जसमा प्रयोगकर्ताहरू पोष्ट गर्दछन् र सन्देशहरू अन्तर्क्रिया गर्दछन् जुन "ट्वीट्स" भनेर चिनिन्छ। रेजिष्टर्ड प्रयोगकर्ता पोष्ट गर्न सक्छ, र रिट्वीट ट्वीटहरू, तर दर्ता नगरिएका प्रयोगकर्ताहरूले मात्र पढ्न सक्छन्। १५ जुलाई २००६ मा ज्याक डोर्सी, नोह ग्लास, इबान विलियम्स, बिज स्टोनले संयुक्त रूपमा स्थापना गरेका हुन्।

विश्वमै बढी प्रयोग गरिने यी सामाजिक सञ्जालहरुको बारेमा धेैरैलाई थाहा छ तर धेरै जनाले यसको महत्वपूर्ण पक्षलाई चाँहिं वास्ता नगरिकनै रहेका हुनसक्छन्। आफैलाई प्रश्न गरौँ त यी सामाजिक संजालका संस्थापकहरुले आफ्नो जीवनको कुन उमेर समूहमा सेवा सुरुवात गरेका थिए? यसको उत्तर सजिलो छ युवा अवस्थामा। उनीहरूको हालको उमेरलाइ हेर्ने हो भने पनि धेरै जना अहिले पनि युवा अवस्थामा छन्। विकिपिडियालाई स्रोत मान्दै मार्क जुकरबर्ग (३८ वर्ष) जो फेसबुकको संस्थापक हुन्, झाङ यिमिङ (३७ वर्ष) जो टिकटको संस्थापक हुन्, केभिन सिस्ट्रोम (३८ वर्ष) र माइक क्रेइगर (३५ वर्ष) उनीहरू इन्ष्ट्राग्रामका संस्थापक हुन् भने, ज्याक डोर्सी (४५ वर्ष), नोह ग्लास (४१ वर्ष), इबान विलियम्स (४७ वर्ष), बिज स्टोन (४९ वर्ष) ट्विटरको संस्थापक हुन्। उनीहरूले आफ्नो जीवनको ऊर्जावान समय (युवा अवस्थामा) कर्मलाई बुझे र गरे आज उनका कारण ईन्टरनेटको दुनियाँमा परिवर्तन आएको छ।

जन्मपछि मृत्यु निश्चित छ। भगवान गौतम् बुद्ध भन्नुहुन्छ, "जन्म भग्याको कुरा हो, मरण समयको कुरा हो तर मरण पछि पनि स्मरण हुने कुरा कर्मको कुरा हो। जीवनको उचाई वर्षले होईन कर्मले नापिन्छ। कर्म जस्तोसुकै होस् त्यसलाई मर्यादित र व्यवस्थित बनाउने चाहना सवै जनाको हुन्छ।" हामी सबै अब्बल र उत्कृष्ट बन्ने चाहना राख्दै र कर्म पनि त्यसैको लागि गर्ने गर्दछौँ। बिहानदेखि बेलुकासम्म, जन्मदेखि मृत्युको क्षणसम्म धनी, गरिब, जात, वर्ण, लिङ्ग, पेसा, वर्ग सबै सबैको एकै चाहनालाई फरक फरक तरिकाबाट पूरा गर्नको लागि प्रयत्नशील छन्। यसलाई कालो, गोरो, होचो, अग्लो, कुनै कदले फरक पार्दैन।

तपाईँ प्रजातन्त्रवादी भए पनि, गणतन्त्रबादी भए पनि, राजतन्त्रवादी भए पनि पहिला तपाई मानवतावादी हुनुपर्दछ। तपाई साम्यवादी भए पनि पुँजीवादी भए पनि मानवतावादी बन्नु पर्छ। तपाई मन्दिरमा पूजा गर्नुस् या चर्चमा प्रार्थना गर्नुस् या मस्जिदमा हज गर्नुस् पहिला तपाईले मानवतालाई आत्मसात गर्नु पर्दछ।

मानवता सिद्धान्त होईन, यो चेतना र सभ्यताको अभ्यास हो। मानवता चेतनशील, सृजनशील समाजको उच्चतम उपलब्धि हो। ठुला घर, चिल्ला सडक आधुनिक भौतिक विकासको दृष्टिमा पनि जबसम्म मानिसमा मानवताको विकास र प्रयोगमा आउदैन यो सबै फिक्का हुन्छ। औँसीको रात जस्तै, बाटो नभेटेको मिहिनेती कमिला जस्तै यता र उता भौतारिइ रहन्छ।

हामी युवाले अब मानवतालाई प्रथम स्थान दिनु जरुरी छ यसले हामीलाई थप ऊर्जावान बनाउँछ। समाजमा यस्ता हस्ती जसको बारेमा हामी चर्चा गर्दै छौँ।

**म्यागी डोएनः**

२०१५को सि. एन्. एन्. हिरो घोषित म्यागी डोएन (जन्म नोभेम्बर ७, १९८६) अमेरिकी नागरिक हुन् । उनले नेपलामा गरेको मानवसेवाको कार्यलाई उच्च मूल्याङ्कन गर्दै यो पदक पाउन सफल भएकी हुन् । जसले नेपालको सुर्खेतमा बालगृह, महिला केन्द्र र विद्यालय बनाएकी छिन् ।

ब्लिङ्कनाउ फाउन्डेसन सुर्खेतस्थित कोपिला भ्याली चिल्ड्रेन्स होम, स्कूल एण्ड विमेन्स सेन्टर र न्यू क्याम्पसको व्यवस्थापन र आर्थिक सहयोगका लागि डोएनद्वारा सन् २००७ मा स्थापना गरिएको गैर नाफामुखी सङ्गठन हो । संयुक्त राज्य र नेपालमा मुख्यालय भएको ब्लिङ्कनाउले सुर्खेतमा आत्मनिर्भरता र दिगो विकासको प्रवर्धन गर्छ । डोएनको ब्लिङ्कनाउ फाउन्डेसनको आर्थिक सहयोगमा चल्ने कोपिला भ्यालीअन्तर्गत दिगोपनको सिद्धान्तमा केन्द्रित विद्यालय, बालगृह, महिला केन्द्र र अस्पताल पर्दछन् ।

सन् २००७ मा कोपिला भ्याली चिल्ड्रेन्स होमको स्थापना भएपछि डोएन ४५ भन्दा बढी बालबालिकाको कानूनी अभिभावक बनिन् । नेपाली हेरचाहकर्ताका साथ म्यागी यही घरमा बसी बालबालिकाको स्याहारसुसार गर्छिन् ।

**पुष्पा बस्नेतः**

२०१२ को सिएनएन हिरो घोषित पुष्पा वस्नेत  नेपाली चेली हुन् । उनी नेपाली युवा समाजसेवी तथा प्रारम्भिक बाल विकास केन्द्र (ECDC) र पुतली घर नामक गैह्नाफामूलक गैह्सरकारी संस्थाकी संस्थापक/अध्यक्ष हुन । उनी र उनको संस्थाले विभिन्न कारणले कैदमा परेका अभिभावकका छोराछोरीको अधिकारको सुरक्षा गर्ने काम गर्दछ । सिएनएन हिरो अवार्ड २०१२ का लागि उनको नाम मनोनयनमा परेपछि विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सञ्चार संस्थाहरूले उनको कामको प्रचार प्रसार गरेका हुन । जेलमा रहेका मातापिताको सन्तानको अधिकारका लागि कार्यरत पुष्पा बस्नेत २०१२ का लागि सिएनएन हिरो घोषित भइन् र सन् २०१६ मा उनी 'सिएनएन सुपर हिरो" घोषित भईन ।

**मलाला युसुफजईः**

१९९७ मा पाकिस्तानको खैबर पख्तूनख्वाह प्रान्तको स्वात जिल्लामा जन्मेकी मलाला युसुफजई पाकिस्तानी महिला शिक्षा तथा बालअधिकारवादी कार्यकर्ता हुन् । सन् २०१४ को नोबेल शान्ति पुरस्कार प्राप्त गर्न सफल मलाला नोबेल पुरस्कार पाउने हालसम्मकै सबभन्दा कम उमेरकी व्यक्ति हुन् । उनी स्वात उपत्यकामा तालिबानहरूले केटीहरूलाई विद्यालय जान प्रतिबन्ध लगाएको समयमा महिला तथा शिक्षाको लागि वकालत गरेका कारण चर्चामा आएकी हुन् ।

**रामजी अधिकारीः**

गोरखाको खोप्लाङमा जन्म भएका रामजी अधिकारी नेपाली युवा जगतको लागि एक उदाउँदा सिताराको रूपमा रहेका छन् । असल सामाज निर्माणका लागि मानवीय भावनालाई जनजनमा पुर्‍याई सामाजको सकारात्मक रूपान्तरणमा आफूले गर्न सक्ने योगदान गर्नुपर्छ भन्ने भावनाले २०६९ सालदेखि मानवसेवा आश्रमको सुरुवात गरी नेपाललाई सहयोगापेक्षी सडक मानवमुक्त देश निर्माण गर्ने अभियानमा छन् । मानवसेवा आश्रम देशको सातै प्रदेश, १९ जिल्लाको २५ स्थानबाट सेवा सञ्चालन गरी १६०० भन्दा बढी सहयोगापेक्षी सडक मानवहरुको संरक्षण, उद्धार, उपचार, तथा पारीवारिक पुनर्मिलनको सेवामा छन् । अधिकारी सेवासँगै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा उत्प्रेरणा, असल जीवनशैली, चरित्र निर्माण जस्ता महत्वपूर्ण विषयका विज्ञको रूपममा बिभिन्न प्रशासनिक तथा सुरक्षा निकाय, सामाजिक अभियन्तालाई प्रशिक्षण तथा अनुभव आदान प्रदान पनि गर्छन् । उनको मिसन २०८२ साल सम्म नेपाललाई सहयोगापेक्षी सडकमा आश्रित मानवरहित नेपाल निर्माण गर्नु हो । नेपालको पहिचान र प्रतिष्ठामा बृद्धि गर्नु रहेको छ ।

समाजमा आविस्कार होस् या साहित्य, विकास होस् या बिनास युवाहरुको हातमा छ । अव मानवताको उत्खन्न पनि युवाहरूले

नै गर्नु पर्दछ । मानवताको उत्खनन मानव स्वभावमा हुन्छ, आचरणमा हुन्छ, व्यवहार र बानीमा हुन्छ । स्कुलको पाठ्यक्रममा नपढाईने यी मानवताको विषयवस्तुहरू अब व्यावहारिक रूपमा पनि टाढिँदै गएको छ । २१ औँ शताव्दीमा व्यासी मानिसभन्दा पनि अभ्यासी मानिस हुनु पर्दछ । हामी धैरै जनाले सुनेकै कथा हो "डोको" यसले अझ व्यवहारिकतालाई नियालेको छ ।

चारजना सदस्य भएको एक परिवार थियो । श्रीमान, श्रीमती, छोरा र बृद्ध बुबा । बृद्ध भएका बुबाको स्वास्थ्य अवस्था कमजोर भएकोले रात दिन सधै खोकिरहन्थे । एक दिन बुबाको छोरा बुहारीले बुबालाई जङ्गलमा लगेर छोडिदिने सल्लाह गरेको छोराले सुनिरहेको हुन्छ । यसै क्रममा एक दिन बुबालाई डोकोमा हालेर वनतिर लग्नै लाग्दा सानो छोराले डोको चाही फिर्ता ल्याउनुस् है बाबा पछि हजुरहरु पनि बृद्ध भएपछि मैले यही डोकोमा बोकेर जङ्गलमा लगेर छोड्नु पर्छ । यी शव्द सुनेपछि छोराले बुबालाई घरमा नै राखेर पाल्दछ ।

यही सन्दर्भमा ३४ वर्षीय रामजी अधिकारीज्यूले युवालाई लिएर नेतृत्व गरेको मानवसेवा आश्रमले नेपालमा मानवीयता जगतमा गरेको प्रयास अत्यन्तै फराकिलो छ । कुनै पनि दातृ निकायको सर्तसहितको सहयोग नलिइकन मात्र नेपाली परोपकारी मनबाट प्राप्त योगदानले भएका उपलब्धि मननीय छन् ।

## मानवताको ९ वर्ष

भनिन्छ नि, हेर्दा र सुन्दा कथा जस्तै लाग्छ..... हो, त्यस्तै छ, मानवसेवा आश्रमको ९ वर्षे ऐतिहासिक कथा । गोजीमा सुक्का दाम नभएका तर मनमा दृढ सङ्कल्प भएका रामजी अधिकारी र युवाहरूले सहयोगापेक्षी, सडकमा आश्रित मानवमुक्त देश निर्माण गरी विश्व मानचित्रमा फरक पहिचान बनाउने सपना बोकेर त्यस्ता मानव, जसका विषयमा कसैले पनि सोचेको थिएनन् । आँखै अगाडि भएपनि नदेखेझैँ गर्ने गर्थे, धैरैले ती व्यक्तिलाई मानिस पनि सम्झेनन् मात्र जनावर जस्ता सम्झेर जङ्गलमा लगेर छाडिदिन्थे । यस्तै पीडालाई सेवामा परिणत गर्ने पवित्र भावनाले सेवा सुरुवात भयो । मानवसेवा आश्रम सुरुवातदेखि हालसम्म आईपुग्दा पहिले र अहिलेलाई स्मरण गरि हेर्दा धैरै परिवर्तन भएको महसुस हुन्छ ।

| २०६९ साल ( पहिले ) | २०७८ साल ( अहिले ) |
|---|---|
| ५ जना लक्ष्मीनारायण (आश्रित व्यक्तिहरू) | १४७८ जना लक्ष्मीनारायण (आश्रित व्यक्तिहरू) |
| ३ जना अभियन्ताहरू | १५० जना अभियन्ताहरू |
| ८ कोठाको घर भाडामा लिई सेवा सञ्चालन | ९ जिल्लामा आफ्नै भवन निर्माण गरी सेवा सञ्चालन, |
| १ जिल्लामा सेवा सञ्चालन | १९ जिल्लामा २५ सेवा केन्द्र सञ्चालन |
| घर घरमा मुठ्ठीदान सङ्कलन गर्ने | जन्मदिन, विवाह वर्षगाठ, विवाह, पुण्यतिथिको अवसरमा सहयोग, संस्थाको स्थापना दिवसमा आश्रममा आएर सहयोग गर्ने संस्कारको विकास |
| स्थानीय सरकार भनिनेहरू सडक मानवलाई जङ्गलमा लगेर छाड्थे | सहयोगापेक्षी सडकमानवमुक्त बनाउन नीति तथा कार्यक्रममा समावेस तथा सीमित बजेट व्यवस्था हुन थालेको |

सुरुवातका ९ वर्षले ९० वर्ष लामो लाग्ने महत्वपूर्ण अनुभव सिकाएको छ । मानिसको स्वभाव तथा आचरणले, नेपालको भावी मार्गचित्र स्पष्ट देखाएको छ । यही मार्गचित्रका बारेमा भन्नु पर्दा "हाम्रो चाहना, सबैका लागि खाना,नाना र छाना" भन्ने नारा बनेको छ ।

**हाम्रो प्रतिबद्धता :**

सहयोगापेक्षी (बेसहारा, अशक्त, असहाय, अनाथ, अभिभावकविहीन, शारीरिक तथा मानसिक रूपमा कमजोर) सडकआश्रित मानवमुक्त राष्ट्र नेपाल निर्माण एवं घोषणा भएको छ । हाम्रो सपना, "मानवीयताको राष्ट्र नेपाल निर्माण गर्नु" बनेको छ जुन हामीले सुतेको बेलामा देखेको होईन, सुत्न नदिने खालको सपना हो ।

युवाहरूले आफ्नो राज्यको लागि देखेको एक महान सपना जुन पूरा गर्नको लागि परोपकारी उदार नेपाली मनहरूको साथ र प्रेमले अगाडि बढिरहेको छ । "मिसन २०८२" को लक्ष्य राखेर सेवालाई प्रभावकारी तथा द्रूत गतिमा सम्पन्न गर्दै अगाडि बढिरहेको

छ । हजारौँ हजार सेवा भएको छ । स्पष्ट अनुभूति हुने खालका, प्रेरणादायी र स्मरणयोग्य कर्म र सन्देशलाई फर्केर हेर्दा हाल निम्नानुसारको अवस्था पाइन्छ ।

**यी ९ वर्षमा केके भए ?**

### १) मुठ्ठी मुठ्ठी मागेर ६००० लाई सेवाः-

मानवसेवा आश्रमको सेवा सुरू हाम्रो संस्कारलाई जगेर्ना गर्ने उदेश्य तथा सेवाको लागि आवश्यक खाना तथा स्रोत नहुदा हेटौडाका घर घरमा गएर मुठ्ठीदान सङ्कलन गरेर सुरु भएको सेवाले ९ वर्षमा ६००० भन्दा बढी सडकमानवलाई सेवा दिइसकेको छ । कहीँ घरबेटी आफैँले घरमा मान्छे नभएको बताए, कत्तिले जुठो पानीले छयापे, कत्तिले कुकुर फुकाए, सक्नेले सक्ने जति गरे । हामीले पनि त्यही सक्ने जति नै गर्‍यौँ। मागेरै भएपनि आफ्ना आमा बाबालाई पेटभरि मनभरि प्रेम दियौँ र हामी आज यहाँ छौँ।

### २) मानवलाई दरबार जस्ता घरः-

घर परिवार तथा आफ्ना सम्झेकाले समेत अपहेलना गरी सडकमा जीवन बिताउन बाध्य हुनुभएका हाम्रा आमा, बाबालाई एउटा सुन्दर घरमा राख्ने सपना देख्यौँ । यो सुन्दर मानव मन्दिर अहिले कसैका लागि घर, कसैका लागि दरबार बनिरहेको छ । हामी पनि किन आफ्ना आमा बाबालाई हीन भाव राखेर सामान्य संरचनामा भन्दा प्रेम र सम्मानका साथ सबैका लागि प्रेरणा हुने खालका विशाल मानवीय मन्दिर निर्माणको सङ्कल्पका साथ ९ जिल्लामा मानवीयताको मन्दिर निर्माणको कार्य सुरुवात भइरहेको छ ।

### ३) शरीरभरि किरा,१३ वर्षसम्म खोरमाः-

आफूले आफ्ना लागि समेत गर्न नसक्ने अवस्था रहेमा मानवहरू, सयौँका सङ्ख्यामा शरीरमा किरा परेका, दर्जनौँ मानिस घरमानै बाँधेर तथा थुनेर राखिएकाहरूको उद्धार तथा सेवाबाट पुनर्जीवनको प्राप्ति भएको छ । बुटवलका चौधरी दाइ, सिमराका सन्देश दाइ, सप्तरीका उमाकान्त चौधरी, लमजुङमा मानसींह नेपाली जस्ता दर्जनौँ मानवहरूले सामान्य जीवनयापन गर्नुभएको छ ।

### ४) एकै घरका तीन छोरा मनोरोगीः-

हाम्रो समाजमा यस्ता पनि थियो । एकै घरमा ३ जना छोरा मनोरोगी भएर खोरमा थुनेर राखिएका थिए, वहाँहरूलाई हामीले सर्लाही जिल्ला हरिवन नगरपालीकाबाट सेवामा जोड्यौँ र हाल ठिक भई घरमा पुनर्मिलन हुनुभएको छ । हामी घरघरमा मानवीय चेतना अभिबृद्धिको लागि जागरण अभियान सञ्चालन गर्दै, सडक नाटक, आमा सेमिनार जस्ता कार्यक्रमहरू सञ्चालन गरिरह्यौँ।

### ५) मेचीदेखि महाकालीसम्मः-

सेवालाई प्रभावकारी बनाउनको लागि २०७७ साल पुस ७ गतेदेखि माघ १५ गतेसम्म मेची–महाकाली अभियान सञ्चालन गरी ७२६ जनालाई उद्धार गरियो । प्रदेश १ मा उद्धार गरिएकालाई राख्ने स्थान नभएर पार्टी प्यालेस भाडामा लिई राखेर समेत सेवा गरियो । प्रदेश २ को सर्लाहीमा सेवा सुरुवात गरियो । बागमती प्रदेशका सबै जिल्लाबाट उद्धार गरियो । गण्डकी प्रदेशमा राती ११ बजेसम्म ओडारमा बसेका मानवको खोजी, लुम्बिनीमा मरणासन्न अवस्थामा रहेका मानिसको उद्धार, कर्णालीको विरेन्द्रनगरमा बाजा गाजासहीत नगर परिक्रमा, सुदूर पश्चिम प्रदेशको राना गाउँमा भव्य स्वागत र महाकाली पुलमा पुगेर यात्रा काठमाण्डौ मोडियो । प्रधानमन्त्रीज्यूबाट भव्य समारोहमा सम्मान लिँदै यात्रा समापन गरियो ।

### ६) हिमाल, पहाड, तराई, मानवताको लागि कोही छैन पराई सेवा सुभारम्भः-

एक घरको दुई फ्याट भाडामा लिई सेवा सुरु गरेका हामीले यी ९ वर्षमा देशका ७७ जिल्लाबाट नै उद्धार गरी सेवा गरिएका

छौँ। परिवार भएकालाई परिवारसम्म र परिवार नभेटिएकालाई आश्रममा नै पारिवारिक बातावरण प्रदान गरेका छौँ।

### ७) के देश के परदेशः-

आफ्नो मानसिक क्षमताले आफ्नो परिवार र देशको परिधि चिन्न नसकेका भारतीय, तथा बङ्लादेशी नागरिकको परिवारमा नै गई पुनर्मिलन सेवा समेत सम्पन्न भएको छ। हामीलाई धेरैले प्रश्न गर्छन् "किन परदेशी, विदेशी, मधेशीलाई बढी सेवा गर्छौ ?" मानवताको लागि के देश के परदेश हामी मानिस भएर पहिला मानिसको भावना बुझौँ र काम गरौँ।

### ८) युवाले रोजेको मानवताः-

कुनै जागिर, तलब, मान, प्रतिष्ठा नखोजी, लाज, घिन केही नमानी मात्र आत्मा सन्तुष्टिको लागि, आत्माका भगवानको आग्रहमा प्राण भएका जिउँदा भगवानहरूलाई स्नेह र करुणा भावले बचाउन र सेवा गर्नका लागि युवाहरूले मानवताको बाटो रोजे। कतिले दानवीय स्वभाव प्रस्तुत गरे, कतिले देवत्व प्रस्तुत गरे, कसैले ढोकाको चुकुल लगाए कसैले खोजी खोजी दान गरे। त्यसैले त शास्त्रको सारमा र युवाको मनमा मानवता पहिलो श्रेणीमा पर्‍यो।

### ९) मानिस मारेर होईन बरु बचाएर नै देश परिवर्तन गर्न सकिन्छः-

भनिन्छ कोही मानिस युद्धमा मानिस मार्नको लागि जान्छन्, कोही बचाउनका लागि जान्छन्। हो मानवसेवा आश्रम पनि त्यही मानव बचाउने भावलाई आत्मसाथ गर्दै एउटा महान युद्धमा होमिएको छ। यो मानव बचाउने अभियान संसारलाई नै एउटा महान सन्देश हुनेछ। बन्दुकले देश केही क्षणका लागि, केही वर्षका लागि र सीमित केही मानिसको लागि जीत र परिवर्तन हुनेछ। मानवताले यो देश र यो संसारमा नै युगौँयुगसम्मको लागि सकारात्मक परिवर्तन र मानिस मात्रको जित हुनेछ। समाजमा मानव सेवाको संस्कार बन्नेछ।

किताबका ठेलीमा मानवता पढ्न पाइएला नपाइएला तर विवेकले ठेलीका ठेली पाठ पढाउने छ। हामीले कर्मकै माध्यमबाट संसार परिवर्तन गर्न सक्नु पर्दछ। यो परिवर्तनमा हामीले तीन प्रकारको चरण पार गर्नु पर्दछ,

१) प्रेरणा २) प्रेरक ३) प्रेरित

प्रेरणा कर्म हो, सामाजिक तथा मानवीय कर्म, प्रेरक ती व्यक्तिहरु हुन् जसले समाजमा मानवसेवा तथा मानवीयता प्रवर्द्धनको लागि कर्म गरे। मिसनरीका संस्थापक मदर टेरेसा, लेडी विथ ल्याम्प फ्लोरेन्स नाईटिङ्गेल, रेडक्रसका संस्थापक हेनरी ड्युना, स्काउटका संस्थापक रोबर्ट स्टेफेन्स स्मिथ, बडेन पावेल, लायन्स क्लवका संस्थापक मेलभिन जोन, एस.ओ.एस का संस्थापक प्रा.डा हर्मन माइनर विश्व जगतमा मानवसेवाका नक्षत्रहरु हुन्। अब मानवसेवाको जगतमा प्रेरित भई हामी युवाले कर्म गर्न जरुरी छ। देशको पहिचानलाई नयाँ उचाईमा पुर्‍याउनको लागि, नयाँ उपनाम “मानवताको” देशको रुपमा विकसित गराउनको लागि अग्रसर बन्नु छ। विश्व जगतको उपलब्धि पनि युवाहरूकै कारण प्राप्त भएको छ र मानवता र मानवसेवाको संरक्षण पनि युवाहरूले नै गर्नुछ।

धन्यवाद !

जय मानवसेवा

जय मानवता

**स्रोत सामग्रीः**

- स्वअध्यन, स्वअनुभव, गुगल, विकिपिडिया र वेभ पेज।

# नेपाल रेडक्रस र युवा लक्षित कार्यक्रमहरू

**धर्मदत्त बिडारी ***



## लेखसार/कार्यकारी सारांश

नेपाल रेडक्रस सोसाइटीले आफ्नो सुदृढ संगठनात्मक संरचना तथा यसको स्थानीय तहसम्मको सञ्जाल मार्फत् रक्त सञ्चार सेवा, एम्बुलेन्स सेवा, स्वास्थ्य सेवा, राहत वितरण, खानेपानी तथा सरसफाइ, मानवीय मूल्य प्रवर्द्धन आदि जस्ता गतिविधि सञ्चालन गर्दै आएको छ। यस प्रकारका गतिविधि सञ्चालन गर्ने कार्यमा युवा स्वयंसेवकहरूको सहभागिता अत्यधिक रहेको छ।

प्राथमिक उपचार र विपद्जन्य सेवाहरूबाट मानिसको जीवन रक्षा गर्न र राहत सेवा उपलब्ध गराउन युवा सहभागिताबाट नै नेपाल रेडक्रस सक्षम भएको छ।

नेपाल रेडक्रसका गतिविधिहरू रेडक्रस अभियानका सात आधारभूत सिद्धान्तहरू र मानवीय मूल्य मान्यताबाट प्रेरित हुने हुँदा युवाहरूमा सकारात्मक सोच र उर्जा थप गर्ने कार्यसमेत हुँदै आएको छ। रेडक्रस चिन्हको प्रयोगले नेपाल रेडक्रसको उपस्थितिलाई जनाउँदछ भने यसको दुरगामी लक्ष्य र रणनीतिहरूले संस्थाको मार्गचित्र दर्शाउदछ।

युवा सहभागिताका लागि रणनीति तयार गरी नेपाल रेडक्रसले युवालाई अग्रपंक्तिमा राखेर सेवामूलक कार्यक्रम सञ्चालन गर्ने लक्ष्य लिएको छ।

## परिचय

संसारमा युद्धमा घाइते भएका सेनाको उपचार गर्ने उद्देश्यबाट स्थापित भएको विश्व रेडक्रस तथा रेडक्रिसेन्ट अभियान सन् १९४९ मा जेनेभा महासन्धि लागू भएपछि मानवीय सेवाका विविध पक्षमा संलग्न हुँदै आएको छ। संसारमा रेडक्रसको अवधारणा ल्याउने व्यक्ति जाँ हेनरी ड्यूना हुन् जसले ३१ वर्षको युवा अवस्थामा युद्धबाट घाइतेहरूको अवस्थादेखि मानवीय भावनाबाट प्रेरित भई सेवा पुर्‍याएका थिए।

विश्वमा रेडक्रस स्थापना भएको ठीक सय वर्षपछि वि. सं.२०२० साल भाद्र १९ गते नेपालमा पनि रेडक्रसको स्थापना भयो। यसको लगत्तै विपद् व्यवस्थापन, तिब्बतीय शरणार्थी व्यवस्थापन र रक्त सञ्चार सेवामा नेरेसो संलग्न भएको थियो। यसरी विभिन्न सेवामा संलग्न हुँदै जाँदा संगठनात्मक संरचना र जनशक्ति परिचालनमा पनि व्यापक सुधार गर्दै जुनियर/युवा सर्कल, उपशाखा, जिल्ला शाखा, प्रदेश शाखा र केन्द्रीय कार्यसमितिअन्तर्गत स्वयंसेवक परिचालन गरी विविध सेवामूलक गतिविधि सञ्चालन

* *निर्देशक, नेपाल रेडक्रस सोसाइटी*

गर्दै आएको छ। नेपाल रेडक्रसका अधिकांश गतिविधिहरू युवा लक्षित भएकोले युवा स्वयंसेवकहरू नेपाल रेडक्रसको मूल आधारको रूपमा रहेका छन्।

नेपाल रेडक्रसका सेवाहरू बुभ्mनु पूर्व रेडक्रसको वारेमा बुझ्न सान्दर्भिक हुन्छ। नेपाल रेडक्रस अन्तर्राष्ट्रिय रेडक्रस तथा रेडक्रिसेन्ट अभियानको एक अङ्ग हो। यसका अङ्गहरूमा रेडक्रसको अन्तर्राष्ट्रिय समिति (ICRC), रेडक्रस तथा रेडक्रिसेन्ट सोसाइटीहरूको अन्तर्राष्ट्रिय महासंघ (IFRC) र राष्ट्रिय रेडक्रस तथा रेडक्रिसेन्ट सोसाइटीहरू हुन्।

रेडक्रसले मानवीय कार्य क्षेत्रमा सरकारको सहयोगीको रूपमा भूमिका निर्वाह गर्दछ। विपद्, युद्ध, द्वन्द्व वा अन्य विभिन्न अवस्थाहरूका साथै शान्तिकालमा मानवीय आवश्यकता पूरा गर्ने काम गर्दछ। नेपाल रेडक्रसले आफ्नो सेवाप्रवाह गर्दा रेडक्रसका आधारभूत सिद्धान्तहरू मानवता, निश्पक्षता, तटस्थता, स्वाधीनता, स्वयंसेवा, एकता र विश्वव्यापकता अनुरू गर्दछ। यी सिद्धान्तहरूको आशय निम्न अनुसार रहेको छः

१) मानवता (मानव जीवन, स्वास्थ्य र सम्मानको सुरक्षा, मानवीय पीडाको रोकथाम, कमी र शान्ति अभिवृद्धि)

२) निष्पक्षता (भेदभावविहीनता र प्राथमिकताका आधारमा सहयोग)

३) तटस्थता (सबैको विश्वास प्राप्त गर्न, कसैको पक्ष नलिने र विवादमा संलग्न नहुने)

४) स्वाधीनता (स्वायत्त रूपले आफ्नो काम गर्ने, मानवीय कार्यमा सरकारको सहयोगी)

५) स्वयंसेवा (आर्थिक र अन्य तत्काल लाभबाट प्रेरित नभई गरिने स्वेच्छिक मानवीय सेवा)

६) एकता (सबैका लागि खुल्ला रहने र देशका सबै क्षेत्रमा कार्यरत एउटा मात्र रेडक्रस)

७) विश्वव्यापकता (विश्वव्यापी अभियान जसमा सबै राष्ट्रिय सोसाइटीले समान हैसियतमा परस्पर सहकार्य गर्दछन्)।

रेडक्रस चिन्ह र यसको प्रयोग सम्बन्धमा जानकारी हुनु पनि सबैका लागि सान्दर्भिक हुन्छ। रेडक्रस चिन्हको आधिकारिक प्रयोगकर्ता रेडक्रस अभियानका अङ्गहरू र सेनाको चिकित्सा टोली मात्र हुन्। रेडक्रस चिन्हको प्रयोग देहायवमोजिमका दुई उद्देश्यका लागि मात्र गरिन्छः

### क) चिन्हको रक्षात्मक प्रयोग (ठूलो आकारमा)

युद्धको समयमा जेनेभा महासन्धिहरूले प्रदान गरेको सुरक्षाको प्रत्यक्ष रूपमा प्रतिनिधित्व गर्नु यस चिन्हको प्रमुख उद्देश्य हो। युद्धरत सैनिकहरूमा यसले सम्मान र स्वनियन्त्रणको भावना जगाउँछ। रेडक्रस चिन्हको रक्षात्मक प्रयोग सैनिक चिकित्सा सेवा, रेडक्रसको अन्तर्राष्ट्रिय समिति, रेडक्रस तथा रेडक्रिसेन्ट सोसाइटीहरूको अन्तर्राष्ट्रिय महासंघ, राष्ट्रिय रेडक्रस तथा रेडक्रिसेन्ट सोसाइटीहरू र रेडक्रसजस्तै सशस्त्र संघर्षको समयमा कार्य गर्न आधिकारिकता मान्यता प्राप्त राहत संस्थाहरूले गर्न पाउँछन्।

### ख) सङ्केतात्मक प्रयोग (सानो आकारमा)

सानो आकारको सङ्केतात्मक चिन्ह अङ्कित व्यक्ति वा वस्तु अन्तर्राष्ट्रिय रेडक्रस तथा रेडक्रिसेन्ट अभियानसँग आवद्ध छन् भनी देखाउन सङ्केतात्मक रूपमा प्रयोग गरिन्छ। रेडक्रस चिन्हले ती निकायहरू रेडक्रस अभियान र आधारभूत सिद्धान्तको अधीनमा रहेको कुरा पनि स्मरण गराउँछ। चिन्हको सङ्केतात्मक प्रयोग रेडक्रसको अन्तर्राष्ट्रिय समिति, रेडक्रस तथा रेडक्रिसेन्ट सोसाइटीको अन्तर्राष्ट्रिय महासंघ, राष्ट्रिय रेडक्रस तथा रेडक्रिसेन्ट सोसाइटीहरू र निःशुल्क सञ्चालित एम्बुलेन्स र स्वास्थ्योपचार केन्द्रहरूमा कानुन अनुसार राष्ट्रिय रेडक्रस सोसाइटीको अनुमतिले मात्र प्रयोग गर्न पाउँछन्। नेपाल रेडक्रस सोसाइटीले मानवीय कार्य क्षेत्रमा सरकारको सहयोगीको भूमिकामा काम गर्न आफ्नो दूरगामी लक्ष्य तय गरेको छ।

## दूरगामी लक्ष्य

"संस्थाको संगठनात्मक ढाँचाको सुदृढीकरण तथा विस्तारद्वारा सरकारी एवं गैरसरकारी संगठनहरूसँग सम्पर्क स्थापनाका साथै सामुदायिक सहभागिता र स्वयंसेवकहरूको अधिकतम् परिचालन गरी मानवीय पीडामा राहत प्रदान गर्ने र संकटाभिमुखता कम गर्ने नेपाल रेडक्रस सोसाइटीको दूरगामी लक्ष्य हो"।

## नेरेसो र रेडक्रस अभियानमा युवा सहभागिता

रेडक्रस अभियानका ७ आधारभूत सिद्धान्त परिपालन गर्दै युवाहरूलाई मानवीय सेवामा संलग्न गराउने कार्य नेपाल रेडक्रसले गर्दै आएको छ। यस अभियानले युवाहरूलाई नैतिकवान र कर्तव्य परायण बनाउने विश्वास गर्न सकिन्छ। नेपाल रेडक्रसले अन्तर्राष्ट्रिय रेडक्रस तथा रेडक्रिसेन्ट अभियानको एक अङ्गको रूपमा मानवीय मूल्य प्रवर्द्धन गर्ने कार्य गर्दछ। जसअन्तर्गत मानवीय मूल्य र मान्यताको प्रवर्द्धन गर्ने, अन्तर्राष्ट्रिय मानवीय कानुनको प्रचार प्रसार गर्ने र द्वन्द्वको समयमा घाइते सैनिक र सामान्य नागरिकको सुरक्षाका लागि रेडक्रसको अन्तर्राष्ट्रिय समितिसँग सहकार्य समेत गर्दछ। मानवीय मूल्य प्रवर्द्धन र मानव जीवन रक्षाका लागि रेडक्रसका सिद्धान्तहरू, अन्तर्राष्ट्रिय मावनीय कानुन र युद्धमा अपनाउनु पर्ने संयमताका विषयमा जुनियर/युवा सर्कलका स्वयंसेवकहरूलाई ज्ञान प्रदान गरी जनमानसमा प्रचार–प्रसार गर्न पनि नेपाल रेडक्रसले युवा परिचालन गर्दै आएको छ। यसले एकातर्फ युवाहरूलाई अनुशासित गराउन मद्दत पुर्‍याउँछ भने अर्कोतर्फ समाजलाई सचेत गरी समग्र समाज सुधारमा पनि योगदान पुर्‍याउँदछ।

नेपाल रेडक्रसका सेवाहरू र त्यसमा युवाको संलग्नता सम्बन्धमा बुझ्नका लागि नेपाल रेडक्रसका सेवाहरू र यसको स्वयंसेवकहरूको बारेमा पनि बुझ्न जरूरी हुन्छ। नेपाल रेडक्रस सोसाइटीले रक्त सञ्चार सेवा, एम्बुलेन्स सेवा, आँखा उपचार सेवा, प्राथमिक उपचार सेवा, गैरखाद्य राहत सामग्री व्यवस्थापन र वितरण, खानेपानी सेवा, मानवीय मूल्य प्रवर्द्धन आदिजस्ता गतिविधिहरू निरन्तर सञ्चालन गर्ने क्रममा युवाहरूको सहभागिताबाट संगठनात्मक सुदृढीकरण गर्दै बार्षिक लगभग ३० लाख लाभग्राही समक्ष पुग्न सक्षम भएको छ। युवाहरूको साथ र सहयोग विना यति ठूलो उपलब्धि प्राप्त गर्न सहज कदापि सहज छैन।

नेपाल रेडक्रसले आफ्नो सांगठनिक संरचनामा सुधार गर्दै आफ्नो स्थापनाको लगत्तै विद्यालय तथा विश्वविद्यालयस्तरदेखि नै युवालाई मानवीय सेवामा संलग्न गर्दै मानवीय मूल्य प्रवर्द्धन गर्ने उद्देश्यकासाथ जुनियर/युवा सर्कल गठन र परिचालन गर्दै आएको छ। यसका साथसाथै संस्थाका सबै सेवा प्रवाहमा क्षेत्रगत रूपमा लगभग १ लाखभन्दा वढि सिपयुक्त स्वयंसेवक तयार गरी परिचालन गर्दै आएको छ जसमा अधिकांश युवाहरूको सहभागिता छ। नेपाल रेडक्रसले मात्र होइन रेडक्रसको अन्तर्राष्ट्रिय अभियानले पनि संगठनको हरेक तहमा युवाको सहभागिता सुनिश्चित हुनुपर्ने प्रस्ताव नै पारित गरेको छ।

नेपाल रेडक्रसको मानवीय सेवामा युवाको सहभागितालाई केलाउने हो भने सेवागत क्षेत्रको आधारमा हेर्न सकिन्छ। रक्त सञ्चार सेवाको मूल आधार भनेको नै पर्याप्त रक्तदान हुनु हो। रक्तदानमा संलग्न रक्तदाताहरूको विवरण हेर्दा १८ वर्षदेखि ४० वर्षसम्मका युवा वर्ग करिव ५५. प्रतिशत हुन आउँछ। साथै रक्तदान गर्न अभिप्रेरित गर्ने अभियानमा पनि स्कूल र कलेजका युवा नै बढी मात्रामा परिचालन भएको पाइन्छ। एउटा देशको सबै भागमा चिकित्सकीय सेवा उपलब्ध छ भने जम्मा २% जनताले मात्र रक्तदान गरेमा रगतको अभाव नहुने आकलन गरिन्छ। तर नेपालको सन्दर्भभा जनसंख्याको १% पनि रक्तदाता नभएका कारण वारम्वार रगत अभाव हुने गरेको छ। त्यसैले सरकार, नेपाल रेडक्रस अन्य सरोकारवालाहरूको संयुक्त प्रयासबाट प्रभावकारी रूपमा युवा परिचालन गर्न सकेमा पर्याप्त र गुणस्तरीय रगत उपलब्ध गराउन सकिन्छ।

युवाहरू गतिशील र क्रियाशील हुने भएकोले दैनिक दुर्घटनाजन्य जोखिममा परिरहन्छन्। त्यसैले प्राथमिक उपचारसम्बन्धी ज्ञान र सिप हरेक टोलमा रहेका युवासम्म पुर्‍याउन सकेमा दुर्घटनामा परेका मानिसको स्वास्थ्य अवस्था विग्रिन नदिई जीवन वचाउन सकिन्छ। यस अभियानमा नेपाल रेडक्रसले आफ्ना शाखाहरूमार्पत् युवाहरूलाई प्राथमिक उपचार तालिम प्रदान गर्दै आएको

छ । युवाहरू प्रविधिमैत्री हुने र नयाँ—नयाँ ज्ञान, सिप र प्रविधि सिक्न उत्सुक समेत हुने हुनाले सबैको संयुक्त प्रयासबाट सबै विद्यालय, कलेज तथा विश्वविद्यालयमा प्राथमिक उपचार सेवा पुर्‍याउन सकेमा मानिसको जीवनमा आउने जोखिम कम गर्न मद्दत पुग्दछ । साथै प्राथमिक उपचारपछि सुरक्षितसँग अस्पताल पुर्‍याउन एम्बुलेन्स सेवाको महत्वपूर्ण भूमिका हुन्छ । यसमा पनि युवाको भूमिका अपरिहार्य हुन्छ । विद्यालय, कलेज तथा विश्वविद्यालयका युवाहरूलाई प्राथमिक उपचारको ज्ञान र सिप प्रदान गरी परिचालन गर्न सकेमा उनीहरूप्रति मानवीय संवेदना र स्वयंसेवी भावना विकाश हुन गई सामाजिक उत्तरदायित्व वहन गर्न समेत अग्रसर हुन्छन् ।

नेपाल विपद्‌जन्य घटनाको हिसावले उच्च जोखिममा रहेको देश हो । नेपालमा बाढी, पहिरो, आगलागी, चट्याङ र हिम पहिरोजस्ता विपद्‌हरू वारम्वार सानो ठूलो स्तरमा परिरहन्छन् । साथै भूकम्प र महामारीजस्ता घटना पनि आइरहन्छन् । यस्ता घटनाहरूमा बाह्य क्षेत्र वा देशबाट उद्धार गर्न आउने सुरक्षा निकाय र संघ संस्थाहरू पुग्नुभन्दा पहिला मानिसको जीवन र सम्पत्ति जोगाउन स्थानीय युवाहरूको भूमिका महत्वपूर्ण हुन्छ । यसलाई मनन गरी नेपाल रेडक्रसले सबै जिल्ला र केही स्थानीय निकायमा जिल्ला विपद् प्रतिकार्य समूह गठन गरी तालिम प्रदान गर्दै सिपसम्पन्न बनाएको छ जसमा अधिकांश युवालाई समेटिएको छ । त्यसैगरी स्थानीयस्तरमा रेडक्रस कार्य टोली, एकाई कार्य टोली, स्थानीय विपद् व्यवस्थापन समिति र जुनियर/युवा रेडक्रस सर्कलका युवाहरूलाई ज्ञान सिप प्रदान गरी जनचेतना जगाउने, उद्धार र राहत वितरणमा सघाउनेजस्ता गतिविधिमा संलग्न गर्दै आएको छ । राहत सामग्री ढुवानी र वितरणमा युवाहरूको भूमिका अग्रणी रूपमा रहेको छ । यसलाई संस्थागत गर्दै अघि बढ्नु आजको आवश्यकता हो भनेर सम्बन्धित सबै निकायहरू बीच नीतिगत र कार्यगत एकता कायम गरी अघि बढ्न सकेमा अझ प्रभावकारी हुनसक्दछ । विपद् भन्ने वित्तिकै उद्धार र राहत मात्र होइन त्यससँग जोडिएर आउने पूर्वतयारी पनि पर्दछ । जसका लागि जनचेतना जगाउने, विपद् न्यूनीकरणका कार्यक्रम सञ्चालन गर्ने, राहत सामग्री व्यवस्थापन गर्ने, पूर्वसूचना प्रणालीको स्थापना गर्ने, आदिजस्ता गतिविधि पर्दछन् । जसमा नेपाल रेडक्रसले आफ्ना शाखा, उपशाखा र जुनियर/युथ सर्कल मार्फत् युवा स्वयंसेवक परिचालन गरी कार्यक्रम सञ्चालन गर्दै आएको छ ।

हाल हामीसामु नयाँ चुनौतीको रूपमा जलवायु परिवर्तन (Climate change) देखा परेको छ । यसका कारणले वातावरणमा प्रतिकूल प्रभाव पर्नुका साथै उच्च पहाडी क्षेत्रमा हिऊ पर्ने र पग्लने प्रक्रियामासमेत प्रभाव पर्न थालेको छ । यस सन्दर्भमा युवाहरूलाई अनुकरणीय उदाहरण (Role model) को रूपमा प्रयोग गर्न सकेमा वातावरणीय प्रभावमा विस्तारै कमी ल्याउन मद्दत पुग्दछ । साथै विपद्‌को समयमा सरसफाइ एक महत्वपूर्ण विषय रहने हुनाले नेपाल रेडक्रसले जुनियर/युवा सर्कलहरू मार्फत युवा परिचालन गरी सफा पानी पिउने, हात धुने र गाउँ/टोल सफा राख्ने क्रियाकलाप मार्फत् रेडक्रसको अभियानमा पनि युवाहरूको भूमिका सहानीय हुन जान्छ ।

माथि उल्लेख भएका प्रमुख सेवाहरूको अलावा पनि नेपाल रेडक्रसले युवाहरूलाई स्वास्थ्यको क्षेत्रमा सामाजिक परिचालकका रूपमा, सामाजिक अभियन्ताको रूपमा, स्रोत परिचालकको रूपमा र व्यवहार परिवर्तनको सम्वाहकको रूपमा समेत प्रयोग गर्न सक्षम हुने गरी युवाहरूको सिप र दक्षतासमेत विकास गर्दै लगेको छ । नेपाल रेडक्रस सोसाइटीले जुनियर तथा युवा रेडक्रस सवलीकरण गरी मानवीय सेवामा संलग्न गर्ने लक्ष्यकासाथ संस्थाको आठौं पञ्चवर्षीय योजनामा युवा सहभागिता सम्बन्धमा उल्लेख गर्नुका साथै जुनियर तथा युवा नीति तथा कार्यप्रणाली, युवा सवलीकरण प्रशिक्षण निर्देशिका र स्वयंसेवक व्यवस्थापन निर्देशिकाजस्ता नीतिगत आधारहरू तयार गरी लागू गरेको छ । नेपाल रेडक्रसका अधिकांश गतिविधिहरू युवा लक्षित कार्यक्रम भएकोले युवा स्वयंसेवकहरू नेपाल रेडक्रसको मूल आधारको रूपमा रहेका छन् ।

युवा सहभागी गराउने रणनीतिअन्तर्गत युवाहरूलाई मानवीय मूल्यको विस्तार र सामाजिक सेवामा सक्रिय सहभागिता गराई संकटासन्नता घटाउन उपयोग गर्ने योजना रहेको छ । साथै रणनीति र निर्देशिकाहरूले युवा परिचालनको बाटो तय गर्दै युवालाई स्वतःस्फूर्त रूपमा मानवीय सेवामा लाग्न अभिप्रेरित गर्दै उनीहरूलाई नेतृत्वको अवसर सिर्जना गरी सिप र क्षमतासमेत विकास गर्ने लक्ष्य लिएको छ । युवाको उद्यमशिलता विकास र सहभागिताबाट स्रोत विकास तथा दिगोपना हुन गई युवाहरू को समग्र

वृत्ति विकास हने अपेक्षा गर्न सकिन्छ ।

नेपाल रेडक्रसले आफ्ना कार्यक्रमहरूमार्फत युवाहरूको सहभागिता बढाई क्षमता अभिवृद्धि गर्दै समाज सेवामा सबै वर्गको पहुँच पुऱ्याउने र सबैको मर्यादा कायम गर्न अग्रसर गराउने गर्दछ । यस प्रकारका गतिविधिबाटसमाजमा अनुशासन कायम गर्न समेत मद्दत पुग्दछ । सरकार र नेपाल रेडक्रसजस्ता संस्थाहरूको प्रयासलाई नीतिगत र कार्यक्रमगत रूपमा एकै धारबाट युवा परिचालन गर्ने गरी एकीकृत रूपमा अघि बढ्न सक्ने हो भने विभिन्न क्षेत्रमा युवा परिचालन गरी अनगिन्ती सुधार गर्न सकिन्छ ।

माथि उल्लेख भएका गतिविधिका अलावा युवा परिचालन गरी उपलब्धि हासिल हुनसक्ने क्षेत्रहरूमा मानव वेचविखन, खानेपानी, सरसफाइ र स्वच्छता, यौन तथा प्रजनन् स्वास्थ्य, पोषण, संरक्षण र सामाजिक समावेशीकरण, जीविकोपार्जन, घरेलु हिंसा, साइवर बुलिङ, आप्रवासन, सुरक्षित मातृत्व, दुव्यसनी रोकथाम, खर्च र वचत, नेतृत्व विकास आदि हुन सक्दछन् ।

नेपाल रेडक्रसको आधारशिलाको रूपमा रहेको जुनियर तथा युवा सर्कलहरूमार्फत युवालाई संगठनमा आवद्ध गराई मानवीय सेवा प्रदान गर्न उत्सुक गराउने र त्यसका लागि नेतृत्व तथा व्यवस्थापकीय क्षमता अभिवृद्धि गर्ने कार्य गर्दै आएको छ । युवाहरूलाई सहभागी गराउँदा "म सेवा गर्छु" भन्ने मूल मन्त्रलाई आत्मसात् गरी रेडक्रसका आधारभूत सिद्धान्तअनुरूप काम गर्न अभिप्रेरित गर्दै आएको छ । जुनियर तथा युवा लक्षित कार्यक्रमहरू मुख्य रूपमा ७ वटा क्षेत्रहरूमा केन्द्रित हुने गर्दछन् । जुन यस प्रकार छन्

१) जीवन रक्षा एवं स्वास्थ्य सुरक्षा

२) सेवा तथा ऐक्यवद्धता

३) राष्ट्रिय र अन्तर्राष्ट्रिय मित्रता, समझदारी र शान्तिका लागि शिक्षा

४) अन्तर्राष्ट्रिय मानवीय कानुन, मानवीय मूल्यको प्रवर्द्धन र रेडक्रसका सिद्धान्तहरूको प्रचार प्रसार

५) विपद् व्यवस्थापन

६) राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरका चासो तथा सवालहरू जस्तैः बसाईसराई, जलवायु परिवर्तन, बढ्दो शहरीकरण आदि

७) क्षमता अभिवृद्ध र संगठन विकास

नेपाल रेडक्रसका गतिविधिमा युवाको सहभागिताको कुरा गर्दा अन्तर्राष्ट्रिय अभियान र मान्यतालाई पनि उल्लेख गर्नु सान्दर्भिक हुन्छ । सन् १९१९ मा रेडक्रसको लिग स्थापना (हाल रेडक्रस तथा रेडक्रिसेन्टको अन्तर्राष्ट्रिय महासंघ (IFRC) भएपछि राष्ट्रिय सोसाइटीहरूमा शान्तिकालीन गतिविधिहरूमा जोड दिदै त्यसमा युवाको सहभागिता गराउने नीति लिएपछि क्रमशः सबै राष्ट्रिय सोसाइहरूटीले जुनियर तथा युवा इकाई गठन गर्दै आएको देखिन्छ । नेपालमा भने वि. सं. २०२० मा नेपाल रेडक्रस स्थापना भएपछि २०२१ फागुन २२ गतेका दिन औपचारिक रूपमा तत्कालीन युवराजधिराज वीरेन्द्र विरविक्रम शाहदेवबाट उद्घाटन भई जुनियर तथा युवा रेडक्रसको स्थापना भएको देखिन्छ । यसबाट के प्रष्ट हुन्छ भने नेपाल रेडक्रसले आफ्नो स्थापनाकालदेखि नै युवालाई मानवीय सेवामा संलग्न गराउँदै उनीहरूको क्षमता विकासमासमेत जोड दिदै आएको देखिन्छ ।

हाल नेपाल रेडक्रसले युवाहरूको समूह निर्माण गरी नेतृत्व क्षमता विकास गर्दै आपत्कालीन र शान्तिकालीन दुवै समयमा सेवा पुर्‍याउन तथा परिवर्तनको वाहकको रूपमासमेत उपयोग गर्दै आएको छ । यसका साथै लक्ष्य निर्धारण गर्ने, सिप विकास गर्ने, लैङ्गिकता र सामाजिक समावेशीकरणका देखिने र नदेखिने विषयहरूमा जानकारी गराउने, यौन र यौनिकताका विषयमा बुझेर नकारात्मक कुराहरूको प्रतिकार गर्ने, मनोवल बढाउने, हिंसाका विभिन्न स्वरूपहरूबारे जानकारी गराई हिंसा रोकथाममा सहयोग पुऱ्याउने, बसाईसराई र मानव वेचविखनका वारेमा सचेतना जगाउनुका साथै के कस्ता उद्देश्यका लागि कसरी मानव वेचविखन हुन सक्दछन् भन्ने जानकारी गराउने, खानेपानी, सरसफाइ र स्वच्छतासम्बन्धी ज्ञानवृद्धि तथा व्यवहार परिवर्तनमा सहभागी गराउने, यौन, प्रजनन स्वास्थ्य, बाल विवाह र सुरक्षित मातृत्वसम्बन्धी सचेतना अभियानमा संलग्न गराउने, स्वास्थ्य तथा पोषणसम्बन्धी शिक्षा दिने अभियानमा संलग्न गराउने जस्ता विविध युवा केन्द्रित कार्यक्रमहरू सञ्चालन गर्दै समाजप्रति

उत्तरदायी नेतृत्व विकासमासमेत सहयोग पुर्‍याउँदै आएको छ।

युवाहरू सामान्यतया नयाँ कुरा सिक्न इच्छुक हुनुका साथै अरूलाई उत्साही गराउँदै एकसाथ मिलेर काम गर्न सक्ने सिप र क्षमता युवामा हुने गर्दछ। परम्परागत तरिकाभन्दा फरक ढंगबाट सोच्दै समस्या समाधानमा पनि युवाहरू सक्रिय हुने गर्दछन्। युवाहरूका यस्तै सवल पक्षहरू समेटी नेपाल रेडक्रस सोसाइटीले युवा सहभागिता रणनीति तयार गरी लागू गरेको छ। युवा सहभागिता रणनीतिले मुख्य रूपमा युवाहरूलाई शिक्षा, सशक्तिकरण, अनुकूल वातावरण, सहभागिता र उद्यमशिलता विकासका क्षेत्रहरूलाई समेट्न खोजेको छ। शिक्षा क्षेत्रअन्तर्गत रेडक्रसका आधारभूत सिद्धान्त र मानवीय मूल्य, सेवामूलक क्षेत्र, बाल संरक्षण र लैङ्गिक समावेशीकरणमा वकालत, सूचना, सञ्चार र प्रविधि तथा व्यक्तित्व विकासलाई समेटी कार्यक्रमहरू सञ्चालन गर्ने रणनीति लिएको छ। सशक्तिकरण क्षेत्रअन्तर्गत स्वउत्प्रेरणा, नेतृत्व क्षमता विकास, नेतृत्वको अवसर सिर्जना र मनोसामाजिक सहयोग यस क्षेत्रअन्तर्गत रहेका छन्। शिक्षा ज्ञानको आधार हो भने युवा त्यसका वाहक हुन भन्ने कुरालाई पनि नकार्न सकिदैन।

अनुकूल वातावरण अन्तर्गत युवाको संलग्नताको लागि नीति निर्देशिकाहरूमा संशोधन गर्दै अपनत्वको भावना सिर्जना गरी सबैको सम्मान हुने हिसावले उपयुक्त वातावरण तयार गर्ने रणनीति नेपाल रेडक्रसले लिएको छ। सहभागिताअन्तर्गत सामाजिक सेवामा सक्रिय सहभागिता गराउँदै मानवीय मूल्यको विस्तारवाट संकटासन्नता घटाउन युवा परिचालन गर्ने रणनीति पनि नेपाल रेडक्रसले लिएको छ। नेपाल रेडक्रस सोसाइटीको युवा सहभागिता रणनीतिले समेटेको अर्को महत्वपूर्ण क्षेत्र उद्यमशिलता विकास हो। जसमा युवाको क्षमता र सिप विकास गर्ने सम्भावित स्रोतको पहिचान र परिचालनमा सहभागिताबाट जिम्मेवार र जवाफदेही बनाउँदै युवाको समग्र वृति विकास गर्ने लक्ष्य लिएको छ। नेपाल रेडक्रसले युवाको महत्वलाई आत्मसात् गर्दै युवालाई अति महत्वपूर्ण मानवीय पूँजीको रूपमा स्वीकार गरेको छ। यस कारणले पनि नेपाल रेडक्रसले विभिन्न कार्यक्रमहरूमार्फत युवा सञ्जाल विकास गरी एक आपसमा अन्तरक्रिया र सम्बन्ध विकास गर्दै आएको छ र जुन निरन्तर छ।

## निष्कर्ष

समग्रमा भन्दा रोजगार तथा स्वरोजगारको अवसर प्रदान गरी युवाहरूलाई सही रूपमा उपयोग गर्न व्यावहारिक शिक्षाको माध्यमबाट सिप विकास गरी राष्ट्रिय विकासमा संलग्न गराउनु आजको आवश्यकता छ। नेपालका युवा वर्गको ठूलो जमात विदेशिएको हालको अवस्थामा सम्मानजनक काम र न्यायोचित ज्याला उपलब्ध गराउने कार्यमा बहस पैरवी र पहल गर्दै विदेश पलायनको अवस्थामा सुधार ल्याउन सबैको पहल आवश्यक देखिन्छ। त्यसैले युवाहरूलाई राष्ट्रको मूल प्रवाहमा ल्याई देश विकासमा सहयोग पुर्‍याउन एक जिम्मेवार संस्थाको नाताले युवालाई सक्रिय रूपमा सहभागी गराउन नेपाल रेडक्रस सधैं क्रियाशिल छ।

## सन्दर्भ सामग्री


- नेपाल रेडक्रसको विधान
- नेपाल रेडक्रसको युवा सवलीकरण प्रशिक्षण निर्देशिका २०७६
- जुनियर तथा युवा रेडक्रस नीति तथा कार्यप्रणाली निर्देशिका (तेस्रो संशोधन २०७३)
- स्वयंसेवक व्यवस्थापन निर्देशिका २०६३ (पहिलो संशोधन २०६५)
- रेडक्रसको संक्षित परिचय (ब्रोसर)
- नेपाल रेडक्रस सोसाइटी, युवा सहभागिता रणनीति।

# समृद्ध नेपाल निर्माणमा युवाको भूमिका

सम्झना वाग्ले भट्टराई*




## लेखको सारांश

नेपालको कुल जनसंख्याको चालीस प्रतिशत भन्दा बढी युवाहरु रहेका छन् । तर पनि देशले युवाशक्तिको सही सदुपयोग गर्न सकेको छैन । सरकारले युवा विकासको लागि नीतिगत तथा संस्थागत व्यवस्था नगरेको पनि होइन । तर पनि यी व्यवस्था पर्याप्त हुन सकेको छैन । परिणामस्वरुप लाखौँ युवाहरु जोखिमयुक्त श्रमको लागि विदेसिन वाध्य छन् । श्रमशक्ति सर्वेक्षण २०७५ का अनुसार देशभरमा ९ लाख ८ हजार जना पूर्ण बेरोजगार रहेका छन् । यी पूर्ण बेरोजगार जनसंख्याको ३८.१ प्रतिशत १५-२४ वर्ष उमेर समूहका रहेका छन् २५–३४ वर्ष उमेर समूहका ३१.१ प्रतिशत रहेका छन् । उच्च उत्पादकत्व भएका यी युवाको अर्थतन्त्रमा उपयोग हुन नसक्नु उनीहरुको लागि मात्र होइन देशकै लागि ठूलो नोक्सान हो । यो अवस्थाको अन्त्य र देशको अर्थतन्त्रको मूलाधारमा युवाहरुलाई परिचालन गर्न सके उद्यमशील र रोजगार युवा अनि समृद्ध नेपाल बन्न सक्छ । हाल भैरहेको जस्तो युवा श्रमशक्तिको निर्यात र उपभोग्य वस्तुको आयात गर्ने अवस्था रहने हो भने प्रचुर सम्भावनाको जनसांख्यिक लाभबाट देशले खासै उपलब्धी लिन सक्दैन । त्यस्तै युवा लक्षित नीति तथा कार्यक्रमहरु पनि अनुसन्धानमा आधारित नहुँदा तथा अद्यावधिक तथ्यांकको अभावमा सहज कार्यान्वयन र नतिजामूखी हुन सकेका छैनन् । आन्तरिक श्रम बजारमा भएको श्रमिकको माग र आपूर्तिको वस्तुगत तथ्यांक तथा समन्वयको अभावमा एकातर्फ श्रमिकले रोजगारी नपाउने अवस्था छ भने अर्कोतर्फ श्रमबजारमा श्रमिकको अभाव पनि देखिएको छ । यस्तो अवस्थाको अन्त्यको लागि वडा तथा पालिका तहबाट नै युवा जनशक्तिको तथ्यांक अद्यावधिक गर्ने श्रम बजारसँग समन्वय गर्नुपर्ने देखिन्छ ।


## १. विषय प्रवेश

जनगणना २०६८ का अनुसार नेपालको कुल जनसंख्याको चालीस प्रतिशत भन्दा बढी युवा जनसंख्या रहेको छ । युवा जनसंख्याको यो ठूलो हिस्सा हुनुलाई देशको सामर्थ्य एउटा वलियो पक्ष मान्न सकिन्छ । अर्थशास्त्रीहरु यसलाई जनसांख्यिक लाभको रुपमा ब्याख्या गर्दछन् र यसको सदुपयोग गर्नुपर्ने बताउछन् । युवाकाल जीवनको सबैभन्दा सिर्जनशील अवस्था हो । युवाहरुको श्रम, सीप, सिर्जनात्मकताको उपयोग गरेर नै समृद्धि हासिल गर्न सकिनेमा दुईमत छैन । जनसाङ्ख्यिक लाभांशको सदुपयोगबाट समुन्नत र समृद्ध नेपाल निर्माणको उच्च सम्भावना हुँदाहुँदै पनि युवा जनशक्तिको सिर्जनात्मक उपयोग देशले गर्न सकेको छैन । झण्डै ६० लाख नेपाली युवाहरु श्रमको लागि विदेशिका छन् भने अध्ययनको लागि विदेशिएका युवाहरुको संख्या पनि धैरै छ ।

** युवा तथा साना व्यवसायी स्वरोजगार कोषमा कार्यरत*

नीति निर्माताहरुले युवा जनसंख्याको महत्व नबुझेका भने होइनन् । त्यसैलेत समृद्ध र विकसित नेपाल निर्माणको हरेकजस्तो योजना र SWOT विश्लेषणमा युवा जनसंख्यालाई सामर्थ्य र अवसरको रुपमा प्रस्तुत गरिन्छ । समृद्ध नेपाल निर्माणमा युवाको भूमिका धेरैपटक बहसमा आएको तर कार्यान्वयनतर्फ भने खासै प्रगति नभएको विषय हो । राष्ट्रिय योजना आयोगले युवा क्षेत्रको प्रमूख समस्याको रुपमा युवा लक्षित नीति, योजना तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन हुन नसक्नु, बजारको माग र जनशक्तिको आपूर्तिबीच सामञ्जस्य नहुनु, युवासँग सम्वन्धित तथ्यांकीय आधार नहुनु, उद्यमशीलता र रोजगारीका अवसर सीमित हुनु, ठूलो संख्यामा युवा शक्ति विदेश पलायन हुनुजस्ता विषयलाई समेटेको छ (राष्ट्रिय योजना आयोग, २०७६/७७-२०८०/८१) ।

कमनवेल्थ राष्ट्रहरुको संगठनले युवा विकासका विविध आयामहरुलाई समेटेर विश्व युवा विकास सूचांक प्रकाशन गर्ने गरेको छ । युवा विकास सूचांक गणना गर्दा युवाहरुको स्वास्थ्य तथा कल्याणको अवस्था, शिक्षा, रोजगारी र अवसर, समानता र समावेशिता, राजनीति र नागरिक सहभागिता, शान्ति तथा सुरक्षा जस्ता विषयहरुलाई आधार बनाइएको हुन्छ । यिनै विषयहरुको आधारमा गणना गरिएको विश्व युवा विकास सूचांक २०२० का अनुसार ०.८७५ स्कोरका साथ सिंगापुर पहिलो स्थानमा छ भने चाड ०.३९८ स्कोरका साथ अन्तिम स्थानमा रहेको छ । यस सूचांकमा नेपाल भने ०.६८९ स्कोरका साथ ९४ औँ स्थानमा रहेको छ ।

जीवनको सबैभन्दा उर्जाशील समय भए पनि नेपाली युवाहरुको सबैभन्दा ठूलो समस्या बेरोजगारी तथा अर्धबेरोजगारी भएको छ । जनसंख्याको सबैभन्दा ठूलो हिस्साको समस्या देशको एक प्रमूख समस्याको रुपमा देखिनु स्वाभाविक पनि हो । श्रमशक्ति सर्वेक्षण २०७५ का अनुसार नेपालको कुल बेरोजगारी दर ११.४ प्रतिशत देखाएको छ । प्रदेशगतरुपमा हेर्दा दर सबैभन्दा उच्च बेरोजगारी दर मधेस प्रदेशमा २०.१ प्रतिशत र त्यसपछि क्रमशः सुदूरपश्चिम प्रदेशमा ११.५ प्रतिशत, लुम्बिनी ११.२ प्रतिशत, प्रदेश एकमा १०.२ प्रतिशत, कर्णाली प्रदेशमा ९.७ प्रतिशत, गण्डकी प्रदेशमा ९ प्रतिशत र बाग्मती प्रदेशमा सबैभन्दा कम ७ प्रतिशत बेरोजगारी दर रहेको छ । त्यस्तै श्रमशक्ति सर्वेक्षणका अनुसार देशभरमा ९ लाख ८ हजार जना पूर्ण बेरोजगार रहेका छन् । यी पूर्ण बेरोजगार जनसंख्याको ३८.१ प्रतिशत १५-२४ वर्ष उमेर समूहका रहेका छन् २५–३४ वर्ष उमेर समूहका ३१.१ प्रतिशत रहेका छन् । उच्च उत्पादकत्व भएका यी युवाको अर्थतन्त्रमा उपयोग हुन नसक्नु उनीहरुको लागि मात्र होइन देशकै लागि ठूलो नोक्सान हो । श्रममा सहभागी कुल जनसंख्याको ६२.२ प्रतिशत जनशक्ति अनौपचारिक क्षेत्रमा कार्यरत रहेको छ भने १७.५ प्रतिशत उद्योग क्षेत्रमा र १३.५ प्रतिशत निर्माण क्षेत्रमा संलग्न छन् (श्रमशक्ति सर्वेक्षण २०७५) ।

## २. वैदेशिक रोजगारी

देशमा रोजगारीको अभावमा लाखौँ युवाहरु कि त बेरोजगार रहन वाध्य छन् भने कि त श्रमको लागि विदेसिन वाध्य छन् । देशमा वर्षेनी पाँच लाख अतिरिक्त जनशक्ति श्रमबजारमा प्रवेश गर्छन् । तर नेपालको आन्तरिक श्रमबजार ज्यादै साँघुरो छ । देशको आन्तरिक श्रम बजारले वार्षिक पचास हजारभन्दा बढी अतिरिक्त जनशक्तिलाई रोजगारी दिन नसकेको यथार्थ छ । परिणमस्वरुप दैनिक हजारौँ युवा जनशक्ति श्रमको लागि विदेशिएका छन् । विदेशिएका युवाहरुमा पनि सीप र दक्षताको अभाव छ । त्यसैले उनीहरु अदक्ष कामदारको रुपमा जोखिमयुक्त श्रम गर्न वाध्य छन् । परिणाम वर्षेनी औसत बाह्र सय भन्दा बढी युवाहरुको विदेशी भूमिको कार्यस्थलमा मृत्यु भई वन्द बाकसमा फर्कन वाध्य छन् । देशमा विभिन्न राजनीतिक परिवर्तनका वावजुद नेपाली युवाको अवस्थामा खासै सुधार हुन सकेको छैन । दैनिक झण्डै १५०० युवाहरु कामको खोजीमा विदेशिन वाध्य छन् । औपचारिक रूपमा ६० लाखको हाराहारीमा श्रमको लागि विदेसिएका युवाहरु भन्ने गरिएता पनि अनौपचारिक रूपमा ८० लाखसम्म युवा जनशक्ति विश्वका विभिन्न १७२ देशहरूमा अवसरका लागि विदेशिएको पाइन्छ । युवा श्रम निर्यात गरी उपभोग्य वस्तु आयात गर्ने नेपाली अर्थतन्त्र बिडम्बनापूर्ण लाग्छ भने अर्कोतर्फ, असुरक्षित श्रमका कारण वर्षेनी हजारौँ युवाले ज्यान गुमाउन परेको अवस्था छ । देशमा रोजगारीका अवसरहरु सीमित छन्, श्रमको लागि विदेशिने युवाहरुलाई आवश्यक सिप तथा तालिमको व्यवस्था हुन

सकेको छैन जसले गर्दा अदक्ष कामदारको रुपमा विदेशिन वाध्य युवाहरुको पारिश्रमिक पनि न्यून हुनुका साथै जोखिमयुक्त श्रम गर्नुपर्ने वाध्यता पनि रहेको देखिन्छ। त्यसोत यसरी विदेशिका युवाबाट प्राप्त विप्रेषणले देशको कुल गार्हस्थ्य उत्पादनमा झण्डै एक चौथाई योगदान दिने गरेको छ। नेपालको कुल गार्हस्थ्य उत्पादनमा कृषि पछिको धेरै योगदान गर्ने क्षेत्र भनेको विप्रेषण नै हो। विप्रेषणले अर्थतन्त्रलाई वर्तमानमा ठूलो टेवा पुर्‍याए पनि यो दिगो हुन सक्दैन। त्यसैले यी युवाशक्तिलाई देशमा नै श्रम गर्न सक्ने वातावरण निर्माण आजको प्रमूख आवश्यकता हो।

## ३. युवाहरुको सर्वाङ्गीण विकासका लागि भएका प्रयाशहरुः

नेपालको संविधानले रोजगारीको हकलाई मौलिक अधिकारको रुपमा व्यवस्था गरेको छ। नेपाल सरकार राष्ट्रिय योजना आयोगले तयार गरेको पन्ध्रौँ योजनाले 'युवाको सर्वाङ्गीण विकास, राष्ट्र निर्माणको प्रमूख आधार' भन्ने सोचका साथै स्वस्थ, सकारात्मक सोचयुक्त, उद्यमशील, सिर्जनशील, अधिकारप्रति सचेत र कर्तब्यप्रति प्रतिवद्ध युवाशक्तिको विकास र परिचालन गर्ने लक्ष्य राखेको छ। यसका लागि (१) प्राविधिक तथा व्यवसायिक शिक्षा र सीप विकासका अवसर विस्तार गर्ने, (२) युवालाई उद्यम र व्यवसाय सञ्चालनमा प्रोत्साहन तथा प्रवर्द्धन गर्ने, (३) वित्तीय स्रोत साधनमा युवाको पहुँच विस्तार गर्ने, (४) युवामा स्वयंसेवी संस्कृतिको विकास गर्ने र (५) स्काउटको संरचनालाई विकास र विस्तार गर्ने जस्ता रणनीति लिने उल्लेख छ। त्यस्तै दिगो विकास लक्ष्य तथा युथ भिजन–२०२५ ले युवाको विकास र सहभागितामा मुख्य जोड दिएको छ। नेपाल सरकारले युवा विकासको लागि विभिन्न नीतिगत व्यवस्था गर्नुका साथै संस्थागत संरचनाहरु पनि स्थापना गरेको छ।

(क) **युवा तथा खेलकुद मन्त्रालयः** राष्ट्र निर्माणमा युवाको सार्थक सहभागिता अभिवृद्धि गर्ने तथा युवा सरोकारका विषयलाई व्यवस्थित रुपमा सम्बोधन गरी द्वन्द्वोत्तर शान्ति तथा आर्थिक, सामाजिक रुपान्तरण हासिल गर्न छुट्टै संयन्त्रको आवश्यकता महसुस गरी वि.स. २०६५ मा युवा तथा खेलकुद मन्त्रालयको स्थापना भएको हो। मन्त्रालयले युवा तथा खेलकुदका क्षेत्रमा विभिन्न कार्यहरु गर्दै आएको छ। यस मन्त्रालय मार्फत राष्ट्रिय युवा नीति, २०७२ (प्रथम राष्ट्रिय युवा नीति, २०६६ को संशोधन) ले परिलक्षित गरेका लक्ष्य तथा उद्देश्य हासिल गर्न विविध कार्यक्रम सञ्चालन गरिंदै आएको छ। साथै युवाको विषय धेरै मन्त्रालय तथा निकायसँग अन्तरसम्बन्धित भएकाले युवा तथा खेलकुद मन्त्रालयले अन्तर–मन्त्रालय समन्वयको कार्य पनि अगाडि बढाएको छ। यस मन्त्रालय अन्तर्गतका विभिन्न निकायहरु जस्तैः युवा तथा साना व्यवसायी स्वरोजगार कोष, राष्ट्रिय युवा परिषद्, राष्ट्रिय खेलकुद परिषद् र नेपाल स्काउट जस्ता निकायहरुले काम गर्दै आएका छन्।

(ख) **युवा तथा साना व्यवसायी स्वरोजगार कोषः** युवाहरुलाई स्वदेशमा नै रोजगारीको अवसर सिर्जना गर्न तथा स्वरोजगार बनाउन नेपाल सरकारले बि.स. २०६५ सालमा युवा तथा साना व्यवसायी स्वरोजगार कोषको स्थापना गरेको हो। कोषको उद्देश्य लक्षित समुदायलाई सहुलियत व्याजदरमा विना धितो ऋण लगानी गरी स्वरोजगार बनाउनु रहेको छ। कोषले परिभाषित गरेको लक्षित समुदायमा १८ वर्षदेखि ६० वर्ष उमेरसम्मका आर्थिक रुपले विपन्न महिला, दलित, आदिवासी, जनजाती, मधेसी, थारु, सीमान्तकृत, लोपोन्मूख, अल्पसंख्यक, मुस्लिम, अपांगता भएका व्यक्ति, द्वन्द्वपीडित तथा पिछडिएका क्षेत्रका व्यक्ति तथा गरिब किसान मजदुर, सुकुम्वासी वा साना व्यवसायी समेत पर्दछन्। स्थापनाको वर्षबाट नै कोषले युवा तथा साना व्यवसायी स्वरोजगार कोष (सञ्चालन) नियमावली अनुसार कार्यक्रम सञ्चालन गर्दै आएको छ। कोषले सुरुवातबाट नै बैंक, वित्तीय तथा सहकारी संस्था मार्फत लक्षित समुदायलाई प्रति व्यक्ति दुई लाख रुपैयाँ सहुलियत कर्जा उपलब्ध गराउँदै आएको छ। हाल कर्जाको सीमा प्रतिव्यक्ति रु. पाँच लाख बनाइएको छ। कोषले लक्षित समुदायका परम्परागत पेशा र सीप विकास तथा व्यवसाय प्रवर्द्धनको लागि सहुलियत दरमा ऋण लगानी गर्ने गर्दै आएको छ। यसक्रममा कोषले स्थानीय सीप र कच्चा पदार्थमा आधारित तथा स्थानीयस्तरमा उत्पादन हुने वस्तुको व्यबसायीकरणमा योगदान पुग्ने कार्यक्रम संचालनमा पनि सहयोग पुर्‍याएको छ। साथै, कोषले नेपाल सरकारले पहिचान गरेको गरिब परिवारलाई लक्षित गरी कार्यक्रम संचालन गर्ने, रोजगार प्रवर्द्धन गर्ने व्यवसाय, सामुहिक कृषि तथा पशुपालन लगायतका निर्यातमूलक वा

आयात प्रतिस्थापन गर्ने उत्पादनशील व्यवसायमा लगानी गर्ने, वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिले संचालन गर्ने साना व्यवसायका लागि ऋण लगानी गर्ने आदिलाई प्राथमिकता दिएको छ। हालसम्म कोषले २ हजार भन्दा धेरै सहकारी संस्था तथा ३० बैंक तथा वित्तिय संस्थाहरुमार्फत ११ अर्बभन्दा बढी सहुलियतपूर्ण कर्जा लगानी गरेको छ। यससँगै कोषले ८ हजार चारसय ४० जनालाई सिपमूलक तालिम तथा ४२ हजार ५ सय ६३ जनालाई अभिमूखीकरण तालिम प्रदान गरेको छ। यसबाट हालसम्म ८७ हजार जना स्वरोजगार भएको तथ्यांक छ।

(ग) **राष्ट्रिय युवा परिषदः** वि.सं २०७२ सालमा स्थापना भएको राष्ट्रिय युवा परिषद्को ऐनमा 'युवाको हक हितको संरक्षण र सम्वर्द्धन गरी समुन्नत मुलुक निर्माणका लागि सक्षम नागरिक तयार गर्न तथा युवालाई सशक्तीकरण गरी युवा सम्बन्धी विषयको नीति निर्माणदेखि कार्यान्वयन तहसम्म आवश्यकता अनुसार उनीहरुलाई संलग्न गराई राष्ट्रिय विकासको मूलप्रवाहमा समावेश गर्ने उल्लेख छ। परिषद्ले २०७५ सालमा जारी गरेको युथ भिजन–२०२५ सहितको १० वर्षे रणनीतिक योजनाले युवामा व्यापक लगानी गरी आर्थिक समृद्धि हासिल गर्न उत्तरदायी युवा तयार पार्ने कुरालाई केन्द्रमा राखेको छ। 'युथ भिजन – २०२५' ले नेपालका अहिलेको युवा विकासका मूल समस्यालाई लक्षित गरी युवा विकासका पाँच रणनीतिक आधारस्तम्भ तय गरेको छ। ती आधारस्तम्भहरुः १) शिक्षा, २) रोजगारी, ३) स्वास्थ्य र सामाजिक सुरक्षा, ४) परिचालन, सहभागिता र नेतृत्व विकास, र ५) खेलकुद र मनोरञ्जन रहेका छन्।

(घ) **राष्ट्रिय खेलकुद परिषद्ः** वि.सं २०२१ सालमा स्थापना भएको राष्ट्रिय खेलकुद परिषद्को उद्देश्य खेलकुदको माध्यमबाट स्वास्थ्य, सक्षम, मर्यादित, अनुशासित खेलाडी र सिर्जनशील नागरिक तयार गर्न, राष्ट्रिय एकता प्रवर्द्धन तथा राष्ट्रको प्रतिष्ठा अभिवृद्धि गर्न, खेलकुदको क्षेत्रमा अध्ययन र अनुसन्धान गर्न तथा खेलकुद विकास, विस्तार र प्रवर्द्धन गरि खेलकुदको संचालन तथा व्यवस्थापन गर्ने हो।

(ङ) **नेपाल स्काउटः** नेपाल स्काउटको व्यवस्था गर्न बनेको ऐनको प्रस्तावनामा बालबालिका तथा युवा वर्गलाई विश्व स्काउटको सिद्धान्त र मान्यता अनुरूपको अभियानमा सहभागी गराई तिनीहरूको शारीरिक, मानसिक र बौद्धिक विकास गरी तिनीहरूलाई अनुशासित स्वावलम्बी र चरित्रवान तुल्याई सेवा भावनाको अभिबृद्धि गर्दै देश विकास कार्यमा सहभागी गराउन नेपाल स्काउटलाई बढी सक्षम र संगठित बनाउने उल्लेख छ।

## ४. युवा विकासको लागि अब गर्नुपर्ने कामहरुः

विभिन्न नीतिगत तथा संस्थागत व्यवस्थाका वावजुद नेपाली युवाहरु अवसरबाट बञ्चित छन्। युवाको क्षमता र सिर्जनात्मकताको उपयोगबाट देशले लिन लाभ लिन सकेको छैन्। युवाहरुको लागि बनेका योजनाहरु मूर्त बन्न सकेका छैनन् भने कार्यान्वयन पक्ष फितलो बनेको छ। यी कमजोरीहरु हटाई युवा जनशक्तिको उच्चतम सदुपयोग अहिलेको प्रमूख आवश्यकता हो। त्यसका लागि तत्काल निम्न लिखित कार्यहरु गर्न सकिन्छ।

- **युवाहरुको तथ्यांक अद्यावधिक गर्नेः** प्रत्येक वर्ष श्रम बजारमा प्रवेश गर्ने युवाहरुको पालिकागत तथ्यांक तथा उनीहरुको अध्ययनको विषय, क्षमता, विशेष सिप तथा तालिमको आधारमा तथ्यांक अध्यावधिक गर्नुपर्ने देखिन्छ। यसले भविष्यको लागि जनशक्ति निर्माण योजनामा ठोस योगदान पुग्दछ। युवाहरुको सबैभन्दा भरपर्दो र सम्पूर्ण तथ्यांक सहितको जानकारी पालिका तथा वडा लगायतका स्थानीय सरकारले अद्यावधिक राख्न सक्दछ। त्यसैले युवा जनशक्तिलाई सिर्जनात्मक तथा उत्पादनसँग जोड्ने काम परिषदले पालिकासँगको समन्वय तथा सहकार्यमा गर्नेछ।
- **जनशक्ति माग र आपूर्ति विश्लेषणः** आन्तरिक श्रम बजारमा माग भएको श्रमशक्ति र देशभित्र उपलब्ध युवा जनशक्ति, उनीहरुको योग्यता तथा दक्षताको अवस्था विश्लेषण गरी श्रम बजार र युवाबीच समन्वयको काम गर्नैपर्ने

आवश्यकता देखिन्छ। यसले देशभित्रका युवाहरु श्रमको लागि विदेसिनु पर्ने वाध्यता र दक्ष जनशक्तिको लागि विदेशी श्रमिकामा भरपर्नु पर्ने अवस्थाको अन्त्य गर्छ।

- **सिपमूलक तथा क्षमता अभिवृद्धि कार्यक्रमः** नेपाली युवाहरुमा सीपको अभावमा देशभित्रको श्रम बजारमा भारततिरका श्रमिकहरुको बाहुल्यता छ भने वैदेसिक रोजगारीमा गएका युवाहरु पनि अदक्ष कामदारको रुपमा जोखिमयुक्त र न्यून पारिश्रमिकमा काम गर्न वाध्य छन्। त्यसैले युवाहरुलाई सिपमूलक तालिम तथा क्षमता अभिवृद्धि कार्यक्रमलाई पालिका तहसम्म नै विस्तार गर्ने हो भने आन्तरिक श्रमबजारमा श्रमिकको आपूर्ति आन्तरिक बजारबाट नै हुने र वैदेशिक रोजगारीमा जाने श्रमिकको पनि जोखिम कम हुनुका साथै आय पनि बढी हुन्छ। सिपमुलक क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गर्दा भौगोलिक अवस्था, परम्परागत सिप, सामाजिक सांस्कृतिक अवस्थालाई समेत मध्यनजर गर्ने हो भने उद्यमशीलताको पनि विकास हुन्छ भने परम्परागत सीपको पनि प्रवर्द्धन हुन्छ।
- **तालिम प्राप्त युवालाई अनिवार्य उत्पादनमूलक कार्यमा संलग्न गराउनेः** विभिन्न संस्थाहरुले युवाहरुको क्षमता अभिवृद्धि तथा सिप विकासको लागि विभिन्न कार्यहरु सञ्चालन गरिरहेका छन्। तर तालिम तथा सिप विकासमा संलग्न सबै युवाहरुलाई उत्पादनमूलक कार्यमा जोड्न सकिएको छैन। उनीहरुलाई अनिवार्य उत्पादनमूलक कार्यमा संलग्न हुने व्यवस्था गर्ने हो भने उद्यमशिलताको विकास हुन्छ।
- **युवाको परिभाषा तथा प्राथमिकता निर्धारण गर्नेः** हाल विद्यमान व्यवस्था अनुसार १६ देखी ४० वर्ष उमेर समूहलाई युवाको रुपमा परिभाषित गर्ने गरिएकोमा यो अलि सान्दर्भिक लाग्दैन। देशको औसत आयुमा वृद्धि र स्वास्थ्य सेवामा आएको सुधारले कामको लागि सक्रिय उमेर बढ्दै गएको छ। त्यसैले युवाको परिभाषालाई दुई वर्गमा विभाजन गरी १६ देखि ३५ वर्ष उमेर समूहलाई अध्ययन युवा समूह र २० देखी ५५ लाई रोजगार तथा स्वरोजगार समूह निर्धारण गरी काम गर्ने हो भने युवा जनशक्तिको सिर्जनात्मक उपयोग हुने देखिन्छ।
- **प्राथमिकीकरणः** युवाहरुको आर्थिक सामाजिक अवस्था विश्लेषण गरी सोही अनुसार प्राथमिकता छुट्टयाई कार्यक्रम सञ्चालन गर्नुपर्ने आवश्यक देखिन्छ। आर्थिकरुपमा विपन्न, सरकारले गरिब पहिचान गरेका परिवारका युवा, दलित, पिछडिएका वर्ग, महिला, सिमान्तकृत, मुश्लिम, मधेसी, जनजाती आदिका आधारमा लक्षित समूह निर्धारण गरी त्यसैका आधारमा लक्षित कार्यक्रम सञ्चालन गर्नुपर्ने हुन्छ।
- **एकीकृत कार्यक्रमः** नेपाल सरकारले विभिन्न निकायमार्फत विभिन्न युवा लक्षित कार्यक्रमहरु सञ्चालन गरिरहेको छ। तर विविध कारणले युवाको जानकारी ती कार्यक्रम पर्न सकेका छैनन्। त्यस्तै कतिपय कार्यक्रममा दोहोरोपना आएको र सीमित समूहले दोहोरो फाइदा लिएको अवस्था छ। त्यसैले यी कार्यक्रमहरुलाई एकीकृत गरी एकै निकायबाट सञ्चालन गर्ने हो भने बढी प्रभावकारी हुने देखिन्छ।
- **समन्वय र सहजीकरणः** वैदेशिक रोजगारीमा गएका युवाहरुले विप्रेषणसँगै सिप र क्षमता पनि लिएर आएका छन्। तर ती सिपलाई स्वदेशमा नै उपयोग गर्ने अवस्था सिर्जना भएको छैन्। बरु त्यस्तै प्रकृतिका काम गर्न भारत, बङ्गलादेश लगायतका देशबाट दक्ष कामदारहरु नेपाल आएका छन्। नेपाली युवाले विदेशमा सिकेको सिप र नेपाली उद्योगमा त्यस्तै सिप भएका आवश्यक जनशक्ति बीच समन्वयको खाँचो छ, त्यसको समन्वय र सहजीकरणको काम सरकारी तहबाटै हुनुपर्ने देखिन्छ।

## निष्कर्ष तथा सुझाव

युवा तथा खेलकुद मन्त्रालय अन्तर्गत रहेका युवा स्वरोजगार कोष, राष्ट्रिय युवा परिषद जस्ता सरकारी संस्थाहरुले युवाहरुको समग्र विकासमा काम गर्दै आएका छन्। यी विविध सरकारी प्रयाशका वावजुद अपेक्षा अनुसारको परिणाम भने प्राप्त भैसकेको छैन्। यसमा एकातर्फ सरकारी प्रयाशमा पनि केही र कहीँ कमजोरी रहेका छन् भने रोजगारीको सन्दर्भमा नेपाली समाजको मनोविज्ञान

पनि संकुचित घेरामा अल्झिएको छ। नेपाली युवाहरुको ठूलो हिस्सा स्वरोजगारका साना तर दिगो विकल्पलाई छोडेर आन्तरिक वा विदेशी श्रमबजारमा श्रम बेच्न प्राथमिकता दिन्छ। नेपाली युवाले यस्तो मनोविज्ञानबाट मुक्त हुनुका साथै सरकारले पनि युवा लक्षित कार्यक्रमको विस्तार र यी कार्यक्रममा युवा पहुँच बढाउन अझ बढी मिहिनेत गर्नुपर्ने देखिन्छ। युवा विकासका लागि रुपान्तरणकारी योजनाहरूको निर्माण, नीति र योजनाहरूलाई कार्यान्वयनमा लैजाने पर्याप्त स्रोतको व्यवस्था,दक्ष जनशक्तिको व्यवस्थापन तथा आपसी समन्वय र साझेदारी जस्ता पक्षहरूमा पर्याप्त लगानी गर्न सकेमा मात्र युवा विकासको अभियानले सार्थक नतिजा दिन सक्छ।

त्यस्तै देशका हरेक क्षेत्रको विकासको अवस्था प्रारम्भिक चरणमा रहनुले देशभित्रै असीमित अवसरलाई देखाउँछ। त्यस्तै भुमण्डलीकरणले साँघुरो बनाएको विश्वमा देशभित्रैबाट विश्वसँग प्रतिस्पर्धा गर्नसक्ने वातावरण पनि बनाएको छ। नेपालको सन्दर्भमा युवा विकासका लागि संवैधानिक व्यवस्था हुनु, युवाहरुको समग्र विकासका लागि युवा तथा साना व्यवसायी स्वरोजगार कोष, राष्ट्रिय युवा परिषद् लगायतका विभिन्न संरचनात्मक प्रवन्ध हुनु आदि युवाका अवसरहरु हुन्। तर यी निकायले समग्र युवालाई समेट्न सकेको छैन्। त्यसैले युवा लक्षित यी संस्थागत संरचनालाई स्पष्ट कार्यदिशा, वलियो संरचना, विस्तारित भूमिका तथा राजनीतिक हस्तक्षेपमुक्त बनाउने हो भने यिनको कार्य सम्पादन अझ प्रभावकारी हुने अपेक्षा गर्न सकिन्छ। विद्यमान अवसरहरुलाई अझ विस्तार गर्दै युवाहरुको क्षमतालाई देशभित्रै उपयोग गर्न सके देशको आर्थिक वृद्धि र समृद्धिले गति लिन सक्नेमा विश्वस्त हुन सकिन्छ।

**सन्दर्भ सूची:**


- नेपालको संविधान २०७२
- स्काउट व्यवस्थापन गर्न बनेको ऐन, २०७५
- राष्ट्रिय युवा परिषद् ऐन, २०७२
- नेपाल श्रमशक्ति सर्वेक्षण २०७५, केन्द्रीय तथ्यांक विभाग
- राष्ट्रिय योजना आयोग २०७६, पन्ध्रौं योजना (२०७६/७७– २०८०/८१), नेपाल सरकार राष्ट्रिय योजना आयोग
- युवा तथा साना व्यवसायी स्वरोजगार कोष नियमावली, २०७७

# सडक दुर्घटना न्यूनीकरणमा युवाको भूमिका

**भगबती सेढाई ***



## १. सारांश

सुरक्षितरूपमा यात्रा गर्न पाउनु हरेक व्यक्तिको अधिकार हो तर पनि हाम्रा सबै यात्राहरु सुरक्षित छैनन् । सडक यातायात बाट यात्रा गर्ने क्रममा हरेक वर्ष लाखौ मानिसहरुले ज्यान गुमाउनु र अङ्गभङ्ग भएर बाच्नु परेको छ, जसमा युवाको सङ्ख्या सबै भन्दा बढी छ । सडक दुर्घटनाको कारणले कयौं युवाले आफ्ना सपनाहरुलाई सडकमै विलय गर्नु परेको तितो यथार्थलाई लिएर विश्वमा युवाहरुले सडक दुर्घटना न्यूनीकरण गर्नका लागि आ-आफ्नो तर्फबाट संस्थागत र व्यक्तिगत रुपमा लागेर योगदान गर्दै आएका छन् ।

नेपालमा सडक दुर्घटना बढ्दो छ र युवाहरुको यसबाट हुने मृत्यु, चोटपटकको अवस्था डरलाग्दो छ । विश्वमा सडक दुर्घटना न्यूनीकरणका लागि धैरै कार्य भएका छन्, तर नेपालमा यसको न्यूनीकरणका लागि खासै काम र लगानी भएको छैन । सडक दुर्घटना न्यूनीकरणमा लगानी गर्नु भनेको धेरै युवालाई अकालमा मर्न नदिनु, युवाको नवीनतम सोचलाई सडकमा विलय हुन नदिनु हो । यसैले यस धर्तीको सुखद् भविष्य लाई सोच्ने हो भने युवालाईनै समावेश गरी सडक दुर्घटना न्यूनीकरणका लागि लागिपर्नु आजको आवश्यकता हो ।

## २. सडक दुर्घटनाको अवस्था

सडक दुर्घटनाबाट हुने मृत्युलाई रोकथाम गर्न सकिन्छ; तर पनि अनगिन्ति मानिसहरुले अकालमा ज्यान गुमाई रहेका छन । विश्व स्वास्थ संगठनका अनुसार सडक दुर्घटनाका कारण हरेक वर्ष १३ लाखभन्दा बाढी मानिसले ज्यान गुमाउछन् भने २ देखि ५ करोड मानिस घाइते हुन्छन्[१] । हाल विश्वमा२५ वर्षभन्दा मुनिका करिब ३ अर्ब युवा जनसङ्ख्या रहेको छ जुन इतिहासमा नैं उच्चतम प्रतिशत हो [२] । जसरी जनसङ्ख्याको हिसाबले युवाको सङ्ख्यामा बाहुल्यता छ, त्यस्तै सडक दुर्घटनाबाट हुने मृत्यु र घाइतेको सङ्ख्यामा पनि सर्वाधिक युवाहरु नै पर्दछन् । युवाहरुले सम्पूर्ण सडक दुर्घटनाबाट हुने मृत्युको ३०% भन्दा बढी हिस्सा ओगटेका छन् [२] । यसरी तीन लाख पचासहजार भन्दा बढी युवाहरु हरेक वर्ष सडक दुर्घटनाको कारण अकालमा यस धर्तीबाट बिदा लिन्छन् । सडक दुर्घटनाबाट हुने युवाको मृत्युमा८०% भन्दा बढी पुरुषको मृत्यु छ[३] । मुख्यतया तिब्र गति, मादक पदार्थ वा लागु औषध सेवन, र दुर्घटना पश्चात गरिने उचीत उद्दार र औषधोपचार नहुनाले युवा समूहमा यति धैरै सडक दुर्घटनाका घटनाहरु भएका छन् ।

* *पद्मकन्या बहुमुखी क्याम्पस, जनसङ्ख्या अध्ययन विभाग*

सडक दुर्घटनाको कारण हुने आर्थिक क्षतिको विभिन्न अध्ययनबाट लेखाजोखा पनि भएको छ। सडक दुर्घटनाबाट घाइतेर मृत्यु भएका व्यक्तिको परिवारलाई मात्र हैन सम्पूर्ण राष्ट्र र विश्व स्तरमा असर नराम्रो पर्छ। दुर्घटनाको कारणले राष्ट्रहरुमा १-५% कुल ग्राहस्थ उत्पादनमा ह्रास ल्याएको छ [४]। विश्वबैङ्कको एक अध्ययन अनुसार यदि हामी जस्ता देशहरुले सडक दुर्घटनालाई राम्रोसँग घटाउन सकेमा २४ वर्षमा यसको लाभ अनुरूप ७-२२% कुल ग्राह्यस्थ उत्पादनमा वृद्धि हुन्छ [४। तसर्थसडक दुर्घटनालेयति धेरै मानिसको अकालमा ज्यान जाने र भौतिक नोक्सानी हुने गरेकोले विश्वमा सामाजिक र आर्थिक विकासका लागि वाधकको रुपमा देखा परेको छ।

यातायातको साधन को हिसाबमाविकसित देशमा ४०% भन्दाबढी छन्, मध्यम आय भएका देशमा ५९% र निम्न आय भएका देशमा १% भन्दा पनि कम छन्। तर सडक दुर्घटनाबाट हुने मृत्यु भने विकसित देशमा ७% र हामीजस्ता कम निम्नआय भएका देशहरुमा १३% हुन्छ [१]। विश्व स्वास्थ संगठनका अनुसार सडक दुर्घटनाका कारणहुने मृत्युदरअतिकम विकसित राष्ट्रहरुमा औषत प्रति एक लाख जनसङ्ख्यामा २४ जना रहेको छ भने मध्यम आय भएकादेशमा यो दर प्रति एक लाखमा १८ जना छ [५]। तर विकसित देशमा सडक दुर्घटनाबाट हुने मृत्युदर प्रति एक लाखमा जम्मा ९ जना मात्र रहेको छ (चित्र १ )। यस तथ्याङ्कले विश्वमा सडक दुर्घटनाबाट हुने मृत्युको वितरणमा पनि असमानता रहेको र गरीबीसँग समानुपातिक रहेको देखाउछ। यसरी हेर्दा नेपाल पनि सडक दुर्घटनाबाट हुने मृत्युको हिसाबले उच्च जोखिम देशमा पर्छ।

**चित्र १. प्रति एक लाख जनसंख्यामा सडक दुर्घटनाबाटहुने मृत्यु संख्या**




स्रोत: विश्व स्वास्थ संगठन, २०१७*(A Guide for Policy Makers: On Reducing Road Fatalities)*

मुख्यत:सडक दुर्घटनाबाट मृत्यु हुने युवामा पैदलयात्री, साइकल यात्री, मोटरसाइकल प्रयोगकर्ता, र सार्वजनिक यातायातका यात्रुहरु हुन्। समग्र विश्व जनसङ्ख्यामा सडक दुर्घटना मृत्युको आठौ कारण हो भने युवा जनसंख्यामा(१५-२९ वर्ष उमेर समूहमा) यो नैमृत्युको पहिलो कारण बनेको छ। सडक दुर्घटना] पछि आत्महत्या आउँछ भने तेस्रो कारणमा एचआईभी / एड्स रहेको छ। विश्वभरको युवा जनसंख्यामा हुने मृत्युको प्रमुख दश कारणहरूलाई चित्र २ मा दर्शाइएको छ। १५ देखि २९ वर्षका युवा समूहमा एचआईभी / एड्स, मलेरिया, क्षयरोग वा कर्तव्यज्यान सबै जोड्दा हुने मृत्युको सङ्ख्याभन्दा पनि बढी सडक दुर्घटना एक्लैबाट भएको मृत्युको सङ्ख्या रहेको देखिन्छ।

**चित्र २. २०१५ को विश्व स्वास्थ्य संगठनको तथ्याङ्क अनुसार१५-२९ वर्ष उमेर समूहमा मृत्युको प्रमुख १० कारणहरू**




***स्रोत: सडक सुरक्षाका लागि युवा, २०१७(http://www. youthforroadsafety. org/road-safety) [३]***

विश्वमा सबै सडक दुर्घटनाबाट हुने मृत्युको ९३ % भन्दा बढी हिस्सान्यून एवम् मध्यम आय भएका देशहरुमा हुन्छ[१]। यसैबाट सहजै अनुमान गर्न सकिन्छ कि नेपाल जस्ता देशहरुमा सडक दुर्घटनाबाट अकालमा कति युवाले ज्यान गुमाइरहेका छन् र बाँचेकाहरू मध्ये कतिपय त अपाङ्ग भएका छन्। सडक दुर्घटनाको कारणले युवाले अकालमा ज्यान गुमाउनु वा अङ्गभङ्ग भएर बस्नु परेका कारण निम्तिएको आर्थिक, सामाजिक, पारिवारिक तथा सम्पूर्ण विकाशमा परेको असरबारे विभिन्न अनुसन्धानहरू भए पनि हाम्रो ध्यान त्यतातिर अझैसम्म गएको छैन् र नेपालमा यसबाट भएको क्षतिको विवरण हाम्रो कल्पनाभन्दा पनि बाहिर छ।

## ३. विश्वमा सडक दुर्घटना न्यूनीकरणमा युवाको पहल

सडक दुर्घटना न्यूनीकरणका लागि युवाले महत्वपुर्ण भूमिका खेल्न सक्छन् र खेल्नु पर्छ, किनभने सडक दुर्घटनाबाट प्रभावितमध्ये पहिलो स्थानमा नै युवा आउँछन् भने त्यस्तै यसको न्यूनीकरण भएमा पनि यसको लाभ पाउने पनि यी युवा समूहनैंहुनेछन। विश्व परिदृश्यमा हेर्ने हो भने सडक दुर्घटना न्युनीकरणका लागि युवाले अहम् भूमिका पनि खेल्दै आएका छन। सन् २००६ को विश्व स्वास्थ संगठनको तथ्याङ्कअनुसार त्यसताका हरेक दिन १००० जनाभन्दा बढी युवाले सडक दुर्घटनाबाट ज्यान गुमाउथे भने हजारौं मानिस अङ्गभङ्ग हुन्थे। यही समस्यालाई ध्यानमा राखेर विभिन्न देशका १४ जना युवाहरु सेप्टेम्बर १८, २००६ का दिन स्विट्जरल्याण्डको जेनेभामा भेला भएर अर्को वर्ष २००७ मा विश्वका युवाहरुको भेलाको आयोजन गर्ने र उक्त भेलालाई “World Youth Assembly for Road Safety”नामाकरण गर्ने निर्णय गरियो [३]। उक्त निर्णयनै विश्वब्यापी महामारीको रुपमा रहेको सडक दुर्घटना न्यूनीकरणका लागि युवाहरुको तर्फबाट गरेको कोसेढुङ्गो सरह भयो। सन् २००७ मा गरिएको “World Youth Assembly for Road Safety”बाटनै “यु. एन. सडक सुरक्षा सप्ताह” मनाउने निर्णय गरियो। तदनुरूप २३-२९ अप्रिल २००७ मा यु. एन. सडक सुरक्षा सप्ताहको सुरुवात भयो जुन हरेक वर्ष मनाइन्छ। यहि युवा भेला निरन्तरताको रुपमा विश्वभरिका सडक सुरक्षामा काम गरिरहेका युवाहरु मिलेर“Youth for Road Safety (YOURS)”नामक सडक सुरक्षाकालागि काम गर्ने संस्था निर्माण गरिएको छ। यो संस्थाको औपचारिक घोषणा सन् २०१० मारूसको मस्कोमा भएको पहिलो मन्त्रिस्तरीय सडक सुरक्षा सम्मेलनमा गरिएको थियो। त्यस वर्ष देखिनै यो संस्था संयुक्त राष्ट्र संघको सडक सुरक्षा सम्बन्धीसहकार्य“UN Road Safety Collaboration” को प्रमुख साझेदार सदस्य भएर योगदान गर्दै आएको छ [३]।

सन् २०१० को पहिलो मन्त्रिस्तरीय सडक सुरक्षा सम्मेलनले पारित गरेको २०११-२०२० दशकको लागी सडक सुरक्षाको कार्य योजनामा २०१० मा सडक दुर्घटनाको मृत्यु संख्यालाई आधार मानेर त्यसलाई सन् २०२० सम्म आधा गर्ने लक्ष्य लिइएको थियो । यही लक्ष्य हासिल गर्नका लागि विश्वभर सडक दुर्घटनाको सबैभन्दा उच्च जोखिममा रहेको समूह युवाहरुले नै मिलेर सडक दुर्घटना न्यूनीकरणमा सहयोग गर्नु यो संस्थाको मूल उद्देश्य थियो । यहि अनुरुप "Youth and Road Safety Action Kit"तयार गरिएको छ जसमा निम्न कुरालाई समावेश गरिएको छ [३] ।

१. सडक दुर्घटना कस्तो समस्या हो ?

२. युवाहरुमाँझ सडक दुर्घटना कस्तो समस्या हो ?

३. सडक दुर्घटना कसरीहुन्छन्?

४. सडक सुरक्षाको काम कहाँबाट सुरू गर्ने ?

५. सडक दुर्घटनाका के के कारणहरु हुन सक्छन ?

६. सडक दुर्घटना न्यूनीकरणका लागि कस्ता कार्यकमहरु बनाउने र कसरि कार्यान्वयन गर्ने ?

७. कसरी कस कससँग साझेदारी गर्ने ?

८. समुदाय परिचालन कसरि गर्ने ?

९. सहकार्यका लागी सञ्जाल(नेटवर्किङ)कसरीगर्ने ?

१०. सडक दुर्घटना न्यूनीकरण कार्यका लागि चाहिने आर्थिक स्रोत कसरी जुटाउने ?

यही संस्थासंग आवद्ध भएर बिभिन्नराष्ट्रका युवाहरुले आ-आफ्नो देशमा सडक दुर्घटना न्यूनीकरणका लागि विषेश योगदान गरेका छन् । त्यस्तै २०२० को फेब्रुअरीमा स्विडेनको स्टकहोममा भएको मन्त्रीस्तरीय तेस्रो सडक सुरक्षा सम्मेलनको ठिक २ दिन अघि (फेब्रुअरी १८, २०२०) ७४ देशका १६० युवाहरु आ-आफ्ना देशलाई प्रतिनिधित्व गर्दै दोस्रो युवा सडक सुरक्षा भेला स्टकहोममा भए तर यस भेलामा नेपालबाट कुनैपनि युवाको प्रतिनिधित्व थियन । यस भेलाको उदेश्य युवामा परेको बढ्दो सडक दुर्घटनाको न्युनिकरणका लागि कार्ययोजना बनाई विश्वका नेतृत्व सामु पुर्याउनु र दिगो विकासलक्ष्य ३. ६ र ११. २ हासिल गर्नको लागि युवाको अनिवार्य संलग्नता र संसारका युवालाई सडक सुरक्षा कार्यमा प्रेरित गर्नु रहेको थियो । उक्त अवसरमा युवा सशक्तीकरण मार्फत सुरक्षित सडकका लागि नीति निर्माण, कार्यकम निर्माण, कार्यान्वयन र मुल्याङ्कन गर्ने तहसम्म युवालाई समावेस गर्नको लागि बृहत् छलफल पनि गरिएको थियो । यही भेला मार्फत विश्वका विभिन्न भागको प्रतिनिधित्व हुने गरी ११ जना युवाको कार्यदल गठन गरियो जसमा केन्या, अमेरिका, इजिप्ट, इन्डोनेसिया, नाइजेरिया, कोलम्बिया, भियतनाम, युगाण्डा, र ब्राजिलबाट प्रतिनिधि छानिएका थिए। यहि दोश्रो भेला मार्फत "Global Youth Statement for Road Safety" जारी गरिएको थियो, जसमा "हामीले अहिलेसम्म जे जति सहेर बस्यौ अब हामी बस्ने छैनौ" भन्ने खालको युवाको आवाज थियो । साथै नेतृत्वकारी भूमिका खेल्ने व्यक्ति र संस्थाहरु माझ निम्न कुराहरुको मांग गरिएको थियो:

१. हाम्रा सपनाहरुलाई सडकमा मार्नु भएन

२. सम्पूर्ण सडक प्रयोगकर्ताहरुलाई सडक सुरक्षाको ज्ञान चाहियो

३. तीव्र गति नियन्त्रण गर्नु पर्यो

४. असुरक्षित यातायातका साधनलाई सडकमा चल्नु दिनु भएन

५. पृथ्वी बाहेक बस्नाकालागी अन्य ग्रह छैन हामी यहि बाँच्न चाहन्छौ

६. हामीलाई हेल्मेट, सिटबेल्ट, बालबालिका सडक दुर्घटनाबाट सुरक्षित राख्ने कानुन, मादक पदार्थ सेवन बिना सवारी साधन चलाउने नियम पूर्ण पालना गराउनु पर्यो

७. दुर्घटना पस्चात सहि उद्दार र उचित उपचारको व्यवस्था हुनुपर्यो

दोस्रो युवा सडक सुरक्षा भेलाबाट पारित सडक सुरक्षाको विषयहरुलाई तेस्रो मन्त्रीस्तरीय सम्मेलनमा विश्वका युवाहरुको प्रतिनिधित्व गर्दै इजिप्टकी ओनिमा एल ओम्रनिले **अबत अतिभो**(Enough is Enough) हामी कति युवाहरु सडक मा विलय हुनु पर्नेहो ? कति अङ्गभङ्ग भएर बाच्ने हो ?भनि विश्वका युवाहरुको चित्कारलाई एक प्रमुख प्रस्तोता भई उक्त सम्मेलनमा राखेकी थिइन्। जसलेत्यहाँ उपस्थित विश्वका सडक सुरक्षामा काम गर्ने नेतृत्व र निकायका प्रतिनिधिहरुलाई स्तब्ध पारेर त्यसबारे सोच्न बाध्य गराएको थियो [६]।

## ४. नेपालको सन्दर्भमा सडक सुरक्षामा नेपाली युवा

यसरी विश्व परिदृष्यमा युवाहरूको सडक दुर्घटना न्यूनीकरणका लागि सकृयता सुरू भएको एक दशकभन्दा बढी भइसकेको भए पनि नेपालमा सडक दुर्घटना कम गर्न युवा संलग्नता अझै बामे सर्दैछ। नेपालमा १६-४० वर्ष उमेर समूहका जनसङ्ख्यालाई युवा भनिएको छ जसमा कुल जनसंख्याको ४०% पर्दछन [७]भने सडक दुर्घटनाको हिसाबले ६५% भन्दा बढी घटनाहरु यही युवाहरुमा हुन्छ। नेपालमा ८५% भन्दा बढी सवारीसाधनहरु दुईपाङ्ग्रे (मोटरसाईकल र स्कुटर)छन्[८]। युवामा दुईपाङ्ग्रे सवारी साधन प्रयोग उच्च छ, जसबाट धैरै युवाहरु मृत्यु र गम्भीर घाइते भएका छन्। साथ साथै सडक दुर्घटनाबाट मृत्यु हुने ड्राइभरहरु मध्ये युवा ड्राइभरहरुको मृत्युको बाहुल्यता छ। युवा ड्राइभरहरुलाई सडक दुर्घटनाबाट बचाउनु भनेको अन्य धैरै मानिसको सडक दुर्घटनाबाट बचाउनु हो।

२१ औं सताब्दीका यूवाहरु विशेष खालको सोच, क्षमता, सिप र जाँगरले भरिपूर्ण छन्। युवाहरुको क्षमतालाई प्रयोग गर्ने हो भने सडक दुर्घटना न्यूनीकरणमा हामीले उल्लेखित उपलब्धि हासिल गर्न सकिने छ। युवा शक्ति राष्ट्रको महत्वपूर्ण सम्पति हो त्यसैले लागि युवालाई नेतृत्वदायी भूमिका लिन प्रोत्साहित गर्नुजरुरी छ र साथ साथै युवाको तर्फबाट पनि सडक दुर्घटना न्यूनीकरणका लागि प्रतिबद्ताको खाँचो छ।

संयुक्त राष्ट्रसंघ को तत्वावधानमा सन् २०२१-२०३० को दशकलाई सडक सुरक्षाको दोश्रो दशक घोषणा गरी यो अबधिमा २०२० को सडक दुर्घटनाबाट हुने मृत्युको सङ्ख्यालाईआधार मानी यसलाई आधा पार्ने लक्ष्य लिइएको छ। यो लक्ष्य हासिल गर्न विश्व स्वास्थ संगठनको नेतृत्वमाUN Road Safety Collaboration लेतयारपारेको"Global Plan for the Decade of Action for Road Safety २०१-२०३०" जारी भएको छ। जुन हरेक देशकोसडक दुर्घटना न्यूनीकरणका लागि मार्गदर्शन हो [९]। नेपालले पनि यही मार्गदर्शन अनुरुप कार्य गरेमा युवाहरूमा हुने लगभग २ हजार हाहारीको मृत्यु र ३० हजारभन्दा बढी चोटपटकका घटनाहरुलाई घटाउन सकिन्छ [८]। यो लक्ष्य हासिल गर्न युवालाई प्रत्यक्ष्यरुपमा सडक दुर्घटना न्यूनीकणमा संग्लग्न गराउनु पर्छ। यसैले युवालाई सडक दुर्घटनाबाट बचाउन निम्न कार्यमा ध्यानदिनु जरुरी छ :

१. सडक दुर्घटनाको अवस्था र युवामा एसको जोखिम को बारेमा बृहत रुपमा ज्ञान दिनुपर्ने
२. सडक सुरक्षाको ब्यबहारिक ज्ञानसहित युवा परिचालन गर्ने
३. युवामा तीब्रगतिका कारणहुने घटना र यसले निम्त्याउने समस्याको बारेमा ज्ञान दिने
४. मादक पदार्थको प्रयोग गरी सडक प्रयोग गर्दा हुनसक्ने जोखिम को बारेमा सचेतेना कार्यक्रम गर्ने
५. सडक सुरक्षाको नियम कडाईका साथ पालना गर्ने र गराउने
६. नीतिनिर्माण, कार्यकम निर्माण र कार्यान्वयन सम्म युवा लाई समावेश गर्ने
७. नेपालमा सडक सुरक्षा नियम पालना गराउन जनशक्तिको कमी छ यसैले धैरै युवालाई यो कार्यमा समावेश गराउनु राम्रो हुने

८. विश्वमा रहेका सडक सुरक्षाका लागि काम गर्ने संस्था संग संस्थागत रुपमा जोड्ने र त्यहाँ प्रमाणित सडक सुरक्षाका कार्यलाई नेपालमा युवा मार्फत कार्यान्वयन गराउने

## ५. निष्कर्ष

सडक दुर्घटनाको हिसाबले युवाहरु जोखिममा रहेका समूह हुन् । युवाहरु परिवार/राज्यले ठूलो खर्च गरेर तयार परेको जनशक्ति हो । त्यसैले युवाहरुको अकाल मृत्युबाट जोगाउनु हाम्रो प्रमुख दायित्व हो । नेपालमा सडक दुर्घटना दिन दुगुना रात चौगुनाको दरले बढ्दो छ । सडक दुर्घटना बाट युवालाई बचाउन राजनीतिक तवरले प्रतिबद्‌ता र कन्जुस्याइँ नगरिकन आर्थिक लगानीको खाँचो छ । साथ-साथै प्रत्यक्ष्यरुपमा युवालाई समावेश/परिचालन गराई सडक दुर्घटना न्यूनीकरणका लागि लागेमा नेपालको स्वास्थ, आर्थिक र समग्र विकाशमा प्रगति हासिल गर्न सकिन्छ ।

## ६. सन्दर्भ सामग्री


- World Health Organization, (२०१८). Global status report on road safety २०१८. Geneva: World Health Organization; २०१८. https://www. who. int/publications/i/item/९७८९२४१५६५६८४
- United Nations (२०२०). The World Youth Report: Youth social entrepreneurship and the २०३० agenda. https://www. un. org/development/desa/youth/
- Youth for Road Safety (२०२१). Estimated deaths by road traffic crashes among youth. http:// www. youthforroadsafety. org/road-safety/infographic
- The World Bank (२०१७). The high toll of traffic injuries: Unacceptable and preventable. https:// openknowledge. worldbank. org/handle/१०९८६/२९१२९
- World Health Organization, (२०१७). A Guide for policy makers: On reducing road fatalities.
- Youth for Road Safety, (२०२०). Global youth statement for road safety. http://www. youthforroadsafety. org/news-blog/news-blog-item/t/download-the-global-youth-statement-on-road-safety
- UNDP Nepal, (२०१७). Youth strategy २०१८-२०२०.
- लेखकको आफ्नो अध्ययन बाट( प्रकाशित भै नसकेको)
- United Nations (२०२१). Global Plan: Decade of action for road safety २०२१-२०३०. https://www. who. int/publications/m/item/global-plan-for-the-decade-of-action-for-road-safety-२०२१-२०३०

# राष्ट्रिय युवा परिषद् र युवा उद्यमशीलता विकास

**कमला ज्ञवाली ***



*ज्युँदै मर्‍याका भनी नाम कस्को,उद्यम बिना बित्दछ काल जस्को । - आदिकवि भानुभक्त आचार्य*

*जन्मदै गरिब हुनु तपाइको दोष होइन, मर्दा गरिब भएर मर्नु तपाइको दोष हो । -बिल गेट्स*

## १. पृष्ठभूमिः

वर्तमानका साझेदार, परिवर्तनका सम्वाहक, रूपान्तरणका धरोहर, भविष्यका कर्णधार, युवाहरूको राजधानी तथा समग्र युवाहरूको आशा र भरोसाको केन्द्रविन्दु राष्ट्रिय युवा परिषद् हो । समृद्ध नेपाल निर्माणका लागि स्वस्थ, कर्मठ र उद्यमी युवा भन्ने मूल नाराका साथ २०७२ साल फागुन १९ गते युवाका लागि सरकारद्वारा स्थापित क्रियाशील,स्वशासित र सङ्गठित संस्था हो। युवाको हक हितको संरक्षण र सम्बर्द्धनका लागि गुणस्तरीय र व्यावसायिक शिक्षा, रोजगारी, उद्यमशीलता र सिप विकास, स्वास्थ्य र सामाजिक सुरक्षा, युवा परिचालन, सहभागिता र नेतृत्व विकास तथा खेलकुद र मनोरञ्जनसहित युवा विकासका पाँच आधार स्तम्भहरूमा केन्द्रित रही आफ्ना गतिविधिहरू अघि बढाई रहेको छ । विश्व युवा विकास सूचकांकमा नेपाल १४५ औँ स्थानमा छ ।दक्षिण एसियाका मुलुकसँग तुलना गर्दा नेपालको युवा विकास सूचकाङ्क सबैभन्दा कमजोर देखिन्छ। नेपाल श्रम सर्वेक्षण २०१८ अनुसार नेपालमा पूर्ण बेरोजगार २.३ र अर्ध बेरोजगार दर २८.३ प्रतिशत छ अर्थात् औपचारिक तथा अनौपचारिक क्षेत्रमा गरी जम्मा ७१ लाख जनशक्ति बेरोजगार छ ।

नेपालको करिव ३६ प्रतिशत अर्थ बेरोजगार युवा शक्ति आर्थिक उत्पादन र सिपसँग जोडिन सकेका छैनन् । वैदेशिक रोजगारीमा जाने मध्ये दक्ष १.५प्रतिशत,अर्धदक्ष २३ प्रतिशत र अदक्ष ७५.५ प्रतिशत देखिन्छन् ।युवा परिषद् ऐन, २०७२ तथा राष्ट्रिय युवा नीति, २०७२ ले १६ देखि ४० वर्षलाई युवा उमेर समूह निर्धारण गरेको छ । युथ भिजन – २०२५ मा १६ देखि २४ वर्ष र २५ देखि ४० वर्षको उमेर समूहमा विभाजन गरी समूहगत प्राथमिकता निर्धारण गरिएको छ । पहिलो समूहका युवालाई शिक्षा, व्यक्तित्व र सिप विकासको चरण मानिएको छ भने दोश्रो समूहलाई व्यवसाय, स्वरोजगार र आयआर्जन गर्ने समयको रुपमा परिभाषित गरिएको छ/ यो जनसंख्याको सर्वाधिक सक्रिय, उःर्जावान र गतिशील समूह हो ।युवा शक्तिलाई राजनीतिक, आर्थिक र सामाजिक परिवर्तनको संवाहक मानिन्छ । वि.सं. २०६८ को जनगणना अनुसार युवाको जनसङ्ख्या कूल जनसङ्ख्याको ४०.३५ प्रतिशत रहेको छ । यो नेपालको लागि जनसाङ्खिक लाभ ( Population Dividend)को अवसर हो । युवा जनसाङ्ख्यिक लाभबाट समृद्धि र विकासको सुनौलो युगमा प्रवेश गर्न सक्ने अवसर रहेको छ ।

** उपसचिव, राष्ट्रिय युवा परिषद्*

युवाको हकहितको संरक्षण र सम्बर्द्धन गरी समुन्नत नेपाल निर्माणका लागि सक्षम नागिरक तैयार गर्न वि.स.२०७२ साल फागुन १९ गते राष्ट्रिय युवा परिषद्को स्थापना भएको र राष्ट्रिय युवा परिषद् ऐन, २०७२ ले परिषद्लाई एउटा स्वायत्त संस्थाको रुपमा स्थापित गरेको छ । परिषद्को सर्वोच्च अङ्गको रुपमा ३६ सदस्यीय राष्ट्रिय युवा परिषद् रहेको छ । परिषद्का कार्यकारी उपाध्यक्षको अध्यक्षतामा सात जना रहेको एक कार्यकारी समिति रहेको छ । प्रशासनिक कार्यका लागि परिषद्मा सहसचिवको नेतृत्वमा ३० जना निजामती सेवाका कर्मचारीहरु रहेका छन् ।

नेपाली युवालाई सबल, प्रतिस्पर्धी र आत्मनिर्भर बनाउदै राज्यका हरेक अङ्गमा सार्थक सहभागिता सुनिश्चित गरी नेपाललाई आधुनिक, न्यायपूर्ण र समृद्ध राष्ट्र बनाउने ***राष्ट्रिय युवा परिषद्को दूरदृष्टि*** रहेको छ भने राष्ट्रिय युवा परिषद्का कार्यक्षेत्रका रुपमा युथ भिजन २०२५ मा उल्लेख गरिएका युवा विकासका पाँच आधारभूत स्तम्भहरु रहेका छन्ः

(१) गुणस्तरीय र व्यवसायिक शिक्षा

(२) रोजगारी, उद्यमशीलता र सिप विकास

(३) स्वास्थ्य र सामाजिक सुरक्षा

(४) युवा परिचालन,सहभागिता र नेतृत्व विकास

(५) खेलकुद र मनोरञ्जन

## ***२. नेपालको संविधानमा युवाः***

नेपालको संविधान २०७२ को भाग ४, राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व अन्तर्गत धारा ५१ (ञ) ७मा भएको व्यवस्था अनुसार:

“राष्ट्रिय विकासमा युवा सहभागिता अभिवृद्धि गर्दै राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारहरूको पूर्ण उपयोगको वातावरण सिर्जना गर्ने, युवाको सशक्तीकरण र विकासका लागि शिक्षा, स्वास्थ्य, रोजगारी लगायतका क्षेत्रमा विशेष अवसर प्रदान गर्दै व्यक्तित्व विकास गर्ने तथा राज्यको सर्वाङगीण विकासमा योगदानका लागि उपयुक्त अवसर प्रदान गर्ने ।“

## ३. पन्ध्रौं योजनामा युवा सम्बन्धी रणनीतिहरुः

१. प्राविधिक तथा व्यावसायिक शिक्षा र सिप विकासका अवसर विस्तार गर्ने

२. युवालाई उद्यम र व्यवसाय सञ्चालनमा प्रोत्साहन गर्ने ।

३. युवाद्वारा सञ्चालित उद्यम, व्यवसाय तथा उद्योगको प्रवर्द्धन गर्ने ।

४. वित्तीय स्रोत साधनमा युवाको पहुँच विस्तार गर्ने ।

५. तीन तहको नीति निर्माणदेखि कार्यान्वयनसम्म युवाको समावेशी र सार्थक सहभागिता सुनिश्चित गरिने छ ।

६. युवामा स्वयंसेवी संस्कृतिको विकास गर्ने ।

## ४. युवा नीति

नेपाल सरकारले नेपाली युवाको सर्वतोमुखी विकास गर्ने हेतुले राष्ट्रिय युवा नीति,२०७२ स्वीकृत गरी जारी गरेको छ । यसमा परिवर्तनका सुत्रधार नेपाली युवाहरुलाई विकासको मूल प्रवाहमा ल्याउनका लागि देहायका २४ वटा मूल नीतिहरु बनाएको छ ।

## ५ राष्ट्रिय युवा परिषद्को काम, कर्तव्य र अधिकार

राष्ट्रिय युवा परिषद् ऐन, २०७२ अनुसार यसका काम, कर्तव्य र अधिकार निम्नानुसार रहेका छन्ः

युवा सम्बन्धी दीर्घकालिन नीति तर्जुमा गरी नेपाल सरकार समक्ष सिफारिस गर्ने, नेपाल सरकारबाट स्वीकृत नीतिको अधिनमा रही युवा सम्बन्धी योजना तथा कार्यक्रम बनाई लागू गर्ने,परिषद्सँग आबद्धता प्राप्त गर्ने संघ, संस्थाहरुले पालना गर्नुपर्ने सर्तहरु निर्धारण गर्ने,विकास निर्माण तथा समाज सेवाको क्षेत्रमा युवालाई स्वयंसेवकको रुपमा परिचालन गर्ने सम्बन्धमा आवश्यक नीति निर्धारण गर्ने,युवालाई राष्ट्र निर्माणमा सहभागी हुन तथा मुलुक निर्माणमा केन्द्रित भई अघि बढ्न उत्प्रेरित गर्ने,परिषद्को वार्षिक योजना, कार्यक्रम तथा बजेट स्वीकृत गर्ने,युवा विकास, सशक्तिकरण एवम् मूलप्रवाहीकरण सम्बन्धी विषयमा नेपाल सरकारलाई सुझाव दिने,परिषद्का लागि आवश्यक कर्मचारीको दरबन्दी सङ्ख्या निर्धारण गर्ने,

**६.** राष्ट्रिय युवा परिषद्बाट युवा विकास तथा उद्यमशिलता प्रवर्धनका लागि सञ्चालित कार्यक्रमहरु सङ्घीय स्तरमा युवा अनुभव आदानप्रदानको भ्रमण (आन्तरिक),युवा दिवस तथा महोत्सवहरु( अन्तर्राष्ट्रिय युवा दिवस, स्वयंसेवक दिवस, युवा परिषद स्थापना दिवस),युवाका लागि विज्ञान तथा प्रविधि प्रवर्द्धन कार्यक्रम,युवा प्रतिभाहरुको खोजी तथा प्रोत्साहन कार्यक्रम ( youth Innovative Idea Hunt Programme ),संघसंस्थाहरू तथा अन्य निकायहरुसँगको साझेदारीमा युवा लक्षित कार्यक्रम,वार्षिक कार्यक्रम अभिमुखीकरण तथा समिक्षा, युवा सञ्जाल गठन तथा परिचालन, युवा नीति तथा युवाका मुद्दाहरुमा वहस पैरवी गोष्ठी, घुम्तीकोषमा आधारित युवा उद्यम कार्यक्रम, युवा सम्बन्धी आवधिक वुलेटिन तथा वार्षिक प्रकाशनहरु,वेबसाइट अद्यावधिक तथा सामाजिक सञ्जालको प्रयोग,सर्भर जडान तथा युवा एप निर्माण, युवा विकासका लागि सञ्चार माध्यमसँगको समन्वय र सहकार्य,युवा नवप्रवर्तन तथा इन्क्युवेसन सेन्टर सञ्चालन तथा नमुना विकास,युवाक्लव गठन तथा नमुना युवा संसद अभ्यास प्रशिक्षक प्रशिक्षण,युवाक्लव गठन तथा नमुना युवा संसद अभ्यास सहजीकरण,युवा स्वयमसेवक विकास तथा परिचालन,संघीय नमुना युवा संसद अभ्यास (Mock Youth Parliament),अपाङ्गता भएका युवाहरुका लागि सहयोग,युवा परामर्श तथ मार्गदर्शन जस्ता कार्यक्रमहरु कार्यान्वयनमा रहेका छन्।

## ७. प्रदेश तहवाट सञ्चालन हुने युवा विकासका कार्यक्रमहरुः

१. प्रदेश नमुना युवा संसद अभ्यास

२. अन्तराष्ट्रिय युवा दिवस समारोह

३. युवा मैत्री स्थानीय तह विकास तथा प्रोत्साहन कार्यक्रम

४. युवा प्रतिभा पहिचान र प्रोत्साहन

५. युवाका लागि विज्ञान तथा प्रविधि अभिवृद्धि कार्यक्रम (प्रदेश २ मा मात्र)

६. युवा समितिहरुसँगको सहकार्यमा युवा परिचालन

## ८. स्थानीय तहवाट सञ्चालन हुने युवा विकासका कार्यक्रमहरु

१. युवा क्लव गठन तथा गाउँ/नगर नमूना युवा संसद अभ्यास

२. अन्तराष्ट्रिय युवा दिवस समारोह

३. युवा उद्यमशीलता प्रवर्द्धन कार्यक्रम

४. युवा प्रतिभा पहिचान तथा प्रोत्साहन

५. एक शैक्षिक संस्था एक उद्यम कार्यक्रम (मा.वि.)

## ९ युवा उद्यमशिलता विकास र यसको प्रभावकारिता

राष्ट्रिय युवा नीति, २०७२ तथा युथ भिजन, २०२५ले परिकल्पना गरेको युवा विकासको विभिन्न पाँच आधार स्तम्भहरू

मध्ये दोश्रो स्तम्भको रुपमा **रोजगारी, उद्यमशीलता र सिप विकास** रहेको छ। जस अन्तर्गत राष्ट्रिय युवा परिषद्ले आफ्नो स्थापनाकाल देखी नै उद्यमशीलता प्रवर्द्धनका माध्यमबाट युवाहरूमा स्वरोजगारको अवसर सिर्जना गरी रोजगारीको खोजीमा विदेश जानुपर्ने बाध्यात्मक अवस्थालाई कम गर्न र आफ्नै देशमा उद्यम गरी युवालाई आर्थिक रूपले सक्षम बनाउने उद्देश्यले युवा लक्षित विभिन्न कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ। जस अन्तर्गत परिषद्बाट सञ्चालन भएको युवा उद्यम कार्यक्रम एक महत्वपुर्ण कार्यक्रमको रुपमा रहेको छ। कार्यक्रमलाई व्यवस्थित रूपमा सञ्चालन गर्नका लागि निर्माण गरिएको **युवा उद्यम कार्यक्रम सञ्चालन निर्देशिका, २०७३** बमोजिम कम्तिमा ५ देखी १० जना युवाहरूको समूहलाई सामुहिक रुपमा उत्पादनमुलक कार्यमा लगाउदै रोजगारी सृजना गर्ने कार्यमा सुरुवाती पूँजी (Startup Fund) स्वरुप विना धितो विना व्याज रु ५ लाख ऋण सहयोग प्रदान गर्ने र युवा समूहहरूले परिषद्बाट पाएको ऋणमा आफ्नो समेत पुँजी मिलाई उद्यम सञ्चालन गरी दोश्रो वर्षदेखि परिषद्बाट पाएको कुल ऋण रकमको १०% तेश्रो वर्ष २०% चौथो वर्ष ३०% र पाँचौ वर्ष ४०% का दरले किस्ताबन्दी रुपमा **युवा उद्यम विकास घुम्ती कोष**मा फिर्ता गर्नुपर्ने प्रावधान रहेको छ। यसरी युवा उद्यम समूहहरूमा रकम लगानी तथा फिर्ता प्रकृयामा सहयोग गर्नका लागि छनौट भएको बित्तीय सेवा प्रदायक संस्था नेफ्स्कुनबाट नियमानुसार समूहबाट फिर्ता भएको ऋण रकम परिषद्को **युवा उद्यम विकास घुम्ती कोष**मा जम्मा गर्ने र यसरी फिर्ता भएको रकम पुनः अन्य युवा समूहरूमा लगानी गर्दै थप युवाहरूलाई ऋण उपलब्ध गराई स्वरोजगारको अवसर प्रदान गर्ने यस कार्यक्रमको लक्ष्य रहेको।

आ.व. २०७३/०७४ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार तत्कालीन कायम रहेका २४० ओटा निर्वाचन क्षेत्रमा एक निर्वाचन क्षेत्र **दश युवा एक उद्यम कार्यक्रमको** रुपमा तथा आ.व. २०७४/०७५ मा तत्कालीन १६५ निर्वाचन क्षेत्रका आधारमा प्रति निर्वाचन क्षेत्रमा एक उद्यमका हिसाबले १६५ उद्यम समूहहरूका लागि बजेट विनियोजन भै आएको थियो। यसरी निर्वाचन क्षेत्रगत रुपमा उद्यम समूहहरू छनौट गरी लगानी गर्ने क्रममा आ.व. २०७३/०७४ मा २१६ वटा र आ.व. २०७४/०७५ मा १५४ वटा युवा उद्यम समूहमा लगानी भएकाछन् भने विविध कारणवश लगानी हुन नसकेको रकम परिषद्को **युवा उद्यम विकास घुम्ती कोष**मा फिर्ता भएको छ। आ.व.२०७५/०७६ मा युवा उद्यम कार्यक्रम अन्तर्गत थप युवा समूहमा लगानी गर्ने गरी बजेट विनियोजन नभएतापनि आ.व. २०७३/०७४ मा लगानी भएका समूहहरूबाट **युवा उद्यम कार्यक्रम सञ्चालन निर्देशिका, २०७३** बमोजिम परिषद्मा फिर्ता हुन आएको रकमबाट ३२ वटा समूहमा लगानी भएको अवस्था छ।

### १० युवा उद्यम कार्यक्रमको प्रभावकारिता

१ आ व २०७३।०७४ मा नेपाल सरकारबाट अनुदान शीर्षकमा प्राप्त रु. १२०,०००,०००। (अक्षेरुपी बाह्र करोड)बजेटलाई राष्ट्रिय युवा परिषद्ले Revolving fund बनाई उद्यमशिलता विकासको लागि सहलियतपूर्ण कर्जा विना ब्याज बिना धितो को रुपमा युवा उद्यम समूहलाई रु ५ लाखका दरले परिचालन गरिएको।

२ आ व २०७३।०७४ आ व २०७४।०७५ र आ व २०७५।०७६ मा गरी जम्मा ३९७ युवा उद्यम समूहमा लगानी भएको सबै युवा उद्यम समूहले लघु उद्यम शुरुवात गरेका र युवा उद्यम निर्देशिका, २०७३ (संशोधनसहित) को प्रावधान अनुसार दोस्रो वर्ष (आ व २०७४। ०७५)देखि नियमित रुपमा किस्तावन्दी रुपमा ऋण चुक्ता गर्दै आइरहेको।

३ हालसम्म राष्ट्रिय युवा परिषद्बाट आर्थिक बर्ष २०७३।०७४ मा २१६ वटा उद्यम समूहमा ऋण लगानी भएको रकम रु १०,८०,००,०००।(अक्षेरुपी दश करोड असी लाख) किस्ता फिर्ता रु ५,५५,००,०००।-(अक्षेरुपी पाँच करोड पचपन्न लाख) आर्थिक बर्ष २०७४।०७५ मा १५४वटा उद्यम समूहमा ऋण लगानी भएको रकम रु ७,७०,००,०००। (अक्षेरुपी सात करोड सत्तरी लाख) किस्ता फिर्ता रु १,९५,७५,००० । (अक्षेरुपी एक करोड पन्चानब्बे लाख पचहत्तर हजार) आर्थिक बर्ष २०७५।०७६ मा २७ वटा उद्यम समूहमा ऋण लगानी भएको रकम रु १,३५,००,०००। (अक्षेरुपी एक करोड पैतिस लाख) किस्ता फिर्ता रु ९,७५,००० । (अक्षेरुपी नौ लाख पचहत्तर हजार) गरी ३९७ वटा युवा उद्यम समूहमा ऋण लगानी भएको रकम रु १९,८५,००,०००। (अक्षेरुपी उन्नाईस करोड पचासी लाख) र युवा उद्यम समूहबाट ऋण चुक्ता रु

७,६०,५०,०००।(अक्षेरुपी सात करोड साठी लाख पचास हजार ) ऋण फिर्ता भइसकेको ।

४ उद्यमशिलता विकासका लागि अनुदान भन्दा सहुलियतपूर्ण कर्जा ( विना ब्याज विना धितो) लघु उद्यमी युवाहरुले मन पराइरहेको र ५ वर्षमा किस्ताबन्दीमा तिर्न पाउने प्राबधान भएकोले युवा उद्यमी समूहका युवाहरु उत्प्रेरित भएका ।

५ राष्ट्रिय युवा परिषद्ले शुरुवात गरेको युवा उद्यम कार्यक्रम राष्ट्रपति युवा महिला उद्यम कार्यक्रम र शैक्षिक प्रमाणपत्रका आधारमा कर्जा कार्यक्रम प्रभावकारिताका आधारमा नेपाल सरकारले सहुलियत पूर्ण कर्जाका लागि ब्याज अनुदान सम्बन्धी एकीकृत कार्यविधि, २०७७ (सशोधन सहित) ले ९ प्रकारका सहुलियतपूर्ण कर्जाको प्रावधान ल्याएको अवस्था ।

माथि उल्लेखित युवा विकासका आधारस्तम्भहरुमा आधारित रहेर स्थापनाकाल देखि हालसम्म गरेका केही मूलभूत उपलब्धिहरु यसप्रकार रहेका छन् :

## ११ हालसम्मका उपलब्धीहरु

- सोच भएका स्रोत नभएका एक वडा भित्रका ५ जनाको समूहलाइरु ५ लाखका दरले ३९७ वटा युवा उद्यम समूहलाई उद्यमका लागि **बिना धितो बिना ब्याज** ऋण प्रवाह गरिएको ।
- युवाहरुमा सकारात्मक सोचको विकास गराउन, स्वव्यवथापन र उत्प्रेरणा जगाउन हालसम्म २० हजार युवालाई मागमा आधारित नि:शुल्क परामर्श सेवा तथा मार्गदर्शन प्रदान गरिएको
- हालसम्म १५,८५१ युवालाई सीपमूलक तालिम,९७युवालाई वस्तुगत सहायता र सिप परीक्षण र ५५० युवालाई व्यावसायिक सीप विकासको आधारभूत तालिम प्रदान गरिएको ।
- राष्ट्रिय युवा नवप्रवर्तनतथा इन्क्युवेशन केन्द्र(National Youth Innovation and Incubation Centre) को विस्तृत गुरुयोजना तयार गरी कार्य थालनी गरिएको । राष्ट्रिय युवा परिषद्को अगुवाइमा देशका सातवटै प्रदेशमा युवा नवप्रवर्तन केन्द्र स्थापनाको प्रकृया अघि बढाइएको ।
- विद्यालयहरुमा उद्यमशिलताविकास गरी शिक्षालाइ काम संग जोड्नको लागि एक विद्यालय एक उद्यम कार्यक्रम कार्यान्वयनमा ल्याइएको । सार्वजनिक शिक्षाको सवलीकरण कार्यक्रमलाई निरन्तरता दिई सामुदायिक विद्यालयको गुणस्तर अभिवृद्धिका लागि सरोकारवालाहरुसंगको समन्वय र सहकार्यमा निरन्तर प्रयास र सहजीकरण गरिएको ।
- युवा अनुभव आदानप्रदान कार्यक्रम अन्तर्गत ५५० जना युवालाई अवलोकन भ्रमण गराइएको ।
- प्रथम विज्ञान, सूचना तथा प्रविधि राष्ट्रिय युवा सम्मेलन सम्पन्न गरी १२ वटा क्षेत्रमा राज्यले आगामी वर्षहरुमा लिनुपर्ने नीति सहितको प्रतिवेदन तयार गरिएको ।
- युवामैत्री स्थानीय तहघोषणा कार्यक्रमको थालनी गरी १४ वटा युवा मैत्री स्थानीय तहहरु पुरस्कृत गरिएको ।
- शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय, राष्ट्रिय युवा परिषद् र नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान (NAST) सँगको सहकार्यमा International Youth Conference on Science, Technology and Innovation सम्पन्न भएको ।
- प्रत्येक वर्ष प्रदेशगत रूपमा विज्ञान तथा प्रविधि सम्मेलन (Science and Technology Conference) गरी यसलाई निरन्तरता दिइएको । विज्ञानका क्षेत्रमा अनुसन्धान गर्ने युवा/विद्यार्थीहरूलाई अनुसन्धान सहयोग (Research Grant) प्रदान गरी प्रोत्साहन गरिएको ।
- ४५ जना युवालाई शैक्षिक प्रमाणपत्रका आधारमा उद्यमका लागि जनही २ लाखका दरले ऋण प्रदान गरिएको । हाल यस कार्यक्रमलाई नेपाल सरकारले सहुलियतपूर्ण कर्जा योजनामा समावेश गरेको
- विभिन्न विधामा अनुकरणीय काम गर्ने ५५०युवा प्रतिभा तथा उद्यमीलाई सम्मान सहित पुरस्कृत गरिएको । युवामैत्री

नमूना गाउँ कार्यक्रमको थालनि गरिएको। यसका लागि युवामैत्री स्थानिय तहको मापदण्ड तथा कार्यविधि समेत निर्माण भई कार्यान्वयनमा आएको।

राष्ट्रिय स्तरमा पुरस्कृत युवा प्रतिभा तथा उद्यमीहरुलाई संगठित गरी उनीहरूको ज्ञान, सिप र अनुभव आदानप्रदान गर्ने उद्देश्यले युवा प्रतिभा तथा उद्यमीहरुको राष्ट्रिय सञ्जाल गठन गरिएको।

- सहुलियतपूर्ण कर्जा सहजीकरणका लागि उद्यमशीलता तथा वित्तीय साक्षरता (GYB/SYB) सम्बन्धी सात दिने तालिम प्याकेज निर्माण गरी १९७५ युवालाई तालिम प्रदान गरिएको।
- मानव विकास सूचकाङ्कमा पछाडि परेका तराई/मधेशका ११ जिल्लाका १८ वटा समूहमा विपन्न र पिछडिएको समुदायका महिलाहरूलाई राष्ट्रपति युवा महिला उद्यम कार्यक्रम अन्तर्गत१८० जना महिलाहरूलाई उद्यम र स्वरोजगारका लागि प्रति समूह रु ५ लाखका दरले ऋण सहयोग प्रदान गरिएको।
- लोपोन्मुख परम्परागत सिप युवा पुस्तामा हस्तान्तरण, प्रवर्द्धन र प्रमाणीकरण गर्न हालसम्म १३८ जना युवालाई तालिम प्रदान गरि १२ वटा सिपको प्रोफाइल तयार गरिएको।
- सहुलियतपूर्ण कर्जाको जननी परिषद् भएकोले यसको प्रभावकारी कार्यान्वयनका लागि बैंक तथा वित्तीय संस्थाहरू र स्थानिय तहहरुसँग त्रिपक्षीय समझदारी गरी सहजीकरण गरिरहेको।

नेपालमा युवा उद्यमशीलताको अवस्था, चुनौती, संभावना र अवसरहरू, युवा क्लव गठन तथा नमुना युवा संसदको प्रभावकारिता बारेमा अनुसन्धान गरी प्रतिवेदन सार्वजनिक गरिएको।

- हालसम्म १६-४० वर्ष उमेर समूहका १०१४ जना शारिरीक अपाङ्गता भएका युवालाई मागको आधारमा राष्ट्रिय अंपाग कोषमार्फत् सहयोग सामग्री नि:शुल्क वितरण गरिएको।
- ८५० जना जोखिमयुक्त युवालाई पुनःस्थापना गरिएको (मानव सेवा आश्रमसँगको सहकार्यमा ४०० जना र केन्द्रीय बालकल्याण समितिसँगको सहकार्यमा ४५० जना )
- हालसम्म १६८ वटा स्थानीय तहमा वडास्तरीय युवाक्लब गठन गरिएको र आ.व. २०७७/७८ को अन्तसम्ममा १६८ स्थानीय, ७ प्रदेश र १ संघीय तहमा नमुना युवा संसदको अभ्यास गरिएको।
- विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दिवस तथा पर्वहरूमा रचनात्मक कार्यमा युवा परिचालन गर्दै आएको।युवा सम्बद्ध ४६१सङ्घसंस्थाहरू युवा परिषद्मा आवद्ध भई युवालक्षित कार्यक्रमहरूमा समन्वय र सहकार्य भएको।
- विभिन्न क्षेत्रमा क्रियाशील युवाहरूको अलग-अलग सञ्जाल बनाई तिनीहरूलाई राष्ट्रिय युवा सञ्जालमा आवद्ध गरी व्यापक युवा परिचालनको ढाँचा निर्माण गरिएको।
- युवा सूचना र जागरणका लागि रेडियो नेपालबाट युवा सञ्चार रेडियो कार्यक्रम हरेक हप्ता आइतवार विहान ७:२५ देखि ७:४५ सम्म २० मिनेट प्रशारण गरिएको। यसलाई नेपालका सातवटै प्रदेशका २१ वटा सामुदायिक रेडियोहरुबाट समेत पुन: प्रशारण र युवा जागरणयुक्त सन्देशमुलक जिङ्गल समेत निरन्तर प्रशारण गरी युवा सचेतना तथा उद्यमशिलता र स्वरोजगार प्रवर्द्धनमा टेवा पुर्‍याएको।

## १२. राष्ट्रिय तथाअन्तर्राष्ट्रिय मञ्चमा युवाको उपस्थिति

राष्ट्रिय युवा परिषद्ले सम्पादन गरेका कार्यक्रमहरुको फलस्वरूप समस्त नेपाली युवाको एक अभिभावकीय निकाय तथा महत्वपूर्ण सम्पर्क विन्दुको रूपमा स्थापित हुन सफल भएको छ।Common Wealth को प्रतिवेदन अनुसार २०१६ मा नेपालको Youth Development Index (YDI) ०.६४७ रहेकोमा २०२० मा आइपुग्दा उक्त सूचकाङ्कमा सुधार भइ ०.६८९ पुगेको देखिन्छ।International Youth Committee द्वारा परिषद्का उपाध्यक्ष World Youth Prize, २०१८

बाट सम्मानित ।World Future Council बाट नेपालका युवामैत्री कानुनको मूल्याङ्कन गर्दै सन् २०१९ को Future Policy Award(Silver)बाट सम्मानित। परिषद्का उपाध्यक्षद्वारा संयुक्त राष्ट्रसङ्घको International Human Rights Youth forum -२०१७ मा Guest Speaker को रूपमा सम्बोधन।

## १३ राष्ट्रिय युवा परिषद्ले पहिचान गरेका युवा विकासका मूख्य समस्या

युवाले सजिलो तरिकाले काम गर्न खोज्ने तर परिवर्तनका लागि जोखिम उठाउन नचाहाने प्रवृति रहेको छ । काम भनेको भगवान हो भन्ने भावनाको विकास र श्रमको सम्मान गर्ने बानीको विकास नहुनु । नेपालमै सकिन्छ र संभव छ भन्ने अवसर तथा संभावना देखाउन नसक्नु ।देशबाट पाउनुपर्ने न्युनत्तम सेवासुविधा आकाशको फल जस्तै बन्नु । उद्यशिलता र स्वरोजगारको सोच नहुनु अर्थात् जागिरे मानसिकता हुनु ।युवाले राज्यले प्रदान गरेका अवसरमाथि पहुँच पुर्‍याउन नसक्नु । कम्तिमा ८ घण्टा अनिवार्य श्रम गर्नुपर्ने निती नहुनु । कम्तिमा दिनको २ घण्टा अनिवार्य स्वयम्सेवा गर्ने र त्यसको सही मूल्याकन नहुनु।नेपालमा हाल करिव २० लाख बाझो जमिनमा उत्पादन गर्न युवा परिचालन हुन नसक्नु । माटोलाइ मुटुजस्तै माया नगरी बेवास्ता गर्नु । विकासको ढाँचा जैविक प्रणालीमा आधारित बन्न नसक्नु ।

## १४ युवा विकासका लागि आगामी गन्तब्य

अवका दिनमा नकारात्मक सोच शैली संस्कार संस्कृति परिवर्तन गर्न set mind लाइ mind set गर्ने अभियान चलाउनुपर्छ । युवासम्बन्धी कानुनी नीतिगत ब्यवस्था परिमार्जन र संशोधन गरी युवाको उमेर १८ देखी ३५ बनाउनुपर्छ।युवाको सार्थक सहभागिता विना समृद्धि हासिल नहुने हुदाँ आगामी बर्षलाइ उद्यमशिलता बर्ष घोषणा गरी युवामा ब्यापक लगानी गर्नुपर्छ । शिक्षा लाइ सीप, सीपलाइ श्रम, श्रमलाइ उत्पादन, उत्पादनलाइ बजार, र बजारलाइ रोजगारी, रोजगारीलाइ समृद्धिसंग जोड्नका लागि प्रत्येक शिक्षण संस्थामा नवप्रवर्तन तथा उद्यम सञ्चालन गर्नुपर्छ ।युवा सम्बन्धी विस्तृत अध्ययन गरी बास्तविक र खण्डिकृत तथ्याक संकलन तथा प्रकाशन गर्नुपर्छ ।आगामी दिनमा राष्ट्रिय युवा परिषद्लाई युवा र अवसरको बाटो देखाउने केन्द्र,युवा स्वयम्सेवा परिचालन केन्द्र,युवा मार्गदर्शन र परामर्श केन्द्र,युवा नवप्रवर्तन तथा सम्प्राप्ति केन्द्र,युवा सूचना केन्द्र, युवा नेतृत्व क्षमता विकास तथा सहजीकरण केन्द्र,उद्यमशीलता विकास तथा सहजीकण केन्द्र, असल अभ्यास तथा सिकाइ केन्द्र रयुवा सहायता केन्द्रको रूपमा विकास गरिनुपर्छ ।

## निष्कर्ष

नेपाल सरकारले युवालाई स्वदेशमा नै उद्यमशील, स्वरोजगार र आत्मनिर्भर बनाई युवा पलायनलाई रोक्ने र समृद्ध नेपाल र सुखी नेपालीको राष्ट्रिय आकाङ्क्षालाई पुरा गर्नका लागि विभिन्न प्रयासहरू गरेको छ । राष्ट्रिय युवा परिषद्ले नेपाली युवामा Think positive, be positive do positive को भावना विकास गराई उनीहरूलाई स्वदेशमा नै रोजगारीको संभावना र अवसर देखाउँदै नेपाल सरकारले जारी गरेका विभिन्न कार्यक्रमहरूमा जोडाउदै सोको प्रभावकारी कार्यान्वयनका लागि बहस पैरवी र सहजीकरणमा आफ्नो ध्यान केन्द्रित गरेको छ । युवा आफैँमा एउटा अन्तर विषयक क्षेत्र तथा मुद्दा (Cross cutting issue) भएकोले युवाका कार्यक्रमहरू जताततै छरिएर रहेको परिप्रेक्षमा यसको संयोजन र सहजीकरण (Catalyst) को भुमिकामा आफूलाई उभ्याएको छ । नेपाली युवाहरूमा सकारात्मक सोचको विकास गराउने, आफ्नो देश भित्रको सम्भावना देखाउने, आफ्नै देशको सम्भाव्यताको क्षेत्र भित्र रहेर युवाको आर्थिक समृद्धि र विकासको लक्ष्य राखी देशव्यापी रूपमा युवालाई उद्यमशीलताको मार्गदर्शन गराउन परामर्श तथा उद्यमशीलता विकास र वित्तीय साक्षरताको आधारभूत तालिम दिलाई युवालाई उद्यमका लागि सक्षम बनाउन राष्ट्रिय युवा परिषद्ले सरोकारवाला निकायहरूबिच आवश्यक समन्वय, सहकार्य र सम्झौता गर्दै आएको छ । समृद्ध राष्ट्र निर्माणका लागि स्वस्थ, कर्मठ र उद्यमी युवा भन्ने मूल नारालाई सफल बनाउन शिक्षालाई सिप, सिपलाई श्रम, श्रमलाई उत्पादन, उत्पादनलाई बजार र बजारलाई समृद्धिसँग जोड्नुपर्छ ।उद्यम परियोजनाका आधारमा सहुलियतपूर्ण कर्जा

तथा सुरुवाती पुँजी प्रवाह गर्न गराउन नेपाल भित्रै युवाहरूले उद्यम प्रवर्द्धनको क्षेत्रमा लगनशीलता र धैर्यताका साथ काम गर्नुपर्छ। राज्यरूपान्तरण र देशमा परिवर्तन ल्याउन परिवर्तनका सूत्रधार युवाहरूले चाहेमा गर्न सक्छन्। त्यसका लागि युवाहरूले मस्तिष्कमा समझदारी,काँधमा जिम्मेवारी र मनमा इमान्दारीकासाथ मन, वचन र कर्मले कर्तव्यनिष्ठ भई काम गर्नुपर्छ भने राज्य सञ्चालकहरूले पनि बढी जिम्मेवार र उत्तरदायी भई देश र जनताप्रति समर्पण भावले काम गरेमा राज्यले लिएको लक्ष्य पुरा हुने देखिन्छ।

## सन्दर्भ सामाग्री


- नेपालको संविधान २०७२
- राष्ट्रिय युवा परिषद् एन २०७२ तथा नियमावली २०७३नेपाल सरकार युवा तथा खेलकुद मन्त्रालय,सिंहदरवार, काठमाण्डौ।
- युथ भिजन२०२५ तथा दशवर्षे रणनीतिक योजना र राष्ट्रिय युवा नीति, २०७२ । नेपाल सरकार युवा तथा खेलकुद मन्त्रालय, राष्ट्रिय युवा परिषद्, त्रिपुरेश्वर, काठमाडौं
- युवामैत्री स्थानीय तह, दिग्दर्शन २०७५। नेपाल सरकार युवा तथा खेलकुद मन्त्रालय, राष्ट्रिय युवा परिषद्, सानोठिमी, भक्तपुर
- नेपालको जनगरण २०६८, नेपाल सरकार
- राष्ट्रिय जनगणना २०७८ प्रारम्भिक नतिजा । नेपाल सरकार राष्ट्रिय योजना आयोग, केन्द्रिय तथ्याङ्कक विभाग, थापाथली, काठमाडौं
- वार्षिक प्रतिवेदन आ.व. २०७६/०७७ । नेपाल सरकार, युवा तथा खेलकुद मन्त्रालय, राष्ट्रिय युवा परिषद्, सानोठिमी, भक्तपुर
- कार्यक्रम कार्यान्वयन सहजीकरण पुस्तिका २०७८/०७९ नेपाल सरकार, युवा तथा खेलकुद मन्त्रालय, राष्ट्रिय युवा परिषद्, सानोठिमी, भक्तपुर
- राष्ट्रिय युवा परिषद् तथा निर्देशक दस्तावेजहरु,नेपाल सरकार, युवा तथा खेलकुद मन्त्रालय,राष्ट्रिय युवा परिषद्, सानोठिमी, भक्तपुर
- युवा उद्यम कार्यक्रम सञ्चालन निर्देशिका,२०७३ (पहिलो संशोधन २०७४)नेपाल सरकार युवा तथा खेलकुद मन्त्रालय, राष्ट्रिय युवा परिषद्, त्रिपुरेश्वर, काठमाडौं

# युवा नीति कार्यान्वयनको सवाल

**कमल सुवेदी***



राष्ट्रिय युवानीति २०६६,देशका लाखौं युवाहरूको आवश्यकता र चाहनालाई प्रतिबिम्बित गर्ने एक वैधानिक सरकारी दस्तावेज हो। राजनीतिक दलका युवा संगठनका प्रतिनिधिहरू, युवा सभासद, नागरिक समाजका युवा प्रतिनिधि, सरकारी निकायका प्रतिनिधिहरू लगायतको सहभागितामा २३ सदस्य कार्यदलले युवाहरूको समेत सुझाव लिई राष्ट्रिय युवा नीति तयार गरिएको थियो। पहिलो पटक २०६६ मा जारी भएको युवानीतिमा केही संशोधन एवं पुनरावलोकन गरी २०७२ मा युवा नीति आएको छ। राष्ट्रिय तथाअन्तराष्ट्रिय परिवेश अनुसार युवाका मुद्दाहरु सम्बोधन गर्न नीतिहरु समय सापेक्ष रुपमा परिमार्जन गर्न आवश्यक हुन्छ। अहिलेको बद्लिदो परिवेशलाई मध्यनजर गरी युवानीति २०७२ केही परिमार्जन तथा संशोधन गर्न जरुरी छ। मुलुकमा तीन तहको सरकार छ। तीनै तहका सरकारका आफ्नै प्राथामिकताहरु छन्। युवाको आवश्यकता एवं चाहानालाई कसरी सम्बोधन गर्ने त्यसमा व्यापक बहस गर्नुपर्ने छ। युवानीतिको बेशमा केन्द्रमा राष्ट्रिय युवा परिषद र प्रदेशमा प्रदेश युवा परिषद गठन भएका छन्। यद्यपी संघ र प्रदेश बीच अझै तालमेल हुन सकेको छैन। जिल्ला युवा परिषद गठन त भएको छ तर त्यसको प्रभावकारीता कम छ। राज्य पुनः संरचना संगै मुलुकमा७प्रदेश र ७५३ स्थानीयतह छन्। अवजिल्ला समितिहोइनपालिका समितिको आवश्यकता छ। स्थानीय तहलाई युवा मैत्री बनाउन सकेपछि अधिंकाश समस्याको सहजै हलहुने देखिन्छ। नीति कार्यान्वयनमा हामी सबैको रचनात्मक भूमिकाको खाँचो छ। युवाको शिक्षा, स्वास्थ्य र रोजगारीका समस्यालाई मुख्य रूपमा उठाएको छ। नीतिले युवा गुणात्मक र सङ्ख्यात्मक दुवै दृष्टिकोणले राष्ट्रको मेरूदण्ड भएकाले युवाको सर्वाङ्गीण विकास जोड दिएको छ। युवाको क्षमतालाई राष्ट्रिय विकासको मूलधारमा ल्याउनु विभिन्न कार्यक्रम तय गरेको छ। नेपालमा १६ देखी ४० वर्ष उमेर समूहको जनसङ्ख्या कुल जनसङ्ख्याको ४०.३५ प्रतिशत रहेको छ।

## नीतिगत व्यवस्थाः

उपरोक्त पृष्ठभूमिमा हालका वर्षहरुमा युवा विकास सम्बन्धी नीतिगत व्यवस्थामा सकारात्मक सुधार भएका छन्। नेपाल सरकारले युवा सम्बन्धी विकास कार्यक्रमहरु तर्जुमा गर्ने, आवश्यक नीति तर्जुमा गर्ने, कार्यान्वयन गर्ने, युवाहरुको संख्या एकिन गर्ने, समस्या पहिचान गरी उपयुक्त कार्यक्रम सञ्चालन गर्ने गराउने सम्बन्धी नीतिगत जिम्मेवारी युवा तथा खेलकूद मन्त्रालयलाई दिएको छ। मन्त्रालयको पहल र समग्र युवाहरुकै सक्रियतामा राष्ट्रिय युवा नीति, २०७२ जारी भएको छ। भने युथ भिजन २०२५, राष्ट्रिय युवा परिषद ऐन, २०७२ र नियमावली २०७२ जारी गरिएको छ।

** केन्द्रीय अध्यक्ष, राष्ट्रिय युवा गैर सरकारी संस्था महासंघका*

- यस नीतिले १६ देखि ४० वर्ष सम्मका नागरिकलाई युवाको रुपमा परिभाषित गरेको छ,
- युवा नीतिको आवश्यकताको पहिचान गरेको छ,
- वर्तमान अवस्थाको चित्रण गरेको छ,
- समस्या र चुनौतीहरुलाई औल्याएको छ,
- युवा नीतिको दीर्घकालीन सोच र लक्ष स्पष्ट गरेको छ,
- लक्ष्य प्राप्तिका लागि ७ वटा उद्देश्यहरु किटान गरेको छ,
- यी उद्देश्य हासिल गर्न २४ वटा नीति अख्तियार गरेको छ भने रणनीति र कार्यनीतिको स्पष्ट व्याख्या गरेको छ । शिक्षा, रोजगारी, स्वास्थ्य तथा सामाजिक सुरक्षा, युवा सशक्तिकरण तथा नेतृत्व विकास, सहभागिता तथा परिचालन, कला, साहित्य, संस्कृति, खेलकुद र मनोरञ्जन, लागु पदार्थको दुव्र्यसन नियन्त्रण, मानव तस्करी तथा बेचविखन नियन्त्रण, अपराध तथा हिंसामा संलग्न युवालाई मुक्त गर्ने, वातावरण संरक्षण र दिगो विकासमा युवा सहभागिता, विज्ञान तथा सूचना प्रविधिमा युवाको पहुँच, दिगो शान्ति र द्धन्द्ध समाधानमा युवा सहभागिता, समविकास, विशेष समूहगत प्राथामिकता, साझेदारी लगायतका मार्ग चित्र प्रस्तुत गरेको छ ।

नेपाल सरकारले अवका आवधिक योजना र वार्षिक कार्यक्रमहरु युवा नीतिले निर्दिष्ट गरेका विषय क्षेत्रहरुमा केन्द्रीत रही तर्जुमा गर्नुपर्ने नीतिगत निर्देशन जारी गरेको छ, सोही अनुरुप कार्यक्रमहरु तर्जुमा र संचालन भैरहेको अवस्थालाई युवा विकासका लागि भएको सकारात्मक कदम मान्नु पर्छ ।

## युवानीतिको मुख्यपक्षः

युवाहरूको आधारभूत अधिकारहरूको प्रत्याभूति गर्दै युवा सशक्तिकरणको माध्यमबाट सामथ्र्यवान, उद्यमशील, सिर्जनशलि तथा वैज्ञानिक एवम् सकारात्मक सोचयुक्त समृद्ध युवा तयार गरी राष्ट्रको आर्थिक, सामाजिक, राजनीतिक र सांस्कृतिक जीवनमा अर्थपूर्ण योगदान दिन सक्ने गरी राष्ट्रका युवाहरूलाई नेतृत्वदायी भूमिकामा स्थापित गराउनु यस राष्ट्रिय युवा नीतिको दीर्घकालीन सोच रहेको छ ।

राष्ट्रिय युवा नीतिले जोखिममा परेका, अल्पसङ्ख्यक, दलित, अपाङ्ग भएका युवाहरू लगायतलाई प्राथमिकताको समूहमा राख्दै युवाको अधिकार र कर्तव्यको पक्षलाई समेत औंल्याएको छ । युवामा श्रमप्रतिको भावना जगाउनु पर्ने आवश्यकतामा जोड दिदै देशकायुवालाई सामथ्यरवान, उद्यमशील, वैज्ञानिक, सिर्जनशील तथा सकारात्मक सोच युक्त बनाई समृद्ध युवा तयार गरी नेतृत्वदायी भूमिकामा स्थापित गराउनु पर्ने पक्षलाई सशक्त रूपमा उठाएको छ । आर्थिक सहभागिता, क्षमता र नेतृत्व विकासको माध्यमबाट आधुनिक र न्यायपूर्ण नेपाल निमार्ण गर्न युवाको भूमिका र उनीहरूमा रहेको अन्तर्निहित क्षमतालाई गुणात्मक बनाउन अवसर प्रदान गर्नु नीतिको लक्ष्य रहेको छ ।

मूलतःयुवानीतिको उद्देश्यमा राष्ट्र निर्माण र राष्ट्रियता विकासमा युवाको भूमिका र सम्भाव्यताको विकास र विस्तार गर्ने । युवाहरूलाई जनता र सङ्घीय लोकतान्त्रिक गणतन्त्र प्रति समर्पित र प्रतिबद्ध बनाउँदै उत्तरदायी र जवाफदेहीको भावना विकास गर्ने । युवा वर्गमा सिर्जनशीलता, उद्यमशीलता र अन्वेषणात्मक क्षमताको विकास गरी राष्ट्रको आधारभूत शक्तिका रुपमा स्थापित गर्दै उनीहरुमा रहेका क्षमता उजागर गर्ने । प्राथामिकता तथा विशेष प्राथामिकताको समूहका युवालाई सकारात्मक विभेदका माध्यमबाट सशक्त गरी विकासको मुल प्रभावहमा ल्याउने लगायत रहेका छन् । महत्व पुर्ण पक्ष त नीति निमार्णमा पछाडि पारिएका युवावर्गको नीति निमार्णमा र कार्यान्वयन प्रक्रियामा समेत सहभागितालाई उठाएको छ । नीतिले तर्जुमा गरेका उद्देश्य हासिल गर्न आवश्यक कार्यक्रम सञ्चालनमा जोड दिइएको छ । समाजमा रहेको गरीबी, अन्धविश्वास, अशिक्षा, छुवाछुत तथा विकृति विसङ्गतिको अन्त्यकालागि युवालाई परिचालन गर्नुपर्ने विषयको वकालत गरेको छ । सबै जात-जाति, धर्म, वर्ण,

लिङ्ग र क्षेत्रका युवालाई बिना भेदभाव समानअवसर प्रदान गर्नु राष्ट्रिय युवा नीतिको सकारात्मक पक्ष रहेको छ ।

मुलुकमा बर्सेनि लगभग पाँच लाख युवाहरू श्रम बजारमा आइरहेको अवस्थामा युवानीतिले देश विकासकालागि युवाहरूलाई स्वयम् सेवकको रूपमा समेत परिचालन गर्नु पर्ने आवश्यकता औंल्याएको छ । नेपालमा रोजगारीको अवसर नपाएर विदेसिनु पर्ने युवाको अवस्थालाई मध्यनजर गरी स्वदेशमै रोजगारीको वातावरण सिर्जना गर्नु पर्नेतर्फ पनि सम्बन्धित निकायको ध्यानाकर्षण गरेको छ । नीतिले वैज्ञानीक शिक्षा एवं व्यवसायिक शिक्षा, नव प्रबधर्दन एवं कृषिको आधुनिकीकरणले मात्र देशमा रहेको बेरोजगारीको समस्यालाई दीर्घकालीन रूपमा समाधान गर्न सक्ने उल्लेख गरेको छ । युवा रोजगारी विकासकालागिउद्यमशीलता विकास गर्न वित्तीय संस्थाहरूको व्यवस्था गरी प्रमाण पत्रको आधारमा ऋण र बिउपूँजी एवं वीमा राज्यको तर्फबाट उपलब्ध गराउने कार्यक्रम सञ्चालन गर्ने प्रतिबद्धता पनि गरेको छ । युवा उद्यमशीलता विकास गर्ने, गुयास्तरीय शिक्षातालिम, अध्ययन र अनुसन्धानका अवसर सिर्जना गर्ने, विभिन्न क्षेत्रका प्रति भावान युवालाई देश भित्रै वृत्तिविकासको अवसर प्रदान गर्ने कुरा नीतमा सूनिश्चित गरेको छ ।

युवा नीति कार्यान्वयनका लागि विभिन्न रणनीति एवं कार्यनीति अबलम्बन गरिएको छ । त्यसमध्ये मुख्य रणनीति तथा कार्यनीतिको चर्चा गर्नु सान्दर्भिक हुन्छ ।

## शिक्षाः

उच्च माध्यामिक तहसम्मको शिक्षालाई निः शुल्क तथा अनिवार्य बनाई युवाको शिक्षामाथिको पहुँच सुनिश्चित गर्ने । शिक्षालाई बैज्ञानिक, व्यवहारिक र सिपमुलकबनाउदैं श्रमसँग जोड्दै माध्यामिक तहको शिक्षा पश्चात जिविकोपार्जन गर्न सक्षम बनाउने । उच्चशिक्षाको अध्ययनलाई सहज र सुलभ बनाउन युवाकालागि शैक्षिक ऋण प्रदान गर्ने । उच्च शिक्षा अध्ययन पश्चात ग्रामिण विकासका लागि स्वयंसेवक पठाउने, औपचारिक शिक्षाबाट बञ्चित युवालाई सिपमुलक तालिम तथा साक्षरता कार्यक्रम सञ्चालन गर्ने । राष्ट्रिय तथा अन्त्रराष्ट्रिय श्रम बजारमा आवश्यक पर्ने दक्ष जनशक्ति विकास गर्ने लगायतका विषय समावेश गरिएको छ ।

## रोजगारीः

युवाकालागि रोजगारी अभिबृद्धि गर्न उद्यमशीलता तथा अन्य सिपमूलक एवं व्यवसायिक तालिम प्रदान गर्ने । स्वदेशमै रोजगारीका अवसर सृजना गर्न कृषि, कृषिजन्य उद्योग, पर्यटन, उर्जा, पूर्वाधार विकासमा जोड दिने ।

रोजगारी एवं स्वरोजगारका अवसर सिर्जना गर्न गाँउशहरमा सहकारी स्थापना गर्न प्रोत्साहन गर्ने । युवामा व्यवसायिकता, उद्यमशीलताको विकास र रोजगारी सिर्जना गर्न वित्तिय सस्था स्थापना र विकास गर्ने । प्राविधिक ज्ञान र सिप भएका युवामा उद्यमशीलता विकास गर्न प्रमाणपत्रको आधारमा ऋण र बीउपूँजी उपलब्ध गराउने । कृषि क्षेत्रको आधुनिकीकरण, बजारसम्म सहजपहुँचको व्यवस्था गर्ने । वैदेशिक रोजगारबाट फकेका युवाकालागि स्वरोजगार एवं उद्यम विकासको कार्यक्रम सञ्चालन गर्ने । बैदेशिक रोजगार प्रर्वद्धन वोर्डमा जम्मा भएको रकम बैदेशिक रोजगारीबाट फर्केका स्वदेशमै उद्यम गर्न चाहाने युवाहरुमा लगानी गर्ने । समानकामको लागि समान ज्याला प्रणाली लागु गर्ने मुख्य रणनीति एव कार्य नीति अगिंकार गरेको छ ।

## स्वास्थ्य तथा सामाजिक सुरक्षा

स्वास्थ्य शिक्षालाई प्रारम्भिक तहको पाठ्यक्रम देखी नै समाबेश गरी स्वच्छ खानेपानी, स्वस्थ जीवन शैली, पोषण, स्वास्थ्य वातावरण, जोखिममुक्त कामको बारेमा प्रशिक्षित गर्ने । युवालाई यौन स्वास्थ्य सुरक्षा सम्बन्धी शिक्षा प्रदान गर्दै सबै प्रकारका यौनिक हिंसाबाट मुक्त गराउने । एच.आए.भी./एड्सको सम्भावित जोखिमबारे आम नेपाली युवालाई जानकारी गराउने । घातक प्रकृतिका रोगबाट युवालाई जोखिममूक्त गराउन स्वास्थ्य सम्बन्धि परामर्श केन्द्रहरु स्थापनागरिने छ । युवाको खाद्य अधिकार सुनिश्चित गर्दै भोकमरी, कुपोषणबाट बचाउन विशेष कार्यक्रम गर्ने । स्वास्थ्य विमाको व्यवस्था, युवा सूचना परामर्श केन्द्र

सञ्चालन, मानसिक स्वास्थ्य सचेतना, दुव्र्यसनमा परेका युवालाई पुनस्थापना काकार्यक्रम सञ्चालन गर्ने। लैगिंक तथा यौनिक अल्पसंख्यकहरुको लागि सामाजिक सुरक्षाको कार्यक्रम सञ्चालन गर्ने लगायतका महत्वपूर्ण विषय समाबेश गरेको छ।

### युवा सशक्तिकरण तथा नेतृत्व विकास

युवाको आर्थिक सामाजिक एवं सांस्कृतिक सशक्तिकरणकालागि युवा सचेतना एवं अभिमुखिकरण कार्यक्रम सञ्चालन गर्ने। युवालाई स्वदेश तथा विदेशको अनुभव दिलाउन युवा आदान —प्रदान, अध्ययन भ्रमण, देशदर्शन तथा युवा शिविर सञ्चालन गर्ने। राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा ख्याति कमाएका युवालाई पुरुस्कृत गर्ने। युवा एवं युवा संघ संस्थाको क्षमता अभिबृद्धि गर्ने कुराहरु नीतिमा समाबेश गरिएको छ।

### सहभागिता तथा परिचालन

राष्ट्र निर्माण, सामाजिक सेवाका विविध पक्ष, राज्यमा आइपर्ने विपद् दुर्घटना तथा आपतकालिन अवस्थामा उद्धार कार्यमा युवा स्यंयसेवक परिचालन गर्ने। शैक्षिक बेरोजगार युवाहरुलाई न्यूनतम जीवननिर्वाह भत्ता दिई दक्ष स्वंसेवकका रुपमा परिचालन गर्ने। अन्तराष्ट्रिय मञ्चहरुमा युवाको सहभागिता सूनिश्चित गर्न प्रवद्र्धनात्मक कार्यक्रमहरु सञ्चालन गर्ने। सबै तहक नीति तथा योजना निर्माण र कार्यान्वयनका प्रक्रियाहरुमा युवाहरुलाई अर्थपूर्ण रुपमा सहभागि गराउने। युवालाई समाजप्रति उत्तरदायी बनाई सामाजिक रुपान्तरणका वाहकका रुपमा परिचालन गर्ने। सामाजिक कुरीति, अन्धविश्वास र कु संस्कार विरुद्ध आम युवालाई परिचालन गर्ने।

नेपालमा रहेका विभिन्न कला र सांस्कृतिक धरोहरहरुको संरक्षण र संवद्र्धन गर्न कला सहित्यका कार्यक्रम सञ्चालन गर्ने। खेलकुद, कला र साहित्यको विकासकालागि विद्यालय र कलेज देखी विश्व विद्यालयसम्म योजनाबद्ध ढंगले कार्यक्रम सञ्चालन गर्ने। युवामा लागु पदार्थ दुव्र्यसन विरुद्ध सचेतना एवं परामर्श प्रदान गर्ने। नेपाली युवाहरुको मानव तस्करी रोक्न कडा कानुनी व्यवस्था गर्नुका साथै सामुदायिक स्तरमा सचेतना जगाउने। जैविकविविधता, हिमाल, हिमताल, सिमसार क्षेत्र र जलाधार संरक्षण गर्न युवा परिचालन गर्ने। विज्ञान तथा प्रविधिमा युवाको पहुँच बढाउने। दिगो शान्ति स्थापना र द्वन्द्व व्यवस्थापनमा युवा सहभागिता बृद्धि गर्ने लगायतका महत्वपूर्ण रणनीति तथा कार्यनीति अबलम्बन गरेको छ।

### युवा नीति कार्यान्वयनको वर्तमानअवस्थाः

युवा तथा खेलकूद मन्त्रालयबाट युवा नीति कार्यान्वयन कार्ययोजना निर्माण कार्य थालनी भैसकेको छ। युवा नीति कार्यान्वयनकालागि युवा तथा खेलकुद मन्त्रालयले योजना, बजेट तथाकार्यक्रम तय गरेको छ। देशका ७७ बटै जिल्लामा युवा परिषद स्थापना र संचालन भैसकेको छ। युवा नीतिले निर्दिष्ट गरेका विषयगत क्षेत्रहरुमा केन्द्रमा मन्त्रालयबाट, प्रदेशमा प्रदेश सरकार, युवा परिषद र जिल्लामा जिल्ला युवा परिषद मार्फत कार्यक्रम कार्यान्वयन भइरहेका छन्। युवा उत्तरदायी बजेटको खाका तयार गर्ने कार्य आरम्भ भएको छ। सातै प्रदेशमा प्रदेश युवा परिषद गठनको प्रक्रियाका लागि कानूनी आधार निर्माणको प्रयास भैरहेको छ। यद्यपी शुरुवातमा केही राम्रा कदमहरु देखिए पनि दरिलो सस्थागत संरचना एवं बजेटको अभाबले कार्यान्वयनमा कठिनाई देखिएको छ।

### नीति कार्यन्वयनमा सरकारी निकायको भूमिकाः

युवा नीति कार्यान्वयनका लागि युवा तथा खेलकुद मन्त्रालयको आर्थिक स्रोत, भौतिक पुर्वाधार र सक्षम नेतृत्व पनि उत्तिकै महत्वपुर्ण पक्ष हो। हालसम्मको इतिहास हेर्दा यो मन्त्रालय उल्लेखित तीन ओटै पक्षमा सवल भएको देखिँदैन। यसकालागि सिर्जनशील नेतृत्व तथा यसको भौतिक पुर्वाधार सँगसँगै सांगठनिक संरचनादरिलो हुनु आवश्यक छ। जसले गर्दा युवा नीति

केन्द्रमा मात्र हैन प्रदेश,जिल्ला र स्थानीय तहसम्मका युवाको पहुँचमा पुग्न सक्छ। पन्ध्रौं योजना र युवानीतिको मर्म अनुरूप नेपाल सरकारका स्थानीयतहले पनि युवा नीतिले परिकल्पना गरे अनुरूपका कार्यक्रमलाई बजेट विनियोजन गरी स्थानीय निकायमा कार्यरत युवा संघसंस्थालाई परिचालन गर्नुपर्दछ।

युवा नीति जारी भएको पनि १३ वर्ष पुगिसकेको छ। यद्यपि अधिकांश युवालाई नीति आएको पत्तो छैन। युवानीतिको बारेमा स्थानीय तहसम्म व्यापक छलफल तथा परामर्श भएको छैन्। तसर्थ युवानीतिको विषयमा देशभरिका युवालाई जानकारी गराउन युवा तथा खेलकुद मन्त्रालयले देशव्यापी रूपमा यसको प्रचारप्रसार गर्नुपर्दछ। युवा नीति कार्यान्वयनका लागि तत्कालिन, मध्यकालीन र दीर्घकालीन रणनीतिक योजना बनाई पाँच, देशमा बीस वर्ष भित्र नेपालीयुवाका समस्या कति प्रतिशतले न्यूनिकरण गर्ने?युवाको रोजगारी दर कति प्रतिशत पु¥याउने, युवालाई कति प्रतिशतसम्म नेतृत्वमा ल्याउने? वैदेशिक रोजगारीमा जाने युवाको संख्यामा कति प्रतिशतले कमी ल्याउने?राज्यको मूलप्रवाहमा कसरी समाहित गर्ने ? डिप्रेशन, कुलत तथा एचआईभीबाट युवालाई कसरी मुक्त राख्ने?जस्ता विषय वस्तुहरूलाई योजनाका उपलब्धिका रूपमा तय गरी व्यवस्थित अनुगमन तथा मुल्यांकन पद्धति, युवा संगठनहरूको व्यापक परिचालन र सशक्त सांगठनिक संरचनाले मात्र युवा नीति कार्यन्वयन हुन सक्छ।

## युवा संघ–संगठनहरूको भूमिकाः

युवा नीति जारी हुनुलाई अवसरका रूपमा लिँदै सबै युवाहरूले अब नीतिको जगमा रहेर आफ्ना हक अधिकार स्थापित गर्न अग्रसर हुनुपर्छ। हरेक राजनीतिक दलहरूमा यसको सकारात्मक प्रभावकालागि युवाहरूले सशक्त दबाब दिनु अपरिहार्य छ। राजनीतिक संगठन र समाजिक संघ संगठनले नेतृत्वदायी भूमिका निर्वाह गर्ने हो भने युवा नीति कार्यान्वयनमा सहयोग पुग्छ।

नेपालको सन्दर्भमा नीति नियमहरू प्रशस्त र गुणस्तरका बन्ने गरेका छन्। तर कार्यान्वयन पक्ष कमजोर छ। हामी कहाँ नीति नभएका होइनन् भएका नीति कार्यान्वयन नहुँदा जनतामा व्यापक मात्रामा असन्तुष्टी पैदा भएको छ।। त्यसैले युवाहरू जागेमा युवानीतिले कार्यान्वयनको अवसर पाउँछ नत्र भन्ने यसको केही अर्थ हुने छैन। तसर्थ युवा नीति कार्यान्वयनका लागि सबैको सामुहीक प्रयासको खाँचो छ।

युवा नीति कार्यान्वयनका सन्दर्भमा सबै प्रकृतिका युवाहरूका बीच साझा बुझाइ विकास हुनु जरूरी छ। नीतिको लक्ष्यहासिल गर्न विभिन्न राजनीतिक आस्था, भिन्न काम गर्ने शैली जो जहाँ भएपनि सबै युवाबाट युवा नीति कार्यान्वयनका लागि एउटै र सँगै आवाज उठाउनु आवश्यक छ। सबै प्रकृतिका युवाहरू लामबद्ध भएर युवा नीति कार्यान्वयनको पक्षमा लागेका छोटो समयमा लक्ष्य प्राप्ती गर्न सकिन्छ। युवा नीति कार्यान्वयनका लागि सरकारी गैर सरकारी, अन्रतराष्ट्रिय विकास साझेदार सबैको सामूहिक सहकार्य जरुरी छ। पब्लिक, प्राइभेट पार्टनरसिपको मोडेलमा युवा नीति कार्यान्वयन गर्न सकिन्छ।

## आर्थिक पक्षको भूमिकाः

युवा नीति कार्यान्वयनको अर्को महत्वपुर्ण पाटो भनेको आर्थिक पाटो हो। हालसम्मको मन्त्रालयको अवस्था हेर्दा युवा नीति कार्यान्वयन हुन सक्छ वा सक्दैन ? गम्भीर प्रश्न उब्जाएको छ। युवा नीति कार्यान्वयनका लागि आर्थिक पक्षको सशक्त भूमिका हुने भएकाले सरकारले स्थानीय स्रोतको कति प्रतिशत युवाका लागि छुट्याउन सक्छ। यो एउटा दीर्घकालीन स्रोत हुनसक्छ। नेपाल सरकारले योजना, कार्यक्रम र बजेट बिनियोजन गर्दा युवाहरुको जनसङ्ख्यालाई आधार बनाउनु पर्दछ। नेपालमा कार्यरत दातृ निकायहरूबाट निश्चित रकम 'बास्केट फण्ड'को रूपमा लिएर पनि युवा नीति कार्यान्वयनको योजना कार्यान्वयन गर्न सकिन्छ। साथै नेपाल सरकारको वार्षिक बजेटमा पनि युवाकालागि छुट्याइने बजेटको मात्रा बढ्नु आवश्यक छ। यी आर्थिक प्रयासहरू युवा नीति कार्यान्वयनका लागि कोसेढुङ्गा हुन सक्छन। यद्यपी नेपालको बजेटको तुलनात्मक अध्ययन गर्दा युवा विकासमा क्षेत्रमा न्यून बजेट छ। भएको बजेट र कार्यक्रम पनि कार्यान्वयन हुन सकेको देखिदैन। जसले गर्दा नीतिले जति नै राम्रो कुरा लेखिए पनि कार्यान्वयनमा निकै चुनौति छ।

## निष्कर्षः

देशको कूल जनसङ्ख्याको आधा जति भाग ओगटेको युवा वर्गको समुचीत विकास, परिचालन र सहभगितामा नै मुलुकको आर्थिक सामाजिक समुन्नति निर्भर रहन्छ । पूंजी र प्रविधिको साथसाथै युवा शक्तिलाई समयको गतिसंगै परिचालन गर्न सकेमा देश विकासले गति लिन सक्दछ । मुलुकमा लगानी मैत्री वातावरण नहुनाले रोजगारीका अवसरहरु न्यून हुंदै गएका छन् यसले युवा वेरोजगारी बढेको छ । श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको तथ्यांक अनुसार हाल प्रतिवर्ष ४ लाख ५० हजार युवा शक्ति श्रम बजार प्रवेश गर्दछन् तर यसको दुई तिहाई रोजगारीको खोजिमा विदेशिने गर्दछन् । शिक्षित युवा बेरोजगारी बढ्नु, मुलुकमा पर्याप्त रोजगारीका अवसरहरु सृजना हुन नसक्नु, सिप विकास र स्वरोजगार बीच सामन्जस्यता नहुनु र देश विकासमा आवश्यक पर्ने श्रमशक्ति बाहिरिनु टड्कारो समस्याको रुपमा रहेको छ ।

नेपालमा युवाका सवालमा वकालत हुन थालेको लामो इतिहास छैन । विगत केहीवर्ष अघिसम्म पनि युवा कोहुन भन्ने बुझाइमा सरकार वा सम्बन्धित निकाय अस्पष्ट रहेको देखिन्छ । तथापि पछिल्लो समयमा सरकारका योजनामा पनि युवाका सवालहरू समेटिन थालेका छन् । यति प्रयासहरूले मात्र यो देशका युवाका विकराल समस्याहरू समाधान हुन सम्भव देखिँदैन । स्वयम् युवाहरू पनि सिर्जनशील, कर्तव्यनिष्ठ भई नीतिले दिएका अधिकारहरूको उपभोग गरी स्थानीय तहदेखि केन्द्रसम्म जो जहाँ छन् त्यहीआफ्नो प्रतिधित्व र पहिचान खोजी पहुँच बढाउन अग्रसर हुनु अपरिहार्य छ । केन्द्र देखि प्रदेश,जिल्ला एवं पालिकाका योजना तथा नीति निमार्ण र निर्णय प्रक्रियामा आजैबाट युवाले आफ्नो सहभागिताको आवाज उठाउनुपर्छ । राष्ट्रिय युवा नीति हातमा बोकेर नीतिको कुन दफा वा उपदफाले आफनो समुदाय, वर्ग क्षेत्र वालिंङ्गको अधिकारको बारेमा बोलेको छ त्यसलाई नै समातेर युवाले अगाडि बढ्न ढिला गर्नु हुँदैन । नेतृत्व गर्न पाउनु, रोजगारी पाउनु, शिक्षा र स्वास्थ्यको अधिकार हुनु वा क्षमताको आधारमा राज्यबाट केही गर्न आर्थिक सहयोग पाउनु नीतिले निर्दिष्ट गरेको युवाको हक अधिकार हो ।

अतःयुवानीति २०७२ ले दिएको अधिकारलाई उपभोग गर्दै आफ्ना अधिकारहरू स्थापित गरी आफू र आफ्नो समाजलाई उन्नतिको बाटोतिर लैजान शिक्षा, स्वास्थ्य र रोजगारीमा सबै युवाको पहुँच बढाउन अग्रसर हुनुपर्दछ । त्यसकालागि राज्यले आगामी केहीवर्षहरूमा युवामैत्री लगानीको वातावरण सिर्जना गर्नुपर्छ । देशका युवालाई सबै प्रकारले सक्षम बनाउने दिशातर्फ सरकारको ध्यान केन्दित हुन आवश्यक छ । युवामा लागानी गर्ने देशहरूले नै आज विश्वलाई नेतृत्व गरिरहेका छन् । युवालाई सबल बनाई देश विकासमा लगाउन सके मात्र यो देशको मुहार फेरिन सक्छ । युवालाई उठाउन सके मात्र समाज उठ्छ, युवालाई जगाउन सके मात्र समाज परिवर्तन र समृद्ध हुन्छ ।

## सन्दर्भ सामाग्रीः


१. नेपाल सरकार, युवा तथा खेलकुद मन्त्रालय, राष्ट्रिय युवा नीति २०७२, सिहंदरवार, काठमाडौ

२. नेपाल सरकार, युवा तथा खेलकुद मन्त्रालय, युथभिजन २०२५, सिहंदरवार, काठमाडौ

३. नेपाल सरकार, युवा तथा खेलकुद मन्त्रालय,राष्ट्रिय युवा परिषद ऐन, २०७२ सिहंदरवार, काठमाडौ

४. नेपाल सरकार, युवा तथा खेलकुद मन्त्रालय, राष्ट्रिय युवा परिषद नियमावली २०७३, सिहंदरवार, काठमाडौ

५. नेपाल सरकार पन्ध्रौं योजना,०७६÷७७ ( २०८०र८१, राष्ट्रिय योजना आयोग, सिहंदरवार, काठमाडौ

६. नेपाल सरकार, अर्थ मन्त्रालय, आर्थिक सर्वेक्षण २०७७÷७८, सिहंदरवार, काठमाडौ

७. ग्लोबल युथ इनडेक्स रिपोर्ट २०२२

# राष्ट्रिय युवा परिषद्: युवाको आसा र भरोसाको केन्द्र बन्दै

**रवि सेन्चुरी***



विभिन्न क्षेत्रका युवाहरुको आन्दोलन र सघर्षको प्रतिफल राष्ट्रिय युवा परिषद् हो । युवाहरुको सर्वाङ्गीण विकासका निम्ति राष्ट्रिय युवा परिषद्को स्थापना वि.स २०७२ साल फागुन १९ गते भएको थियो । यस परिषद्ले युवा लक्षित नीति र योजना, ऐन नियम, निर्देशिका तथा कार्यविधि निमार्ण गरी सङ्घीय, प्रदेश र स्थानीय सरकारलाई सरसल्लाह लगायत विभिन्न संघसस्थासंग सहकार्य गरी युवा केन्द्रित कार्यक्रमहरु गरेको छ ।

युथ भिजन –२०२५ तथा दश वर्षे रणनीति योजना र राष्ट्रिय युवा नीति, २०७२ निमार्ण गरी निम्न अनुसारका क्षेत्रमा क्रियाशील रहेको छ ।

१. गुणस्तरीय र व्यवसायिक शिक्षा, २.रोजगारी, उद्यमशीलता र सीप विकास, ३. स्वास्थ्य र सामाजिक सुरक्षा, ४. युवा परिचालन, सहभागिता र नेतृत्व विकास र ५. खेलकुद र मनोरञ्जन जस्ता पाँच स्तम्भहरु स्पष्ट रुपमा निर्धारण गरी त्यही अनुरुप कार्यहरु गदै आएको छ । नमुना संसद, बिना धितो बिना व्याज सहुलियतपूर्ण ऋण कार्यक्रम, एक विद्यालय एक उद्यम, नवप्रवर्द्धन, रिर्टर्नी माइग्रेसन युवा सञ्जाल, संघसस्था युवा सञ्जाल सङ्घीय युवा सञ्जाल, युवा परिचालन जस्ता राष्ट्रव्यापी उदारणीय काम रहेको छ ।

राष्ट्रिय युवा नीति, २०७२ ले २४ वटा नीति निर्धारण गरी युवाका समस्या, समाधानका उपाय, उद्यमशीलता र राज्यको दायित्वबारे सम्रग युवाहरुको प्रतिनिधित्व गरी युवाहरुको आवाजलाई राज्यको नीति निमार्ण र कार्यान्वयन गर्ने ठाउँमा पुर्‍याउने गर्छ । समग्र युवाको नेतृत्व विकास र आत्मनिर्भरतामा विशेष भूमिका खेल्दै आइरहेको छ ।

## युवा

राष्ट्रिय युवा परिषदको ऐन, २०७२ र युवा नीति २०७२ ले १६ वर्ष देखि ४० वर्ष सम्मको उमेर समूहलाई युवा समूह भनेर परिभाषित गरेको छ । युवा परिषद्ले १६ देखि २४ र २५ देखि ४० वर्ष उमेर समूहमा विभाजन गरेको छ । १६ देखि २४ वर्षको उमेर समूहलाई शिक्षा, ज्ञान सिप आर्जन गर्ने त्यस्तै २५ देखि ४० वर्षको उमेर समूहलाई प्राप्त गरेको शिक्षा, ज्ञानलाई उद्यमशीलता र आय आर्जनतिर केन्द्रित समूह भनी परिभाषित गरेको छ ।

राष्ट्रिय जनगणना २०६८ लाई आधार बनाउदा नेपालको जनसङ्ख्याको ४०.३५ प्रतिशत युवावर्ग रहेको थियो । जुन नेपालको लागि जनसांखिक लाभांशको दृष्टिकोणबाट निकै महत्वपूर्ण अवसर थियो । तर राष्ट्रिय जनगणना २०७८ को प्रारम्भिक नतिजा

** सदस्य, राष्ट्रिय युवा परिषद्*

अनुसार युवाहरुको केही मात्रमा जनसंख्या घटेको देखिन्छ । जनसंख्या घट्नुका कारणहरु बारे समयमा नै खोज अनुसन्धान गरी भएका युवाहरुबाट राष्ट्रले अधिकतम लाभ लिन जरुरी छ । युवाहरु भविष्यको कर्णधार मात्र नभएर वर्तमानको सहयात्री हुन् । युवाहरुलाई समाज, राज्य र सम्बन्धित निकायले विशेष ध्यान दिन जरुरी छ । त्यसका लागि तीन तहका सरकारले आफ्नो नीति तथा कार्यक्रममा युवा लक्षित कार्यक्रम तथा बजेट ल्याउन जरुरी छ । साथै ती कार्यक्रम र बजेटको कत्तिको कार्यान्वयन भएको छ भनेर बेलाबखत अनुगमन तथा समिक्षा गर्न जरुरी छ । सम्बधित निकायसंग बहस र छलफल निरन्तरहुनु जरुरी छ ।

युवा राजनैतिक, आर्थिक र समाजिक रुपान्तरको संवाहक पनि हो । युवाको सक्रीय सहभागितामा नेपालमा ठुल्ठुला परिवर्तन भएका छन् । शासन व्यवस्था फेरिएका छन् । युवा समूहले असम्भवलाई पनि सम्भव बनाएका कैयौ उदाहरणहरु हाम्रो समाजमा रहेका छन् । इतिहासको कठीन काल खण्डहरुमा युवाले महत्वपूर्ण नेतृत्वदायी भुमिका खेलेका छन्, खेल्दै आएका छन् । अबको रुपान्तरण युवाको नेतृत्व, क्षमताको विकास, अवसर निमार्ण र सहच पहुँचका माध्यमबाट आत्मनिर्भर बनाउनु हो ।

हिजो सम्म राज्य संरचना बदल्ने राजनैतिक आन्दोल केन्द्रित राजनैतिक दल, नेताकार्यकर्ताहरु अब विभिन्न आन्दोलनबाट प्राप्त उपलब्धिहरुलाई संस्थागत गदै समृद्ध नेपालको अभियानमा अघि बढ्न जरुरी छ । त्यसका लागि प्रचुर मात्रमा युवाका ज्ञान, सिप, क्षामताको उपयोग गर्न जरुरी छ । सबल र सक्षम बनाउन राज्यले अबसरहरु सृजना गर्न जरुरी छ । राज्यलाई युवा प्रति जवाफदेही र जिम्मेवार बनाउन राष्ट्रिय युवा परिषद्ले निरन्तर संघर्ष गर्दै साथै युवा लक्षित कार्यक्रमहरु ल्याइरहेको छ । ती कार्यक्रमले राज्य र युवाहरु बीचको दुरीलाई घटाउदै राष्ट्र निमार्णमा सगँसगै हिडन् सहयोग पुगेको छ ।

## युवाका चुनौतीहरु

हाम्रो समाजका हरेक युवाहरुको आ–आफ्नो संघर्ष रहेका छन् । ति संघर्षसँग उनीहरुको आफ्नै भविष्यसगैँ परिवार, आफन्त, समाज र राष्ट्रको भविष्य पनि प्रत्यक्ष अप्रत्यक्ष जोडिएको हुन्छ । नेपालमा १२५ जाति र १२३ भाषाभाषिका रहेका छन् । सबै समुदाय, भाषाभाषिको आ–आफ्नै विशिष्ट प्रकारको पहिचान रहेको छ । राजनैतिक, आर्थिक, समाजिक र सस्कृतिक संरचनाका कारणले पनि युवाहरुबीच भिन्नता रहेका छन् । नेपालको जनगणना २०६८ र आइएलओ २०१४ का अनुसार नेपालमा पूर्ण बेरोजगार युवा १९.२ प्रतिशत, अर्ध बेरोजगार २८.३ प्रतिशत र प्रतिवर्ष श्रमबजारमा प्रवेश गर्ने युवा सङ्ख्या (अनुमानित) ४ लाख ५० हजारले बढि रहेका पाइन्छ । त्यस्तै २६.१ प्रतिशत युवा स्नातक भएर पनि बेरोजगार रहेका छन् । जुन युवा तथा राष्ट्रका लागि त्यति सकारात्मक संकेत होइन ।

आज युवाका अगाडि बेरोजगारी, अर्ध बेरोजगारी, युवामैत्री लगानी तथा उद्यमको वातावरणको अभाव, लैङ्गिक, क्षेत्रीय, जातीय विभेद र बहिष्करण, विश्वव्यापीकरण तथा उदारिकरणले ल्याएका चुनौती, व्यावसायिक सिप र प्रविधिको अभाव, सुचनाको अभाव, प्रकृया बारे कम जानकारी त्यस्तै व्यवसायिक शिक्षाको अभाव जस्ता कैयौं जटील समस्याहरु रहेका छन् । ती तमाम समस्याहरुले युवाहरुको मनोबललाई निरुत्साहित गराएको छ । आर्थिक अभाव, अवसरको कमि, न्युन आयश्रोत जस्ता समस्याले युवाहरु पलायन भएका छन्, विश्व बजारमा सस्तो मूल्यमा श्रम बेच्न बाध्य छन् ।

नेपाल कृषि प्रधान देश भएपनि कृषिमा आधुनिकीकरणको अभाव रहेको छ । अझै पनि ५१ प्रतिशत युवाहरु कृषि क्षेत्रमा संलग्न रहेको तथ्याङ्क विभागका रिर्पोटहरुमा उल्लेख छ । जसले गर्दा कृषि क्षेत्रमा संग्लन युवाहरुको जीविकोपार्ज भैरहेको छ । कोभिड–१९ को महामारी अघि ५ लाख ३८ हजार नेपालीहरु प्रतिवर्ष रोजगारीका लागि विदेशिने गरेको पाइन्छ । आज विश्वव्यापीकरण र उदारीकरणले युवाहरुलाई दलनमा परिरहेको छ । त्यसको सबैभन्दा ठुलोमार अर्धदक्ष र अदक्ष युवाहरुमा परेको छ । वर्तमान समयमा शैक्षिक बेरोजगारी पनि प्रधान समस्या रुपमा देखिएका छन् ।

बनेका ऐन कानुन, नीति नियम र कार्यविधिको उचीत कार्यन्वयन नहुदां लाखौँ युवाहरुको उर्जाशील समय खेर गइरहेको छ । फरक पृष्ठभमिका युवाहरुका आवश्यकताहरु आ–आफ्नै रहेका छन् । नेपालका फरक भौगोलिक, लिङ्ग, जाति समुदाय, भाषा भाषी,

वर्ग र शिक्षित युवाहरुको आ-आफ्नै समस्या र चुनौती रहेका छन् । यी सबै समस्या र चुनौतीलाई युथ भिजन – २०२५ तथा दशवर्षे रणनीति योजनाले निम्न अनुसार उल्लेख गरेको छ ।

१. युणस्तरीय, समय सापेक्ष र रोजगारमुलक शिक्षाको अभाव, व्यावसायीक सिप र प्रविधिको पहुँचबाट टाढा, गन्तव्य विहीनता,
२. बेरोजगारी र अर्ध बेरोजगारी
३. युवा पलायन, राजनीतिक अस्थिरता,
४. युवाको कमजोर स्वास्थ्य, पोषण र मनोबल
५. युवामैत्री लगानी तथा उद्यमको वातावरणको अभाव
६. लैङ्गिक, क्षेत्रीय, जातीय विभेद र बहिष्करण

**७. विश्वव्यापकिरण तथा उदारीकरणको प्रभावले ल्याएका चुनौतीहरु**

## राष्ट्रिय युवा परिषद्

नेपाली युवाहरुको लामो बहस, छलफल, आन्दोलन र सघर्षको प्रतिफल नै राष्ट्रिय युवा परिषद् नेपाल हो । यो स्थापना हुनका निम्ति विभिन्न क्षेत्रका युवाहरुको महत्वपुर्ण भुमिका रहेको छ । नेपाल सरकारले युवा विकास र परिचालनका निम्ति २०५२ सालमा स्थापना गरेको युवा तथा खेलकुद तथा संस्कृत मन्त्रालयलाई २०६५ सालमा युवा तथा खेलकुद मन्त्रलयका रुपमा पुनर्गगठन गरेको थियो । पछि नेपाल सरकारले युवा तथा खेलकुद मन्त्रालयको मातहतमा रहने गरी २०७२ साल फागुन १९ गते राष्ट्रिय युवा परिषद्को स्थापना गरी निरन्तर युवाको निम्ति परिषद्ले काम गर्दैआइरहेको छ ।

युवा परिषदले युवामा उद्यमशीलता र क्षमता अभिवृद्धि, स्वारोजगार तथा आय आर्जन, नेतृत्व विकास सशक्तीकरणका निम्ति प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यलय, शिक्षा विज्ञान तथा प्रविधिक, कृषि तथा पशुपंक्षि, पर्यटन, स्वास्थ्य तथा जनसंख्या, श्रम तथा रोजगार, उधोग, युवा तथा खेलकुद मन्त्रालय र राष्ट्रिय योजना आयोगको सचिवालय र राष्ट्रिय सुचना प्रविधि केन्द्र यसका सम्बद्ध निकायहरु रहेका छन् ।

आफ्नो स्थापनाको छोटो अवधिमा छुट्टै पहिचान गराउदै शुन्यताबाट शुरुवात गर्दै धेरै आरोह,अबरोह पार गर्दै यस अवस्था सम्म आइपुगेको छ । यो बिचमा राष्ट्रिय युवा परिषद्ले कार्यलय स्थापना र व्यवस्थापन, कर्मचारी व्यवस्थापन, विभिन्न अध्ययन अनुसन्धानसँगै विभिन्न युवा लक्षित नीति तथा योजना बनाएर युवा वर्गलाई राज्यले प्रदान गर्ने सेवासुविधा, अवसरसँग प्रत्यक्ष जोड्ने कार्य गरिरहेको छ । राज्यलाई युवाप्रति उत्तरदायी, जिम्मेवार बनाउन, नीतिनियम र योजनालाई कार्यन्वयन गर्नका निम्ति नीरन्तर नेपाल सरकारलाई खबरदारी गर्दै आइरहेको छ ।

## नीति निमार्णमा युवा परिषद्

कुनै पनि राष्ट्रको विकासका निम्ति युवा सहभागिताले महत्वपूर्ण भूमिका खेल्ने गर्दछ । यदि हामीले युवालाई अवसर दिन सकेको खण्डमा हामी सहज तरिकाले समृद्धिको यात्रामा अघि बढ्न सक्छौ । तर राज्यका नीति निमार्णकर्ताहरुले विगतदेखि युवाहरुको मुद्दालाई त्यती गम्भिरतापूर्वक लिएको पाइँदैन । जसले गर्दा युवाहरुको उर्जाशील उमेर खेर गैरह्यो । जब राष्ट्रिय युवा परिषद्को स्थापना भयो । राष्ट्रिय युवा परिषदले विभिन्न व्यक्तित्वहरुसँग छलफल गरी नीति र योजना, ऐन नियम र निर्देशिका तथा कार्यविधिहरु निमार्ण गरी कार्यन्वयनमा विशेष जोड दिएको पाइन्छ । जस्तै राष्ट्रिय युवा नीति, २०७२, युथ भिजन २०२५, राष्ट्रिय युवा परिषद् ऐन, २०७२, राष्ट्रिय युवा परिषद् नियमावली २०७३, प्रदेश युवा परिषद ऐन, २०७६ बागमती प्रदेश, त्यस्तै

गरी एक शिक्षण संस्था एक उद्यम कार्यक्रम कार्यन्वयन कार्यढाँचा, सहुलियतपूर्ण कर्जा कार्यविधि, २०७५ ( तेस्रो संशोधन सहित), युवा सञ्जाल गठन तथा परिचालन सम्बन्धि आन्तरिक कार्यविधि २०७६, युवा सिप तथा नेतृत्व विकास कार्यक्रम निर्देशिका, २०७३, युवामैत्री स्थानीय तह विकासका लागि प्रोत्साहन कार्यक्रम सञ्चालन सम्बन्धि कार्यविधि, २०७६, युवा पचिालन कार्यविधि, २०७२, समाजका लागि युवाको एक दिने कार्यक्रम सञ्चालन निर्देशिका र युवा सूचना केन्द्र निर्देशिका २०७३ साथै युवा उद्यमशील कार्यक्रम सञ्चालन निर्देशिका, २०७३ जस्ता दर्जनौ नीति, ऐन नियम र कार्यविधिहरु निमार्ण भएका छन् । जसले तीन तहका सरकार, सम्बन्धित सरकार र युवाहरुका निम्ति मार्गदर्शन गर्न मद्दत गर्छ ।

## युवा परिषदका कामहरु

युवाको दक्षता र क्षमताको विकास गरी उद्यमशीलता, रोजगारमुलक र स्वरोजगारीका माध्यमबाट राज्यको विभिन्न तह तप्कामा सहभागी बनाउने साथै आत्मनिर्भर, स्वावलाम्बी र चरित्रवान बनाउन राष्ट्रिय युवा परिषद्ले विभिन्न कार्यहरु गर्दै आएको छ ।

आजको समय सम्म आइपुग्दा राष्ट्रिय युवा परिषदले शुन्यबाट सिक्दै, अनुभव बटुल्दै, सँरचना गर्दै नीति नियम र कार्यक्रमका माध्यमबाट युवाहरुसँग हातेमालो गर्दै अघि बढिरहेको छ । जुन युवा तथा विद्यार्थी वर्गका निम्ति एउटा मार्ग दर्शन हुदैछ । वर्तमान समयमा राष्ट्रिय युवा परिषदले महामहिम राष्ट्रपतिको समुपस्थितिमा अन्तराष्ट्रिय युवा दिवसको आयोजना, जिल्ला समितिहरुको गठन तथा कार्यलयको स्थापना सगै युथ भिजन–२०२५ तथा दशवर्षे रणनीक योजना र राष्ट्रिय युवा नीति, २०७२ निमार्ण गरेको छ । बिना धितो बिना व्याज सहुलियतपूर्ण ऋण कार्यक्रमलाई यसको एउटा महत्वपूर्ण उपलब्धिको रुपमा लिन सकिन्छ । युवा उद्यम कार्यक्रम सञ्चालन, २०७७ र युथ ईन्क्वुवेशन स्थापना र सञ्चालन गर्ने कार्यक्रम कार्यान्वयन प्रक्रिया, २०७७ ले गति पाएको छ ।

आज यसले युवाहरुको विभिन्न संघसंस्था लाई एकै ठाउँमा गोलबद्ध हुँदैछन् भने विभिन्न समूह निर्माण गरेर कार्यक्रमहरु अघि बढाएको छ । जसमा रिटर्नी माइग्रेशनले विदेशबाट फर्किएर नेपालमा केही गर्न खोज्ने युवाहरुको साझा समूह हो, जसले सहकारीको माध्यमबाट उद्यमशीलता, स्वरोजगारका माध्यमबाट लाखौं युवाहरुलाई नेपालमै रोजगारीका सम्भावना देखाइदिएको छ ।

नमुना संसदका माध्यमबाट युवाहरुलाई राष्ट्रिय युवा परिषद्ले नमुना युवा गाँउ नगर सभा, प्रदेश र संघको संसदीय अभ्यास सिकाइ रहेको छ । जसबाट युवाहरुले तीन तहको सरकार सञ्चालन बारे बुझ्न पाएका छन् । युवा वैज्ञानिक सम्मेलन, वक्तृत्वकला प्रतियोगिता, सहुलितपूर्ण ऋणका लागि समयोजनकारी भूमिका, उद्यमशीलता तालिमहरु सञ्चालन गदै आइरहेको छ ।

कोभिड–१९ विरुद्धको लडाईमा राष्ट्रिय युवा परिषद्ले “कोरोना महामारी सूचना तथा सहजीकरण केन्द्र” राष्ट्रिय युवा परिषद्ले कार्यकारी उपाध्यक्ष माधव ढुङ्गेलको संयोजकत्वमा १७ सदस्य कोरोना महामारी सूचना तथा सहजीकरण केन्द्रीय स्तरमा स्थापना गरी स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, युवा तथा खेलकुद मन्त्रालय, फ्रन्टलाइनमा सेवारत स्वास्थ्यकर्मी, जनप्रतिनिधिहरु, जिल्ला युवा समितिका अध्यक्षहरु, राष्ट्रिय युवा परिषद्का बोर्ड सदस्यहरु, त्यस्तै नेफ्सकुन, मेडिकल काउन्सिल, रिटर्नी माइग्रेन्टस्, आइ.एल.ओ तथा विकास साझेदार संस्थाका प्रतिनिधि, एन.जि.ओ फेडेरेसनका प्रतिनिधि, उद्यमी सञ्जाल, राष्ट्रिय युवा क्लब सञ्जालका प्रतिनिधि गरी उदाहरणीय कार्य गरेको थियो । कृषि कार्यमा युवा तथा आम नागरिकलाई प्रोत्साहित गर्ने, सहुलियतपूर्ण कर्जा सहजीकरणको भूमिका निर्वाह गर्ने जस्ता जिम्मेवारी रहेका छन् । गुणस्तरीय र व्यवसायिक शिक्षा, रोजगारी, उद्यमशीलता र सिप विकास, स्वास्थ्य र सामाजिक सुरक्षा, युवा परिचालन, सहभागिता र नेतृत्व विकास र खेलकुद र मनोरञ्जन यि पाँच आधारस्तम्भहरुमा केन्द्रित रही आफ्नो नीति अनुरुप सरकारी, गैरसरकारी, सहकारी र निजी सघं संस्थाहरुसँग सहकार्य गर्दै विभिन्न कार्यक्रमको माध्यमबाट सम्बन्धित युवा वर्ग माझ पुग्दै छ ।

## अबका दिनमा तीन तहको सरकारसँग सहकार्य गर्न आवश्यक

नेपालमा संघ, प्रदेश र स्थानीय तह गरी तिन तहको सरकार रहेको छ । ती सरकारहरुले युवा लक्षित नीति, नियम, योजना निर्माण साथै युवालाई सबल, प्रतिस्पर्धि आत्मानिर्भर बनाउने योजना तथा कार्यक्रममा समावेश गरि कार्यान्वियन गर्न सक्छ । प्रधानमन्त्री रोजगार कार्यक्रम, त्यस्तै मुख्यमन्त्री स्वारोजगार कार्यक्रमका माध्यमलाई पालिकाले सहि सदुपयोग गर्दै संघीय तथा प्रदेश सरकारबाट हस्तान्तरित शर्सत, समपुरक र विशेष अनुदानका माध्यमबाट त्यस्तै गैर सरकारी संघसस्थासंगको सहकार्यमा पालिका र वडा स्तर युवा लक्षित विभिन्न कार्यक्रमहरु ल्याई कार्यान्वियन गर्न सक्छ ।

स्थानीय सरकारले आफ्नो भिलेज प्रोफाइल अनुसार कुन वडामा कति युवा छन् । उनीहरुको अवस्था के कस्तो छ भनेर तथ्याङ्क ल्याउन सक्छ । त्यसैको आधारमा टोल स्तर, वडा प्रस्तावना र विभिन्न विषयगत समितिहरुमा छलफल र विभिन्न शाखाहरुको मद्दतमा युवा लक्षित योजना तथा कार्यक्रम निर्माण गर्न सक्छ । कार्यक्रम बनाउँदा सबैलाई एकै प्रकारको भन्दा पनि उनीहरुको क्षमता, योग्यता अनुसार लिङ्ग, जाति समुदाय, भौगोलिक क्षेत्र, अपाङ्गतालाई केन्द्रमा राखि प्रथामिकिकरण गर्ने गरी बजेट ल्याउन जरुरी छ ।

स्थानीय सरकारले आफ्नो योजना तथा कार्यक्रममा युवा परामर्श वा मार्गदर्शन, युवा उद्यम, नमुना संसद, एक शैक्षिक संस्था एक उद्यम, युवा पहिचान र प्रहोत्सान, विभिन्न नीति सम्वाद, सिपमुलक प्रशिक्षण, सुलभ ऋण, युवा अनुभव आदनप्रदान, प्रोसाहन कार्यक्रम, त्यस्तै कृषि, सिप मुलक जस्ता कार्यक्रम त्यस्तै नेतृत्व विकास, पर्यटन, स्वारोजगार जस्ता कार्यक्रम ल्याई युवालाई उद्यमशीलतातिर अग्रसर गर्न सकिन्छ ।

## राष्ट्रिय युवा परिषद्ले आफ्नो कामको पुनरावलोकन गर्न जरुरी

राष्ट्रिय युवा परिषद्को कामलाई विभिन्न खण्डमा विभाजन गर्न जरुरी छ । २०५२ सालमा स्थापना गरेको युवा तथा खेलकुद तथा संस्कृत मन्त्रालयलाई राज्यको तहमा युवाको पहिलो सुरुवाती चरण, २०६५ सालमा युवा तथा खेलकुद मन्त्रलयका रुपमा पुनर्गगठनलाई दोस्रो चरण र नेपाल सरकारले युवा तथा खेलकुद मन्त्रालयको मातहतमा रहने गरी २०७२ साल फागुन १९ गते राष्ट्रिय युवाको गठनलाई तेस्रो चरण गरेर हेर्न जरुरी छ । पहिलो र दोस्रो चरणमा परिषद्लाई आकार दिने जस्ता काम भयो भने तेस्रो चरणमा कार्यालय व्यवस्थापन, कर्मचारी नियुक्ति, नीति योजनाहरु, ऐन नियमहरु र निर्देशन तथा कार्यविधिहरु र विभिन्न युवा सञ्जाल गरी कार्यन्वयनको चरण मान्न सकिन्छ ।

हाल केन्द्र, प्रदेश, जिल्ला र पालिका स्तरमा युवा परिषद् गठनको प्रकृयामा छन् । केन्द्र, प्रदेश र पालिकाले आ–आफ्नो वार्षिक बजेटमा युवा लक्षित कार्यक्रमहर ल्याएका छन् । युवा परिषद्को नेतृत्वमा युवा उद्यमशीलता, नेतृत्व विकास लक्षित कार्यक्रमहरु सञ्चालन गर्दै आइरहेको छ । तर हामीले अब यसको समीक्षा गर्न जरुरी छ । हामी सबै तह तप्काको युवामा पुगेका छौं कि छैनौ । तीन तहको सरकारले युवा लक्षित कार्यक्रम ल्याए पनि कतिको कार्यन्वयन भएका छन् । बिना धितो, बिना व्याज, ९ प्रकारका सहुलियत ऋणबाट कति जनाको जीवनमा रुपान्तरण भयो, लगायत हाम्रा गतिबिधिलाई समीक्षा गरी कमी कमजोरीको पहिचान गरी अझ सशक्त तरिकाले अघि बढ्न जरुरी छ ।

### अन्त्यमा

युवालाई भविष्यको मात्र कर्णधार भनेर वर्तमानको सहयात्री बन्नबाट कसैले रोक्न हुँदैन । किनकी युवा राजनैतिक, आर्थिक र समाजिक परिवर्तनका संवाहक हुन । राष्ट्रले युवाको जनसांख्यिक लाभ लिन जरुरी छ । राज्यलाई युवाप्रति उत्तरदायी बनाउनका लागि, युवालाई विशेष प्रथामिकतामा राख्नका निम्ति जरुरी छ । युवाको सिप, क्षामता र उर्जाशील समयको उपयोग गर्न जरुरी छ । त्यसका लागि युवाहरुलाई अवसर दिन जरुरी छ ।

राष्ट्रिय युवा परिषद् युवाहरुको साझा संस्था हो। युवा परिषद्ले युवा लक्षित विभिन्न नीति नियम बनाई संघ, प्रदेश र स्थानीय सरकारलाई युवा प्रति जवाफदेही बनाउदै आएको छ। विभिन्न कार्यक्रम र गतिविधिकाका माध्यमबाट युवाहरुलाई राज्यसँग जोड्दै छ। अध्ययन, सर्वेक्षण र अनुसन्धानका माध्यमबाट विभिन्न क्षेत्रका युवाहरुको तथ्याङ्कलाई आधार मानी राज्य तहमा बहस तथा कार्यक्रम निर्माण गर्दै आइरहेको छ। युवा सम्मेलन, तालिम, प्रतियोगिता, विभिन्न सहुलियत कर्जा, उद्यमशीलता र नेतृत्व जस्ता कार्यक्रमका माध्यमबाट आज युवा परिषद् आफ्नो छोटो अवधिमा नै लाखौं युवाहरुलाई कुनै न कुनै रुपमा जोडी उनीहरुको नेतृत्व विकास, उद्यमशीलता, रोजगार र स्वरोजगार बन्न महत्वपूर्ण भूमिका खेल्दै आइरहेको छ। ६ वटा सञ्जाल निर्माण गरी राष्ट्रव्यापि रुपमा विभिन्न युवाहरुलाई जोडेको छ। नीति नियम, ऐन, कार्यविधि र निर्देशिका माध्यमबाट संघ, प्रदेश र स्थानीय सरकारलाई युवाप्रति जवाफदेही बन्न मद्दत गरेको छ।

विभिन्न आन्दोलनले प्राप्त गरेका उपलब्धिहरुको रक्षा गर्दै हरेक विभेद विरुद्ध लड्दै युवाहरुलाई राज्यको स्रोतसाधनसँग जोड्न आवश्यक छ। आज युवाको सिप र क्षमताको सही सदुपयोग हुने गरी उचित अवसर र वातावरण प्रदान गर्न सकेको खण्डमा राज्यले विकासको क्षेत्रमा फड्को मार्न सक्छ।

राष्ट्रिय युवा परिषद् आफ्नो शुरुवाती चरणबाटै सम्बन्धित निकायहरुसँग सहकार्य गर्दै अघि बढिरहेको छ। विभिन्न कार्यक्रमका माध्यमबाट युवाको क्षमता, सिप र नेतृत्वमा विकास गरी राष्ट्रनिमार्ण गर्न सक्ने युवा निमार्ण गरी समृद्ध नेपाल सुखी नेपालीको अभियान सफल पार्न सकिन्छ भन्ने विश्वास गर्न सकिन्छ।

राष्ट्रिय युवा परिषद राष्ट्रको महत्वपुर्ण अङ्ग भएकाले, युवा वर्गको लागि यसको महत्वपूर्ण विशेष भूमिका रहेको हुन्छ। राज्य र सामान्य युवा बीचको दुरी घटाउदै, उनीहरुलाई राज्यका नीति, सेवासुविधासँग जोड्नका निम्ति राष्ट्रिय युवा परिषद् एउटा सेतुसँगै पथ प्रदर्शक बन्न सक्छ। यो सबै वर्ग, समुदाय, लिङ्ग, क्षेत्रको युवाहरुको साझा परिषद् भएकाले हामी सबैले आ-आफ्नो ठाउँबाट खोजीनीति र सहकार्य गर्न आवश्यक छ।

**सन्दर्भ सामाग्रीः**


- नेपाल सरकार, कानुन किताव व्यवस्था समिति, २०७२, नेपालको संविधान, बबरमहल, काठमाडौ।
- नेपाल सरकार, युवा तथा खेलकुद मन्त्रालय, राष्ट्रिय युवा परिषद, २०७२ युथ भिजन–२०२५" तथा ँदशवर्षे रणनीतिक योजना र राष्ट्रिय युवा नीति, २०७२" सिहंदरवार काठमाडौ।
- नेपाल सरकार युवा तथा खेलकुद मन्त्रालय, राष्ट्रिय युवा परिषद्, २०७७, नमुना युवा गाउँ नगर सभा अभ्यासका लागि प्रक्षिक्षण सहजीकरण पुस्तिका" सानोठिमी, भक्तपुर।
- नेपाल सरकार, केन्द्रीय तथ्याङ्क विभाग ँनेपालको जनगणना" २०६८, सिहंदरवार काठमाडौ।
- नेपाल सरकार, केन्द्रीय तथ्याङ्क विभाग, २०७८ राष्ट्रिय जनगणना २०७८ प्रारम्भिक नतिजा काठमाडौ।
- नेपाल सरकार युवा तथा खेलकुद मन्त्रालय, राष्ट्रिय युवा परिषद्, २०७७ ँवार्षिक प्रतिवेदन आ.व. २०७६ । ०७७", सिहंदरवार काठमाडौ।
- नेपाल सरकार युवा तथा खेलकुद मन्त्रालय, राष्ट्रिय युवा परिषद्, युवाका लागि स्वदेशमै अवसर व्यावसायिक परियोजना, सिहंदरवार काठमाडौ।

# खेलकुदः घरको आँगनदेखि अन्तर्राष्ट्रिय जगतसम्म

सुलोचना सिजख्वा*



## १. आरम्भ कहाँबाट ?

जसरी निरोगमय शरीरका लागि पोषण र स्वस्थ मानसिक अवस्थाको महत्व हुन्छ, त्यसरी नै हाम्रो जीवनलाई मनोवैज्ञानिक तथा आमोदका उन्नत स्थितिमा लगी आनन्दित जीवन जिउन खेलकुदले ठूलो महत्त्व राख्दछ । अझ बढ्दो उमेरका बालबालिकाका लागि खेलकुद गतिविधि शारीरिक र मानसिक विकासको प्रमुख पक्ष हो । तिनीहरूले स्वास्थ्य, मानसिक बौद्धिक विकास र शारीरिक तन्दुरुस्तीको विकासमा मद्दत गर्दछ । खेलकुद गतिविधि र खेलहरूमा सहभागिताका माध्यमबाट विद्यार्थीले विभिन्न सीप, अनुभव, सहकार्य र आत्मविश्वास प्राप्त गर्दछ जसले समग्रमा उनीहरूरूको व्यक्तित्व विकास गर्न मद्दत गर्दछ ।

चौबिस घण्टामा करिब आठ घण्टा विद्यार्थीले आफ्नो दैनिक समय विद्यालयमै बिताएका हुन्छन् । तसर्थ विद्यार्थीहरूका लागि उचित तरिकाले दैनिक रूपमा खेलकुदमा अनिवार्य सहभागी गराउने वातावरण र प्रणाली अपनाउनु आजको अपरिहार्यता हो । विभिन्न शैक्षिक संघसंस्था, विद्यालय, कलेजदेखि विश्वविद्यालय र तिनले दिने खेलकुदका सैद्धान्तिक र व्यावहारिक ज्ञान नै कुनै पनि राष्ट्रमा प्रतिभावान् खेलाडी उत्पादन गर्ने मुख्य आधारशिला हो । विभिन्न देशमा गरिएको अनुसन्धानले के बताएको छ भने विद्यालयस्तरमा नै खेलकुदमा सहभागिता एक महत्वपूर्ण शैक्षिक उपलब्धि हो । त्यति मात्र नभएर खेलकुद भनेको सामूहिक कार्य गर्न सक्ने क्षमताको एक परिचायक हो । साथै विजय मात्र होइन पराजयका स्थितिमा समेत सकारात्मक मनोवैज्ञानिक अवस्थाको र सोही अनुरूपको सन्तुलित व्यक्तित्वको विकास गर्दै आत्मसम्मानलाई कायम राखेर आफूले प्रतिनिधित्व गर्ने समूह, क्षेत्र, प्रदेश वा राष्ट्रको ख्याति बढाउने कार्य पनि हो ।

## २. खेलकुद, स्वस्थ शरीर र बौद्धिक विकास

विद्यालयका खेलकुदमा सहभागिताले शारीरिक तन्दुरुस्तीको मात्र परिचय दिँदैन, यसले कुनै एक व्यक्तिले कति जटिल अवस्थाहरूमा आफूलाई सक्रिय र सबल राख्न सक्छ तथा आइपर्दा कति थोरै समयमा उचित निर्णय लिएर आफूलाई सफलताका चुलीमा लैजान सक्छ भन्ने पनि दर्शाउँछ । यसैले यस परिस्थितिलाई खेलका भौतिक अवस्थाबाट व्यक्तिको आन्तरिक सिर्जनशील र रचनात्मक शैक्षिक तथा प्राज्ञिक व्यक्तित्वसित जोडेर विश्लेषण गरियो भने खेलाडीहरूले हासिल गर्ने शैक्षिक उपलब्धिमा समेत महत्वपूर्ण मानकीकृत प्रभाव देखिएको छ । यसैले विद्यालय तहको अतिरिक्त क्रियाकलाप विद्यार्थीको शारीरिक र बौद्धिक विकासका लागि आवश्यक छ ।

---

** खेल विज्ञ*

तर के खालि खेलकुद मात्र अतिरिक्त क्रियाकलाप हो ? होइन। खेलकुद बाहेक साहित्यिक, सांस्कृतिक वा अन्य क्रियाकलाप पनि हुन्छन्। यसैले विद्यालयका तहमा हुने यी दुई प्रकारका अतिरिक्त क्रियाकलापका ढाँचामा छलफल गर्नु जरुरी छ। यिनमा, पहिलो खेलकुदतर्फको अतिरिक्त क्रियाकलाप र दोस्रो गैरखेलकुद क्षेत्रका अतिरिक्त क्रियाकलाप हुन्। प्रायजसो विद्यालयमा यी दुवैको मिश्रित ढाँचामा अतिरिक्त क्रियाकलाप व्यवस्थित हुने गरेको देखिन्छ। तर, तिनमा कुन प्रकृतिको अतिरिक्त क्रियाकलाप बढी मात्रामा हुन्छ भन्ने अवस्था महत्वपूर्ण हुन्छ। यदि खेलकुद कम्ती मात्रामा भयो भने त्यसले शारीरिक र त्यसका कारण हुने बौद्धिक विकासमा सोचेजस्तो उपलब्धि हासिल हुँदैन।

यसै सिलसिलामा महेन्द्र रत्न क्याम्पसमा अध्ययन गरेका बिद्यार्थीले गरिएको एक अध्ययनका केही नतिजाको उल्लेख महत्वपूर्ण छ। काठमाडौ उपत्यकाभित्रका दश विद्यालयमा गरिएको त्यस अनुसन्धानबाट खेलकुदमा सहभागी हुने र नहुने विद्यार्थीहरूले परीक्षामा प्राप्त गरेको प्राप्ताङ्कका आधारमा विश्लेषण गर्दा खेलकुदका क्रियाकलापमा सहभागी हुने विद्यार्थीहरूले गणित र विज्ञान विषयमा खेलकुदमा सहभागी नहुने विद्यार्थीले भन्दा बढी प्राप्ताङ्क हासिल गरेका पाइएको थियो। साथै विद्यालयका अतिरिक्त क्रियाकलापका ढाँचाका हकमा भने विद्यालयमा मिश्रित तर खेलकुदको मात्रा बढी भएको ढाँचालाई अधिकांश विद्यार्थी तथा शिक्षकहरूले धेरै रुचाएका थिए। यसरी खेलकुद केन्द्रित शारीरिक गतिविधि र शैक्षिक उपलब्धि धनात्मक (एक बढ्दा अर्को पनि बढ्ने) तरिकाले एक आपसमा जोडिएका यथेष्ट प्रमाणहरू हालैका अध्ययनहरूको श्रृङ्खलाबाट स्पष्ट देखिन्छ।

## ३. खेल र सामाजिक मनोविज्ञान

नेपालको विद्यालयस्तरीय पाठ्यक्रममा सामान्यतया माध्यमिक तहसम्म एक दिनका अन्तरालमा हुने गरी कम्तीमा एक सातामा तीन पिरियड सम्बन्धित विषयको शिक्षकहरूद्वारा पठनपाठन हुने गरी शारीरिक शिक्षा विषयलाई प्रभावकारी रूपमा सञ्चालन गर्ने आवश्यकता देखिन्छ। खेलकुद विज्ञान विषयलाई पनि समावेश गर्दै लैजानु अति आवश्यक छ। यसले शारीरिक, मानसिक र बौद्धिक विकासमा वृद्धि हुनुका साथै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका खेलाडी निर्माणमा महत्वपूर्ण कार्य हुन्छ। तर यहाँनेर बुझिदिनुपर्ने विषय के छ भने स्वास्थ्य र शारीरिक शिक्षा तथा खेलकुद विज्ञान भन्ने विषयहरू विद्यालयस्तरका सा-साना कक्षामा मिसाएर अध्यापन गराउन सकिने भए तापनि पछि महाविद्यालय वा विश्वविद्यालयस्तरमा पुग्दा यी दुई एक आपसमा सम्बन्ध चाहिँ राख्ने तर बेग्लाबेग्लै विषयमा अध्यापन गरिने विषयहरु हुन्।

शारीरिक र मानसिक स्वास्थ्यमा हुने सुधारले विद्यार्थीहरूलाई जीवन कौशलका साथ सशक्त बनाउने, रोगसँग लडने प्रतिरोधात्मक क्षमतामा वृद्धि गराउने, समय व्यवस्थापन र अनुशासन सिकाउने, नेतृत्व र टोली निर्माण (Team Building) का गुण र आत्मविश्वास बढाउनेजस्ता महत्वपूर्ण गुणको विकास गर्छ। हाल विश्वभरिका जनसङ्ख्यामा एकातिर औसत आयु बढ्दै गएको छ भने अर्कातिर प्रजनन दरमा कमी आएको छ त्यसैले ६५ वर्षभन्दा माथिका मानिसहरूहको सङ्ख्या छिट्टै नै पाँच वर्षमुनिका बालबालिकाहरू भन्दा बढी हुने अनुमान गरिएको छ।

यसकारण, खेलजन्य शारीरिक गतिविधि तथा मनोरञ्जनात्मक अवस्थाबाट विशेष गरी वृद्ध र वयस्कहरूले पाउन सक्ने स्वास्थ्यलाभका बारेमा हाल व्यापकरूपमा अनुसन्धान गरिएको छ। यसमा फुर्सदिला समयमा गरिने शारीरिक गतिविधि (Leisure and Recreational physical activity) वा खेलकुद सहभागितामा व्यक्तिको प्रगतिको वैज्ञानिक तरिकाबाट मापन गरिने विधिहरू विकास हुदै आएका छन्। खेलकुदको सामाजिक प्रकृतिलाई ध्यानमा राखेर खेलकुदमा वृद्ध तथा वयस्कहरूलाई नियमितरूपमा संलग्न गराउनाले उनीहरूको जीवनशैली सक्रिय हुनुका साथै शारीरिक, मानसिक र सामाजिक स्वास्थ्यमा समेत सकारात्मक योगदान पुग्न सक्छ। परिणामस्वरूप यसले खेलकुद क्रियाकलापमा सहभागिता बढी व्यक्तिले मनोरञ्जन र स्वास्थ्य लाभ प्राप्त गर्दछ। तर, खेल क्रियाकलापमा सानै उमेरदेखि संलग्न हुने बानीको विकास हुनु आवश्यक छ। खेलकुद क्रियाकलाप एक परम्पराको रुपमा बिकास हुँदै जान्छ। परिणामस्वरूप प्रत्येक अभिभावकले आफ्ना बालबालिकालाई पनि खेलकुदका गतिविधिमा सहभागी हुन प्रोत्साहन दिनु पर्दछ। फलस्वरूप परिवारको पूर्ण समर्थनका साथ मनोवैज्ञानिकरूपले दृढ र उच्चस्तरका खेलाडीको सङ्ख्या वृद्धि गर्न सकिन्छ।

## ४. रोग प्रतिरोधात्मक क्षमताका लागि खेलकुद

विश्वको तथ्याङ्क हेर्ने हो भने मधुमेह, उच्च रक्तचाप, मुटुरोगका बिरामीको सङ्ख्या व्यापकरूपमा बढ्दै गइरहेको अनुसन्धानले देखाएको छ । रोगका जटिलताले व्यक्ति र तिनका परिवारदेखि राष्ट्रको आर्थिक अवस्थामा कडा नकारात्मक प्रभाव पार्दछन् । विश्व स्वास्थ्य सङ्गठनले गरेको एक अध्ययन अनुसार विश्वभरिका करिब ४२ करोडभन्दा बढी मानिसहरूमा मधुमेह छ र तीमध्ये अधिकांश निम्न र मध्यम आय भएका देशमा बसोबास गर्छन । विगतका दशकहरूमा मधुमेहको फैलावट निरन्तर बढ्दै गइरहेको छ । प्रत्येक वर्ष १५ लाखभन्दा बढीले मधुमेहका कारण मृत्यु वरण गर्छन् । यसका मुख्य कारणमध्ये मानिसको शारीरिक क्रियाकलाप नभएको भौतिकरूपमा निस्क्रिय जीवनशैली एक हो ।

यस्तो अवस्था रोकथामका लागि प्रभावकारी नीतिहरू तर्जुमा गरी तत्काल कार्यान्वयन गर्न आवश्यक छ । रोग लागिसकेपछि स्वाँस्वाँ फ्वाँफ्वाँ गरेर ढल्किसकेको उमेरलाई नसुहाउने शारीरिक व्यायाम तथा खेलकुदमा सरिक हुनुभन्दा समयमै स्वस्थ जीवनशैली अपनाउनका लागि सहयोगी वातावरण, गुणस्तरीय स्वास्थ्य सेवा र खेलकुद गतिविधिमा सहभागिता आदि नै मधुमेह र अन्य कतिपय नसर्ने प्रकृतिका धेरै रोगका रोकथाम र उपचार हुन् । विपत्ति आइसकेपछिको वाध्यात्मक र अव्यवस्थित खर्चभन्दा शारीरिक क्रियाकलापमा पहिले नै गरिने योजनाबद्ध लगानी व्यक्ति, परिवार र राष्ट्रकै लागि लाभदायक हुन्छ ।

मानिसहरूको उमेर बढ्दै जाँदा तिनीहरू दीर्घकालीन रोगसहितका अस्वस्थ अवस्थाबाट पीडित हुने सम्भावना बढी हुन्छ । शारीरिक निस्क्रियता जीर्ण रोग (Chronic disease) को विकासमा एक महत्वपूर्ण योगदानकर्ता हो । तसर्थ नियमित शारीरिक क्रियाकलाप वृद्ध, वयस्कको स्वास्थ्य र जीवनको गुणस्तर (Quality of life) को लागि महत्वपूर्ण छ । यसैबाट नेपालीलाई स्वस्थ र सम्पूर्ण नेपाललाई समृद्ध बनाउन सकिन्छ ।

## ५. स्थानीय निकायः भूमिका र उपलब्धि

स्थानीय तहको निर्वाचन र सङ्घीय सरकारको बजेट प्रस्तुतिपछि आगामी आर्थिक वर्षका निमित्त सबै पालिका र प्रदेशका तहमा साधनस्रोतको बाँडफाँडको आन्तरिक गृहकार्य यतिबेला भइरहेको छ । आ-आफ्ना पालिकालाई स्वस्थ राख्ने र आउँदो पुस्ताले वाध्य हुँदै सकिनसकी स्वास्थ्यमा खर्च गर्नुपर्ने परिस्थितिको न्यूनीकरण गर्ने हो भने प्रत्येक घर आँगनदेखि प्रत्येक टोलबस्तीमा, वडामा, पालिकामा, जिल्लामा, प्रदेशमा आगामी आर्थिक वर्षका लागि गरिने नीति निर्माणमा खेलकुद सहभागिता बढाउने प्रभावकारी तरिकाहरू समावेश गर्नु आजको अपरिहार्यता हो । बालबालिका, किशोरकिशोरी, युवा, वयस्क, अपाङ्गता भएका तथा वृद्धाअवस्थाका व्यक्तिका लागि जीवनभरि शारीरिक सक्रियता तथा खेलकुद सहभागिता निश्चित गर्ने खेल तथा शारीरिक व्यायाम नीतिको अवलम्बन हुनु जरुरी देखिन्छ ।

यस अन्तर्गत राष्ट्रिय प्रतियोगितामा आ-आफ्नो पालिका, जिल्ला वा प्रदेशलाई पदक ल्याउन सक्ने क्षमता भएका खेलाडी लगायत खेल संगठनहरूको निर्माण गरी आ-आफ्ना पालिका, समुदाय तथा छरछिमेकलाई खेलमैत्री बनाउनु पर्दछ । यहाँनेर दुइटा पक्षमा ध्यान जानु आवश्यक छ । पहिलो सबैलाई स्वस्थ राख्न खेल तथा शारीरिक क्रियाकलाप सञ्चालन हुने पूर्वाधारको विकास हो । दोस्रो तिनै पूर्वाधारलाई क्रमैसित सुधार गर्दै छानिएका खेल र खेलाडीको उच्चस्तरीय खेल प्रदर्शनका क्षमतामा वृद्धि गर्दै वैज्ञानिक तरिकाबाट खेलकुदका कार्यक्रम सञ्चालन गर्न आवश्यक छ ।

खेलकुद पूर्वाधार निर्माणदेखि अन्य कार्यक्रम सञ्चालन गर्दा लगानी हुने साधन स्रोतको परिचालन अर्को महत्वपूर्ण पक्ष हो । कुनै पालिकाले एक राम्रो क्रिकेट वा अन्य स्टेडियम वा खेलमैदान बनाउन सक्छ भने त्यसले अभ्यास गर्न चाहने सयौं खेलाडीलाई आकर्षित पनि गर्न सक्छ । त्यसरी हेर्दा एक स्टेडियम भनेको त्यसका समीपमा हुनसक्ने एक पाँचतारे होटल वा त्यहाँसम्म पुग्ने मोटरबाटो जस्ता अन्य पूर्वाधार पनि हुन् । अन्तर्राष्ट्रिय खेल पनि हुनसक्दा त्यसको प्रभाव वैदेशिक सम्बन्ध र सहायतासम्म पुग्न

सक्छ। यसैले प्रत्येक पालिकाले कुनै पनि वर्षका कार्यक्रम तर्जुमा गर्दा शैक्षिक, सामाजिक र आर्थिक प्रभाव पार्ने खेलकुद क्षेत्रका कार्यक्रम राख्न अत्यन्त आवश्यक छ।

## ६. निष्कर्ष

यसर्थ त्यस तहसम्म पुगी खेलकुदको विकासका लागि आर्थिक कारोबार हुने क्षेत्रमा खेलाडीलगायत सम्पूर्ण जनमानसको स्वास्थ्य, व्यायाम तथा विभिन्न प्रविधिमा आधारित रही तिनबाट खेलकुदमा हुने परिणाम, तथा सामाजिक आर्थिक र राजनीतिक परिणामहरूमा केन्द्रित रहेर खेलकुद अनुसन्धानमा जोड दिनु आवश्यक छ। नेपालमा भएको १३ औं साग प्रतियोगतामा अरबौ रकमको लगानी भएको थियो। विगतका साग प्रतियोगितामा भन्दा अधिकतम स्वर्ण पदक नेपालको तर्फबाट प्राप्त गर्न सफल भए तापनि लगानी अनुसारको उपलब्धिको अवस्था तुलनात्मक रूपमा कस्तो रह्यो भन्ने विश्लेषणात्मक अनुसन्धानको भने कमी रहेको छ। उक्त सफलतालाई निरन्तरता दिने योजनाको आवश्यक्ता छ। प्रशिक्षण प्रक्रियामा वैज्ञानिक ढंगबाट प्रशिक्षण गराउनुका साथै प्रविधिहरुको प्रयोगबाट अनुसन्धानको आवश्यक्ता छ। खेलाडी र प्रशिक्षकहरुका लागि आवश्यक सुविधाको व्यवस्थाका साथै शैक्षिक र व्यवहारिक क्षमता अभिबृद्धि लगायत दीर्घकालिन खेलकुद नीति र योजना सहितको कार्यान्वयनले मात्र अन्तर्राष्ट्रिय जगतमा उच्चस्तरको खेल प्रदर्शनी गर्न सफल भई नेपाल र नेपालीलाई उच्चस्तरमा चिनाउन टेवा पुऱ्याउँछ।

अनुसन्धनात्मक कार्यबाट सामान्य जनमानसका लागि लाभदायक शारीरिक क्रियाकलापको पहिचानदेखि दक्ष खेलाडीको उच्चस्तरीय खेल प्रदर्शनमा प्रभाव पार्ने सबल र दुर्बल पक्षहरू पत्ता लगाई भविष्यका लागि प्रभावकारी नीति निर्माण योजना र कार्यक्रम तर्जुमा गर्न सकिन्छ। तिनै कार्यक्रमबाट बालदेखि वृद्धावस्थासम्मका लागि आमोद दिने सामान्य शारीरिकदेखि उच्चस्तरीय खेलकुद क्रियाकलाप सञ्चालन गरी समाजमा सक्रिय, स्वस्थ, सबल र आपसमा सहकार्य गर्ने जनशक्तिको उत्पादन गरी समृद्ध नेपालको निर्माणमा महत्वपूर्ण योगदान दिन सकिन्छ।

**सन्दर्भ सामाग्रीः**


- नेपालको संविधान
- राष्ट्रिय खेलकुद विकास ऐन, २०७७
- राष्ट्रिय युवा परिषद ऐन, २०७२
- खेलकुद विकास ऐन, २०४८

# नेपालमा युवा जनशक्तिको अवस्था तथा परिचालनको आवश्यक्ता, समस्या र सुझावहरु

गम्भीर बहादुर हाडा*



## परिचय

युवा युवती किशोर किशोरीले कूल जनसंख्याको झण्डै २४ प्रतिशत भाग ओगटेको छ । आगामी ३० वर्षसम्म अहिलेको किशोरीहरू प्रजनन्शील उमेरमा रहनेछन् । त्यस्तै प्रकारले झण्डै २० प्रतिशत जनसंख्याको भार युवायुवतीले ओगटेका छन् । त्यसैगरी ध्यान दिनुपर्ने कुरा के छ भने अहिले नै प्रजनन्शील उमेरमा र जनसंख्या बृद्धिको कारकको रूपमा छन् । यदि जनसंख्या वृद्धिदरलाई कम गर्ने हो भने हाम्रो कार्यक्रम यी सबै समूहहरुमाथि केन्द्रित हुनु आवश्यक छ । नेपालमा १५ देखि २९ वर्ष उमेर समूहका युवाहरुको कुल जनसंख्या ६१ लाख ३१ हजार २ सय ४८ रहेको छ । जुन कूल जनसंख्याको २६.५ प्रतिशत हुन आउछ । यसमा पुरुष ४८.२ र महिला ५१.८ प्रतिशत रहेका छन् । कूल युवा जनसंख्या मध्ये ०.४ प्रतिशतमा शारीरिक तथा मानसिक अपाङ्गता रहेको छ । कुल जनसंख्याको ८३ प्रतिशत युवा ग्रामीण क्षेत्रमा र १७ प्रतिशत सहरमा बसोबास गर्दछन् । नेपालको कूल शहरी जनसंख्याको ४० प्रतिशत युवाहरु छन् । युवाहरु शहरतर्फ आकर्षित हुने क्रम बढ्दो छ । सन् २००१ को जनगणना अनुसार युवाहरुको साक्षरता दर ७०.१ प्रतिशत छ भने १५ देखि २९ वर्ष उमेर समूहका युवाहरुको साक्षरता दर ७०.१ प्रतिशत छ भने १५ देखि २९ वर्ष उमेर समूहका युवाहरूको बेरोजगारी दर ११.४ प्रतिशत रहेको छ । सन् २०११ सम्ममा युवाहरुको संख्या कूल जनसंख्याको लगभग २९ प्रतिशतभन्दा बढी हुने अनुमान छ ।

अन्तर्राष्ट्रिय मान्यताअनुसार युवा भनेको सामान्यतया १५ देखि २९ वर्षसम्मका उमेरसमूहका मानिसहरुको समूह हो । विश्व स्वास्थय सङ्गठनले शारीरिक स्वास्थ्यको दृष्टिकोणबाट १५ देखि २९ वर्षको उमेरसम्मका मानिसको समूहलाई युवा भनी व्याख्या गरेको छ । नेपालमा यो कूल जनसंख्याको करिब २७ प्रतिशत जति पर्न आउँछ । नेपाली राष्ट्र सागर, २०५७ ले युवालाई तरुण, युवक, जवान, नवजवान भनी परिभाषित गरेको छ । यसैगरी Oxford Dictionary ले युवालाई "Youth the time when a person is young especially the time before a child becomes an adult." भनेको छ ।

राष्ट्रिय युवा नीति २०६६ मा उल्लेख गरिएअनुसार युवा भन्नाले १६–४० वर्षको उमेर समूहका महिला, पुरुष तथा तेस्रो लिङ्गीहरुलाई जनाउनेछ । मुलुकमा जनसाङ्खिक लाभ सिर्जना गर्ने जनशक्तिको उमेर समूह १५ देखि ५९ वर्ष हो । यो उमेर समूहमध्ये पनि १६ देखि ४० वर्षको समूहलाई हाम्रो कानुनले युवाका रूपमा परिभाषित गरेको छ । यो उमेर समूहको जनसंख्या हाल ४० प्रतिशतको हाराहारीमा रहेको छ । यही युवाशक्ति नै श्रम र सिर्जनाका माध्यमबाट मुलुकको रुपान्तरण गर्ने मूल संवाहकका रुपमा रहेको छ । तर यही युवाशक्ति विगतदेखि नै समृद्धिको नेतृत्व गर्नबाट बञ्चित भएको अवस्था छ । मुलुकमा

* सह-प्रध्यापक, अर्थशास्त्र, भक्तपुर बहुमुखी क्याम्पस

रोजगारीका अवसरहरुको अभाव तथा उद्यमशील कार्यसंस्कृति र प्रोत्साहनको अभावका कारण अधिकांश युवा जनशक्ति रोजगारी तथा अध्ययनका लागि विदेशमा रहेको छ। औपचारिक रुपमा ४५ लाखको हाराहारीमा तर अनौपचारिक रुपमा ८० लाखसम्म यस्तो जनशक्ति विश्वका विभिन्न १७२ देशहरूमा अवसरका लागि विदेशिएको पाइन्छ। युवाको श्रम, निर्यात गरेर वस्तु आयात गर्ने परिवेश नै नेपाली अर्थतन्त्र र विकासतर्फको यात्राका लागि निकै बिडम्बनापूर्ण अवस्था रहेको छ। (स्रोतः रामबन्धु सुवेदी, नेपालमा युवा, जनसांख्यिक लाभ र मानवपुँजी निर्माण, युवा, अंक २०, २०७८, नेपाल सरकार, युवा तथा खेलकुद मन्त्रालय, सिंहदरबार, काठमाडौं, पेज नं. १७)। केन्द्रीय तथ्यांक विभागका अनुसार, मुलुकमा यतिबेला उच्चतम् श्रममा योगदान गर्न सक्ने उमेर (१५—५९ वर्ष) समूहको जनसंख्या ५७ प्रतिशत छ। अबको केही वर्षमा यो संख्या अझ बढ्ने देखिन्छ।

नेपालको राष्ट्रिय युवा नीति, २०७२ र राष्ट्रिय युवा परिषद् ऐन, २०७२ को परिभाषामा १६ देखि ४० वर्ष उमेर समूहको व्यक्तिलाई युवा मानिन्छ। नेपालमा वि.सं. २०६८ को जनगणना अनुसार १६ देखि ४० वर्षको उमेर समूहका मानिसको जनसंख्या ४०.३५ प्रतिशत (१ करोड सात लाख जना) रहेको छ। शिक्षा मन्त्रालयको खेलकुद तथा युवा शाखामा सिमित रहेको नेपालले भने मुस्किलले सन् २००४ देखि युवा दिवस मनाउन थालेको थियो। हाल युवावर्गको नेतृत्वदायी भूमिकामा नेपाल सरकार युवा तथा खेलकुद मन्त्रालय रहेको छ। यस मन्त्रालय अन्तर्गत युवा विकास महाशाखा र अन्तर्गत युवा परिचालन तथा परामर्श शाखा सक्रिय भूमिकामा रहेका छन्। मन्त्रालय अन्तर्गत राष्ट्रियस्तरका संगठनहरु राष्ट्रिय युवा परिषद् र नेपाल स्काउट जस्ता संस्थाहरु क्रियाशील छन्। राष्ट्रिय युवा नीति कार्यान्वयनका लागि युथ भिजन—२०२५ निर्माण हुनु, राष्ट्रिय युवा परिषद् गठन हुनु युवाको लागि निश्चय नै सुखदको विषय हो। स्थानीय तहमा करिव ३९.६४ प्रतिशत नगरमा नगर प्रमुख १७.७४ प्रतिशत, उपप्रमुख ३७.८८ प्रतिशत गाउँपालिकाका अध्यक्ष २४.३४ प्रतिशत उपाध्यक्ष ५१.५२ प्रतिशत), प्रदेश तहमा २३.६३ र राष्ट्रिय सभा ६.७७ प्रतिशत र प्रतिनिधि सभामा १३.०९ प्रतिशत युवाको प्रतिनिधित्व भएको हुँदा राष्ट्रिय सभा बाहेक अन्यमा उत्साहजनक सहभागिता देखिन्छ। वि.सं. २०६८ को राष्ट्रिय जनगणना अनुसार देशमा १९.२ प्रतिशत युवा पूर्णबेरोजगार छन्। ३६ प्रतिशतभन्दा बढी युवा अर्धबेरोजगार छन् भने प्रत्येक वर्ष ४ लाख ५० हजार युवा श्रम गर्न सक्षम हुँदै श्रम बजारमा प्रवेश गर्छन्। (स्रोतः बसन्तराज अधिकारी, राष्ट्रनिर्माणमा युवाको भूमिका, युवा, अंक २०, २०७८, नेपाल सरकार, युवा तथा खेलकुद मन्त्रालय, सिंहदरबार, काठमाडौं, पेज नं. ४५—४६)।

सङ्ख्यात्मक र गुणात्मक दुवै दृष्टिकोणले युवा वर्गलाई मुलुकको सबैभन्दा महत्वपूर्ण वर्गका रुपमा लिइन्छ। युवावर्गलाई राष्ट्रनिर्माणको कर्मठ र सक्रिय जनशक्तिको रुपमा लिने गरिन्छ। युवावर्ग राष्ट्रको मेरुदण्ड हो। मुलुकलाई विकासको अग्रपंक्तिमा लैजानका लागि युवावर्गको महत्वपूर्ण र अग्रगामी भूमिका तथा योगदान रहने कुरालाई कसैले नकार्न सक्दैन। तसर्थ देशविकासमा यस वर्गलाई स्तम्भ (Pillar) को रुपमा स्वीकार गरिन्छ। युवाहरुको जोस, जाँगर, हौसला, सिर्जनशीलता र कार्यकुशलतालाई अन्य कुरासँग तुलना गर्न सकिँदैन। तर राष्ट्रनिर्माणमा युवावर्गको यत्रो महत्वपूर्ण भूमिक र दायित्व रहँदा रहँदै पनि युवावर्गमा विभिन्न किसिमका चुनौतीहरु रहेका छन्। अधिकांश युवावर्ग आत्मविश्वासको कमीबाट ग्रसित छ। विभिन्न कारणहरुले गर्दा उनीहरुलाई मुलुकको आर्थिक तथा सामाजिक विकासमा अपेक्षित रुपले परिचालन गर्न सकिएको छैन। युवाशक्तिलाई ठोस रुपमा परिचालन गर्ने उद्देश्य लिई २०५२ असोज ६ गते युवा, खेलकुद तथा संस्कृति नामक छुट्टै मन्त्रालय गठन भयो। तर २०५८ मा युवा र खेलकुद शिक्षा तथा खेलकुद मन्त्रालय अन्तर्गत एउटा शाखाका रुपमा कार्यरत रहेको छ। मन्त्रालयको खेलकुद तथा युवा कार्यक्रम शाखाले युवासम्बन्धमा विगतदेखि विभिन्न क्रियाकलापहरु जस्तैः युवापरिचालन, युवानिबन्ध प्रतियोगिता सञ्चालन, अन्तर्राष्ट्रिय युवा दिवस मनाउने कार्य, युवा नीतिको मस्यौदा निर्माण, खेलकुद प्रतियोगिता सञ्चालन, युवा बुलेटिन प्रकाशन, युवा आदानप्रदान कार्यक्रम, गैरसरकारी संघसंस्थासँग सहकार्य आदि सञ्चालन गर्दै आएको छ।

युवामा उमेरगत परिपक्वता हासिल गरी मानसिक, संवेगात्मक, यौनिक, बौद्धिक तथा सामाजिक रुपले बेग्लै विशेषताहरु हुन्छन् जसका कारण विदेश पलायन हुनमा प्रत्यक्ष वा परोक्ष रुपमा विशेषताको भूमिका रहन्छ। यहाँ युवाका त्यस्ता केही विशेषताहरु

तल उल्लेख गरिएको छः

- युवा अवस्था उमेरका दृष्टिले एक महत्वपूर्ण अवस्था हो ।
- युवा अवस्थामा नकारात्मक प्रवृत्ति हाबी हुन्छ, ।
- युवा अवस्थामा परिवर्तनको चाहना तीव्र हुन्छ ।
- युवा अवस्था आफ्नो परिचय खोज्ने उमेर हो ।
- युवा अवस्था नयाँ नयाँ स्वप्न देख्ने उमेर हो ।
- युवा अवस्था निधो गर्ने हो भने यो प्रजनन्, संवेगात्मक तनावको उमेर पनि हो र यसै उमेरमा मूल्य परिवर्तन तथा सृजनात्मक क्षमता पनि विकसित हुन्छ ।

**त्यस्तै कतिपय युवाहरुमा तलका केही विशेषताहरु पनि हुन्छन् जस्तैः**

- आफ्नो निर्णय आफै लिन नसक्ने तथा आफ्ना नजिकका साथीहरूबाट बढी निर्देशित हुने।
- साथी संगातीहरुका सामु आफू ठूलो हुँ भन्ने अभिमान वा अर्काको देखासिकी गर्नु ।

## युवाहरुको वर्तमान अवस्था र स्थिति

युवाहरुमा विदेशतिरको आकर्षण बढ्नाका कारणहरु कुनै पनि व्यक्तिलाई आफू बसिरहेको देश त्यसै छोड्न मन लाग्दैन । त्यसमाथि आफू जन्मिएको देशलाई हाम्रो नीतिशास्त्रले स्वर्गसँग तुलना गरी "जननी जन्मभूमिश्च स्वर्गादपि गरियसी" भनेको छ । तर युवाहरुमा विदेशतिरको आकर्षण बढ्नुका कारणहरुलाई दुई भागमा विभाजन गरिएको छ । ती यस प्रकार छन् । (१) आकर्षण तत्व (Pulling Factors) (२) विकर्षण तत्व (Pushing Factors) (स्रोतः रामशरण हुमागाई, नेपाली युवाको विदेश पलायनः आजको समस्या, युवा बुलेटिन, शिक्षा तथा खेलकुद मन्त्रालय, खेलकुद तथा युवा कार्यक्रम शाखा, केशरमहल, काठमाडौं, नेपाल, २०६४, पेज नं. ३६) ।

विश्वपरिवेशमा परिवर्तनको चाहना युवामा धेरै भएको हामीले पाउँछौं । युवाहरुको दृष्टिकोण र व्यवहारमा आउने पुस्ताजन्य परिवर्तन, मूल्यमान्यता र आकाङ्क्षा तथा असहमतिको स्वभाव, केही हासिल गर्ने चाहनाले गर्दा उनीहरुका व्यवहारलाई विद्रोही व्यवहार भन्ने गरिन्छ । तर उनीहरुको विद्रोहीपनलाई सकारात्मक र सिर्जनशील बाटोमा डोऱ्याउन सके शान्ति र विकासका लागि सहयोगी हुने कुरामा दुई मत हुँदैन । यसो हुन नसक्दा युवाहरुमा रहेको विद्रोही भावनाले नकारात्मक रुप लिई उनीहरु हिंसातर्फ उन्मुख हुने गर्दछन् । (स्रोतः यज्ञ अर्याल, युवा, द्वन्द्व र शान्ति नेपाल, युवा बुलेटिन, शिक्षा तथा खेलकुद मन्त्रालय, खेलकुद तथा युवा कार्यक्रम शाखा, केशरमहल, काठमाडौं, नेपाल, २०६२, पेज नं. ५८) । नेपालमा करिब १७,००० को हाराहारीमा गैरसरकारी संघ—संस्थाहरु समाज कल्याण परिषदमा दर्ता भएका छन् । यसमा युवा संस्थाहरुको संख्या पनि उल्लेख्य मात्रामा रहेको पाइन्छ । विभिन्न समस्या एवं वित्तीय अभावका कारणहरुले आफ्नो लक्ष्य प्राप्तिमा असफल रहेका संस्थाहरु बीच समन्वय कायम गरी विकासमूलक कार्यमा अग्रसर गराउनु युवा संस्थाहरुका लागि प्रमुख चुनौती रहेको छ । उपयुक्त सरकारी नीति, नियम र कानुनको अभावले गर्दा यी संस्थाहरुले उल्लेख्य प्रगति गर्न सकिरहेका छैनन् । यस स्थितिमा सुधार गर्न एक सक्षम नेतृत्वको आवश्यकता देखिन्छ । विद्यमान नीतिको विश्लेषण, प्रभावकारी कार्यक्रम एवं सुझावले हालको परिस्थितिमा अवश्य परिवर्तन ल्याउनेछ ।

चालु आर्थिक बर्षभित्र थप ५ हजार व्यक्तिलाई वित्तीय शिक्षा तथा व्यवसायिक साक्षरता तालिम प्रदान गरिएको छ । आर्थिक वर्ष २०७७÷ २०७८ मा आयोजनाबाट हालसम्म यस्तो प्रशिक्षणले लिने व्यक्तिको सङ्ख्या ७ हजार ५ सय रहेको थियो । आयोजनाबाट हालसम्म यस्तो प्रतिशत लिने व्यक्तिको संङ्ख्या ३० हजार पुगेको छ । चालु आर्थिक वर्षको फागुनसम्म सामूहिक लगानीको माध्यमबाट आपूर्ति श्रङ्खला आवद्ध १६ जिल्लाका २ हजार ४ सय कृषक घरधुरी प्रत्यक्ष लाभान्वित भएका छन् ।

आर्थिक वर्ष २०७७ ÷२०७८ मा आयोजनाबाट लाभन्वित जनसंङ्ख्या ४ हजार ४ सय रहेको थियो। आयोजनाबाट २०७८ फागुनसम्म कूल ११ हजार कृषक घरधुरी लभान्वित भएका छन्।

**तालिका नं.१**

***देशगत वैदेशिक रोजगारीको स्थिति (सङ्ख्या)***

| देश | पुरुष | महिला | जम्मा |
|---|---|---|---|
| कतार | ५५४१६ | २६०९ | ५८०२५ |
| मलेसिया | १५४ | ७ | १६१ |
| साउदी अरब | १००१९५ | ११८ | १००३१३ |
| यूएई | २८४६२ | ८४१० | ३६८७२ |
| कुवेत | ६७९० | १२२१ | ८०११ |
| बहराइन | ४७२१ | ३४१ | ५०६२ |
| ओमान | २१५८ | ३९८ | २५५६ |
| द.कोरिया(अन्य) | ७८ | १ | ७९ |
| द.कोरिया (ईपिएस) | ३३८ | ६४ | ४०२ |
| लेबनान | २ | १ | ३ |
| इजरायल | १०२ | १९७ | २९९ |
| अफगानिस्तान | १२५ | ० | १२५ |
| जापान | ८० | १५ | ९५ |
| अन्य | १०३४० | ४७५९ | १५०९९ |
| जम्मा | २०८९६१ | १८१४१ | २२७१०२ |

*स्रोत वैदेशिक रोजगार विभाग, २०७८, आर्थिक सर्वेक्षण २०७८ ७९, नेपाल सरकार, अर्थ मन्त्रालय, सिंहदरबार, काठमाडौं, पेज नं. ११)।*

आर्थिक वर्ष २०७८ ७९ को फागुनसम्म वैदेशिक रोजगारीको सिलसिलामा १,१३८ पुरुष र ३३ महिला गरी १,१७१ नेपाली नागरिकको मृत्यु भएको छ। चालु आर्थिक वर्षको फागुनसम्म मृतक परिवारलाई क्षतिपूर्ति वापत रु. ५७ करोड ९६ लाख प्रदान गरिएको छ। बैदेशिक रोजगारीको क्रममा मृत्यु हुने कामदारको नजिकको हकदारलाई बैदेशिक रोजगार बोर्डले आर्थिक सहायता स्वरुप रु. ७ लाख उपलब्ध गराउँदै आएको छ। विदेशमा अलपत्र परेका ४६ जना श्रमिकलाई कल्याणकारी कोषको रकमको उपयोग गरी उद्धार गरिएको छ। आर्थिक सर्वेक्षण २०७८/ ७९ मा युवा तथा साना ब्यवसायी स्वरोजगार कोष अन्तर्गत भएको कर्जा लगानीबाट आर्थिक वर्ष २०७७/ ७८ मा ५ हजार ७ सय ६६ जना स्वरोजगार भएकोमा आर्थिक वर्ष २०७८ /७९ को फागुनसम्म् थप ४ हजार ८ सय ३३ जना स्वरोजगार भएका छन्। उक्त कार्यक्रमबाट हालसम्म ८४ हजार २ सय ३७ व्यक्ति स्वरोजगार भएका छन्। युवा तथा साना ब्यवायी स्वरोजगार कोष मार्फत कर्जा लिई सञ्चालित ब्यवसाय मध्ये आर्थिक वर्ष २०७७ /७८ मा २ हजार ३ सय १४ बीमित भएकोमा आर्थिक वर्ष २०७८ /७९ को फागुनसम्म बीमितको संख्या ३ हजार ७ सय ९० पुगेको छ।

नेपालमा युवा विकास तथा परिचालनका लागि २०६५ सालमा नेपाल सरकारले युवा तथा खेलकुद मन्त्रालय स्थापना गरेको थियो। मन्त्रालय गठनसंगै राष्ट्रिय युवा नीति तर्जुमा गरी युवा विकास र परिचालनका विभिन्न कार्यक्रमहरु सञ्चालन हुँदै आएका छन्। नेपाल सरकारको तेह्रौ योजनाको आधारपत्र (२०७०/०७१-२०७२/०७३) मा युवामा उद्यमशीलता र क्षमता अभिवृद्धि

गर्ने, स्वरोजार र आय आर्जन कार्यक्रममा सक्रिय बनाउने र राष्ट्रिय विकासको नेतृत्व गर्न सक्ने गरी सशक्तीकरण गर्ने रणनीति तय गरिएको छ। यसैअनुसार युवासँग सम्बन्धित शिक्षा, स्वास्थ्य, कृषि पर्यटन, श्रम तथा रोजगार, खेलकुद लगायतका क्षेत्रमा नेपाल सरकारका विभिन्न मन्त्रालयहरुले क्षेत्रगत नीति तर्जुमा गरी कार्यक्रमहरू कार्यान्वयन गर्दै आएका छन्।

'युथ भिजन —२०२५ युवाका अधिकार, चाहना र आवश्यकतालाई मूर्त रुप दिन एउटा दूरगामी दृष्टिका साथ तय गरिएको ठोस र विशिष्ट रणनीति कार्ययोजना हो। यसले चार 'अ' र चार 'स' को निर्देशक सिद्धान्तलाई आत्मसात् गरेको छ। यसले नयाँ पुस्ता र देश विकासका लागि आवश्यक राष्ट्रिय भावना, एकता, समता, न्याय, सौहार्दता, समावेशीता जस्ता साझा मान्यताहरुलाई जोड दिएको छ। यसले युवामा व्यापक लगानी गरी आर्थिक समृद्धि हासिल गर्न उत्तरदायी युवा तयार पार्ने कुरालाई केन्द्रमा राखेको छ।

अन्तर्राष्टिय स्तरमै युवा क्षेत्रमा भएका प्रगति र नेपालका अवस्थालाई मध्यनजर गरी 'युथ भिजन —२०२५' ले अहिलेको युवा विकासका मूल समस्यालाई लक्षित गरी युवा विकासका पाँच रणनीतिक आधारस्तम्भ तय गरेको छ।

नेपाललाई सन् २०२५ सम्म द्रुत विकासशील राष्ट्रमा पुर्‍याउन शिक्षालाई गुणस्तरीय, व्यावसायिक र रोजगारीमूलक बनाउँदै सम्पूर्ण युवाको पहुँच सुनिश्चित गर्नुपर्दछ। यो युवा विकासको लागि गरिनुपर्ने आधारभूत कार्य हो। युवा उद्यमशीलता, सीप विकास र रोजगारी सिर्जना अर्को प्रमुख कार्य हो। कृषि, पर्यटन, उर्जा, पूर्वाधार र जडिबुटी नेपालका लगानी र रोजगारीका महत्वपूर्ण क्षेत्र हुन्। त्यसैगरी सबल र स्वस्थ युवा निर्माणका लागि सन् २०२५ सम्म गुर्नपर्ने अर्को महत्वपूर्ण काम युवाका लागि स्वास्थ्य र सामाजिक सुरक्षाको सुनिश्‌चितता हो। युवालाई कस्तो प्रणालीबाट हामी स्वास्थ्य र सामाजिक सुरक्षा प्रदान गर्न सक्छौं भन्ने कुरा महत्वपूर्ण हुन आउँछ। युवा परिचालन, सहभागिता र नेतृत्व विकास बिना कुनै पनि देशलृ विकासको अपेक्षित लक्ष्य हासिल गर्न सक्दैन। युवा राष्ट्रिय अभियानहरु र देश निर्माण प्रक्रियामा उनीहरुको सक्रिय सहभागिता र स्वयंसेवकीय भूमिका मार्फत समाज र देशलार्य आर्थिक, सामाजिक र सांस्कृतिक रुपान्तरण गर्न सकिन्छ। युवा स्वावलम्बन, सशक्तिकरण, सहकार्य, पहलकदमीमार्फत राष्ट्र निर्माणका निमित्त युवा नेतृत्वलाई विकास र स्थापित गर्दै जानुपर्दछ। खेलकुद र मनोरञ्जनलाई युवाको मानसिक र शारीरिक स्वास्थ्यका साथै व्यक्तित्व विकाससँग समेत जोड्नुपर्दछ। खेलकुदको विकासले युवामा राष्ट्रिय भावना र ऐक्यबद्धता कायम गर्न मद्दत गर्दछ। यसका लागि मनोरञ्जन केन्द्र, पार्कहरु, रङ्गशाला, कभर्डहल, खेल मैदानहरु, सांस्कृतिक कलाकेन्द्र स्थापना गर्न राज्यका लगानी आवश्यक हुन्छ। खेलकुदलाई व्यापकता दिन विद्यालय स्तरदेखि नै योजनाबद्ध विकास गरी सबै युवाको पहुँच सुनिश्चित गरिनु आवश्यक छ।

नेपाल विश्व युवा विकास सूचकांकमा १४५ औं स्थानमा रहेको छ। दक्षिण एसियाका मुलुकसँग तुलना गर्दा पनि नेपालको युवा विकास सूचकाङ्क सबैभन्दा कमजोर देखिन्छ। सरकारी तथ्यांकमा नेपालमा पूर्ण बेरोजगार युवाको दर २.३ प्रतिशतमात्र देखाइए पनि अर्ध बेरोजगार युवाको दर करिब ३६ प्रतिशत छ। अन्तर्राष्टिय श्रम संगठन (आईएलओ) का अनुसार पूर्ण बेरोजगारी दर १९.२ प्रतिशत र अर्ध बेराजगारी दर २८.३ प्रतिशत छ। अर्ध बेरोजगारीमा रहेको नेपालको करिब ३६ प्रतिशत युवा शक्ति आर्थिक उत्पादन र सीपसँग जोडिन सकेको छैन। सीमान्तकृत, अल्पसंख्यक, आदिवासी, अपङ्गता भएका युवामा बेरोजगारी दर उच्च रहेको छ। युवा श्रमशक्तीको झण्डै आधा भाग अझै गुजारामुखी कृषिमा आश्रित छ। बैदेशिक रोजगारीमा जाने वार्षिक पाँच लाख ३८ हजार युवामध्ये ७४ प्रतिशत अदक्ष छन्। सेवा क्षेत्रमा रोजगारीको अनुपात केही बढेको देखिए पनि औद्योगिक क्षेत्रमा भने यो अनुपात घटेको छ। विप्रेषण गार्हस्थ उत्पादनको २९ प्रतिशत पुगेको भए पनि यसको निकै सानो अंशमात्र उत्पादनको क्षेत्रमा प्रवाह भएको छ। नेपाली युवाको अवस्थाका केही प्रमुख सूचकहरु यसप्रकार छन्

**तालिका नं. २**

*युवाको वर्तमान अवस्था*

| केही छानिएका सूचकहरु | संख्या र प्रतिशत | केही छानिएका सूचकहरु | संख्या र प्रतिशत |
|---|---|---|---|
| युवा साक्षरता | ७१% | विवाहको औषत उमेर | २०.६ वर्ष (महिला)<br>२३.८ वर्ष (पुरुष) |
| साक्षरताः पुरुष/महिला | ८२% र ६३% | वार्षिक विदेश पढ्न जाने युवा संख्या, (२०७०÷०७१) | २८,१२६ |
| विश्व युवा विकास सूचकांकमा नेपाल | १४५ औं स्थान | कृषिमा संलग्न युवा | ५०.५% |
| पूर्ण बेरोजगार युवा | १९.२% | स्वरोजगार युवा प्रतिशत (१५ देखि २९ वर्ष समूह) | ५८.८% |
| अर्ध बेरोजगार युवा | २८.३ % | सीमान्तकृत, अल्पसंख्यक, अपांगता भएका युवाको बेरोजगारी दर | २३% |
| प्रतिवर्ष श्रम बजारमा प्रवेश गर्ने युवा संख्या (अनुमानित) | ४ लाख ५० हजारभन्दा बढी | रोजगारीमा महिला असमानता अनुपात | ०.५० |
| कुल वार्षिक रोजगारी बृद्धि दर | २.९% | उच्च शिक्षामा लैंगिक विभेद | ०.७० |
| घरायसी कामकाजमा युवा महिला | ३६ प्रतिशत | बैदेशिक रोजगारी क्रमशः दक्ष, अर्धदक्ष र अदक्ष | २%, २४% र ७४% |
| प्रतिवर्ष रोजगारीका लागि विदेशिने नेपाली युवा | १.५२% | स्नातक युवा बेरोजागरी प्रतिशत | २६.१% |

नेपाली युवाको वर्तमान अवस्थाको विश्लेषणका आधारमा युवा विकासका विद्यमान समस्या तथा चुनौती सामना गर्दै उपलब्ध सम्भावना र अवसरहरुलाई आत्मसात गरी अगाडि बढ्नु आजको आवश्यकता हो। त्यही आवश्यकता पूरा गर्नका लागि 'युथ भिजन —२०२५' र दश वर्षे रणनीतिक योजना तथा कार्यक्रम तयार पारिएको छ।

### उद्देश्य

१. युवा विकासको दूरदृष्टि तथा आगामी १० वर्षका लक्ष्य सूचक तय गर्ने।

२. युवा विकासका मूल आधारस्तम्भ निर्धारण गरी आगामी १० वर्षका लागि मूल रणनीति तय गर्ने।

३. राष्ट्रिय युवा नीति, २०७२ ले निर्दिष्ट गरेका नीति र कार्यनीतिहरुलाई कार्यान्वयनका लागि मार्गनिर्देश गर्ने।

४. युवा क्षेत्रको विकासका मूल समस्या, चुनौती र सम्भावना पहिचान गरी तदनुरूप योजना तथा कार्यक्रम तय गर्ने।

५. राष्ट्रिय र अन्तर्राष्ट्रिय विकास लक्ष्यसँग एकाकार गर्दै सबल, सक्षम, प्रतिष्पर्धी र आत्मनिर्भर युवा तयार गर्ने।

## दिगो विकास लक्ष्यमा युवा

दिगो विकासको मुख्य समुदायमा युवालाई प्राथमिकताका साथ राखिएको छ किन भने युवा समुदायले नै दिगो विकासबाट प्राप्त उपलब्धिहरूको उपभोग गर्न सक्छन्। असमानता, गरिबी, वातावरणीय असरहरुको प्रभावलाई न्यूनीकरणको लागि युवाले नै नेतृत्व गर्नुपर्दछ भन्ने यसको मूलआशय रहेको छ। साथै दिगो विकासद्धारा खास लक्षित गरिब, अल्पसंख्यक पछाडी पारिएको वर्गको हितको लागि युवाले सँगसँगै लैजानु पर्दछ किनकी विश्वलाई बुझेको, सूचना तथा प्रविधिमा सुसूचित, आर्थिक रुपमा योगदान गर्ने समूह, बल तथा बुद्धिले निपुण, नयाँ कुरालाई सजिलै अनुसरण गर्ने, परिवर्तनलाई चाहाने र आत्मसाथ गर्ने भनेको समुदाय नै युवा भएकोले उसले अन्य पछाडि पारिएको समुदायको समेत नेतृत्व गर्नु बाञ्छनीय छ। युवा आफैं आफ्नो भविष्यका बारेमा असुरक्षित हुनु अझै चुनौतीका रुपमा रहेको छ। श्रम बजारमा रहेको सीमित अवसर, आर्थिक सुरक्षा त्यसमा पनि कम

आम्दानी भएका विकासशील देशका युवाहरुको अनौपचारिक क्षेत्रसँग जोडिएको पेशाका सन्दर्भमा अझै अवस्था चिन्ताजनक छ । दिगो विकास लक्ष्यले युवालाई मुख्य विकासका साझेदारका रुपमा स्थापित गरे पनि उनीहरुका लागि सीप, अवसर र सहयोगको व्यवस्थामा जोड दिनु जरुरी छ तब मात्र उनीहरुको क्षमत बाट विकास, शान्ति तथा सुरक्षामा सहयोग पुग्न सक्छ ।

दिगो विकासलाई युवाका दृष्टिकोणले हेर्दा सातवटा विषयहरु युवा तथा बालबालिकाको प्रत्यक्ष रुपमा आर्थिक उपार्जनसँग जोडिन्छ । जस्तै आर्थिक अवस्था राम्रो भयो, आर्थिक शिक्षामा सुधार भयो भने त्यसले गरीबी घटाउनमा, स्वास्थ्यमा सुधार ल्याउन, सीपमूलक र जीविकोपार्जनमा सहयोग हुने शिक्षामा प्राथमिकता दिन, महिलाका लागि वित्तीय शिक्षा र सीप प्रदान गर्न आर्थिक रूपमा समानता ल्याउन सकियो भने लैंगिक समानता समेत प्रवद्धन गर्ने, उनीहरुको रोजगारी, उद्यमशीलतामा विकास गर्न सकिन्छ । त्यस्तै सुरक्षित शहर निर्माणका लागि र शान्ति स्थापनामा पनि त्यसैले युवाकालागि अर्थसँग जोडिएका मूख्य सवाल सीप र आवश्यक आर्थिक सहायता जस्ता विषयलाई केन्द्रमा राखेर अबका योजनाहरु निर्माण गरिनु जरुरी छ ।

युवामा राष्ट्र, राष्ट्रियता र जनता प्रतिको बफादारी, युवाका आारभूत आवश्यताहरुको परिपूर्ति, समानता एवं समानतामूलक वितरणको सिद्धान्त, संवैधानिक सर्वोच्चता,वैयक्तिक स्वतन्त्रता, विश्वव्यापी मानवाधिकारको सिद्धान्त, लोकतान्त्रिक कमूल्य मान्यता, विश्वशान्ति, सह अस्तित्व, जाति, भाषा, संस्कृति र वातावरणीय सम्पदाको संरक्षण र संवद्र्धन जस्ता आधारभूत मूल्य र मान्यताहरुको प्रवर्द्धन गर्ने उद्देश्यले र राष्ट्रिय युवा नीति २०७२ तर्जुमा गरिएको छ । यस नीतिले युवाका आधारभूत अधिकारहरुको प्रत्याभूति गर्दै युवा सशक्तीकरणका माध्यमबाट सामथ्र्यवान, उद्यमशील, सिर्जनशील तथा वैज्ञानिक एवं सकारात्मक सोचयुक्त समृद्ध युवा तयार गरी राष्ट्रको राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक जीवनमा अर्थपूर्ण योगदान दिन सक्ने गरी राष्ट्रका युवालाई नेतृत्वदायी भूमिकामा स्थापित गराउने दूरदृष्टि राखेको छ । यसैगरी सार्थक सहभागिता, क्षमता र नेतृत्व विकासका माध्यमकबाट युवालाई राष्ट्रिय विकासको मूल धारामा समाहित गर्दै समृद्ध, आधुनिक र न्यायपूर्ण नेपाल निर्माण गर्न युवाको भूमिका र उनीहरुमा अन्तर्निहित क्षमतालाई गुणात्मक बनाउनु यस नीतिको प्रमुख लक्ष्य रहेको देखिन्छ ।

**यसैगरी यस नीतिका मूलभुत उद्देश्यहरु निम्नानुसार रहेका छन्**

- राष्ट्र निर्माण एवं राष्ट्रिय विकासमा युवाको भूमिका र सम्भाव्यताको विकास र बिस्तार गर्ने, युवालाई राष्ट्र एवं राष्ट्रियता जनता र संघीय लोकतान्त्रिक गणतन्त्रप्रति समर्पित र प्रतिबद्ध बनाउँदै उत्तरदायी र जवाफदेही बनाउने ।
- युवावर्गमा सिर्जनशीलता, उद्यमशीलता र अन्वेषणात्मक क्षमताको विकास गरी राष्ट्रको आधारभूत शक्तिका रुपमा स्थापित गर्दै उनीहरुमा रहेका क्षमता उजागर गर्ने,
- श्रमको सम्मान गर्ने संस्कृति विकास गर्दै युवाको शारीरिक, मानसिक, बौद्धिक, नैतिक तथा संवेगात्मक पक्षको समूचित विकास गरी उच्च मनोबलयुक्त, नैतिक, सुसंस्कृत, सिर्जनशील तथा व्यावसायिक रुपमा दक्ष युवा तयार गर्ने
- युवाका आधराभूत अधिकारहरु सुनिश्चित गर्दै उत्पादनशील स्रोतहरुमा उनीहरुको पहुँच बढाएर राष्ट्रका राजनीतिक, आर्थिक, सामाजिक तथा सांस्कृतिक क्षेत्रका सबै तहका नीति निर्माण, निर्णय एवं कार्यान्वयनमा सहभागी गराउनुका साथै लैंगिक संवेदनशिलतामा आधारित अर्थपूर्ण सहभागिताका माध्यमबाट नेतृत्व क्षमता विकास गरी युवालाई राष्ट्रिय विकासको संवाहक शक्तिका रुपमा स्थापित गर्ने,
- शिक्षा आर्जनका क्रममा रहेका तथा समाजमा आफ्नो पहिचान स्थापित गर्ने संवेदनशिल अवस्थामा रहेका युवाको शिक्षा, रोजगारी, वृत्ति लगायतका वैयक्तिक एवं सामाजिक विकासमा सघाउने र,
- प्राथमिकता तथा विशेष प्राथमिकताको समूहका युवालाई सकारात्मक विभेदका माध्यमबाट सशक्त गरी विकासको मूल प्रवाहमा ल्याउने लगायत रहेका छन् ।

**नेपालको संविधानमा युवाः**

नेपालको संविधान को भाग ४, राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व अन्तर्गत धारा ५१(ञ) ७ मा युवा सम्बन्धी नीतिमा उल्लेख गरिएको छ किः "राष्ट्रिय विकासमा युवा सहभागिता अभिबृद्धि गर्दै राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारहरुको पूर्ण उपयोगको वातावरण सिर्जना गर्ने, युवाको सशक्तिकरण र विकासका लागि शिक्षा, स्वास्थ्य, रोजगारी लगायतका क्षेत्रमा विशेष अवसर प्रदान गर्दै व्यक्तित्व विकास गर्ने तथा राजयको सर्वाङ्गीण विकासमा योगदानका लागि उपयुक्त अवसर प्रदान गर्ने।"

नेपाल विश्व युवा विकास सूचकांकमा १४५ औं स्थानमा रहेको छ। दक्षिण एसियाका मुलुकसँग तुलना गर्दा पनि नेपालको युवा विकास सूचकांक सबैभन्दा कमजोर देखिन्छ। (CBS २००८; MOYS २०१४ (Restless Development and UNFPA); and ILO २०१४). सरकारी तथ्यांकमा नेपाल पूर्ण बेरोजगार युवाको दर २.३ प्रतिशतमात्र देखाइए पनि अर्धबेरोजगार युवाको दर करिब ३६ प्रतिशत छ। अन्तर्राष्ट्रिय श्रम संगठन (आईएलओ)का अनुसार पूर्ण बेरोजगारी दर १९.२ प्रतिशत र अर्ध बेरोजगारी दर २८.३ प्रतिशत छ। अर्ध बेरोजगारीमा रहेको नेपालको करिब ३६ प्रतिशत युवा शक्ति आर्थिक उत्पादन र सीपसँग जोडिन सकेको छैन। सीमान्तकृत, अल्पसंख्यक, अदिवासी, अपांगता भएका युवामा बेरोजगारी दउच्च रहेको छ। युवा श्रमशक्तिको झण्डै आधा भाग अझै गुजारामुखी कृषिमा आश्रित छ। वैदेशिक रोजगारीमा जाने वार्षिक पाँच लाख ३८ हजार युवामध्ये ७४ प्रतिशत अदक्ष छन्। सेवा क्षेत्रमा रोजगारीको अनुपात केही बढेको देखिए पनि औद्योगिक क्षेत्रमा भने यो अनुपात घटेको छ। विप्रेषण गार्हस्थ उत्पादनको २९ प्रतिशत पुगेको भए पनि यसको निकै सानो अंशमात्र उत्पादनको क्षेत्रमा प्रवाह भएको छ। नेपाली युवाको अवस्थाका केही प्रमुख सूचकहरु यसप्रकार छन्

**तालिका नं. ३: युवाको वर्तमान अवस्था**

| केही छानिएका सूचकहरु | संख्या र प्रतिशत | केही छानिएका सूचकहरु | संख्या र प्रतिशत |
|---|---|---|---|
| युवा साक्षरता | ७१% | विवाहको औषत उमेर | २०.६ वर्ष (महिला)<br>२३.८ वर्ष (पुरुष) |
| साक्षरता : पुरुष÷महिला | ८२% र ६३% | वार्षिक विदेश पढ्न जाने युवा संख्या (२०७०÷०७१) | २८,१२६ |
| विश्व युवा विकास सूचकांकमा नेपाल | १४५ औं स्थान | कृषिमा संलग्न युवा | ५०.५% |
| पूर्ण बेरोजगार युवा | २८.३% | स्वरोजगार युवा प्रतिशत (१५ देखि २९ वर्ष समूह) | ५८.८% |
| अर्ध बेरोजगार युवा | ४ लाख ५० हजारभन्दा बढी | सीमान्तकृत, अल्पसंख्यक, अपांगता भएका युवाको बेरोजगारी दर | २३% |
| प्रतिवर्ष श्रम बजारमा प्रवेश गर्ने युवा संख्या –अनुमानित) | २.९ प्रति हजार | रोजगारीमा महिला असमानता अनुपात | ०.५० |
| कुल वार्षिक रोजगारी वृद्धिदर | ३६ प्रतिशत | उच्च शिक्षामा लैंगिक विभेद | ०.७० |
| घरायसी कामकाजमा युवा महिला | ५ लाख ३८ हजार | वैदेशिक रोजगारी क्रमशः दक्ष, अर्धदक्ष र अदक्ष | २%, २४% र ७४% |
| प्रतिवर्ष रोजगारीका लागि विदेशिने नेपाली युवा | १.५२% | स्नातक युवा बेरोजगारी प्रतिशत | २६.१% |

*(स्रोतः (CBS २००८; MOYS २०१४ (Restless Development and UNFPA); and ILO २०१४, MOE, २०१४, MoYS, २०१४, ILO, २०१४, CBS,२०११, ILO,२०१४, CBS, २०११, ILO, २०१४, १३th Plan २०७०-७३, NPC/GoN, युथ भिजन–२०२५ तथा दशवर्षे रणनीतिक योजना र राष्ट्रिय युवा नीति, २०७२, नेपाल सरकार, युवा तथा खेलकुद मन्त्रालय, राष्ट्रिय युवा परिषद्, त्रिपुरेश्वर, काठमाडौं, पेज नं. ३–५।)*

## युवा वर्गको महत्व

युवावर्ग राष्ट्रको मेरुदण्ड हो, अनन्त सिर्जनाको स्रोत र सम्भावना हो अनि राष्ट्र हाँक्ने सारथि पनि हो। यो वर्ग जति ज्ञान, सीप, क्षमता, सामथ्य, विचार र दृढतामा परिपक्व स्वप्न द्रष्टा बन्दछ त्यतिनै राष्ट्र गतिशीलता र अग्रगामी बन्ने विषयमा दुईमत छैन। तसर्थ, राष्ट  निर्माणको सम्बन्धमा युवा वर्गको गहन भूमिकालाई सूक्ष्म रुपले देहायका बुँदाहरुमा केलाउँदा सान्दर्भिक होला।

- समाजमा जान्ने, बुझ्ने, अनुभवी, परिपक्व, बुज्रुग व्यक्तिको अनुभव र ज्ञान र विचारलाई ग्रहण गर्दै राष्ट्र निर्माणको महान कार्यमा अगाडि बढ्नुपर्दछ।
- युवाको ज्ञान, सीप र क्षमतालाई विशिष्ट उद्देश्यका साथ उपयोग गर्दै नवीन तथ्यहरुको शोधखोजमूलक जानकारी सहित अन्य विषय क्षेत्र तथा सवालहरुमा युवावर्गको नेतृत्वदायी भूमिका हुनुपर्दछ।
- विभिन्न क्षेत्रमा उच्चतम योगदान दिएका विज्ञ जनशक्तिको (Thinktanks) योग्यता, क्षमता, जागरुकता, सीप, अनुभव जस्ता उत्तम गुणहरुलाई आजका युवाले ग्रहण गर्दै राष्ट्रनिर्माणमा सहभागी हुनुपर्छ।
- असल संस्कार र संस्कृतिको संरक्षण, सम्बर्द्धन गर्न जाति, भाषा, धर्म, संस्कृति, रीतिरिवाज, मूल्य मान्यता र प्रचलनमा युवा सदैव सचेत रहि अन्धविश्वास, रुढीवादी र परसंस्कृति ग्रहण जस्ता कुराहरुमा होशियारीपूर्वक खबरदारी गर्न युवाले नेतृत्व लिनुपर्छ।
- समाजमा विद्यमान कुसंस्कार, कुरीति, आडम्बरी, पुर्वाग्रहको भावनालाई परिवर्तन गर्न युवा सदैव सकारात्मक, आशावादी, चिन्तनशील, अध्यात्मिक एवम् दृढ आत्मशक्तियुक्त हुनुपर्दछ।
- सामाजिक विकासमा अग्रणीस्थान राख्ने विषयहरु शिक्षा, स्वास्थ्य, विकास निर्माणमा दत्तचित्त रहि तनमन धनबाट समर्पित बन्नुपर्दछ।
- युवालाई योजनाबद्ध ढंगले सिर्जनात्मक र सीपमूलक कार्यमा लगाएमा राष्ट्रको सर्वाङ्गीण विकास निर्माणको रेखांकन हुन सक्छ।
- धूम्रपान, मद्यपान, व्यभिचार, कूलत आदि बिकारजन्य मोहपाशबाट युवालाई टाढा राखी व्यक्तित्व विकास, रचनात्मक र सिर्जनात्मक कार्य गर्न युवावर्गहरुलाई हरदम तम्तयार राख्नुपर्छ।
- युवावर्ग राष्ट्रनिर्माण कर्ता भएकोले युवा बन्नुअघि नै यिनलार्य उचित ज्ञान दिई असल चरित्र निर्माण एवम् असल व्यवहारमा अभ्यस्त गराउनु नेतृत्व तहमा रहेका प्रबुद्ध वर्ग, राष्ट्र सेवक, सचेत नागरिक आदि सबैको कर्तव्य हुन्छ।
- विचारले व्यवहार बद्लिन्छ, व्यवहार आफैंमा एउटा सत्प्रयास हो। तसर्थ, आजका समस्त युवा मुलुकको शान्ति, स्थिरता र विकासका लागि पुनित कार्यमा मन, बचत र कर्मले लाग्नुपर्छ।
- बेरोजगारी र गरिबी, युवावर्गको प्रमुख चुनौती हो, यसलाई अवसरमा बदल्न स्वरोजगारी, आय आर्जन, मेहनत र परिश्रम महत्वपूर्ण हुन्छ। यसका लागि युवा सधैं तत्पर रहनुपर्छ।
- युवाले समयको सदुपयोग गरी राष्ट्र निर्माणको कुनै न कुनै काममा व्यस्त रहनुपर्दछ। साथै राष्ट्रमा उपलब्ध सीमित साध र स्रोतको उपयोग गरी आर्थिक समृद्धिमा लाग्नुपर्छ। (स्रोतः बसन्तराज अधिकारी, राष्ट्रनिर्माणमा युवाको भूमिका, युवा (YUWA) (A Publication of Youth Development & Activities), नेपाल सरकार, युवा तथा खेलकुद मन्त्रालय, सिंहदरबार, काठमाडौं, २०७८, पेज नं. ४५, ४८)।

आर्थिक वर्ष २०७९/८० को बजेट बक्तव्यमा उल्लेख गरिएअनुसार यस आर्थिक वर्षमा भूमिहीन घरवारविहीनलाई आवास सुविधा, सीपविहीनलाई सीप, बेरोजगारलाई रोजगारी र गुणस्तरीय स्वास्थ्य र शिक्षासहित प्रभावकारी सार्वजनिक सेवा प्रवाहका माध्यमबाट दीगो रुपमा गरिबी कम गर्ने नीति लिइएको छ। राज्य सुविधा परिचयपत्र वितरण कार्य सम्पन्न गरी गरिब घरपरिवारको एकीकृत सूचनाको लागि गरिब घरपरिवार सूचना प्रणालीको निर्माण गर्ने लक्ष्य लिइएको छ। गरिब लक्षित कार्यक्रमको प्रभावकारी रुपमा कार्यान्व्यन गरिने नीति लिइएको छ। शहरी गरिबलाई रोजगार र स्वरोजगारको अवसर प्रदन गर्न क्षमता

विकास र सीपमूलक तालिम प्रदान गर्नुका साथै निजहरुको लागि आधारभूत सुविधासहितको अपार्टमेण्ट निर्माण गर्ने ब्यवस्था मिलाइने रणनीति लिइएको छ । निरपेक्ष गरिबीको रेखामुनी रहेका दलित समुदायका श्रमयोग्य जनशक्तिलाई सीपमूलक तालिम दिई स्वरोजगार बनाउन परम्परागत पेशा, ज्ञान र सीपमा आधारित व्यवसायका अतिरिक्त अन्य ब्यवसाय सञ्चालनका लागि प्रोत्साहन स्वरुप बिउ पुँजीसहित बिना धितो सहुलियतपूर्ण ऋण उपलब्ध गराउने नीति लिइएको छ । कम्तीमा रु. २० करोड चुक्ता पुँजी रहने गरी कृषिजन्य उत्पादनमूलक उद्योग स्थापना गर्ने सहकारीलाई नेपाल सरकारले चुक्ता पुँजीको ५ प्रतिशत रकम पुँजीगत अनुदान प्रदान गर्ने ब्यवस्था मिलाइने रणनीति लिएको छ । स्थानीय तहले स्वपुँजी लगानी गरी कम्तीमा ३ सय स्थानीय किसानहरुको सहभागितामा कृषिजन्य उत्पादनमूलक उद्योग स्थापना गरेमा त्यस्ता उद्योगहरुमा आवश्यक मेसिनरी औजार खरिदमा २० प्रतिशत अनुदान प्रदान गर्ने ब्यवस्था मिलाउने नीति लिइएको छ । भूमि ब्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको लागि रु. ७ अर्ब ४ करोड विनियोजन गरेको छ ।

वर्तमान पन्ध्रौ योजना २०७६–२०८१ मा युवा विकास कार्यक्रम तथा उद्यमशीलता र नवप्रवर्तन विकास कार्यक्रमश

## सोच

युवा सर्वाङ्गीण विकास राष्ट्रको निर्माणको प्रमुख आधार र उद्यमशील संस्कृति उद्यमशील जनताको विकास गर्ने ।

## लक्ष्य

स्वस्थ्य सकारात्मक सोचयुक्त उद्यमशील सृजनशील, अधिकारप्रति सचेत र कर्तव्यप्रति प्रतिवद्ध युवाशक्तिको विकास र परिचालन गर्ने, सीपको विकास, प्रविधिको उपयोग र स्रोतको परिचालन गरी उद्यमशीलताको विकास गर्ने ।

## उद्देश्य

१. युवामा दक्षता र क्षमताको विकास गर्नु, युवालाई उद्यमशील, रोजगारमूलक र स्वरोजगार बनाउनु

२. शासकीय प्रक्रिया एव सामाजिक सांस्कृतिक र आर्थिक रूपान्तरणमा युवाको सार्थक सहभागिता अभिवृद्धि गर्नु

३. युवालाई आत्मनिभर, स्वालम्बी र चरित्रवान् बनाउनु, उद्यमशीलता र स्वरोजगारमूलक सीपको विकास गर्नु

४. नवीनतम र परम्परागत प्रविधिको उपयोग गर्नसक्ने उद्यमशील जनशक्तिको विकास गर्नु, उपलब्ध स्रोत. साधन, स्थानीय पूँजी र प्रविधिको परिचाल नगरी स्वरोजगार र रोजगारीका अवसर वृद्धि गर्दै गरिबी निवारणमा योगदान पुऱ्याउनु,

## रणनीति

१. प्राविधिक तथा व्यवसायिक शिक्षा र सीप विकासका अवसर विस्तार गर्ने, युवालाई उद्यम व्यवसाय र सञ्चालनमा प्रोत्साहन गर्ने,

२. युवाद्धारा संचालित उद्यम, व्यवसाय तथा उद्योगको प्रबद्धन गर्ने, वित्तीय स्रोत साधनमा युवाको पहुँच विस्तार गर्ने,

३. तीन तहको नीति निमार्ण देखि कार्यान्वनयनसम्म युवाको समावेशी र सार्थक सहभागिता सुनिश्चित गर्ने, युवामा स्वयंसेवी संस्कृतिको विकास गर्ने,

४. स्काउटको संरचनालाई विकास र विस्तार गर्ने, युवा उद्यामीलाई स्वदेशमा उद्यम गर्न आर्कषित गर्न

५. तीन तहका सरकारमा नीतिगत, संस्थागत, कानुनी तथा प्रक्रियागत सुधार गर्ने, निजी, सहकारी एवम गैरसरकारी क्षेत्रसँगको सहकार्यमा स्थानीय स्तरका स्रोत .साधन र सीपको पहिचान र विकास गरी परिचालन गर्ने,

६. परम्परागत ज्ञान र सीपलाई नविनतम प्रविधि र उद्योग व्यवसायसँग आबद्ध गर्ने गरी युवा उद्यमशीलता प्रवद्धन गर्ने,

लघु घरेलु तथा साना उद्योगमा उद्यमशीलताको लागि वित्तीय पहुँच र लगानीको वातावरण सिर्जना गर्ने,

## कार्यनीति

१. प्राविधिक सीप तथा व्यवसायिक तालिमका अवसर अभिवृद्धि गरी युवा उद्यमशीलताका लागि संघ, प्रदेश र स्थानीय तहबीच सहकार्य गरिनेछ। व्यवसायिक सीप विकासका लागि आवश्यक पर्ने प्राविधिक तथा व्यवसायिक तालिमको पाठ्यक्रम विकास तथा तर्जुमा गर्दा तालिम प्रदायक निकाय,प्रदेश र स्थानीय तहसँग समन्वय र सहकार्य गरिनेछ।

२. युवा उद्यमशीलता विकासको लागि बजारको माग अनुरूप परामर्शसेवा तथा पैरवी सेवा तथा प्राविधिक सहयोग विस्तार गरिनेछ। युवालाई उद्यमशील, रोजगार र स्वरोजगार बनाउन आवश्यक सहयोग उपलब्ध गराउन हरेक स्थानीय तहमा संयन्त्रहरू विकास गरिनेछ।

३. वैदेशिक अध्ययन र रोजगारीबाट आय आर्जन भएका ज्ञान, सीप र प्रविधि, पुँजी र अनुभवलाई स्वदेशमा उत्पादनमुलक क्षेत्रमा लगाउन प्रोत्साहन गरिनेछ। परम्परागत पेसा र व्यवसायको जर्गेना, परिष्कृत प्रवर्द्धन र व्यवसायिकरणमा युवा सहभागिता अभिवृद्धि गरिनेछ।

४. युवा उद्यमशील तथा रोजगार अभिवृद्धिको लागि अन्तरनिकाय समन्वय र सहकार्यलाई प्रभावकारी बनाइनेछ। युवामैत्री उद्यमशीलता सम्बन्धी परामर्श तथा पैरवी र प्राविधिक सहयोग उपलब्ध गराइनेछ।

५. युवाद्धारा सञ्चालित उद्यम तथा व्यवसायको बिमा र कर्जा सुरक्षणको व्यवस्था गरिनेछ। बैक तथा वित्तीय संस्थाबाट उद्यम व्यवसाय सञ्चालनको लागि युवालाई सहजरूपमा सहुलियत पूर्ण कर्जाको सुविधा उपलब्ध गराइनेछ।

## नेपाली युवाका सम्भावना र अवसरहरु

- लोकतान्त्रिक, संघीय शासन प्रणाली र विकासमा सार्थक सहभागिताको अवसर, तुलनात्मक लाभका कृषि, जडिबुटी, पर्यटन, जलस्रोत, वन, जडिबुटी लगायतका प्राकृतिक साधनस्रोतको प्रचुरता,
- बैंक, सहकारी, लघुबित्तको बढ्दो सञ्जालबाट आर्थिक साधन स्रोतमा बढ्दो पहुँच, गुणस्तरीय र व्यवसायिक शिक्षाको विकासले उद्यमशीलता र सेवा क्षेत्रको विकास भई सृजना हुने गुणस्तरीय रोजगारी।
- लक्षित समूह एवं भौगोलिक क्षेत्र केन्द्रित विभिन्न कार्यक्रमको विस्तार र सचेतना विस्तारमा विकास साझेदारका बढ्दो सञ्जाल, जागृत युवा र राष्ट्रिय युवा परिषद् र संरचनाको स्थापना।
- ठूलो संख्यामा रहेको बैदेशिक रोजगारीमा रहेको र गैर आवासीय नेपाली युवाबाट प्राप्त सीप, अनुभव र पुँजीलाई उत्पादनशील क्षेत्रमा प्रयोग गर्दै आन्तरिक रोजगारी सिर्जनाको अवसर।
- विश्वका दुई ठूला छिमेकी अर्थतन्त्र माझ रहेको नेपालमा बढ्दो वैदेशिक लगानीको सम्भावना। देशको बदलिदो राजनैतिक परिवेश अनुसार देशमा विगत लामो समयदेखि रहेको सशस्त्र द्वन्द्व अन्त भई मुलुकमा शान्ति एवं स्थिरता कायम हुन गई रोजगारीका क्षेत्रमा सकारात्मक प्रभाव पर्ने सम्भावना रहेको।
- वैदेशिक रोजगार ऐन, २०६४ तथा नियमावली, २०६४ कार्यान्वयनमा रहेको। श्रम सहचारी राख्ने व्यवस्थाले गर्दा पिडित नेपालीहरुले उद्धार एवं कानुनी उपचारमा सघाउ पुग्न जाने।
- ठूलो संख्यामा वैदेशिक रोजगारमा गएका युवाहरुबाट प्राप्त रेमिटान्सले देशको अर्थतन्त्रलाई मजबुत बनाउन सघाउ पुग्नुको साथै रेमिटान्सको उत्पादनशील क्षेत्रमा लगानी भई देशको स्वदेशमा नै रोजगारीका अवसरहरु श्रृजना हुनजाने। विभिन्न मुलुकहरु सँग हुँदै जाँदा वैदेशिक रोजगारीका सुरक्षित मुलुकहरु विकास हुँदै गएको।
- युवामैत्री संविधान, ऐन कानुन, नीति र निर्देशिकाको निर्माण र लागू, सङ्घीय संरचना र विकेन्द्रित शासन प्रणालीको सुरुवात, प्राकृतिक साधनस्रोत, मानवीय संशाधनको पर्याप्तता, आर्थिक परिवर्तन र लगानीमैत्री वातावरणको सिर्जना,

प्राविधिक तथा व्यावसायिक शिक्षाको विस्तार

- युवाका निम्ति साङ्गठानिक संरचनाहरूको निर्माण, युवा उद्यमशीलताका कार्यक्रमको कार्यान्वयन, युवाका कार्यक्रमको पैरवी र सञ्चार, राष्ट्रिय योजना आयोगका आवधिक योजनामा युवाका कार्यक्रमलाई उचित स्थान, युवाका कार्यक्रममा लगानी, सकारात्मक सोच र युवाका आवाजको सुनुवाइ, युवा स्वरोजगार कोषका कार्यक्रम र कार्यान्वयन।
- मुलुकको समृद्धिको आधार लगानी मात्र होइन लगानीका लागि उपयुक्त वातावरण पनि हो। विद्यमान नीति तथा प्रावधानहरु पनि उद्यमशीलताका लागि अनुकूल हुने गरी संशोधन गर्न जरुरी छ।
- कोभिड १९ को कारणले अहिले मुलुकमा लाखौं युवा बेरोजगार बन्नु परेको अवस्था छ भने वैदेशिक रोजगारीबाट धेरै युवा बेरोजगार नै फर्किरहेका छन्। सरकारले ती युवालाई समेटेर रोजगारीका कार्यक्रम ल्याउनु आवश्यक रहेको छ।

यसरी बढ्दो युवा जनसङ्ख्या सीप र उद्यमशीलता बनाई जनसांख्यिक लाभांश हासिल गर्न, युवाहरूलाई राष्ट्र निर्माणमा मूल प्रवाहीकरण गर्न, युवाहरूको शक्ति र भूमिकाप्रति जागरुकता जगाउन, युवा लक्षित कार्यक्रमहरूलाई विस्तार गर्दै लैजान, राष्ट्रिय विकासमा युवा सहभागिता अभिवृद्धि गर्न, उनीहरूका अधिकारहरूको उपयोग गर्ने वातावरण सिर्जना सामूहिक प्रतिवद्धता र जवाफदेहिताको खाँचो छ। युवाद्वारा युवाका लागि विकास गर्ने मूल अवधारणाका साथ युवाहरूको विकासका लागि युवालाई नै परिचालन गरी युवाका निम्ति निर्मित संरचनागत र कानूनी आधारहरूको पर्याप्त प्रयोग गरी अधिकारको सुनिश्चिततासँगै युवाहरूलाई दायित्ववोध गराउन सकेमा देशविकासको सपना त्यति सुदूर छैन।

## नेपाली युवाका वर्तमान समस्या तथा चुनौतीहरु

- गुणस्तरीय समय सापेक्ष र रोजगारमूलक शिक्षाको अभाव, व्यावसायिक सीप र प्रविधिको पहुँचबाट टाढा, गन्तव्य विहीनता, बेरोजगारी र अर्ध बेरोजगारी
- युवा पलायन, राजनीतिक अस्थिरता, युवाको कमजोर स्वास्थ्य, पोषण र मनोबल, युवामैत्री लगानी तथा उद्यमको वातावरणको अभाव,
- लैङ्गिक, क्षेत्रीय, जातीय विभेद र बहिष्करण, विश्वव्यापीकरण तथा उदारीकरणको प्रभावले ल्याएका चुनौतीहरु। सबै युवाका लागि सीपमूलक जीवनोपयोगी शिक्षाको पहुँच नपुग्नु, प्रविधिको पहुँच कम हुनु, बेरोजगारी, अर्धबेरोजगारी
- कमजोर स्वास्थ्य र कमजोर मनोबल, लैङ्गिक, क्षेत्रीय, जातीय विभेद र असन्तुलन, कुलत, कुसंस्कार र दुर्व्यसनी
- छुवाछुत, लैङ्गिक हिंसा, युवा परिचालनसँग सम्बन्धित निकायहरूसँगको सहकार्य तथा समन्वयको अभाव, राजनैतिक सङ्क्रमण, अस्थिर सरकार
- लगानीको उचित सदुपयोग नहुनु, प्रतिवद्धता र सहभागिताको अभाव, प्रतिभाको विदेश पलायन
- पाठ्यक्रममा सांस्कृतिक, धार्मिक, भाषिक एवम् नैतिक शिक्षाको कमी। गरिबीका कारण छिटो धनी हुने आर्थिक लालसा बढ्न गई धर्म परिवर्तन गर्ने तथा कतिपय मूर्ति, कलाकृति, चित्रहरु, धार्मिक ग्रन्थहरु चेरी निकासी हुन थालेका छन्।
- देखासिकी वा नक्कल गर्ने प्रवृत्तिले यस्ता विकृतिहरु बढ्छन्। विदेशी जीवनपद्धतिको अनुकरणले आर्थिक अभाव महसुस हुनगई विकृतिहरु बढ्न गएका छन्। रोजगारीका अवसर कम हुादा बढी फुर्सद हुने र विकृत सोचाइतर्फ ध्यान जाने गरेको छ।
- हाम्रो धर्म, संस्कृतिका प्रचलित संस्कारहरु लचिलो हुनु। व्यक्तिगत स्वार्थ, लोभ र मोहका कारण धार्मिक तथा नैतिक आचरण ओझेलमा पर्नु।
- अत्याधुनिक वैज्ञानिक एवम् भौतिक सुविधाको प्रयोगले मानिसलाई भौतिकवादी बनाएको छ। विदेशी तथा स्वदेशी अश्लील चलचित्र, पत्रपत्रिका जस्ता सामग्रीहरुको प्रभावले विकृतियुक्त मानसिकता जन्माएको छ।

- लागू पदार्थको दुर्व्यसन, यौन दुराचार, चेलीबेटी बेचबिखन जस्ता विकृतिहरु, किशोरावस्थाका शारीरिक, मानसिक एवम् संवेगात्मक उपज हुन् । (स्रोतः रामशरण हुमागाई, आजका नेपाली युवा, युवा बुलेटिन, शिक्षा तथा खेलकुद मन्त्रालय, खेलकुद तथा युवा कार्यक्रम शाखा, केशरमहल, काठमाडौं, नेपाल, २०६२, पेज नं. ३३–३४)
- गुणस्तरीय, समय सापेक्ष र रोजगारमूलक शिक्षाको अभाव, व्यावसायिक सीप र प्रविधिको पहुँचबाट टाढा, गन्तव्य विहीनता, बेरोजगारी र अर्ध बेरोजगारी, युवा पलायन, राजनीतिक अस्थिरता, युवाको कमजोर स्वास्थ्य, पोषण र मनोबल, युवामैत्री लगानी तथा उद्यमको वातावरणको अभाव, लैंगिक, क्षेत्रीय, जातीय विभेद र बहिष्करण, विश्वव्यापीकरण तथा उदारीकरणको प्रभावले ल्याएका चुनौतीहरु ।

**नेपालमा हाल विद्यमान रहेका युवा वर्गको वर्तमान स्थितिलाई सुधार गरेर युवा वर्गको सही परिचालन कसरी गर्ने ? भन्ने समस्याहरूलाई हटाउन निम्न सुझावहरू पेस गर्न सकिन्छः**

- स्थानीय सरकारले निर्माण गर्ने कानुनको तर्जुमामा सक्रिय रुपमा सहभागी भई समावेश बनाउन सल्लाह सुझाव प्रदान गर्ने, स्थानीय सरकारका निर्णयहरू पारदर्शी बनाउन दबाब दिने ।
- सूचनाको हकसम्बन्धी ऐन, नियमको पालना गर्न सरकारलाई खबरदारी गर्ने अभियान सञ्चालन गर्ने, सूचनाको हकको उपयोग गरी स्थानीय सरकारको आयव्यय र खर्च कहाँकहाँ, कुन निर्णयबाट, कुन प्रक्रियाबाट गरियो र त्यसको उपलब्धि के भयो भन्ने सूचना समयसमयमा माग गर्ने
- अनियमितता भए गरेको पाइएमा कानुनी कारबाहीको दायरामा ल्याउन नागरिक दबाब सिर्जना गर्ने, युवाको क्षमता विकास र सूचनामा पहुँचका लागि राष्ट्रिय युवा परिषद् र राष्ट्रिय सूचना आयोगसँग सम्पर्क, समन्वय र सहकार्य गर्ने ।
- राम्रो काम गर्ने जनप्रतिनिधि कर्मचारीलाई सम्मान गर्ने, कुनै योजना, परियोजना तथा कार्यक्रम निर्धारित समयमा तोकिएको मापदण्ड अनुरुप भएनभएको अनुगमन गरी खबरदारी गर्ने ।
- विपद् व्यवस्थापनमा स्वयंसेवकका रुपमा जनतालाई सेवा पुर्‍याउने, छुवाछुत, बोक्सी, छाउपडी, देउकी प्रथा, बालविवाह, दाइजो जस्ता सामाजिक कुरीति, कुसंस्कारका विरुद्ध जनचेतना जगाउने खालका अभियान सञ्चालन गर्ने ।
- लागू पदार्थको दुव्यसनबाट टाढा रहने र त्यस विरुद्ध युवा जागरण कार्यक्रम सञ्चालन गर्ने, युवा क्लब मार्फत खेलकुदको विकासका लागि पर्याप्त बजेट विनियोजन गराउन पहल गर्ने र स्थान अनुसार खेलकुद प्रतियोगिता आयोजना गर्ने,
- पछि परेका निमुखा वर्गको हित संरक्षण र सहभागिताका लागि आवाज उठाउने, समाजमा कसैलाई पनि जातजाति, भाषा, धर्म, वर्ण, लिङ्ग, अपाङ्गता आदिका आधारमा भेदभाव नगर्ने र हुन नदिने ।
- दिगो विकास लक्ष्य (SDG) का लक्ष्य र खासगरी युवासम्बद्ध लक्ष्यलाई स्थानीय योजना र कार्यक्रममा मूलप्रवाहीकरण गरी कार्यान्वयनका लागि पैरवी गर्ने र कार्यान्वयनमा संलग्न हुने, वन, वन्यजन्तु र वातावरण संरक्षणका लागि युवा क्लबमार्फत कार्य गर्ने ।
- सार्वजनिक सम्पत्तिको संरक्षणमा निगरानी र सहयोग गर्ने, विद्यालय, स्वास्थ्य संस्था तथा अन्य प्रशासनिक सेवा प्रवाह गर्ने विन्दुमा स्वयम्सेवकका रुपमा कार्य गरी सेवा प्रवाहलाई प्रभावकारी बनाउन सहयोग गर्ने ।
- युवा क्लब गठन गरी बाटाघाटा, मठमन्दिर, पाटीपौवा, अस्पताल आदि सार्वजनिक तथा धार्मिक स्थलहरुको सरसफाइमा स्वयम्सेवा गर्ने । आफ्नो गाउँपालिका, नगरपालिकाभित्र जमिन बाँझो नराख्ने गरी एक गाउँ एक उत्पादनको अभियानका लागि कार्यक्रम तथा बजेट विनियोजनका लागि स्थानीय सरकारलाई दबाब दिने ।
- स्थानीय सरकारसँग समन्वय गरी युवाको नेतृत्व र व्यापक सहभागितामा जागरणमूलक र रचनात्मक ढङ्गले राष्ट्रिय

दिवसहरू जस्तैः वातावरण दिवस, अन्तर्राष्ट्रिय युवा दिवस, HIV/AIDS दिवस, मानसिक स्वास्थ्य दिवस, नारी दिवस, भ्रष्टाचार विरुद्धको अन्तर्राष्ट्रिय दिवस, श्रमिक दिवस आदि मनाउने (स्रोतः महेन्द्र पौड्याल, युवा र सुशासन, युवा (YUWA) (A Publication of Youth Development & Activities), नेपाल सरकार, युवा तथा खेलकुद मन्त्रालय, सिंहदरबार, काठमाडौं, २०७५, पेज नं. ४५—४७)।

- नेपालीहरू काम गर्नको लागि आवश्यक र उपयुक्त तालिमको अभावले अदक्ष मानिन्छन्। जसको लागि सरकारले विभिन्न किसिमका तमलिमहरूको व्यवस्था गरिनु अति आवश्यक भएको छ। लगानी नै नगरी प्रतिफल प्राप्त गर्न सकिने र वैदेशिक मुद्रा आर्जन गर्ने यो अत्यन्त राम्रो पेशा मानिन्छ। तर यसको गलत रूमपा प्रयोग भएको हुँदा सरकारले यसलाई बढी व्यवस्थित गराउन नराम्रो काम गर्ने व्यक्तिलाई उचित किसिमको दण्ड सजाय दिइनु पर्दछ।
- नेपाली कामदार वैदेशिक रोजगारमा पठाउदा हाल अपनाउनु पर्ने प्रक्रिया ज्यादै लामो र झन्झटपूर्ण भएकोले कामदार छनौटदेखि लिएर सबै व्यवस्था सम्बन्धित कम्पनीले नै आफ्नै जिम्मेबारीमा गर्नुपर्ने र कुन मुलुकमा के कस्तो काम र सुविधामा पठाउने हो सो को विवरण अनिवार्य रूपमा श्रम विभागलाई जानकारी मात्रै गराए पुग्ने व्यवस्था हुनुपर्ने आवश्यक भएको छ। वैदेशिक रोजगार व्यवसाय एउटा सबैभन्दा ठूलो महत्वपूर्ण अंग भएर पनि सरकारी स्तरबाट व्यवसायीहरूले यो सुविधाबाट बंचित हुनु परेकोले नै जे जसरी भए पनि व्यवसाय प्रवर्द्धनको निमित्त सबै संस्था कम्पनीहरूलाई संचार माध्यमबाट जस्तै टेलिफोन र फ्याक्सको सुविधा हुनु पनि अति आवश्यक भएको छ।
- वैदेशिक रोजगार सेवा सञ्चालन गर्ने कम्पनीहरूलाई सरकारी क्षेत्रबाट हुनुपर्ने उत्प्रेरणाको कमी र वैदेशिक रोजगारबाट राजश्वमा पुगेको योगदानको लेखाजोखा गर्ने परिपाटी नभएको हुँदा निकै समस्या देखिएकोले यस्तो समस्याहरू हटाउन हरतरह प्रयास गरिनु पर्दछ। नेपाली श्रमिकहरूलाई खाडीका राष्ट्रहरूमा कम्तिमा अमेरिकी डलर ३०० प्रति महिना भन्दा तलबमा पठाइनु पर्दछ। जस्तै मलेसिया, सिंगापुर, हङकङ र दक्षिण कोरियामा भने त्यहाँको प्रचलित श्रम ऐन अनुसार तलब दिलाउन सरकारी स्तरबाटै कदम चालिनु जरूरी छ।
- वैदेशिक रोजगार सेवामा नेपालको अनुभव भएको र हालको समयमा अन्तर्राष्ट्रिय श्रम बजार वढी प्रतिस्पर्धात्मक भएकोले यस क्षेत्रमा अनुभव प्राप्त दक्षिण एशियाका मित्र राष्ट्रहरू जस्तै श्रीलंका, वगलादेश, पाकिस्तान, भारतमा र एशिया प्यासिफिक क्षेत्रका भित्र राष्ट्रहरू थाइल्याण्ड तथा फिलिपिन्समा नेपाल सरकारको नीति निर्माण तथ्यका कर्मचारी र कार्यान्वयन क्षेत्रमा संग्लन कर्मचारीहरूलाई अध्ययन भ्रमणमा पठाई उनीहरूको सीप र ज्ञानमा अभिवृद्धि गरिनु अति आवश्यक भएको छ।
- नेपालमा रोजगारीको समस्या दिनानु दिनु बढदै गएको छ भने यसलाई केही मात्रामा भए पनि अन्त्य गर्न वैदेशिक रोजगार जस्ता अवसरलाई भरपर्दो र समयानुकूल बनाउनु आवश्यक भएको देखिन्छ। यसको साथसाथै जनचेतनाको विकास गर्न कार्य पनि आवश्यक भएको छ भने विदेशमा रोजगारीका लागि गएका व्यक्तिको अभिलेख अद्यावधिक राख्ने पनि जरूरी भएको बुझिन्छ। शिक्षित बेरोजगार समस्याको निराकरण के कसरी भन्ने बारेतर्फ नेपाल सरकारले गम्भीरता पूर्वक सोचेर कदम चाल्नु पर्ने आवश्यक देखिन्छ। आफनो देशका सीपमूलक उद्योग सञ्चालन गरिनु पर्दछ।
- उच्च गुणस्तर हासिल गरेका व्यक्तिहरूलाई बढी आकर्षण गराउन तलव र भता अरू सुविधाहरू बढाउनु पर्ने विदेशमा काम गर्नेको लागी छुट्टै ऐन नियमको व्यवस्था हुनु पर्ने, ग्रामीण क्षेत्रमा बढी काम गर्ने आदि उपयुक्त कदमहरू चालिएमा वैदेशिक रोजगारको समस्या केही हदसम्म हटाउन सकिन्छ। नेपालमा रोजगारीको अवसरको अभावले गर्दा तथा विदेशमा धेरै धन कमाउन सकिने प्रलोभनको कारण अनियमित वैदेशिक रोजगार चलाएर बसेका कयौं व्यक्तिहरूद्वारा सयौं नेपाली युवाहरू विचल्लीमा परिरहेको जानकारीहरू बारम्बार आउने गरेको छ। यस्तो स्थिति र युवा शक्तिमाथि पर्ने दुष्प्रभावलाई दृष्टिगत गरी श्रम तथा रोजगार मन्त्रालय र प्रहरीबीच सबै जागरूक हुनेपर्ने भएको छ। द्रुतगतिले उत्पादनशील रोजगारी सिर्जना गर्ने खालका उद्योग व्यवसाय र ठूलो कारखानाहरू स्थापना गर्दै लैजानु पनि आवश्यक भएको छ। विदेशी रोजगारीका अवसरहरू बढाउनु भन्दा स्वदेशमा नै रोजगारीका अवसरहरू बढाउँदै

लैजानु आवश्यक छ ।

- सीमित क्षेत्र र उमेर बाहेक अश्लिल चलचित्र, पत्रपत्रिका जस्ता सामग्रीहरु हेर्न प्रतिबन्ध लगाउनुपर्दछ । लागुपदार्थको कारोबार, ओसारपसार र सेवन गर्ने तथा चेलीबेटी बेचबिखन गर्ने व्यक्तिका लागि कडा भन्दा कडा सजायको व्यवस्था मिलाउने र राष्ट्रिय सञ्चार माध्यमहरुबाट विकृति रोक्ने चेतनामूलक सन्देश प्रसारण गरि जनतालाई सुसूचित गर्ने व्यवस्था मिलाउनुपर्दछ । यसको साथसाथै किशोरावस्थाका केटाकेटीहरुलाई अभिभावक, संरक्षक र अध्ययन संस्थानले राम्रोसँग निर्देशन तथा परामर्श सेवा उपलब्ध गराइरहने र विकृति तथा विचलण आउनै नदिन उनीहरुका क्रियाकलाप प्रति सचेत भई बारम्बार निगरानी गरिरहनुपर्दछ । तर उनीहरुको मन मस्तिष्कमा नकारात्मक सोचाई विकास हुने काम कारवाही गर्नुहुँदैन ।
- समाजमा रहेका गलत धारणा, परम्परा, रितिरिवाज र यसबारे सिर्जित समस्याहरुबारे खुल्ला पैरवी र अर्न्तक्रिया गर्ने, गराउनुपर्दछ । स्थानीय तहमा शिक्षा र स्वास्थ्य क्षेत्रसँग सम्बन्धित चेतनामूलक गतिविधि र कार्यक्रमहरु सञ्चालन गर्ने संघ संस्था एवम् व्यक्तिहरुसँग सम्बन्ध कायम गराउनुपर्दछ । हिमाली र पहाडी क्षेत्रमा विद्यमान सामाजिक कुरिती, कुप्रथा तथा अन्धविश्वास हटाउन विभिन्न जनचेतनामूलक कार्यक्रमहरु सञ्चालन गर्नुको साथै मुलुकमा धार्मिक सहिष्णुता कायम राख्न भौगोलिक, धार्मिक, सांस्कृतिक, जातीय, लैङ्गिक विभेद हटाई प्रत्येक जातजातिलाई राष्ट्रले संरक्षण तथा सम्वद्धन गर्नुपर्दछ ।
- किशोरकिशोरीमा यसै अवस्थामा यौन परिपक्वताका साथसाथै उनीहरुमा शारीरिक परिवर्तन सुरु हुन्छ । यसैप्रतिको जिज्ञासाका कारण उनीहरु यौन शिक्षा, जनसंख्या शिक्षा र स्वास्थ्य शिक्षाका विषयवस्तुप्रति बढी आकर्षित देखिन्छ । यस अवस्थामा राम्रो नराम्रो छुट्याउन नसक्ने हुनाले शिक्षक तथा अभिभावकको सल्लाह, सुझाव, मार्गदर्शन, निर्देशन र पथप्रदर्शन अत्यावश्यक छ । आफ्नो निर्णय आफैं लिन नसक्ने तथा आफ्ना नजिकका साथीहरुबाट निर्देशित हुने उमेर भएकोले उचित परामर्श, मार्गदर्शन र शिक्षा प्राप्त भएमा यस्ता किशोरकिशोरीहरु सकारात्मक सामाजिक क्रियाकलापहरुतर्फ उन्मुख हुन सक्ने थुप्रै सम्भावना रहन्छ । त्यसकारण किशोरकिशोरीलाई हेलचेक्र्याई गर्नुभन्दा सही मार्गदर्शन सहित जिम्मेवारी र उत्तरदायित्व बोध गराएमा आफ्नो महत्वपूर्ण समयमा दुविधामा बिताउन नसक्ने वातावरण सिर्जना हुन सक्छ ।
- वातावरण अध्ययन गर्ने, गराउने र यसलाई प्रचार प्रसारको माध्यमबाट जनसमक्ष पुऱ्याउने कार्य युवा वर्गबाट अवश्य हुन सक्छ । खास गरी भन्ने हो भने वातावरण संरक्षण, किन र कसरी गर्ने, यसको आवश्यकता र महत्व विषयमा युवा वर्गलाई सर्वप्रथम सचेत गराउनुपर्दछ। तत्पश्चात् ती युवाहरुले आफूले सिकेका कुराहरु आर्जेको ज्ञान आफ्नो आफ्नो क्षेत्रमा गई सम्झाउने, बुझाउने कार्य गर्न सक्छन् । युवा एक यस्तो अवस्था हो । जसले जे पनि गर्न र गराउन सक्दछ । प्रौढ र बृद्ध भईसकेपछि शारीरिक कठिनाईको कारण र बढी जिम्मेवारीको कारणबाट त्यतिको गर्न नसकिएको हुदा युवा अवस्था नै जे पनि सक्ने र गर्ने समय हो । अंग्रेजी कहावतमा भनिएको छ "Youth is the harvest time" वातावरण सम्बन्धी जति वर्णन गरेपनि नसकिने हुँदा सो को वर्णन भन्दा पनि त्यसलाई कसरी सम्वद्र्धन, संरक्षण गर्नेतर्फ जाँदा राम्रो हुने भएकोले तिनलाई संरक्षण गर्नेतर्फ युवाको भूमिका महत्वपूर्ण हुन आउँछ । जनसंख्याको बढ्दो चाप, भू-क्षय, बाढी पहिरो, इन्धन, घाँसपातको कमी, कृषि उत्पादनमा कमीले वातावरणीय ह्रासमेत हुँदै गईरहेको विद्यमान अवस्थालाई इमान्दारीपूर्वक सोच्छ भावनाले सुधार गरी संरक्षण गर्नु आजको वर्गको काँधमा परेको छ।
- व्यवसाय सुरु गर्नुअगाडि सम्बन्धित व्यवसाय गरिरहेका र अझ सफल व्यवसायीसँग छलफल अन्तरक्रिया गरी प्राप्त सुझावको आधारमा व्यवसाय सुरु गर्ने र सञ्चालनको क्रममा पनि त्यस्ता आवश्यक सुझावहरु लिने गर्नुपर्दछ । सफल अनुभवबाट आफ्नो व्यवसायलाई सफल बनाई उद्यमी बन्न सकिन्छ । व्यवसाय सुरु गर्नुअगाडि सोच्नुपर्ने अर्को विषय हो व्यवसायीको सिर्जनशील पक्ष । यो व्यक्ति कति सिर्जनशील छ सो कुरामा व्यवसाय सफल असफल हुने कुरा प्रायः निश्चित हुन्छ । आम नेपालीहरुको बानी भनौं एउटाले कुनै व्यवसाय सुरु गर्यो भने अर्काले पनि त्यही व्यवसाय सुरु गर्ने

गरेको पाइन्छ। यसो नगरी एउटा दुईटा वा केहीले सुरु गरेको व्यवसायको अर्को उत्पादन प्रक्रियामा आफूले व्यवसाय सुरु गरे सफल भइन्छ।

- व्यवसाय गर्दै सिक्दै आफ्नो क्षमता विकासमा ध्यान दिनुपर्ने अर्को महत्वपूर्ण विषय हो। शिक्षा र क्षमता विकासले व्यवसायको वा उत्पादनको उत्पादकत्व बृद्धिमा सहयोग पुर्‍याउँछ। गल्ती भएमा चिन्ता गर्नु हुँदैन गल्ती गर्दै सिक्दै सच्चिँदै अनुभव लिँदै सफल भइन्छ। त्यसैले गल्ती भयो भन्दैमा आत्तिनु हुँदैन। कहिले सफल भइन्छ भने कहिले बिफल। तर त्यसबाट पाठ सिकिएन भने चाहिँ फेरि असफल भइन्छ।

देशको प्रमुख समस्याको रूपमा रहेको बढ्दो वेरोजगारीको स्थितिमा सुधार ल्याउन बढी भन्दा बढी जनशक्तिलाई रोजगारी प्रदान गर्नेतर्फ पहल हुनुपर्ने देखिन्छ। यसको लागि युवा वेरोजगारीहरूलाई उपयुक्त तालीम प्रदान गरी राष्ट्रिय स्तरमा रोजगारीका अवसरहरू खोजी गरी उपलब्ध गराउन आवश्यक भएको छ। जनशक्तिको प्राविधिक सीप, कौशल र क्षमता वृद्धि सक्रियताका साथ लाग्नु पर्ने भएको छ। ग्रामीण क्षेत्रमा स्वरोजगारका अवसरहरूको सृजनाका साथै ग्रामीण पूर्वाधार विकास निर्माण कार्यक्रम श्रममुलक प्रविधिको उपयोग गरी रोजगारीको अवसरहरू वृद्धि गर्नुपर्ने देखिन्छ। भौगोलिक र स्थलगत विशेषताको आधारमा श्रममुलक कृषिजन्य उद्योगहरूलाई प्रोत्साहित गर्नु परेको छ। सम्भाव्यता भएका ग्रामीण र दुर्गम क्षेत्रमा रोजगारमूलक पर्यटन व्यवसायलाई विकसित गर्नुपर्ने औचित्य बढेको छ। वेरोजगारी र अर्ध वेरोजगारीको समस्यालाई निराकरण गर्न घरघरमा रोजगारीको अवधारणालाई मूर्त रूप दिन परेको छ। कृषि तथा गैर कृषि क्षेत्रमा सृजना हुने नयाँ रोजगारीको अवसरहरू बढाउने तर्फ विशेष प्राथमिकता दिनु पर्ने देखिन्छ। उपलब्ध रोजगारीका अवसरहरूमा समेत विदेशीभन्दा स्वदेशी श्रम शक्तिको पहुँच र आपूर्ति बढाउनेतर्फ पहल गर्नुपर्ने आवश्यकता रहेको छ। साना घरेलु र कुटिर उद्योगहरूको विकासको लागि ऋणको व्यवस्था गरिनु पर्दछ।

नेपालीहरूको वैदेशिक रोजगारीका लागि उर्वर भूमि मानिएको खाडी क्षेत्रमा नेपालीहरूले अहिले उच्च स्तरको कामको अवसर पनि पाउने भएका छन्। नेपाली कामदारहरूलाई स्वदेशमा नै आवश्यक तालिम दिएर खाडी क्षेत्रमा उच्च स्तरको कामको अवसर पनि पाउने भएका छन्। नेपाली कामदारहरूलाई स्वदेशमा नै आवश्यक तालिम दिएर खाडी क्षेत्रमा पठाउने व्यवस्था गरिएको पाइन्छ। नेपाली कामदारहरूले आफूले कमाएको पैसा ठीक तरिकाले पठाउन नपाउने त्यहाँ प्रयोग गरिएका सामानहरू नेपाल आउदा भन्सार लिई दिने जस्ता समस्याहरूका अलावा त्यहाँ भनिएको भन्दा कम तलबमा काम लगाइने गरेको, फारक काममा लगाइने, बढी समय खटाइने गरिएको, फरक कम्पनीमा परिवर्तन गरिने गरिएको जस्ता समस्याहरू देखिने गरेको छ। यसरी फरक कम्पनीमा पठाउने, कम तलबमा पठाउने जस्ता गलत कार्य गर्ने केही कम्पनी विरूद्ध नेपाली कामदारहरूले उजुरी पनि दिएका छन्। सो विरूद्ध नेपाली कामदारहरूले उजुरी पनि दिएका छन्। सो उजुरी उपर कारवाही पनि भइरहेको पाइन्छ। अन्तराष्ट्रिय श्रम बजारमा नेपालीको माग बढाउने तथा विदेशमा कार्यरत कामदारको सुरक्षा एवं हक हितको व्यवस्था गर्ने दिशामा सरकारका कार्यरत रहेको छ। नेपाल श्रमको प्रमुख मागकर्ता साउदी अरेबियाको दुतावासमा नेपालमा खोल्न नेपाल प्रयासरत रहेको बुझिन्छ। २०६१ साल भदौ १६ गते इराकमा विभत्स रूपले मारिएका निर्दोष १२ नेपालीको घटनाले गर्दा सबै नेपालीलाई निकै दुःख लागेको छ। यसले गर्दा राजधानीमा पनि क्षोभ र आक्रोशले उद्दण्डता प्रदर्शन पनि गरियो र विभिन्न ठाउँमा आगजनी पनि भयो। नेपाल सरकारले अझ बढी व्यवस्थित रुपमा वैदेशिक रोजगारमा पठाउने कम्पनीहरुलाई राम्रोसँग बढी व्यवस्थित गराउनु पनि त्यतिकै आवश्यक रहन आएको छ। यदि यस्तो हुन सकेन भने भविष्यमा वैदेशिक रोजगार कम्पनी र वैदेशिक रोजगारमा जाने व्यक्तिहरुले धैरै दुःख र कष्ट भोग्नु पर्ने पनि देखिन आएको छ।

सिप, तालीम र योग्यतायुक्त जनशक्तिलाई वैदेशिक रोजगारीमा पठाउन सके आम्दानी र प्रतिष्ठा बृद्धि हुन सक्ने सम्भावना भएकोले कोरा जनशक्तिलाई कसरी स्तरयुक्त जनशक्ति बनाउने भन्ने चुनौती विद्यमान रहेको देखिन्छ। देशगत (Country Specific) माग पक्ष (Demand Side) लाई बुझेर त्यसको आपूर्ति पक्षलाई कसरी व्यवस्थित गर्न सकिन्छ सो बारेमा विचार गर्ने बेला आइसकेको भएता पनि यसो गरी तालीम र शिक्षा दिई अभिमूखीकरण सहितको आपूर्ति व्यवस्था सुधार्न सकिएको छैन। न त देशगत माग पक्षको सूचना सङ्कलन, प्रक्षेपण र विश्लेषण गर्न नै सकिएको छ। यी दुवै पक्षहरु चुनौतीपूर्ण रहेको देखिन्छ।

विदेशमा काम गर्न जाने प्रकृया र विदेशमा रहँदा देखिएका अनेकन विकृतिहरुलाई सुधार्न अझै बाँकी छ। देशमा दिइने तालीमहरु पर्याप्त नभएका र तिनको स्तर निर्धारणको समस्या पनि यथावतै छ।

केही वर्ष यतादेखि रोजगारी र आय आर्जनको प्रमुख स्रोतको रुपमा वैदेशिक रोजगारी देखापरेको छ। यस स्रोतको उच्च उपयोगको लागि वैदेशिक रोजगारीले खोजेको सीपमूलक तालिमसम्बन्धी व्यवस्थाको टड्कारो आवश्यकता रहेको छ। वैदेशिक रोजगारीलाई व्यवस्थित र सुरक्षित तुल्याउन समयसापेक्ष नीतिगत व्यवस्था गरिनुका साथै विदेशमा काम गर्न जाने प्रक्रिया र विदेशमा रहँदा देखिएका समग्र समस्याहरुलाई सम्बोधन गर्नुपर्ने चुनौती रहेको छ। विगतमा वैदेशिक रोजगारीको गन्तव्य मानिएका अरब मुलुकहरु बाहेक कोरिया जस्तै अन्य सम्भाव्य क्षेत्रहरुको पहिचान गरी त्यस्ता अवसरहरुको उपयोग गर्न सके राष्ट्रकै एक प्रमुख आय स्रोत मानिएको विप्रेषणमा थप वृद्धि गर्न सकिने देखिन्छ। वैदेशिक रोजगारीको अवसरको माग बढ्दै गएको वर्तमान परिप्रेक्ष्यमा देशगतरुपमा मागको आँकडा सङ्कलन, विश्लेषण र भावी दिनका लागि आवश्यक प्रक्षेपण गर्ने संयन्त्रको विकास गरी देशगत माग पक्षको आपूर्तिलाई व्यवस्थित गर्न शिक्षा र तालिम प्रदान गरी अभिमुखीकरण सहितको आपूर्ति व्यवस्था मिलाउनु चुनौतीको रुपमा रहेको छ।

### सन्दर्भ सामग्रीहरू


- ‘सूर्य कुमार पण्डित ‘नेपालको आन्तरिक र वैदेशिक रोजगारीको स्थिति ‘उजागर (मासिक) वष १, अंक २ फागुन २०५६।
- नन्द राज राई ‘वैदेशिक रोजगार व्यवस्था प्रवर्धन विचार गोष्ठिमा प्रस्तुत वैदेशिक रोजगार व्यवसायको गतिविधि समस्या र व्यवसायी संघ’ २०५१/११/२९
- वावाकृष्ण गुरूङ ‘वैदेशिक रोजगार के हो ?’ सांग्रिला इन्टरनेशनल नया“ बानेश्वर।
- ‘द डेस्टिनेशन’ वैदेशिक रोजगार विशेष अंक वर्ष २, अंक ७, २०५९।
- डा.बालकृष्ण रञ्जित, किशोरावस्था—प्रजनन् स्वास्थ्य र यौन शिक्षा, जनसंख्या शिक्षा गतिविधि, शिक्षा तथा खेलकुद मन्त्रालय, जनसंख्या शिक्षा एकाई, केशरमहल तथा संयुक्त राष्ट्र, जनसंख्या कोष, वार्षिक प्रकाशन, वर्ष २४, अंक ४०, मे २००७।
- अजिता शर्मा, वैदेशिक रोजगारी विद्यमान व्यवस्था, समस्या/चुनौती, सम्भावना एवं सुधारहरु, श्रम तथा रोजगार, अर्धवार्षिक, पत्रिका प्रकाशन, वर्ष १, अंक २, २०६५ जेठ, नेपाल सरकार, श्रम तथा यातायात व्यवस्था मन्त्रालय, सिंहदरबार, काठमाडौं, नेपाल।
- श्यामप्रसाद मैनाली, Labour Migration, Some Issues in Nepalese Perspective, श्रम तथा रोजगार अर्धवार्षिक, पत्रिका प्रकाशन, वर्ष १, अंक १, २०६४ मंसिर, नेपाल सरकार, श्रम तथा यातायात व्यवस्था मन्त्रालय, सिंहदरबार, काठमाडौं, नेपाल।
- बाबुराम सुवेदी, नेपालमा युवाहरुको आर्थिक परिचालन —समस्या र सम्भावना, युवा बुलेटिन, अंक ७, शिक्षा तथा खेलकुद मन्त्रालय, खेलकुद तथा युवा कार्यक्रम शाखा, केशरमहल, काठमाडौं, नेपाल, २०६४।
- ‘वैदेशिक रोजगारमा जाने व्यक्तिहरूले जानकारी राख्नु पर्ने कुराहरू’, नेपाल सरकार, श्रम तथा यातायात व्यवस्था मन्त्रालय, सिंहदरबार, काठमाडौं।
- दशौं योजना (२०५९–२०६४) नेपाल सरकार, ‘राष्ट्रिय योजना आयोग’, नेपाल २०५९ फागुन।
- गम्भीर बहादुर हाडा ‘नेपालमा वैदेशिक रोजगार समस्या र सुझाव’ The Destination वर्ष २, अंक ४ २०५८ फागुन (राष्ट्रिय नेपाली मासिक)
- गम्भीर बहादुर हाडा ‘नेपालमा वैदेशिक रोजगारको व्यवस्था केही समस्या र केही सुझाव’ आर्थिक तथा व्यवस्थापन विकास वर्ष ६, अंक ४, आर्थिक तथा व्यवस्थापन लेखन मञ्च, काठमाडौं।
- गम्भीर बहादुर हाडा, ‘नेपालमा वेरोजगारीको समस्या र समाधानका उपायहरू’ नेपाल राष्ट्र बैंक समाचार, वार्षिक प्रकाशन ४८ औं वार्षिकोत्सवको उपलक्ष्य, बैशाख १४, २०६० नेपाल राष्ट्र बैंक केन्द्रीय कार्यालय, काठमाडौं।
- हिरण्यलाल श्रेष्ठ, वैदेशिक रोजगारको क्षेत्रमा विध्यमान समस्या, स्पेशटाइम दैनिक, २०५९/२/१८

- गम्भीर बहादुर हाडा, नेपालमा वैदेशिक रोजगारको व्यवस्था-समस्या र सुझाव, रोजगार माध्यम, वर्ष २, अंक १२, वैशाख-जेष्ठ, २०५१, काठमाडौं, नेपाल।
- वैदेशिक रोजगार दिग्दर्शन, नेपाल सरकार, श्रम तथा यातायात व्यवस्था मन्त्रालय सिंहदरबार, काठमाडौ, २०५७।
- आर्थिक वर्ष २०७९/८० को बजेट वक्तव्य, नेपाल सरकार, अर्थ मन्त्रालय, २०७९।
- तीन वर्षीय अन्तरिम योजना (२०६४/६५-२०६६/६७, नेपाल सरकार, राष्ट्रिय योजना आयोग, मंसिर, २०६४।
- पन्ध्रौं योजना २०७६-२०८१, नेपाल सरकार, राष्ट्रिय योजना आयोग, काठमाडौं, नेपाल, २०७६।
- आर्थिक सर्वेक्षण, आर्थिक वर्ष २०७८/७९, नेपाल सरकार, अर्थ मन्त्रालय, काठमाडौं, नेपाल, २०७९।
- कृष्णप्रसाद खनाल, वित्तीय ब्यवस्थापन र सुशासनमा युवाको भूमिका, युवा, अंक २०, २०७८, युवा तथा खेलकुद मन्त्रालय।
- जगदीश्वर पाण्डे, युवा क्षेत्रमा बजेट विनियोजन र अबको बाटो, युवा, अंक २०, २०७८, युवा तथा खेलकुद मन्त्रालय।
- कोभिड-१९ महामारीमा नेपाली आप्रवासी श्रमिकहरुको अधिकार अध्ययन प्रतिवेदन २०७७, राष्ट्रिय मानव अधिकार आयोग, हरिहरभवन, ललितपुर, नेपाल।
- कार्यक्रम कार्यान्वयन सहजीकरण पुस्तिका आ.व. २०७८-७९, नेपाल सरकार, युवा तथा खेलकुद मन्त्रालय, राष्ट्रिय युवा परिषद्, सानोठिमी, भक्तपुर।
- गम्भिरबहादुर हाडा, युवामा लागूपदार्थ दुव्र्यसन र सरकारी ब्यवहार, राजधानी राष्ट्रिय दैनिक, पौष १८, २०७८, काठमाडौं, नेपाल।
- ईश्वरी प्रसाद भट्टराई, नेपालको कृषि क्षेत्र —वर्तमान अवस्था, समस्या तथा सम्भावनाहरु, मिर्मिरे, आर्थिक लेख विशेषांक, वर्ष ३६, अंक ५, २०६४, भाद्र, पूर्णाङ्क २६४, नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय, जनसम्पर्क महाशाखा, काठमाडौं, नेपाल।
- प्रतिभा शर्मा, लैङ्गिक अध्ययन —सिद्धान्त र व्यवहार (Gender Studies –Principle and Theory), उत्सव बुक्स प्रकाशन, काठमाडौं, नेपाल, प्रथम संस्करण २००८।
- प्राध्यापक, खेम कोइराला 'बन्धु', समाजसेवामा युवा जनसहभागिता, वातावरण संरक्षणमा जनसहभागिता, माघ-१५-२०४०, मध्य पश्चिमाञ्चल वि.केन्द्र, सुर्खेत, वातावरणीय प्रभाव अध्ययन आयोजना, थापाथली, काठमाडौं, नेपाल।
- जनकराज दाहाल, विकासमा जनसहभागिता, विकासबाट उत्पन्न हुन सक्ने समस्या र तीनका समाधानका उपायहरु, गाउँको बोली —विविध विचारहरुको संगालो, वर्ष ८, अंक १, २०६५, संयुक्त ग्रामीण विकास कार्यक्रम, काठमाडौं, नेपाल।
- मोहन प्रसाद चापागाई, वातावरणीय संरक्षणमा युवा वर्गको दायित्व एक चर्चा, युवा बुलेटिन, वर्ष १, अंक १, २०५८ वैशाख, शिक्षा तथा खेलकुद मन्त्रालय, युवा कार्यक्रम शाखा, केशरमहल, काठमाडौं, नेपाल।
- नेपाल जनसंख्या प्रतिवेदन, २०६४, जनसंख्या तथा स्वास्थ्य मन्त्रालय, काठमाडौं, नेपाल।
- गम्भीर बहादुर हाडा, आर्थिक विकासमा युवा वर्गको भूमिका, राष्ट्रिय आर्थिक दैनिक, वैशाख ३०, २०६७।
- राष्ट्रिय युवा नीति २०६६, नेपाल सरकार, युवा तथा खेलकुद मन्त्रालय, कमलपोखरी, काठमाडौं।
- युवा बुलेटिन, नेपाल सरकार, युवा तथा खेलकुद मन्त्रालय, सातदोबाटो, ललितपुर, २०६६।
- विष्णु प्रसाद लम्साल, अन्तर्राष्ट्रिय परिवेशमा युवा नीतिः छलफलका विषयहरु, युवा बुलेटिन, नेपाल सरकार, युवा तथा खेलकुद मन्त्रालय, सातदोबाटो, ललितपुर, २०६६।
- मगभरि बहादुर हाडा, आर्थिक विकासमा युवा वर्गको भूमिका, आर्थिक राष्ट्रिय दैनिक, २०७३ श्रावण ३, काठमाडौं, नेपाल।
- गम्भिर बहादुर हाडा, आर्थिक विकासमा उद्यमशीलता तथा नवप्रवर्तनको महत्व, नेपाली निर्माण विशेषांक, २०७८, Vol.२६, No.२९, Falgun २०७८, नेपाल निर्माण ब्यवसायी महासंघ, काठमाडौं, नेपाल।
- P.Shrestha, उद्यमशीलता विकास (Entrepreneurship Development), MBS Second Year, Samjhana Publication Pvt.Ltd, Campus Road, Minbhawan, Kathmandu, Nepal, Seventh Revised as per new course २०६७.
- सुशील भक्त माथेमा, मनोज भट्टराई, उद्यमशीलता विकास (Entrepreneurship Development), धौलागिरी बुक्स एण्ड

स्टेशनरी, पुतलीसडक, काठमाडौं, दोस्रो संस्करण २०६२ ।

- बैकुण्ठ प्रसाद भुसाल, उद्यमशीलता एवं साना व्यवसाय व्यवस्थापन (Entrepreneurship and Small Business Management)वि.वि.एस तेस्रो वर्ष), ज्ञानकुञ्ज पुस्तक पसल, कीर्तिपुर, काठमाडौं, प्रथम संस्करण २०६२ ।
- डा.श्याम जोशी, उद्यमशीलता विकास (Entrepreneurship Development), तलेजु प्रकाशन, चित्तधरमार्ग, भोटाहिटी, काठमाडौं, वर्तमान संस्करण २०६१ ।
- डा.उदय राज रेग्मी, नवीन गौतम, ग्रामीण बजारशास्त्र र उद्यमशीलता विकास (Rural Marketing and Entrepreneurship Development), क्षितिज प्रकाशन, कीर्तिपुर, काठमाडौं, प्रथम संस्करण २०६९ ।
- नेपालमा शरणर्थी कानुनको उपादेयता Prospects of A Refugee Law in Nepal, त्रि वि कानुन संकाय कीर्तिपुर नेपाल। PPR Nepal, SAFAR, HURON, Pro-Public, Inhured.
- हरीहर पोख्रेल, संघीय सात प्रदेशः नेपालको संविधानको विकासक्रम र विशेषता, ब्रदर बुक्स प्रकाशन प्रा. लि. संस्करण २०७२ असोज।
- स्थानीय निकायहरूको वित्तीयहरूको वित्तीय स्थिति विश्लेषण नेपाल सरकार, स्थानीय निकाय वितीय आयोगको सचिवालय सिहदरवार काठमाडौं जेष्ठ, २०७० ।
- नृपधोज निरौला श्याम कुमार भट्टराई, सार्वजनिक व्यवस्थगापन स्रोत साम्रगी सर्वजनिक प्रशासन, व्यवस्थापन विकास विशेष, सारथी सोपान मासिक, अध्ययन तथा अनुसन्धान केन्द्र दोस्रो संस्करण ।

# नेपाली युवाका समस्या

**रमाकान्त शर्मा***



## लेखको सार

चालिस प्रतिशत युवाको जनसंख्या रहेको अवस्था भनेको जनसांख्यिक दृष्टिले देशको लागि ठूलो लाभको समय हो । युवा परिवार, बालबालिका र बृद्ध सदस्यको मात्र नभएर देशका पनि आधार स्तम्भ हुन् । युवा शक्तिलाई उत्पादनशील कार्यमा लगाउन सक्ने तथा युवाको क्षमतालाई सहि प्रयोग गर्ने देश नै बिकासमा फड्को मार्न सफल भएकाछन् । देशमा युवाको संख्या धेरै भएको अवस्थामा सदुपयोग गर्न सकिएन भने आन्दोलन र विद्रोह हुने खतरा पनि हुन सक्दछ । नेपालको युवाको अवस्था हेर्ने हो भने सन्तोष गर्ने अवस्था छैन । भाषिक र बौद्धिक क्षमता विकास गरेका युवाहरु अमेरिका, युरोप र अस्ट्रेलियातर्फ पलायन हुँदै छन् भने अंग्रेजी भाषिक सीप कमजोर भएका, शैक्षिक पृष्ठभूमि दरिलो बनाउन नसकेका शारीरिक उर्जाशील युवाहरु भारत, कुवेत, साउदी अरव, मलेसिया, कोरिया जस्ता देशहरुमा कम पारिश्रमिकमा जोखिमपूर्ण कार्यमा श्रम बेच्न बाध्य भएका छन् । बास्तविक रुपमा भन्ने हो भने नेपालको जनसंख्याको लाभांस अन्य देशले उठाइ रहेकाछन् । सुगम देखि बिकटसम्मका गाउँ टोलहरु युवा विहिन भैरहेका छन् । तागत लगाउनु पर्ने कार्यहरु समेत शारीरिक रुपमा कमजोर तथा शरीर जीर्ण भइसकेका बृद्धबृद्धाले गर्न बाध्य भएका छन् । यस्तो अवस्था आउनुमा सामाजिक सोच, राज्य सञ्चालकहरुको दुरदृष्टि र कार्यप्रक्रियामा रहेको कमजोरीको कारणले हो भन्ने कुरामा शंका छैन । तसर्थ युवालाई नेपालमा नै आफ्नो भविष्य प्रति आशाबादी बनाउन, आफ्नै स्थानमा उद्यमशील बन्न, सम्मानित तरिकाले श्रम गर्न, ज्ञान, सीप र क्षमताको प्रयोग गर्न सक्ने बनाउन युवा सम्वन्धमा अध्ययन अनुसन्धान हुनु पर्ने, देखिएका कमकमजोरी हटाउनु पर्ने र भएका नीति, ऐन कानून र कार्यक्रमलाई प्रभावकारी तरिकाले कार्यान्वयन गर्नु पर्ने आजको आवश्यकता हो ।

## पृष्ठभुमि

नेपालको कानूनले युवा भनेर १६ बर्षको उमेर देखि ४० बर्षको उमेर सम्मलाई मानेको छ । हालै २०७८ सालमा भएको नेपालको जनगणनाको सम्पूर्ण विवरण आउन बाँकी नै छ । यो भन्दा पहिलो तथा २०६८ सालको जनगणना अनुसार १६ देखि २५ बर्ष उमेर समूहको जनसंख्या २०.८ प्रतिशत र १६ देखि ४० बर्ष उमेर समूहको जनसंख्या ४०.३३ प्रतिशत रहेको देखाएको थियो । कुल जनसंख्या २ करोड ६४ लाख ९४ हजार ५ सय चार मध्ये १ करोड ६८ लाख ९ हजार ८ सय ४२ युवा रहेका थिए । यी मध्ये ५४.५ प्रतिशत महिला र ४५.८ प्रतिशत पुरुष रहेका थिए ।

युवाको लागि विभिन्न मुलुकले आ-आफ्नै उमेरको मापदण्ड बनाएका छन् । युवा भनेको शारीरिक रुपमा परिपक्व भै सकेको र

---

** प्रशासकीय प्रमुख, राष्ट्रिय युवा परिषद्*

शारीरिक रुपमा कमजोर नभै सकेका शारीरिक र बौद्धिक रुपमा उर्जाशील उमेरका व्यक्ति हुन् । युवा समूह परिवारका बालबालिका र बृद्ध सदस्यको मात्र नभएर देशका पनि आधार स्तम्भ हुन् । युवालाई सीप, दक्षता र क्षमता बृद्धि गर्न, सिर्जनात्मक र उत्पादनशील कार्यमा रमाउन सक्ने वातावरण निर्माण नगर्दासम्म न त समाज अगाडि बढ्न सक्दछ न त देश नै समृद्ध बन्न सक्दछ । युवाको क्षमतालाई सहि सदुपयोग गर्ने देश नै आर्थिक र समाजिक बिकासमा फड्को मार्न सफल भएका छन् । नेपालमा युवाको अवस्था हेर्ने हो भने त्यति सन्तोषजनक छैन । अधिकांश युवा पूर्ण बेरोजगारी, अर्ध बेरोजागारी, पर्याप्त पोषणयुक्त र सन्तुलित खानाको कमी, मानसिक तनाव र युवामैत्री लगानी र वातावरणको कमी, अत्यधिक गरिवीको कुचक्र जस्ता समस्याले गिजे लिएका छन् । नेपालको संविधानमा भएको युवा सम्वन्धी नीति, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा रहेको व्यवस्था, पन्ध्रौ आविधक योजनामा रहेको युवा सम्वन्धी सोच, लक्ष, रणनीति र कार्ययोजना, राष्ट्रिय युवा नीति २०७२ मा रहेका प्रावधान, राष्ट्रिय युवा परिषद ऐन २०७२ का व्यवस्था, युथ भिजन २०२५ र दश बर्षे रणनीति, सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५ मा रहेका व्यवस्था, बालविवाह अन्त्यका लागि राष्ट्रिय रणनीति २०७२, विद्यालय नर्स कार्यविधि २०७७ जस्ता बनेका ऐन, नियम र दस्ताबेजलाई हेर्ने हो भने युवाको अवस्था कमजोर हुनु पर्ने होइन । यी नीति, ऐन कानून, योजनामा भएका व्यवस्थाको कार्यान्वियनको अवस्था कमजोर भएको कारणले नै नेपाली युवाहरु आफ्नै परिवार, समाज र राष्ट्रको समृद्धिको लागि नभएर विदेशको लागि उपयोग भइरहेका छन् ।

नेपाल श्रम सर्वेक्षण, २०१८ ले नेपालको औपचारिक तथा अनौपचारिक क्षेत्रमा ७१ लाख जनशक्ति बेरोजगार देखाएको छ । युवाको जनसंख्या बढी भएको कारणले पनि यो सख्यामा ठूलो हिस्सा युवाको नै छ । विगतमा अब्बल युवाहरुको रोजाइ लोकसेवा आयोगको प्रतिस्पर्धामा खरो रुपमा उत्री निजामति कर्मचारी बन्ने थियो भने अहिले त्यो अवस्था परिवर्तन भै सकेको छ । अब्बल युवाहरुले युरोप, अमेरिकामा बौद्धिक व्यवसायमा स्थापित हुने सपना देख्ने र त्यसै अनुसारको प्रतिस्पर्धा गर्नतर्फ लागेको देखिन्छ । भाषिक, शैक्षिक र बौद्धिक प्रतिस्पर्धामा पछाडि परेका शारीरिक रुपमा उर्जाशील युवाहरु भारत, साउदी अरव, कुवेत, मलेसिया र कोरियामा कम ज्यालामा असुरक्षित र चुनौतिपूर्ण कार्य गर्न गइरहेका छन् । विदेशमा रोजगारीमा जाने युवाले के कस्तो काम पाउँछन् र ती कार्यको लागि के-कस्ता सीप र दक्षता आवश्यक हुन्छ ? भन्ने सम्बन्धमा अध्ययन अनुसन्धान गरी त्यसै अनुसार रोजगारीमा जान चाहने युवालाई तयारी गर्ने कार्य हुन सकेको छैन । धेरै देशमा युवाले देश सञ्चालनको नेतृत्व लिने देखि विभिन्न क्षेत्रमा प्रभावकारी नेतृत्व गरिरहेको देखिन्छ । हाम्रोमा भने राजनीतिक दलमा पुरानो पुस्ताका नेताले नयाँ पुस्तालाई विश्वास गरी नेतृत्व हस्तान्त्रण गर्न चाहेको देखिदैन । यसैको परिणाम नयाँ पुस्ताले विभिन्न क्षेत्रमा नेतृत्व लिने कार्य निकै चुनौतिपुर्ण तथा समस्यापुर्ण बनिरहेको छ ।

## नेपालको संविधानमा युवा सम्वन्धी व्यवस्था

नेपालको संविधानले व्यवस्था गरेका मौलिक हकहरु युवालाई पनि लागू हुन्छन् भने राज्यका नीति अन्तरगत सामाजिक समावेशीकरण सम्वन्धी नीतिमा राज्यको विकासमा युवा सहभागिता अभिबृद्धि गर्दै राजनीति, आर्थिक, समाजिक, सांस्कृतिक अधिकारको पूर्ण उपयोगको वातावरण सिर्जना गर्ने, युवाको सशक्तिकरण र विकासका लागि शिक्षा, स्वास्थ्य, रोजगारी लगायतका क्षेत्रमा विशेष अवसर प्रदान गर्दै व्यक्तित्व विकास गर्ने तथा राज्यको सर्वाङ्गीण विकासमा योगदानका लागि उपयुक्त अवसर प्रदान गर्ने भन्ने व्यवस्था गरेको छ ।

## ऐन, नियममा युवा सम्वन्धी व्यवस्था

युवा सम्वन्धि कानूनी व्यवस्था गर्न राष्ट्रिय युवा परिषद् ऐन, २०७२ र राष्ट्रिय युवा परिषद् नियमावली, २०७३ को व्यवस्था गरिएको छ । उक्त ऐनले युवा भनेर १६ बर्ष देखि ४० बर्ष उमेर सम्मका व्यक्तिलाई मानेको छ । उक्त ऐन र नियमावलीले युवा तथा खेलकुद मन्त्रीको अध्यक्षतामा एक युवा परिषद्को व्यवस्था गरेको छ । उक्त परिषद्मा मन्त्री परिषद्ले मनोनित गरेका एकजना उपाध्यक्ष र २४ जना परिषदका सदस्य रहने व्यवस्था गर्दै विभिन्न समितिको समेत व्यवस्था गरेको छ । ऐन र नियमले परिषद र युवा सम्वन्धी अन्य समितिका काम कर्तव्यको व्यवस्था समेत गरेको छ ।

**युथ भिजन २०२५ तथा १० बर्षे रणनीतिक योजनामा युवा सम्वन्धी व्यवस्था**

युथ भिजन २०२५ तथा दशवर्षे रणनीतिक योजना र राष्ट्रिय युवा नीति, २०६७ ले मूख्य रुपमा युवाको सशक्तिकरण एवम मूलप्रवाहीकारणमा जोड दिइ पाँच आधार स्तम्भहरु तय गरेका छन्।

१. गुणस्तरीय र व्यावसायिक शिक्षा

२. रोजगारी,उद्यमशीलता र सीप विकास

३ स्वास्थ्य र सामाजिक सुरक्षा

४ युवा परिचालन, सहभागिता र नेतृत्व विकास

५ खेलकुद र मनोरञ्जन

**पन्ध्रौ योजनामा युवा सम्वन्धि व्यबस्था**

युवाको सर्वाङ्गीण विकास, राष्ट्र निर्माणको प्रमुख आधार भन्ने सोच राखिएको पन्ध्रौ योजनामा स्वस्थ, सकारात्मक सोचयुक्त, उद्यमशील, सीर्जनशील, अधिकारप्रति सचेत र कर्तब्यप्रति प्रतिबद्ध युवा शक्तिको विकास तथा परिचालन गर्ने लक्ष्य लिइएको छ। उक्त योजनामा युवामा दक्षता र क्षमताको विकास गर्नु, युवालाई उद्यमशील, रोजगारमूलक र स्वरोजगार बनाउनु, शासकीय प्रक्रिया एवम सामाजिक, सांस्कृतिक र आर्थिक रुपान्तरणमा युवाको सार्थक सहभागिता अभिवृद्धि गर्नु, युवालाई आत्मनिर्भर, स्वावलम्बी र चरित्रवान बनाउनु जस्ता उद्देश्य राखिएको छ। त्यस्तै प्राविधिक तथा व्यवसायिक शिक्षा र सीप विकासका अवसर विस्तार गर्ने, युवाद्वारा सञ्चालित उद्यम व्यवसाय तथा उद्योगको प्रवर्द्धन गर्ने, वित्तीय स्रोत साधनमा युवाको पहुँच विस्तार गर्ने, तीन तहको नीति निर्माण देखि कार्यान्वयनसम्म युवाको समावेशी र सार्थक सहभागिता सुनिश्चित गरिने छ र युवामा स्वयंसेवी संस्कृतिको विकास गर्ने रणनीति लिइएको छ। यी रणनीति पूरा गर्न विभिन्न कार्यनीति पनि निर्माण गरिएको छ।

**नेपाली युवाका समस्याहरु**

**१. गुणस्तरीय तथा आवश्यक सीपयुक्त औपचारिक शिक्षाको कमी**

आधारभूत र माध्यमिक तहको मात्र होइन उच्च तहको शिक्षा पूरा गरेका युवाहरुले समेत हातमा प्रमाण पत्र प्राप्त गर्दछन् तर कामको खोजीमा लाग्दा आफुले प्राप्त गरेको सीप र दक्षता बजारको आवश्यकता अनुसार नहुँदा झल्यास्स पर्दछन्। औपचारिक शिक्षाले प्रयाप्त सीप, दक्षता र आत्मविश्वास विकास गराउन नसक्नुको कारणले औपचारिक शिक्षा लिइ सकेपछि श्रमबजारमा पुगेका युवाहरुले काम नपाउने, काम पाइहाले पनि दक्षताको कमीले काममा निरन्तरता दिन नसक्ने समस्या छ। आफै उद्यम सञ्चालन गर्ने तथा सीर्जनात्मक क्षमता देखाउन सक्ने अवस्था छैन। अर्को तर्फ औपचारिक शिक्षाले व्यक्तिलाई जीवन जिउन अत्यावश्यक सीपहरु जस्तो सञ्चार सीप, नेतृत्व सीप, आलोचनात्मक चिन्तनको सीप जस्ता सीपहरु विकास गराउन सकेको छैन।

**२. दुई किसिमको नागरिक उत्पादन गर्ने शिक्षा प्रणाली**

विद्यालय तहको शिक्षा सार्वजनिक र निजी गरी फरक फरक अवस्थाको छ। सार्वजनिक तथा सामुदायिक र संस्थागत तथा निजी विद्यालयबाट उत्पादित युवाहरुमा फरक सोच, फरक सीप र क्षमताको विकास हुनाले युवाहरुमा असमानताको खाडल बढ्दो क्रममा छ। प्रायः संस्थागत विद्यालयबाट उत्पादित युवा युरोप अमेरिका, जापान, अस्ट्रेलिया जाने गरेका छन् भने सामुदायिक विद्यालयबाट उत्पादित युवालाई अंग्रेजी भाषाको समस्याले गर्दा खाडिका देशहरुमा रोजगारीको लागि जान बाध्य छन्। जसले गर्दा शिक्षाको कारणले पनि युवाहरुमा असमानता निम्त्याएको छ।

**३. युवा पुस्तामा पनि भाग्यवादी सोच हाबी, बैज्ञानिक सोच र निरन्तर सिक्ने बानीको कमी**

आर्थिक सामाजिक रुपमा पछाडि परेको समुदायमा आत्मविश्वासको कमी छ। औपचारिक शिक्षाले पछाडि परेको समुदायका

युवामा आत्मविश्वास बृद्धि गर्न सकेको छैन । रत्नपार्कको छेउदेखि गाउँ र टोलहरुमा भाग्य र दशा छुट्टयाउन बसेकाहरुकोमा युवाहरुको लाइन लागेको देखिन्छ । उनीहरुको जिज्ञासा हुन्छ मेरो भाग्यमा विदेश जाने र पैसा कमाउने लेखेको छ वा छैन ? औपचारिक शिक्षाले बालबालिका देखिनै बैज्ञानिक सोचको विकास गर्न, सीप, दक्षता र क्षमता विकासको लागि स्वअध्यायनको बानी निर्माण गर्न, निरन्तर सिकाइको भोक जगाउन नसक्नाले धेरै युवाहरु अन्धविश्वास र भाग्यको खेलमा अल्झिरहेका छन् ।

## ४. नेपाली समाजमा रहेको सामन्ती सोचको प्रभाव युवामा समेत रहनु

समाजमा सम्पन्न परिवारका युवाले म मेहनत नगरे पनि सम्पन्न नै हुन्छु मैले श्रम गर्न, उद्यमशील बन्न र उत्पादनशील कार्यमा लाग्नु पर्दैन भन्ने सोच तथा अहंकार एकातर्फ छ भने अर्कोतर्फ पछाडि परेका समुदायका युवामा म कमजोर परिवारमा जन्मेको मेरो सम्पन्न बन्न सक्ने क्षमताको कमी छ, मलाई सहयोग गर्ने मान्छेको अभाव छ । म आफैले सफलता प्राप्त गर्ने क्षमता राख्न सक्दिन भन्ने कमजोर मानसिकता राखेको पाइन्छ । समाजमा रहेको यस्तो अहंकार र हीनताबोधको मानसिकताले युवाहरुलाई गाँजिरहेको छ । प्रगतिको बाधक बनिरहेको छ ।

## ५. समाजमा रहेको जातीय उचनिचको प्रभाव युवामा समेत पर्नु

समाजमा रहेको जातीय विभेद अन्त्य हुन सकेको छैन । दलित तथा पछाडि परेका युवाहरुले शिक्षा प्राप्त गर्ने स्थान तथा शिक्षालयदेखि राज्यबाट सेवा लिने र रोजगारी प्राप्त गर्ने स्थानसम्म अपमानित हुनु पर्ने, हिनताबोध गर्नु पर्ने अवस्था अझै छ । पछाडि परेका युवाहरु मध्ये क्षमता देखाउन सक्ने युवाले समेत आफ्नो पहिचान लुकाएका र फरक पहिचानमा प्रस्तुत गरेका उदाहरणहरु हाम्रो समाजमा प्रयाप्त देख्न पाइन्छ । यसै कारणले पनि युवाहरु विभेद नभएको र आफ्नो समाजमा अपमानित पहिचानको प्रभाव नपर्ने स्थान तथा विदेशमा जान चाहने प्रबृत्तिको विकास भएको छ ।

## ६. शारीरिक श्रमलाई तुच्छ ठान्नु तथा बाध्यता ठान्नु

नेपाली समाजमा श्रम गर्ने प्रति सम्मान नहुने, श्रम गर्ने, समाजको लागि अतिआवश्यक सिर्जनात्मक कार्य गर्ने व्यक्ति र समाजको लागि अति आवश्यक शारीरिक श्रम चाहिने पेशा ब्यवसायलाई महत्व नदिने, त्यस्तो पेशा व्यवसाय अगाल्ने व्यक्तिलाई तल्लो स्तरमा गणना गर्ने कारणले पनि युवाहरु उत्पादनशील र सिर्जनशील कार्यमा नलागी बेरोजगार बस्ने, बिकृतितर्फ लाग्ने अवस्था रहेको छ ।

## ७ विश्वब्यापीकरण, इन्टरनेट तथा सूचना प्रविधिको प्रभाव

अहिलेका युवाहरु पहिला जस्तो कुनै भौगोलिक क्षेत्र र सिमित सर्कलमा मात्र सिमित हुनुपर्ने बाध्यतामा छैनन् । इन्टरनेट, सामाजिक सञ्जाल तथा सूचना प्रविधिको प्रयोग गाउँ-गाउँमा पुगी सकेको छ । विश्वका कुनै पनि कुनामा भएका सेवा, सुविधा अवलोकन गर्ने, त्यसका सकारात्मक तथा कमसल पक्षको विश्लेषण गर्ने मौका युवा समूहले प्राप्त गरिरहेका छन् । यसले आफ्नो स्थानका सेवा सुविधासँग तुलना गर्ने मौका मात्र हैन ज्ञानको क्षेत्र फराकिलो पार्ने मौका मिलेको छ । विभिन्न देश विदेशका युवाले प्राप्त गरेका अवसर सुविधाको बारेमा जानकारी राख्नु स्वभाविकै हो । ती सुख सुविधा प्राप्त गर्न के-कस्ता समस्या झेले ? कति मेहनत गरे ? त्यतातर्फ जानकारी लिन खासै प्रयास नगर्ने, सामाजिक सञ्जालहरुबाट गरेका मेहनत प्रयासको जानकारी हुन नसक्ने कारणले पनि युवाहरुलाई कुनै विषयको गहिराइको ज्ञान भन्दा पनि सतही र झल्याक्क झुलुक्कमा सिमित हुने, उपभोक्ताबादी बन्ने, विभिन्न बिकृति समेत निम्तिने अवस्था छ ।

## ८ युवामा पोषण, स्वस्थ्य र शारीरिक तन्दुरूस्ति प्रतिको सचेतताको कमी

घरपरिवारबाट तथा औपचारिक शिक्षा मार्फत प्रयाप्त पोषण र स्वास्थ्य सम्वन्धी जानकारी प्राप्त गर्न नसक्नाले युवाहरु कुपोषण र शारीरिक कमजोरीको शिकार हुन पुगेका छन् । अनावश्यक गफ गरेर, अनुत्पादक कार्यमा लागेर समय खेर फाल्ने तर शारीरिक तन्दुरुस्तीको लागि व्यायाम तथा खेलहरुमा ध्यान नदिने समस्या धेरै युवाहरुमा विद्यमान छ । स्वास्थ्यको लागि  पर्याप्त पोषण, आहार विहारको कमी र पर्याप्त व्यायाम गर्ने स्थान र संस्कृतिको कमीले युवामा तनाव निम्त्याएको छ । युवामा मातृशिशु स्वास्थ्य

तथा अभिभावक शिक्षाको कमीले गर्दा आफुले जन्माएका बालबालिकाको उपयुक्त संरक्षण र हेरचाह गर्ने ज्ञान सीपको पनि कमि छ । युवामा फुर्सदको समयमा नयाँ-नयाँ कुरा सिक्ने, समयको दुरुपयोग गर्ने र सकारात्मक कार्यमा लाग्ने बानीले सबलता प्राप्त गर्न सकेको छैन ।

### ९. परम्परागत पेशा व्यवसायलाई आधुनिकरण गर्न र सम्मानित बनाउन नसकिनु

समाजको विकासमा ठूलो योगदान गर्ने पेशा व्यवसायहरु जस्तो विश्वकर्माको भाँडाकुडा हतियार निर्माण र मर्मत गर्ने कार्य, सुचिकारको कपडा सिलाउने, मिजार तथा सार्कीको जुत्ता सिलाउने पेशाहरु समाजमा सम्मानित हुन नसक्नु एकातर्फ छ भने अर्कोतर्फ त्यस्ता पेशालाई आधुनिकरण गरी आयमूलक र रोजगारमूलक बनाउन नसक्नले पनि उत्पादनमूलक परिवारका युवाहरु समेत बेरोजगार र उत्पादन हिन हुन पुगेका छन् ।

### १० सिर्जनशीलता, उद्यमशीलतामा भन्दा जागिरे मानसिकताको बाहुल्यता

औपचारिक शिक्षाले उद्यमशीलतालाई प्रर्वद्धन गर्न सकेको छैन । युवाहरुमा सिर्जनशीलता तथा उद्यमशीलता भन्दा स्थायी जागिर, स्थायित्व, माथिल्लो पद, एकाएक आर्थिक सम्पन्नता जस्ता कुरा प्रति मोह बढेको छ । परम्परागत रुपमा भनिदै आएको उत्तम खेती द्धितीय व्यापार र कमसल सेवा वा नोकरी भन्ने भनाइ समसामयिक रुपमा असत्य सावित गर्न खोजिएको छ । देश विदेशमा गरिने सेवालाई पहिलो, व्यापारलाई दोस्रो र उत्पादनमूलक कार्यलाई कमसल रुपमा लिइएको छ । उद्यमशीलताको चुनौती लिन तयार हुने युवाको संख्या घट्दो छ । जसले गर्दा सिर्जनशील, उद्यमशील कार्यहरु तथा समाज र राष्ट्रकालागि अत्याबश्यक कार्यहरु छाडिने अवस्था सिर्जना भएको छ ।

### ११ शासन प्रणाली र सरकारी सेवा प्रवाहमा भएका समस्याले गर्दा युवामा निराशा उत्पन्न

कर्मचारीको परम्परागत मानसिकतामा परिवर्तन हुन, सरकारले दिने सेवा सुविधा चुस्त दुरुस्त दिने प्रणालीको स्थापना हुन र सुशासन कायम हुन नसक्दा युवाहरुले कुनै सेवा सुविधा लिँदा झण्झटिलो र दिक्क मान्ने हुनाले पनि नेपाली युवाहरु आफ्नै ठाउँमा आफू र आफ्नो परिवारको भविष्य प्रति सुनिश्चित हुन सकिरहेका छैनन् । सरकारी निकायको संस्थागत विकास हुन र दैनिक जीवनमा अत्यावश्यक सेवाहरु सहज तरिकाले वितरण हुन नसक्नाले तथा झण्झटिलो हुने हुनाले युवामा निराशा उत्पन्न गराएको छ । यसै कारणले पनि राज्यबाट प्राप्त हुने सेवा सुविधा सहज रुपमा पाइने मुलुकको खोजीमा युवाहरु लागिरहेका छन् ।

### १२ विदेश जाने रहर तथा विदेश जानुलाई जीवनको अभिष्ठ बनाउनु

ब्रिटिस आर्मीमा भर्ना भएर बाबु, दाजु तथा समाजको पहिलो पुस्ताका व्यक्तिले गरेका आर्थिक प्रगति र पारिवारिक सम्पन्नता देखेको, भारतीय सेनामा भर्ती हुँदा लगाएका लुगा र गरेका कार्यको तस्विर आफ्नो घरको ढोका माथि दैनिक देखेको, विदेश गएर पैसा कमाएका कथाहरु दैनिक सुन्दै हुर्केको युवाले विदेश जाने कुरालाई रहर र जीवनको एक अभिष्ठ बनाउनु स्वभाविकै पनि हो । एकातर्फ आफ्नो स्थानमै सानोतिनो काम गरेर बसेको युवाले खासै आर्थिक प्रगति गर्न नसकेको, विभिन्न अपमान सहेको, समाजले त्यस्ता युवालाई कमजोर रुपमा प्रस्तुत गरेको सुनेको किशोरले अर्को राम्रो विकल्प नहुँदासम्म ब्रिटिस सेना र भारतीय सेनामा भर्ति हुन चाहन्छ नै । यस्ता युवालाई राज्यले राम्रो विकल्प दिन पनि सकेको छैन । माध्यमिक तहका कक्षा पढ्दा पढ्दै पनि किन पढाइमा मेहनत गर्ने १६ बर्ष पुगे नागरिकता बन्छ र नागरिकता बनेपछि राहदानी बन्छ । नागरिकता र राहदानी भए पछि विदेश जान पाइने, आर्थिक प्रगति हुने, सेनाबाट फर्किदा व्यक्तिगत स्वतन्त्रता उपयोग गर्न पाइने लोभ लालचमा पनि युवाहरु आफ्नै स्थानमा उद्यमशील बन्न उत्पादनका कार्यमा लाग्न भन्दा विदेश जानुलाई जीवनकै अभिष्ठ बनाएका छन् ।

### १३ महिला, लैङ्गिक अल्पसंख्यक, दलित तथा पछाडि परेको समुदायका युवाका आफ्नै पिडा

नेपालमा अझै पनि महिला तथा पछाडि पारिएका समुदायका युवाहरुले आफ्नो ठाउँमा सम्मानित हुने वातावरण पूर्णरुपमा निर्माण भएको छैन । अझै पनि आफ्नै समाजमा पाइला-पाइलामा अपमानित हुनुपर्ने बाध्यता छ । समाजमा अगाडि बढ्न सहयोगी

वातावरण पाउन सकिरहेका छैनन् । त्यस्ता लैङ्गिक, सामाजिक र अन्य विविध कारणले पिरोलिएका युवाहरुलाई उद्यमशीलता र अन्य चुनौतिपुर्ण कार्य गर्न कठिनाइ हुन्छ । त्यस्ता युवाले आफ्नो समाजको चालचलन, नेपाली संस्कार संस्कृति भन्दा विदेशमा प्राप्त गर्ने संस्कृतिमा स्वतन्त्र भएको, सम्मानित भएको र स्वअस्तित्व प्राप्त गरेको महसुश गर्नुले पनि पछाडि पारिएका युवाहरु आफ्नो आर्थिक हैसियतले भ्याएसम्म बसाइ सर्न तथा विदेश जान चाहन्छन् । महिला युवाले यसै अवस्थामा सन्तान उत्पादनका कार्यमा लाग्नु पर्ने, सन्तान उत्पादनका कार्य महिलाका मात्र हुन् भन्ने सोच समाजमा हुनुले पनि महिला युवालाई पुरुष सरह उद्यमशील बन्न र पेशा रोजगारमा लाग्नु समस्या रहेको छ ।

### १४ विदेशमा पुगेका युवाहरु कम पारिश्रमिकमा जोखिमपूर्ण काम गर्न बाध्य

रोजगारी र बैयक्तिक विकासकोलागि विदेश जानु पर्ने बाध्यता भएका र विदेश पुगेका यवाहरु पाइलैपिच्छे ठगिइ रहेका छन् । विदेशमा लैजाने ठेकेदार, दलालहरुले गलत सूचना दिने, अनावश्यक आश्वासन दिने, आवश्यकता भन्दा बढी रकम असुल्ने, कम जोखिमपूर्ण र राम्रो ज्याला प्राप्तहुने कामको प्रलोभन देखाएर विदेशमा लैजाने, विदेशमा पुगे पछि त्यसको विपरित कठिन, जोखिमयुक्त र कम ज्यालाको काममा लगाउने, विदेशमा लगेर अबैधानिक बनाइ अलपत्र पार्ने, औषधोउपचार र बीमाको व्यवस्था नगर्ने जस्ता कारणले नेपाली युवाहरु ठगिइ रहेका छन् । विदेशमा कम पारिश्रमिकमा जोखिमपूर्ण, खतराखालका असम्मानित कार्य गर्न बाध्य भएका छन् । विना तालिम, विना सजगता त्यस्ता काम गर्नु पर्दा शरीरका अंग मात्र होइन ज्यानै गुमाउनु परेका युवाहरु धेरै छन् ।

### १५ कम उमेरमानै आर्थिक दायित्व र पारिवारिक बोझ उठाउनु पर्ने बाध्यता

कतिपय युवाहरु परिपक्क हुन नपाउदै परिवारको आर्थिक अवस्थाको कारण, बाबुआमाको गरिवीको कारण तथा सानैमा बाबुआमा गुमाउनु पर्ने बाध्यताको कारण पनि मानसिक तनावमा जेलिन पुगेका छन् । यस्तो अवस्थाका युवाहरुलाई प्रयाप्त परामर्श र सहयोगको आवश्यकता पर्दछ तर कठिनाइमा परेका युवालाई सहयोग गर्ने गाउँ-गाउँ तथा स्थानीय तहमा पर्याप्त सस्था तथा निकायको अभाव छ । सरसल्लाह तथा परामर्श पाउनुपर्ने युवाले परामर्श पाउन नसक्नले मानसिक तनावमा युवाहरु फसेका छन् ।

### १६. पर्याप्त रोजगारीका अवसरको कमी, बेरोजगार रहनु पर्ने बाध्यता

पर्याप्त उद्योग धन्दा, कलकारखाना स्थापना हुन सकेका छैनन् । आर्थिकरुपमा सम्पन्नहरु बैदेशिक र स्वदेशी व्यापार, जग्गा दलाली, शेयर मार्केट, भवन निर्माणमा पुँजी खर्चिरहेका छन् । स्थापना भएका उद्योगधन्दा कलकारखाना र उत्पादनमूलक कार्य पनि संकटमा छन् । आफ्नै स्थानमा परिवारसँग बसेर राजगारी गर्न चाहने युवाहरुले पनि रोजगारीका मौका नपाएको कारणले बेरोजगार बस्नु पर्ने तथा विदेशनु पर्ने बाध्यता सिर्जना भएको छ ।

### १७. स्वतन्त्र चिन्तन गर्ने, सिर्जनात्मक तथा उद्यमशील कार्यमा लाग्ने वातावरणको कमी

युवाहरु स्वतन्त्र चिन्तन गर्न, सिर्जनात्मक कार्यमा तथा आफ्नो इच्छा अनुसारको कार्यमा रमाउन चाहन्छन् । हाम्रो समाजिक परिवेशले युवाहरुलाई पनि पहिलो पुस्ताले बनाइदिएको सिमामा राख्न चाहन्छ । युवाको स्वतन्त्रता स्वीकार्दैन । उद्यमशील कार्यमा लाग्ने, श्रम गर्ने, आफ्नै कमाइमा बाच्ने र रमाउने वातावरणको कमी छ । समाजले आफ्नै स्थानमा उद्यममा लाग्ने युवालाई सम्मान भन्दा पनि बाहिर जान नसक्ने कमजोरको संज्ञा दिने गरेको छ । त्यसै कारणले पनि आफ्नै ठाउँमा काम गर्न खोज्ने युवामा मनोबैज्ञानिक समस्या निम्तिने, आफु प्रति हिनताबोध गर्ने, गाउँबाट शहरमा, शहरबाट विदेशमा पलायन हुने अवस्था बढ्दो छ । नेपालमै रहेका युवामा समाज प्रति विद्रोह उत्पन्न हुने, सामाजिक अपराध, कानून विरुद्धका कार्यमा समेत लाग्ने अवस्था सिर्जना भएको छ । विकसित मुलुकमा गएका युवाहरुले त्यहाँ प्राप्त गर्ने स्वतन्त्रताको कारणले पनि नेपाल फर्कन नचाहने अवस्था सिर्जना भएको छ ।

## १८. नीति, योजना निर्माणमा युवाको कम सहभागिता, राजनीति र राजनैतिक नेतृत्व प्रति वितृष्णा

राजनीतिक दलका अनिश्चित र अनपेक्षित क्रियाकलाप, नेतृत्व गर्नेले आफ्ना दल केन्द्रित, व्यक्ति केन्द्रित, क्षणिक फाइदा हुने कार्यमा लाग्ने, दीर्घकालिन फाइदा हुने कार्यलाई महत्व नदिने कारणले पनि युवाहरु राजनीतिक नेतृत्व प्रति विश्वस्थ हुन र भविष्य प्रति सुनिश्चित हुन सकिरहेका छैनन्। राजनीति र राजनैतिक नेतृत्वको कारणले पनि युवाहरुमा बितृष्णा र तनाव निम्त्याएको छ। युवाहरुको जति बढी नीति, कार्यक्रम र योजना निर्माणमा सहभागिता हुन्छ राजनीति र राजनैतिक नेतृत्व प्रति विश्वास बढ्छ। त्यति नै युवा मैत्री नीति, योजना र कार्यक्रम बन्ने सम्भावना रहन्छ। नेपाली युवाहरुले नीति, योजना र कार्यक्रम निर्माण र कार्यान्वयमा प्रयाप्त सहभागितको कमीले गर्दा युवाको राजनीति प्रति नै वितृष्णा बढ्दै गएको पाइन्छ।

## १९ सामाजिक सञ्जालको दुरुपयोग, कुलत, दुर्व्यसनमा फस्नु

सामाजिक सञ्जालको अत्यधिक प्रयोगले गर्दा युवाहरुलाई शारीरिक र बौद्धिक श्रम गर्न भन्दा सतहि कुरामा लाग्ने, उपभोक्तावादी चिन्तनको विकास हुने अवस्था सिर्जना भएको छ। सामाजिक सञ्जालको दुरुपयोगकै कारणले कति युवाले आफुलाई अपमानित भएको महसुस गरी आत्महत्या समेत गर्न पुगेका छन्। लहै-लहै, गलत संगत, सामाजिक दायित्व बोध नगर्ने व्यापारीका कारणले पनि युवाहरु कुलत र लागु पदार्थ दुर्व्यसनमा फस्न पुगेका छन्। सामाजिक अस्वस्थताको बिकास हुन पुगेको छ। खाली दिमाग सैतानको बास भने जस्तो उद्यममा नलागेका बेरोजगार युवाहरु कुलत र दुर्व्यसनमा फस्ने सम्भावना बढी भएको छ।

## २० अन्तरपुस्ता फरकबाट युवामा वितृष्णा, बहुआयामिक मानसिक समस्या र तनावको शिकार

हरेक समुदायमा पहिलो पुस्ता र दोस्रो पुस्ताको सोच, इच्छा, चाहना र कार्य प्रक्रियामा फरक पर्नु स्वभाविकै हो। जुन समाजले अन्तरपुस्ता फरकलाई हटाउन प्रयत्न गरिरेको हुन्छ युवाहरुमा वितृष्णा बढ्न पाउदैन। हाम्रो समाजमा बाबु आमा पुस्ताले आफुले भोगेका समस्या, गरेका कठिन मेहनत, प्रयत्न सम्झेर युवा पुस्ताले केहि पनि नगरेको सहजता र सुविधा मात्र खोजेको ठान्दछन भने नयाँ पुस्ताले पुराना पुस्ता सधै कराउने, समय अनुसार नचल्ने आफ्नो सोचाइमा सहयोग नगर्ने भन्ने मानिरहेका हुन्छन्। दुई पुस्ताको बीचमा हुने फरकपनबाट हुने तनाव व्यवस्थापन गर्न जुन समाजमा अध्ययन अनुसन्धन गरिन्छ र पुस्ता बीचमा सामन्जस्यता ल्याउने प्रयत्न गरिन्छ, द्वन्द्व कम हुन्छ। प्रयत्न नगरिने समाजमा द्वन्द्व बढ्छ। युवाहरु यसबाट जोगिन पनि फरक स्थानमा जान मन पराउने हुन्छन्। गरिवीको कुचक्रमा फसेका, पर्याप्त सीप र दक्षता हाँसिल गर्न नपाएका, मनोबैज्ञानिक समस्यामा रुमलिएका युवाहरु बहुआयामिक तनावमा पर्न र मानसिक रोगको शिकार हुन पुग्दछन्। यसै कारणले समाजमा हत्या र हिंसा समेत हुन सक्दछ।

## २१. युवा उमेर सम्बन्धमा नीतिगत अष्पष्टता

नेपालको युवा सम्बन्धी नीति ऐन, नियमले युवा भनेर १६ देखि ४० बर्षको उमेर समूहलाई मानेको छ। १६ देखि ४० उमेर समूहलाई एकै समूहमा तथा यति ठुलो उमेर भिन्नतालाई एकै ठाउँमा सामान्यीकरण गर्न सकिदैन। १८ देखि २०-२२ उमेरका व्यक्तिको इच्छा चाहना र आवश्यकता फरक हुन्छ भने ३५-४० बर्ष उमेर समूहका व्यक्तिको इच्छा चाहना, आवश्यकता फरक हुन्छ। नीतिले उमेरको ठुलो अन्तरलाई एकै समूहमा राख्दा सम्वन्धित उमेरका व्यक्तिलाई सम्वोधन नहुने सम्भावना बढेको छ। अतः युवाको परिभाषामा केही परिमार्जनको आवश्यकता रहेको देखिन्छ।

## समस्या समाधानका उपायहरु

युवाका समस्या एकांकी रुपमा समाधान गर्न सम्भव छैन। राज्यका अन्य धेरै पक्षहरुसँग युवाका समस्याहरु पनि जोडिएका हुन्छन्। राज्यमा सुशासन कायम भयो, नागरिकको नेतृत्व प्रति सम्मान उत्पन्न भयो भने युवाहरुमा पनि राज्य र नेतृत्व प्रति विश्वास जाग्दछ। सरकार प्रति विश्वास बढ्दछ। आफ्नो र परिवारको भविष्य प्रति आशा जाग्दछ। समग्र राज्यको प्रणाली ब्यवस्थित हुन सकेमामात्र युवा पक्षको मुद्दाहरु सम्वोधन हुने, युवामा भविष्य प्रति आशा र विश्वास जाग्ने हुन्छ।

युवाहरुलाई अर्ति उपदेशले मात्र काम गर्दैन। युवाहरुले शारीरिक श्रम प्रति सम्मान गर्ने, उद्यमशील, सिर्जनात्मक कार्य र

अध्ययन अनुसन्धानमा लाग्ने वातावरण निर्माण नगरेसम्म राष्ट्रको प्रेम गर, देशमै बस भन्नुको कुनै तुक छैन। विश्वव्यापीकरणको जमनामा भौतिक सुख सुविधा, अवसर, समानता, सम्मान, सुनिश्चित भविष्य जुन मुलुक तथा स्थानमा प्राप्त हुन्छ युवाहरु उतै जान चाहन्छन्। देशहरुका बीचमा कोरिएका राजनीतिक सिमानाहरु कमजोर हुन्छन्। समग्र देशको शिक्षा, स्वास्थ्य, भौतिक सुविधा, सामाजिक सुरक्षादेखि सुशासनसम्ममा सुधार नभएसम्म युवाहरुको लागि मात्र वातावरण निर्माण हुने सम्भावना रहदैन। पहिलो पुस्ताले जे गरे पनि युवाहरु भने उद्यमशील बन्नु पर्दछ, उत्पादनका कार्यमा लाग्नु पर्दछ भनेर मात्र व्यवहारमा उतार्न सम्भव छैन। युवाको अवस्था सुधार गर्न समग्र देशको अवस्था सुधार हुनुपर्दछ। युवा केन्द्रित विषयमा निम्न सुधारको आवश्यकता देखिन्छ।

## १ शिक्षालाई गुणस्तरीय, उद्यमशील र सीपमूलक बनाउनु पर्ने

बेरोजगार युवा उत्पादन हुनुमा मूख्य रुपमा हाम्रो शिक्षा प्रणाली जिम्मेवार छ। अतः आधारभूत तहको शिक्षा देखि नै जीवनोपयोगी सीपहरु जस्तै सञ्चार सीप, समालोचनात्मक चिन्तन सीप, सूचना प्रविधि प्रयोगको सीपहरु विकास गराउनु पर्ने आबश्यक्ता छ। त्यस्तै पुस्तकमा भएका तथ्यहरुलाई घोकाउने रटाउने भन्दा पनि बिद्यार्थीले आफै सूचना तथा तथ्यहरु संकलन गर्ने विश्लेषण गर्ने, निश्कर्षमा पुग्ने बानीको विकास हुनु आवश्यक छ। त्यस्तै श्रम प्रति सम्मान गर्ने, शारीरिक श्रम गर्न नहिच्किचाउने, उद्यमशील बन्न सहयोग पुग्ने शिक्षाको पनि त्यत्तिकै आवश्यक छ। बिद्यार्थीलाई एक्काइसौ शताब्दीको लागि आवश्यक पर्ने सीपहरु जस्तै सहकार्य गर्ने, समन्वय गर्ने जस्ता सीपहरु विकास गर्ने शिक्षा दिनु आवश्यक छ। विद्यार्थीलाई केही गर्न उत्प्रेरित गर्ने, निरन्तर सिक्न र क्षमता बृद्धि गर्न प्रयत्न गर्ने बानीको बिकास गर्ने व्यवहारिक सीप सिकाउने शिक्षा तथा निश्चित तहको शिक्षा लिए पछि बजारमा बिक्न सक्ने तथा आफै केही गर्न सक्ने खालको शिक्षा दिन सकेमा बेरोजगारी समस्या समाधन हुने, उत्पादनशील कार्यमा लाग्ने, सकारात्मक सोचको बिकास हुने, तनावबाट मुक्त हुने अवस्था निर्माण गर्न सम्भव हुन्छ।

## २ सबैले समान खालको शिक्षा लिने व्यवस्था गर्ने

सार्वजनिक र संस्थागत तथा निजी शिक्षाको कारणले समाजमा दुई किसिमका युवा उत्पादन हुदैछन्। दुई किसिमको शिक्षाले समाजमा द्वन्द्व निम्त्याएको छ। अतः सबै बालबालिका तथा युवाले समान खालको शिक्षा पाउने वातावरण मिलाउन सकेमा युवामा तनाव र द्वन्द्व नियन्त्रण गर्न र प्रतिभा मौलाउन सम्भव हुन्छ।

## ३. युवाहरुलाई आवश्यकताको आधारमा उद्यमशीलता सम्बन्धी पर्याप्त तालिमको ब्यवस्था गर्नु पर्ने

सामान्य शिक्षा लिएका र रोजगारीमा जान चाहने तर बेरोजगार भएर बसेका सबै युवाहरुलाई कम्तीमा पनि तीन महिनाको परामर्श सहितको सीपमूलक र उद्यमशीलता सम्वन्धि तालिमको व्यवस्था गरिनुपर्दछ। सक्ने युवाबाट शुल्क लिए पनि आर्थिकरुपमा बिपन्न युवाहरुलाई भने सहुलियतमा निःशुल्क तथा समयको क्षतिपुर्ति सहितको राहत रकमको व्यवस्था गरिनु पर्दछ। यस्ता कार्यले युवामा उद्यमशीलता बढाउन र बेरोजगारी घटाउन मद्दत पुग्दछ।

## ४. विदेशी मुलुकमा जाने युवालाई सम्भावित कामको प्रकृतिअनुसार तालिमको व्यवस्था गर्ने

विदेश जान चाहने युवालाई विभिन्न चरणमा ठगिन नपरोस, विदेशमा गएर पनि सम्मानजनक र काम अनुसारको ज्याला पाउन सम्भव होस् भनेर रोजगारमा जाने मुलुकको श्रम बजारको सर्भे गरी आवश्यक पर्ने सीपको पहिचान गर्ने, त्यस्ता सीप सिकाउने खालका तालिम तथा अभिमुखीकरणको व्यवस्था गर्ने कार्य गर्न सकेमा युवाहरु ठगिन पर्दैन। विदेशबाट फर्कने युवाहरुलाई विदेशमा सिकेका सीप आफ्नो स्थानमा प्रयोग गर्न सहयोगी वातावरण मिलाउने, सहुलियतपुर्ण कर्जा पाउने व्यवस्था मिलाउनु पर्दछ।

## ५. हरेक स्थानीय तहमा युवा परामर्श केन्द्रको व्यवस्था गर्ने

युवाको अवस्था र आवश्यकता अनुसार परामर्श दिन सक्ने विज्ञसहितको युवा परामर्श केन्द्र स्थापना गरिनु पर्दछ। विदेश जाने

युवालाई विदेशमा हुने व्यवहार, अपनाउनु पर्ने सजगता सम्वन्धमा परामर्शको व्यवस्था गरिनु पर्दछ। सम्वन्धित मुलुकमा जीवनयापन गर्न आवश्यक न्यूनतम भाषिक सीप, सम्वन्धित समाजमा अपनाउन पर्ने व्यवहारिक सीप सम्वन्धमा परामर्शको व्यवस्था गरिनु पर्दछ । कुनै पेशा व्यवसाय अपनाउन चाहने युवाहरुलाई समेत आवश्यकता अनुसार परामर्श दिने, कठिनाइमा परेकालाई सरसल्लाह दिनसक्ने केन्द्रहरुको स्थापना गरिनु पर्दछ ।

### ६. उद्यम गर्न चाहने युवाहरुलाई सहज र सहयोगी वातावरण निर्माण गर्ने

उद्यम गर्न चाहने युवाहरुलाई कस्ता कस्ता उद्यमको सम्भावना छ ? उद्यमलाई कसरी अगाडि बढाउन सकिन्छ ? उद्यम गर्न चाहेमा सहयोगी को-को हुन सक्दछन ? भन्ने सम्वन्धमा जानकारी दिने, उद्यम दर्ता गर्न सहयोग गर्ने र उद्यम बृद्धि गर्न सहयोग गर्ने वातावरण निर्माण गर्न सकेमा युवाहरुको उद्यममा आकर्षण बढाउन सम्भव हुन्छ ।

### ७. बेरोजगार युवाहरुलाई परामर्श र आवश्यकता अनुसार सीप विकासका कार्यक्रम सञ्चालन गर्ने

बेरोजगार युवालाई सम्वन्धित युवाको भौगोलिक क्षेत्रमा सम्भावित उद्यम तथा रोजगारीका अवसरहरु, त्यसकोलागि चाहिने आवश्यक सीप र दक्षता, आवश्यक पर्ने आर्थिक लगानी, समन्वय गर्नु पर्ने पक्षहरु जस्ता कुराहरु समेटी आवश्यकता अनुसार सीप विकासका कार्यक्रम सञ्चालन गरिनु पर्दछ ।

### ८. युवालक्षित सहयोग तथा व्यवसाय सञ्चालन गर्न कर्जा सहज तरिकाले पाउने व्यवस्था गर्नु पर्ने

अहिलेको परिवेशमा माथिल्लो पदको व्यक्ति वा सफल व्यवसायी तथा कुनै न कुनै रुपमा शासन र सत्तासँग पहुँच नभएको व्यक्तिले बैंकबाट ऋण लिन सक्दैन । युवा लक्षित सहयोग पनि पहुँचमा रहेकाले मात्र पाउने र आर्थिक सामाजिक रुपमा पछाडि परेकाले बैंकबाट ऋण समेत नपाउने अवस्थाको अन्त्य गरी आवश्यक्ता अनुसार सहज तरिकाले सहयोग तथा ऋण दिलाउने तथा पाउने वातावरण मिलाउनु पर्दछ । साथै कुनै विषयमा नवप्रर्वतन गर्न चाहने युवालाई सहयोगी वातावरण मिलाउने, नवप्रर्वतन केन्द्रहरु स्थापना गर्ने कार्य गरिनु पर्दछ ।

### ९. गीत, संगीत र संस्कृतिमा समेत युवालाई उत्प्रेरणा जगाउने

बजारमूखी, छाडा, अर्काले गरेको उत्पादन प्रयोग गर्न उक्साउने भन्दा आफै केही गर्न उत्प्रेरित गर्ने खालका गीत संगीतलाई प्राथमिकता दिनुपर्दछ । काम गरेर खान तथा श्रम गर्न चाहने र गर्ने युवालाई उत्प्रेरित गर्ने खालका सांस्कृतिक कार्यक्रमहरुको आयोजना गरिनुपर्दछ । युवा उद्यमीका सफल अभ्यासहरुलाई व्यापक पार्ने र वातावरणले समेत उद्यमशील बन्न, उत्पादनमूखी कार्यमा लाग्न उत्प्रेरित गर्ने परिवेश निर्माण गरिनु पर्दछ ।

### १०. युवाले अपनाउने परंपरागत व्यवसायलाई आधुनिकरण गर्न र ब्यवसायिक बनाउन सहयोग गर्नु पर्ने

बाबु, बाजेले अपनाएको परम्परागत व्यवसायलाई अपनाउने युवालाई प्रोत्साहन गर्ने, त्यस्ता व्यवसायलाई आधुनिकरण गर्न आवश्यक तालिम र उपकरण किन्न सहुलियतपूर्ण ऋणको व्यवस्था गरिनु पर्दछ । परम्परागत पेशालाई आधुनिकिकरण गर्ने, थप उत्पादनशील र व्यवसायिक बनाउने युवाहरुलाई पुरस्कार तथा प्रोत्साहन गर्ने परिपाटि बसालिनु पर्दछ ।

### ११. युवा सम्वन्धमा के कस्ता समस्या छन् र कसरी समाधान गर्न सकिन्छ अध्ययन अनुसन्धान गरिनु पर्ने

युवा सम्वन्धी तथ्यांकहरु, भए गरिएका कामहरु एकिकृत गरिनु पर्ने टड्कारो आवश्यकता छ । त्यस्तै आम युवाको अवस्था र सम्भावनाहरु एकिन गर्न, समस्याको समाधान गर्न युवा सम्वन्धमा अध्ययन अनुसन्धान गरी अध्ययनको निचोडहरु युवा नीतिमा परिमार्जन गर्ने र युवा सम्वन्धी कार्यक्रमहरु ल्याइने परिपाटि बसालिनु पर्दछ ।

### १२. स्थानीय तहका हरेक वडामा युवा केन्द्र स्थापना गर्ने

युवाहरुलाई शारीरिक सुसंगठनकोलागि खेलकुद र व्यायामको ज्यादै ठूलो महत्व हुन्छ । हरेक वडा तथा गाउँ टोलमा युवा लक्षित

खेलकुद स्थल, व्यायामशाला, मनोरञ्जन र सिर्जनात्मक स्थलहरुको व्यवस्था गर्ने र त्यस्ता स्थलहरुमा प्रशिक्षक तथा अनुभवी व्याक्तिहरुको मनिटरिङ्ग, कोचिङ्ग र मनोवैज्ञानिक परामर्शको व्यवस्था समेत गरिनु पर्दछ।

### १३. उद्यमी महिला युवाका लागि सहयोगी र सहज वातावरण

युवा अवस्थामा सन्तान उत्पादन गर्नु पर्ने र बालबालिका हुर्काउनु पर्ने दायित्व महिला युवामा बढी हुन्छ। यसै अवधिमा महिलाहरुले आर्थिक उत्पादनमूलक कार्य तथा रोजगारमा लाग्नु पर्ने हुन्छ। यसकोलागि महिला युवाका समस्यालाई समाधान गर्न सहयोग पुग्ने खालका कार्यक्रम पनि ल्याइनु पर्दछ। उद्यमी तथा विभिन्न पेशामा संलग्न युवा महिलाको आवश्यकता अनुसार शिशुस्याहार केन्द्रहरु सम्भव भएसम्म स्थानीय तहको प्रत्येक वडामा स्थापना गरिनु पर्दछ।

### १४. नेट, इन्टरनेट र सामाजिक सञ्जालको गलत प्रभाव रोक्ने र सदुपयोग गर्ने वातावरण मिलाउने

नेट इन्टरनेटको सहि सदुपयोग गर्ने युवालाई प्रोत्साहन कार्यक्रम सञ्चालन गर्ने, इन्टरनेट र सामाजिक सञ्जालको सदुपयोग सम्वन्धमा चेतनामूलक कार्यक्रम सञ्चालन गरिनु पर्दछ। सार्वजनिक सेवालाई प्रविधिमा आधारित बनाउने र सार्जजनिक सेवा लिन चाहनेले सहज र सरल तरिकाले सेवा पाउने वातावरण निर्माण गरिनु पर्दछ।

### निष्कर्ष

देशमा समृद्धि तथा समुन्नतीको लागि सबै भन्दा महत्वपुर्ण भूमिका युवाहरुको नै हुन्छ। युवाहरु सक्षम, उद्यमशील, उत्साही, सिर्जनशील भएमा मात्र सामाजिक विकास र देशको आर्थिक विकास सम्भव हुन्छ। युवाहरुको तागतले नै समाजका बिकृतिहरु हटाउन सकिन्छ। सामाजिक सुधार सम्भव हुन सक्दछ। समाजलाई सभ्य र समुन्नत बनाउन सकिन्छ। सबै युवाहरु सक्षम, सिर्जनशील, उद्यमशील, उत्साहित हुन आवश्यक छ। यसको लागि युवाको अवस्था, युवाको चाहना, समस्याहरु र चुनौतिहरु, युवाहरुलाई सक्षम उद्यमशील बनाउन गर्न सकिने कार्यहरुमा अध्ययन अनुसन्धान गरिनु पर्दछ र अनुसन्धानको सिफारिसको आधारमा युवाकेन्द्रित कार्यक्रमहरु सञ्चालन गरिनु पर्दछ। युवालाई शसक्तिकरण गर्न, सक्षम, उद्यमशील, उत्पादनमूखी कार्यमा लाग्ने बनाउन राज्यका विभिन्न निकायहरु बीचमा हातेमालो गरिनु पर्ने आजको आवश्यकता हो।

### सन्दर्भ समाग्री


१. नेपालको संविधान, कानून किताव कम्पनी

२. युवा परिषद ऐन, नियम, कानून किताव कम्पनी

३. युथ भिजन र दशबर्से रणनीति, राष्ट्रिय युवा परिषद

४. जनगणना २०६८ को रिपोर्ट, केन्द्रिय तथ्यांक विभाग

५. पन्ध्रौ पञ्चबर्षिय योजना, योजना आयोग, नेपाल

६ अन्तर्राष्ट्रिय श्रम संगठनका विभिन्न प्रतिवेदनहरु

७ पत्रपत्रिकामा प्रकाशन भएका विभिन्न लेख रचनाहरु

# Whereabouts: ethical considerations of an anti-doping policy

**Suman D C***



## Abstract

World Anti-Doping Agency (WADA) is an independent agency which was established in १९९९ with the vision of creating 'a doping-free sporting environment' in sports (WADA, २०२२). This organization is funded by the International Olympic Committee and Governments of the world equally. To establish 'a doping-free sporting environment' in sports, WADA develops, harmonizes and co-ordinates anti-doping rules and policies around the world. One of the key activities of WADA is to ensure that all the athletes participate in sports without having prohibited substances or methods in and out of competition. For this, WADA has policies to conduct several tests of athletes both in and out of competition. One of the polices is whereabouts in which the athletes' locations are tracked for the tests even when they are out of competition if those athletes are in a testing pool. However, tracking athletes has raised several ethical questions in the world of sport which collide with players' rights such as privacy, and privacy is one of the fundamental human rights of every citizen of every nation. Therefore, this paper conducts an ethical examination of the whereabouts policy.

Keywords: doping, World Anti-Doping Agency, whereabouts, privacy, sport, ethics

## I. Introduction

Doping is defined as the use of prohibited substances and methods in sports, which provides the users an inappropriate advantage over other athletes in competitions. Following the doping scandals in cycling in १९९८, the International Olympic Committee initiated the establishment of an independent body called World Anti-Doping Agency (WADA) in १९९९, with the view of creating a fair competition among all the athletes in the world. WADA develops, harmonizes and co-ordinates anti-doping rules and policies around the world. Whereabouts is one of the codes amended by WADA to test the athletes

** Member, High Performance Committee, National Sports Council, Nepal.*

who are in testing pools even when they are out of competition. According to this code, athletes are required to disclose their locations along with their ६०-minute slot during which the tests can be conducted. (WADC, २०२१)

However, tracking athletes has raised several ethical questions in the world of sport which collide with players' rights such as privacy, and privacy is one of the fundamental human rights of every citizen of every nation. This paper discusses the current whereabouts requirement for the professional athletes, who fall under the registered testing pool (RTP) under national or international anti-doping code. This is regarded as an essential policy for fair play and safeguarding players regardless of some ethical challenges such as privacy (WADC, २०२१). Methodologically, this paper reviews the WADA codes and the literature that discusses the relevant ethical challenges of WADA's whereabouts requirements from the perspectives of sports ethics. In addition to this, this paper analyses the issues with the help of a relevant case, *Jamaican Anti-Doping Commission (JADO) v Andre Russell (२०१७).*

The following section examines the WADA's whereabouts requirement along with the *Jamaican Anti-Doping Commission (JADO) v Andre Russell (२०१७)* case. The third section introduces and discusses the ethical challenges of the WADA's whereabouts requirement before concluding in the last section.

## II. What is the WADA whereabouts requirement?

According to WADA (२०२१), whereabouts requirement refers to a condition where professional athletes who are on national or international registered testing pools provide their whereabouts of three months in a continuous basis to their national anti-doping organizations (NADO) or national federations. WADA has created an online portal—anti-doping administration management system (ADAMS)—where an athlete can open an account and file his or her information details from anywhere around the world. The athletes need to insert the information such as name, sports, address, contact details, disability if applicable including daily routines like training, school time and travel plan. Moreover, an athlete needs to provide the information when they will be at home, competition date and time including in-competition travelling day and duration. Meanwhile, an athlete must provide a sixty-minute slot a day as a testing time between ६ am and ११ pm when the anti-doping testing officer can come along to collect the urine and blood samples for the required test. If the players are unable to be at the registered place and time, they can inform their testing officer by contacting them through email or text. It is also said that the nearest person of the elite athlete such as team members or officials or their family members must know about the athletes' whereabouts in case of the players' absence, so they can help athletes to avoid any possible sanctions. (WADC, २०२१)

WADC (२०२१) defines whereabouts failure under the code २.४ as 'any combination of three missed tests and/or filing failures, as defined in the international standard for results management, within a twelve-month period by an athlete in a registered testing pool' (p.१४). If the athletes miss the filing or the test, they will also get a chance to give clarification of that to avoid failure to file or miss the

test. The case of three missed tests within a period of twelve months equals anti-doping rule violation (ADRV), which will lead to one to two years of ban, under the WADA code १०.३.२ (WADC, २०२१).

Whereabouts rule has been brought under world anti-doping code to oversee the out-of-competition doping. Doping is not only the condition that has been used within the competition. The prohibited substances or methods can be used out-of-competition as well, so whereabouts is required to check those activities that might occur beyond competition. For example, players can use restricted methods or substances during their training sessions to enhance their performances for the intended advantages in the competition. This threat to clean sport has compelled us to implement this whereabouts requirement to play sports clean which is the only available rule to take this issue into account. Along with the revised WADC (२०२१), prohibited association with athletes or member athletes who have violated the anti-doping rule also results in anti-doping rule violation (ADRV).

In *Jamaican Anti-Doping Commission (JADO) v Andre Russell (२०१७)* case, West Indian professional cricketer, Andre Russell, had been sanctioned for a one-year ban since ३१ January २०१७. He failed to file his whereabouts information on three different occasions: on २७th March २०१५ for the quarter between १st January २०१५ and ३१ March २०१५, on ८ September २०१५ for the quarter between १st July २०१५ and ३० September २०१५, and १२ October २०१५ respectively. However, after the first filing failure, Russell said that he hadn't received any notice or information or education about filing or filing procedures and ADAMS. Meanwhile, the Jamaican Anti-Doping Commission claimed that such education and information along with clarification window time to notify had been regularly provided, but he again failed to file by saying that he had a hectic schedule to travel from country to country to participate in Twenty२० (T२०) franchise cricket tournaments all around the world. Meanwhile, this disciplinary charging procedure has been criticized as letting player play the tournaments since he had failed the filing whereabouts requirements since २०१५, but the doping violation related to drugs results in immediate sanction whereas the sanction related to whereabouts depends upon national anti-doping organization which allowed him to play until he breached the filing procedure for the third time.

## III. Ethical considerations of whereabouts requirements

This section discusses WADA's whereabouts requirement from the perspective of sports ethics. Ethics is a branch of philosophy that helps us to examine our way of life that has been mostly guided by either morality or law. When we analyze sports from this ethical point of view, it provides us a platform to examine the sports policy and codes. (The Ethics Center, २०२०)

According to the European Convention on Human Rights (ECHR) and the Human Rights Act १९९८, WADA's whereabouts requirement has been challenged by athletes on numerous grounds like right to privacy and data protection; burden of proof; European workers' right; and disproportionality. International Federation of Association Football (FIFA) and Union of European Football Associations (UEFA) are the renowned sport governing bodies which have reported in written form against the

whereabouts requirement based on players' right to privacy.

To begin with, whereabouts have been attacked based on infringement of an individual's privacy. Privacy refers to 'a state or condition of limited access' to an individual's 'private life', and it should not be interfered with by the state (Beauchamp & Childress, २००९). However, Beauchamp and Childress (२००९) states that we normally disclose our private information in certain contexts like medical settings where we allow medical professionals access to our bodies and personal information. They have also differentiated between privacy and confidentiality. The infringement of confidentiality refers to a condition where a private information has been shared with another party without the consent of the first party (p.३०३).

According to European Law, the right to privacy needs to be supported by national common laws, but it is stated that there is no clear statement regarding the right to privacy in UK common law. Moreover, if there is a requirement of disclosure of the private information for the safety and criminal investigation, such privacy might get infringed.

Apart from this, if we think about the privacy of an individual, what about the CCTV security cameras in big cities? It is reported that London (UK) is the city with the most surveillance through CCTV cameras to ensure 'public safety by checking criminal activities' (Morrison & Svennevig, २००२). Here, the application of CCTV is to detect criminal offences in public places, but the whereabouts code is to ensure compliance for a clean sport. Governments' CCTV surveillance comes without notice, but the whereabouts requirement follows procedures like following a registered testing pool (RTP) with notice to players in advance.

We allow various applications to access our personal data stored in the cell phones before we use it in our cell phones. Isn't it an infringement of private details? In addition to this, the social networks, online shopping portals, search engines and google maps also manipulate the users' data. Those who use such platforms can be tracked easily by the respective platforms. This raises a question how safe our details in this modern technological world are. In addition to this, when we access a website, let's say, a ticket booking website for travel, they take away our information along with our purchase habits or record, so they can manipulate it accordingly. The point is that attacking WADA's whereabouts requirement on the ground of infringement of privacy looks less arguable because people are losing their private details in every walk of their lives. If they think that it is their right and really want to protect it, they might have to go a long way to do so. However, it does not mean that the personal data must be available to the stakeholders because those data have been manipulated by others. This argument presents a scenario (mis) handling the private details of the respective users.

Therefore, it does not mean that WADA should have a license to infringe the athletes' private data. There must be contractual agreement to protect data and biological details that must not be infringed or misused for any other purposes. If they need to do so, the consent must be strongly desired. But

WADA Ethics Panel (२०१८) defends the requirement of whereabouts as:

…the reduction or removal of whereabouts obligations would lead to an increase in the dangers of doping for the health of sports professionals and of all those who practice sports and would be at odds with the European and international consensus on the need for unannounced testing as part of doping control. (p.१)

The excerpt reveals different aspects of the whereabouts requirement: it is required not only to protect the health of the dopers but also to save other athletes' wellbeing. Here, the Ethics Panel on behalf of WADA defends whereabouts requirements to safeguard athletes.

On the other hand, WADA has been receiving a lot of proposals to formulate devices like cell phone applications, hand band with chips and so on to locate the athlete by using Global Position System (GPS) technology to replace WADA's existing Anti-Doping Administration and Management System (ADAMS). Nevertheless, the panel has been skeptical regarding this idea, despite the approval of a small number of athletes who want to avoid the burden of logistics, because it strengthens the attack by athletes to WADA in terms of privacy and data protection. Moreover, this technology provides the present location of the athletes. It does not provide the future location that can be tracked by current system—ADAMS, so the WADA Ethics Panel seems to be much more concerned about the privacy and data protection of the athletes despite the contention against the WADA's privacy policy and data protection regarding the whereabouts requirements. Despite such criticism of whereabouts requirement, this approach has been taken as 'an imperfect, but still largely useful and moderately successful deterrent and detection system for otherwise virtually undetectable doping methods' (Hardie, २०१४), so WADA Ethics Panel (२०१८) does not want to gamble the 'trust and reputation of WADA' because 'WADA is bigger than potential benefits from the use of such technology' (p.३).

Second ethical issue that can be looked after is about the burden of proof. When a player must file all the details on a quarterly basis, it is burdensome. They need to file every detail from ६ am morning to ११ pm including a sixty-minute testing slot per day. In this situation, the athletes who are in the testing pool will always have doubts whether the test is fair or not. Moreover, they will be always in skeptical mode about the information they file in the anti-doping administration system. They need to even record where they are going to spend their night. If a player is playing in a tournament, the player cannot predict how far he or she will proceed in the tournament. This creates a problematic condition for the athlete to file his or her whereabouts. On the other hand, the burden on the anti-doping officer (ADO) does not seem less because informing, contacting, collecting, testing, and reporting tasks seem more tedious and expensive than filing and providing ६०-minutes slots a day by the elite athletes. In *Jamaican Anti-Doping Commission (JADO) v Andre Russell (२०१७)* case, Russell found filing procedures very challenging since he has been one of the busiest T२० cricketers in the global cricket spectrum. He also mentioned that he had never received a call to attend any seminar or symposium to get familiar with filing whereabouts procedures.

